


# मैले बिताएको युग

(आत्मकथा)

नई प्रकाशन

# मैले बिताएको युग


**मनमाया सिटौला**

सम्पादक

**राधिका दाहाल**

प्रकाशक : नइ प्रकाशन
पोस्टबक्स : ११४४१, काठमाडौँ (नेपाल)
टेलिफोन : ४७७१४५५, ४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
आवरण चित्र : मनमाया सिटौला
संशोधक : लवप्रसाद भण्डारी
प्रथम संस्करण : २०७९ साल
मुद्रक : ऋचा अफसेट प्रेस
नइ कृतिमाला : १६३
मोल : पाँच सय रुपियाँ
© सुरक्षित, २०७९ (2022)
ISBN:978-9937-509-97-8
Maile Bitayeko Yug
A Autobiography of Manamaya Sitoula

मैले आफ्नो जीवनमा देखेका, भोगेका र सुनेका कुराहरू पुस्तकका रूपमा देख्न पाउँदा मलाई अपार खुसी लागेको छ । पूर्वी नेपालको आठराई, तेह्रथुमदेखि अमेरिकासम्मका मेरा ती पूर्वस्मृतिहरू यस पुस्तकमा खामिएका छन् । मेरो जीवनमा मैले धेरै चीज पाएँ र ती सबैभन्दा ठूलो कुरा 'मैले बिताएको युग' मैले अक्षरमा समेटिएको देख्न पाएँ । यस बेहोरालाई पनि मैले मेरो जन्मको भाग्यका रूपमा नै स्विकारेकी छु ।

'मैले बिताएको युग'नामक प्रस्तुत मेरो आत्मकथा तयार गर्न मिहिनेत गर्ने र हरतरहले लागि पर्ने छोरी राधिका, छोराबुहारीहरू, छोरीज्वाइँहरू, नातिनातिनाहरू, पनातिपनातिनाहरू र सबै शुभचिन्तकहरूलाई मेरो आशीर्वाद छ ।

• **मनमाया सिटौला**

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्‌को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्‌मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशनमा आएको हो ।

मनमाया सिटौलाको रोचक आत्मकथा 'मैले बिताएको युग' पाठकमाझ ल्याउन सकिएको छ । प्रस्तुत ग्रन्थ नेपाली समाजका नारीहरूको दुक्ख र सुक्खको एउटा प्रतिनिधि ग्रन्थका रूपमा देखा परेको छ । आफ्नो जीवनकथा लेख्न पढेलेखेको, विद्वान् वा कुनै डिग्री पासै गरेको हुनु पर्दैन भन्ने प्रमाणका रूपमा प्रस्तुत कृति अघि सरेको छ । मनमाया सिटौलाको जीवनयात्रा पढ्दै जाँदा सर्लक्कै त्यसै परिवेशका सबै चित्र सलबलाएको पाइन्छ । त्यसैले यो कृति समाजशास्त्रीय मान्यतामा नै आबद्ध हुनेछ भन्ने हाम्रो ठहर छ ।

'मैले बिताएको युग' कृतिका सम्पादक राधिका दाहाल स्वयम् साहित्यकार भएकाले यो कृति अझै रसिलो र भरिलो भएको छ । यस कृतिमा राधिकाको पनि मन, वचन र कर्म जोडिएको छ । त्यति मात्र होइन यस कृतिमा राधिकाको आफ्नी आमाप्रतिको त्याग र निष्ठा जोडिएको छ । प्रस्तुत ग्रन्थको कुशल सम्पादन गर्ने राधिका दाहालप्रति नइ प्रकाशन आभार व्यक्त गर्दछ ।

'मैले बिताएको युग'नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनका लागि गौरवको अवसर हो ।

• *नइ प्रकाशन*

# विषयसूची

क. **घरायसी परिवेशमा आमा र म**– मोहन सिटौला • १३
ख. **भूमिका**– नरेन्द्रराज प्रसाई • ३७
ग. **सम्पादकीय** • ५२
१. मेरो पूर्वजको पृष्ठभूमि • ६३
२. मेरा बुबा पुण्यप्रसाद मैनाली • ६५
३. मेरी आमा हिमादेवी मैनाली • ६९
४. मेरा मावलीको घ्याम्पामा असर्फी • ७६
५. हाङपाङ र मेरो विवाह • ७८
६. मेरो कर्मघर चुहानडाँडा • ८९
७. हाम्रा बराजै द्रोणाचार्य सिटौला • ९३
८. आकाशे बत्ती र हाम्रा मौलिक सीप • ९७
९. पतिदेवको च्यादर घरको रहर • १०१
१०. बा, नातिनातिना र छोरो देवेन्द्रको कथा • १०४
११. हाम्री सासूआमा राममाया सिटौला • १०९
१२. जेठाजु वेदचार सिटौला • ११६
१३. मेरा देवरदेउरानी • ११९
१४. हाम्रो खरबारी • १२४
१५. हाम्रा खेतहरू • १२६
१६. भस्मे खेत • १३१
१७. मेरा नन्दआमाजू • १३९

१८. एलपीको विवाहमा हाम्रो रत्यौली • १४६
१९. जेठाजु श्रीकृष्ण सिटौला र जेठानी दिदी • १४८
२०. सम्झनामा अन्तरे पुरेत • १५१
२१. दार्मु गाई • १५३
२२. हाम्रो दमाईंबारीमा दर्जी र सुनारको वास • १५४
२३. डिआर सबैको पत्तेरा थिए • १५७
२४. हाम्रो घर शिक्षाको मन्दिर • १५९
२५. दिदी अम्बिका, भाइ मोहन र जय • १६६
२६. बहिनीहरू विष्णुमाया, हरिकला र गङ्गादेवी • १७२
२७. पतिदेवको निधनको पीडा • १८३
२८. परेवा • १८९
२९. खैरे कुकुर र चुलैंसीको पीडा • १९१
३०. पहिलो चोटि अमेरिका, छोराबुहारी कवीन्द्र र रञ्जिता • १९८
३१. आहा ! अमेरिका • २०२
३२. झापामा हाम्रो घर अनि साइँलो छोरो राम र बुहारी देवी • २०७
३३. महतारीसँगको बिछोड • २११
३४. मोहन र भुवनेश्वरी • २१३
३५. शिव र पार्वती • २१९
३६. भवानी र मैयाँ • २२६
३७. चैतन्य र ईश्वरी • २३०
३८. खगेन्द्र र शान्ता • २३३
३९. नगेन्द्र र पार्वता • २३७
४०. राजेन्द्र र राधिका • २३९
४१. वसन्त र विजया • २४२
४२. अमेरिकामा भेटिएका परिवार • २४८
४३. प्यारा सम्धीसम्धिनी • २५८
४४. भान्जा जयनारायण सेढाईं • २६३
४५. नरेन्द्र भाइ र इन्दिरा बुहारी • २६८

४६. डिल्लीमाया छोरी र गङ्गा ज्वाइँ • २७१
४७. मुन्नुको विवाह • २७४
४८. अमेरिकाबाट नेपाल फिर्ती • २७८
४९. मेरो तीर्थयात्रा • २८२
५०. सिक्किमको यात्रा • २९६
५१. मेरो अन्तिम कुरा • २९८
५२. सँगिनी • ३००
५३. दमकी लौरी • ३०२
५४. हरिमल्ल राजा सँगिनी • ३०५
५५. लोकगीत • ३०८
५६. पतिदेवले हरदम गुनगुनाउने श्लोकहरू • ३१०
५७. सन्दर्भ स्रोत • ३११
५८. तस्बिरहरू • ३१३

# घरायसी परिवेशमा आमा र म

आमा (मुमा)को बारेमा केही लेख्न थाल्नेबित्तिकै मलाई पिताजी र महतारीको अनि ममतामयी चिरञ्जीवी कान्छी आमाको आत्मीय सम्झना आउँछ । अनि आफ्नो जन्मस्थल व्यापक आठराई, अझ चुहानडाँडा र त्यहाँका अनि त्यहाँबाट देखिने बहुविध रमाइला टाढा नजिकका दृश्यलाई एकै चोटि मेरो मानसपटलले ऴवाट्ट पर्दामा उतार्छ । साथसाथै धेरै सानै अवस्थादेखि नै म बसेको, खेलेको, हुर्किएको, बढेको हाम्रो अर्को अझ रमाइलो, घमाइलो, समथर, फराकिलो, लेकाली, औलाली गाउँघर खाम्लालुङ (लिम्बू भाषामा ढुङ्गा र माटो एकअर्कामा खाम मारेको अथवा आलिङ्गन गरेको अथवा ढुङ्गो र माटो नछुट्टिएको) यसको मतलब पहिरो नजाने भन्ने हुन सक्छ । अनि सलामी पर्दै माथि उठेको जङ्गल र हात्तीखावामाथिको धेरै अग्लो धजे चुली यही मनको पर्दामा एकै चोटि देखा पर्छन् । त्यो खाम्लालुङको हिले भन्ने डेगमा गोठ रहेको बेलामा म चुहानडाँडा मूल घरबाट हाम्रो हजुरबा द्रोणाचार्य सिटौलासित गएर पनि धेरै दिन त्यहाँ उहाँसँगै जङ्गलमा बसेको छु । यस सन्दर्भमा मलाई साइँला बुबा र साइँली आमासित लामोलामो समयसम्म त्यहाँ वाइपुङ डाँडामाथिको घरमा र माथि पातालमा भकारीका विभिन्न डेगका आफ्ना गोठहरूमा गोठाला दाइहरूसित पनि बारम्बार बसेको याद भइरहन्छ । ती ठूला, फराकिला, खुला चरण र नागीहरूमा पनि सयौं भेडाबाखाहरू हेर्दै भाइबहिनीहरूसित डुलेको, खेलेको अहिले पनि ताजा स्मरणमा आइरहन्छ ।

मेरो त्यो बोध अबोध बाल्यकाललाई मोहनीमय बनाउँदै, सह्यारसम्भार गरी हुर्काउने; मानसिक, शारीरिक शक्ति प्रदान गर्ने यी सबै आदरणीय माताहरू, पिताहरू, ठूलो बुबाआमा र काकाकाकीहरू, रघुनन्दन माल्दाइचाहिँ मेरा शिक्षक पनि हुनुभएको अनि कृष्णप्रसाद काल्दाइ, पद्मलाल दाइ, भाउजूहरू र अन्य भान्दाइहरूका साथै दिदीबहिनी र भाइहरू यहाँ सम्मान र स्नेहमा ओइरो लाग्छन् । सम्झिँदै जाँदा म भावुक पनि भइरहेको छु । यसका साथै गाउँका मेरा दौँतरी र उमेरमा केही ठूला भुजेल, मगर, तामाङ, सूचीकार, लोहार, सुनार, चर्मकार, लिम्बू, मैनाली, दाहाल, बाँस्कोटा आदि इत्यादि थरका साथीसँगीहरूको संवेदनशील सम्झनाहरू बाढी भएर आउँछन् । प्रवाहका कुडुँलोले अटेसमटेस भएर म भावविभोर हुन्छु । ती प्रिय समथल, उकाली, ओराली, पहाडी ठाउँ र परिवेश, बरपीपल र चौतारीहरू, अग्ला चोटि र गडीहरू अनि ऐनाजस्तै टल्किने कञ्चनजङ्घा शृङ्खलाको विश्वमै एक भिन्नै र विशिष्ट हिमाली रूप अथवा पूर्ण साँढे, गोरु, नन्दी भन्नु शिवजीको नन्दीको आकारको कुम्भकर्ण शिखर र अन्य हिमशिखरहरूका आआफ्ना किसिमका सौन्दर्य, प्यार, पोषण, श्वासप्रश्वास र सुवासहरू मेरो तन र मनमा परेका छन् । मेरो स्पन्दनमा तिनै प्रवाहहरू घुम्ती खेल्दै रक्तनलीमा कुद्छन्, तिनै चेतनाहरूले मधुर ज्वाला र ममताका मायामयी मुसाराहरू लिएर जोस, जाँगर र सान्त्वना पनि दिन्छन् । म अहिले पनि तिनकै श्वासप्रश्वासको सुगन्ध सम्झिरहेको छु र मेरा कल्पनाहरू तिनीहरूजस्तै टल्किरहेका छन् । यसरी पनि ममा स्फूर्ति भरिन्छ ।

कसैको चित्त नदुखाईकन छिमेकी, वरपर र सबैसित हितेरी, मितेरी र काजकल्याण एवम् आपसी सहयोगमा नै रहेर प्रशस्त धनसम्पत्ति, जग्गाजमिन र यश, कीर्ति कमाउने प्रतापी पुर्खा कुसुमाकर (कुस्माखर) सिटौलाका धेरै भाग्यमानी सन्तानहरूमध्ये म पनि

आफूलाई विनयशील, गौरवबोधमा एक सम्झिन्छु । तिनकै सन्तानमा आफ्नो गाउँठाउँमा रहेरै खासै धेरै नजानेका, नपढेका भए पनि ज्ञानी, सचेत, कल्याणकारी र विकासशील प्रतिबद्ध र उज्ज्वल आत्मा भएका तिनीहरूले ताम्रवर्णी (तमोर) जस्तो विशाल नदीमा त्यस बेलामा पुल हाल्नु अनि त्यसैको पारितोषिकको रूपमा सुब्बाको जागिर, वीरताबापत जग्गा, जमिनदारी आदि नमागीकन 'अँध्यारो गाउँमा बत्ती' अथवा 'भाषा पाठशाला' मागी त्यसको स्थापना गर्नु अनि त्यही भवनको विकासवादी जगमा आधुनिक हाईस्कुलहरू र पूर्ण र उच्च स्तरको कलेज पनि स्थापना गरिनु हाम्रा पारिवारिक र गाउँले पुर्खा र अगुवाहरूको विशिष्ट प्रतापी कार्य हो ।

तिनै संस्थाका कैयौँ विद्यार्थीले बहुविध विषयमा उच्चशिक्षा प्राप्त गरी त्यहीँ र अन्यत्र शिक्षक, प्राध्यापक, कोही प्रधानाध्यापक, कोही क्याम्पस प्रमुख तथा राजदूत, प्रधानमन्त्रीसम्म साथै कोही अन्य उच्चस्तरीय ओहदामा पदासीन हाकिम, प्राविधिज्ञ, न्यायाधीश, मेडिकल र पिएचडी डाक्टर, पाइलट पनि भएर सेवा गर्न सकेका छन् । ती सारा कार्यहरू निरन्तर सफल रूपमा सम्पन्न गरिरहनु तथा ससम्मान विश्वका सबै महाद्वीपमा भाषासाहित्य, संस्कृति र कलाकौशलका सोद्देश्य र सफल विचरण गर्नु; अन्तर्राष्ट्रिय स्तरमा सुपरिचित र सम्मानित हुनु; देशको राजनीति र प्रशासनमा उच्च स्थानमा पुग्नु; आफ्नो भाषासाहित्य, संस्कृति, कलाकौशल, सङ्घसंस्था र विविध कार्यक्षेत्रहरूमा किसिमकिसिमका विशिष्ट कार्य गर्न सक्नु; उच्चउच्च स्तरमा पुरस्कृत र सम्मानित हुनु; ती महान् पुर्खाका सन्तति भएका हामी सबैलाई ती पवित्र ठाउँ र श्रद्धेय पुर्खाहरूको आशीर्वादका पुष्पहार र राता टीकाहरू हुन् । यसका साथसाथै यी सारा काम कुरा हाम्रा आआफ्ना सोद्देश्यमूलक लगनशीलता, प्रतिभा, पुरुषार्थ र सौभाग्य पनि हुन् । यस्ता गौरवशाली सफल कार्यहरू र यी विनम्र शब्दहरू हाम्रा स्थान र पुर्खाप्रतिका हाम्रा स्वाभिमानी कृतज्ञताका अभिव्यक्ति र श्रद्धासुमन पनि हुन् ।

हामी सन्ततिहरू जहाँ गए पनि उच्चस्तरमा स्थापित भए पनि ती हाम्रा प्रतापी पुर्खाले आर्जेका सबै आधारभूत ठाउँहरूको उच्च र गहन पुर्ख्यौली महत्त्व र ममत्व छ । हामीले जहाँजहाँ जेजति गर्न सकेका छौँ, ती सबै सम्मानजनक काम कुरा हुन् । त्यसका साथसाथै ती सबै मौलिक ठाउँहरूलाई आआफ्ना किसिमले यथावत् निरन्तर हेरचाह गर्ने व्यवस्था भएन भने हामी समग्रमा सौभाग्यशाली र अन्य ठाउँका पुरुषार्थी भए पनि ती ठाउँहरूको सवालमा पुर्खाहरूप्रति पूर्ण कृतज्ञताचाहिँ भएको मान्न सकिन्न कि !

•

आमा (मुमा)को विषयमा कुरा गर्दा म तीन वर्षदेखिको अवस्थादेखिका केही कुराहरू सम्झिन्छु । बेलुका खाना खाएर पिताजीको चाहिँ तलामाथि आफ्ना पिताजी (द्रोणाचार्य सिटौला)को खाटमा गएर गोडामा चिल्लो लगाएर निकै बेर बात मार्ने परम्परागत चलन थियो । पछि मैले पनि द्रोणाचार्य सिटौला हजुरबासित त्यो कार्य र बिहान उहाँकै पूजापाठका लागि चन्दनपाती गर्ने कार्य धेरै वर्षसम्म सम्पन्न गर्ने मौका पाएको छु । उस बेलामा त्यसरी बेलुका हजुरबासित जानुभन्दा पहिले पिताजीको 'ठिटा (म)लाई कोठामा लगेर सुताउनू' भन्ने गरेको अहिले म सम्झन्छु । बेलुका सधैँ खाना खाएर केही बेरमा हाम्रो केही अग्लो आटओछ्यानमा बसेर खुट्टा तल चुठ्वामा राखेर आमाहरूमध्ये कहिले कसले, कहिले कसले तातो पानीले खुट्टा धोइदिने चलन थियो । अनि कहिले महतारीले त कहिले आमाले मलाई माथ्लो घरको हाम्रो कोठामा लगेर सुताउने गरेको म अहिले सम्झिन्छु । त्यो कोठा भन्ने प्रसङ्गले अब जानेसुनेसम्म केही पहिलेको कुरा यहाँ भन्नुपर्ने आवश्यकता हुन आयो ।

पहिलेको पुरानो कुस्माखरको चारपाखे छाना भएको ठूलो घर धेरै पुरानो भएर बुढेसकालमा सोही ठाउँमा त्यस बेलाको

आधुनिक तीनतले, चुची र तखती भएको घर बनाएका रहेछन्, जुन अद्यापि छँदै छ । त्यसमा कुस्माखरका पुराना काठपातमध्ये खयर, सत्तीसाल र सालका केही काठहरूचाहिँ त्यहीँ नै सदुपयोग गरिएका रहेछन् । तीमध्ये खयरको मूल थामचाहिँ अद्यापि छँदै छ । त्यस बेलामा भण्डार र पूजाकोठाबाहेक अन्य कोठाचोटाको चलन थिएन । पछि जहान बढेपछि ठूलो बुबा र पिताजीले त्यही मूल घरसँगै जस्तो थोरै फराकमा तीनतले नै अर्को घर बनाएपछि त्यसलाई माथ्लो घर भनिन थालियो र तिनीहरू एकै किसिमका जोरघर भए । तिनका अगाडि ठूलो फराकिलो आँगन र त्यसका पल्ला छेउमा एकतले मतान पनि बनाइएको थियो, सो पनि अहिले छँदै छ । १९९० सालको भुइँचालोमा त्यो मूल घरको अगाडिको चाहिँ चुची भत्किएर फेरि बनाएको रे !

माथ्लो घरको दोस्रो तलामा चाहिँ दुईवटा ढुकुटीका बारा, बाहिर बीचमा खुला ठाउँ र परतिर एक सुत्ने कोठा थियो । त्यसैलाई कोठा भन्ने चलन थियो । यसमा एक आधुनिक किसिमको खाट, दराज, दुईवटा आँखीझ्याल र तिनका माथि कोठाभरिको सानो, लामो एक टाँड र त्यसमा वारपारै धेरै पुस्तकहरू हुन्थे । सो कोठाका आँखीझ्यालका सामुन्ने बाहिरपट्टिको अग्लो सानो बारीलाई पर्खालले बारेर अति मनोहर फूलबारी बनाइएको थियो ।

त्यसरी बेलुका खाना खाएर खुट्टा धोएपछि महतारी अथवा आमा (मुमा)ले मलाई सो कोठाको खाटमा सुताउन लानुहुन्थ्यो । त्यसरी लैजाँदा उहाँहरू मलाई रामायण, महाभारत, बालकृष्ण, सत्य हरिश्चन्द्र र अन्य किसिमकिसिमका कथाहरू भन्नुहुन्थ्यो । कहिलेकाहीँ सुमधुर गीत सुनाएर सुताउने गर्नुहुन्थ्यो ।

खाम्लालुङबाट साइँला बुबाले त्यहाँका असल शेर्पा छिमेकीहरूलाई मालिङ्गाको ठूलो कोक्रो बुन्न लगाएर ल्याइदिनुभएको रहेछ ।

म त्यही कोक्रामा उभिएर मच्चाउँदै जिरे भाइ, मङ्गले भाइ, मचिन्द्रे भाइ, राम्रो भाइ आदि विविध भाइहरूका काल्पनिक नाम लिएर कोक्रे गीत गाउँथें रे ! सिकुवामा झुन्डचाइएको त्यो ठूलो कोक्रोमा आफैं चढी खूब मच्चाएको र फेरि आफैं त्यो कोक्राबाट ओर्लिने गरेको कुरा पनि म आफैं केही सम्झिन्छु । त्यसरी ओर्लिंदा, उक्लिँदा कोक्राको बिटले मलाई घाउ पनि पार्ने गर्थे । ती घाउहरूमा आमाहरूले दूध हालिदिने, नौनी वा तेल बेसार दलिदिनुहुन्थ्यो ।

त्यस बेलामा म, भतिज मोहनप्रकाश अनि बहिनी डिल्लीमाया मात्र थियौं । केही समयपछि साना भाइहरू कपिल र माइलो शिव पनि सगैं हिँडडुल गर्ने भए । पछिपछि धेरै भाइबहिनीहरू घरभरि हुन लागे र हाम्रो घर मौरीको घारजस्तो घनमन्न भयो ।

नेपालका पहाडी इलाकाहरूमा बर्सेनि भकारी र स्याउले टाटीका अस्थायी हिउँदे स्कुल खोलेर अक्षर र गणित पढाउने चलन परापूर्व कालदेखि नै थियो । हाम्रो चुहानडाँडामा पनि स्वास्थ्य चौकी भएको ठाउँमा त्यो गाराको आडमा सरदार मेदिनीप्रसाद उप्रेती र हरिचरण सिटौलाको प्रयासमा २००० सालदेखि नै केही वर्ष एउटा हिउँदे स्कुल खोली त्यहाँ कुनै गुरुले पढाउनुहुन्थ्यो रे ! केही वर्षपछि त्यहाँ त्यो स्कुलमा म पनि सानैमा यदाकदा जाने गर्थें । त्यो बन्द भएपछि बेतिनी खेतमाथि गैह्रीको सत्तल पाटामा पिताजीको प्रयासमा हिउँदे स्कुल खोलियो । इवा सिम्लेतिरका भानुभक्त भन्ने गुरुले त्यहाँ एक हिउँद पढाउनुभयो । अर्को वर्ष पनि पिताजी र अन्य गण्यमान्यको प्रयासमा बेतिनीमा त्यस्तै स्कुल खोली एक अधिकारी गुरुले संस्कृत र गणित पढाउनुभयो, त्यो पनि बन्द भयो ।

यसरी अलपत्रे किसिमले शिक्षाको विकासमा निरन्तरता आएन, शिक्षा प्रचारको उद्देश्य पूरा भएन भन्ने बुझी पिताजीले स्थानीय भद्रभलाद्मी गाउँलेहरूसित बारम्बार सल्लाह गर्दा स्थायी घर चाहियो भन्ने खोज भयो । त्यसपछि आफ्नै ठूलो टाहार बारीको पल्ला छेउमा

केही मास्तिर जोर मूल बाटाको बीचमा पीपलडाँडो भन्ने आफ्नै चउरमा पिताजीले एक सानो घर बनाएर त्यहाँ नेपाली र संस्कृत, स्रेस्ता र गणित पढाउने स्कुल सुरु गर्नुभएको थियो ।

स्थानीय एवम् टाढाटाढाका धेरैतिरबाट विद्यार्थीहरू गाउँमा आफन्तकहाँ बस्ने गरी आएर त्यही स्कुलमा पढ्थे । कोयाखोला भेग अनि तेह्रथुमको साब्ला भन्ने ठाउँबाट पनि केही विद्यार्थीहरू बस्दै आएर पढ्ने गरेको मलाई थाहा छ । पिताजीकै स्थानीय मित्र विद्वान् पण्डित र हाम्रा कुलगुरु अद्यापि सुदीर्घजीवी एक सय तीन वर्षका धरणीधर न्यौपानेले हामीलाई ती सबै विषय पढाउनुहुन्थ्यो ।

२००८ सालको जेठतिरबाट त्यहाँ अङ्ग्रेजी पनि पढाउन थालियो । त्योभन्दा पहिले पिताजीले आठराई, झापाका जमिनदार र दार्जिलिङका प्रसिद्ध व्यक्तित्व हाम्रा फुपाजु देवीप्रसाद उप्रेती (जो दार्जिलिङमा पनि घर किनेर शिक्षाका लागि सपरिवार बस्ने गर्नुहुन्थ्यो) लाई २००७ सालको हिउँदे याममा नै बारम्बार झापा र दार्जिलिङमा भेटघाट र सरसल्लाह गरेको केही पछि उप्रेतीले आफ्नै घर दार्जिलिङमा बसी दस कक्षा पास गरेका पहिले आठराई साम्थाङका हरिलाल उप्रेती भन्ने युवालाई दार्जिलिङबाट हाम्रा माल्दाइ रघुनन्दन सिटौलाको साथमा पहाड आठराई, चुहानडाँडामा शिक्षकको रूपमा पठाई उहाँबाटै अङ्ग्रेजी पढाउन २००७ सालदेखि सुरु भएको हो । चुहानडाँडामा लामै समय बसी उहाँले स्कुलमा सेवा गर्नुभयो । हामी सबैले उहाँलाई 'साना सर' भन्थ्यौँ ।

यसरी चुहानडाँडामा शिक्षाका विकासका ती क्रमबद्ध चरणहरू हरिचरण र अन्य गण्यमान्यहरूको मिलेमतोको सामाजिक सङ्गठनबाट २००० सालदेखि ००२, ००४–००७ साल हुँदै स्थानीय एकताका बलमा अगाडि बढेका हुन् । म पनि केही हिँड्न सक्ने भएपछि भानिज दाइहरूसित तिनै स्कुलमा गएर पहिलेदेखि नै केही पढ्न जाने गर्थें । त्यही स्कुल पछि मिडिल अथवा

माध्यमिक स्तरको हुने भयो र माथि करिब पन्ध्र मिनेट पैदल टाढा (माथ्लो चुहानडाँडा)को लाम्चे भन्ने ठाउँमा अहिलेको भव्य भवन सबै गाउँलेहरूबाट तयार भएपछि सो स्कुल त्यहाँ स्थायी रूपमा सरेको हो ।

पीपलडाँडाको सो प्राथमिक स्कुलको श्रीगणेशको मुहूर्त, माथि त्यो नयाँ ठूलो स्कुल भवन बनाउन सुरु गरेको र त्यहाँ सरेको सबै शुभ साइतहरू धरणीधर गुरुले नै जुराएका हुन्, जो अत्यन्त उत्तम रहेछन् र पो त्यसले अहिलेसम्ममा उच्च कक्षासम्मको कलेज क्याम्पसको पनि विकास गऱ्यो । त्यति मात्र होइन, त्यही पृष्ठभूमिमा माथि सुरुमा नै भनिएजस्तो गरी धेरैधेरै विषयका अनगिन्ती राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका उच्च र विविध स्तरीय जनशक्ति उत्पादन गर्न पनि सफल भइरहेको छ ।

•

**पहिलेकै घरायसी पृष्ठभूमिका कुरा–**

माथि लाम्चेको ठूलो स्कुलमा सर्नुभन्दा केही पहिलेकै समयको कुरा हो । हामी र छरछिमेकीका पाँचछ जना केटाकेटीहरू सधैँ झैँ चाँडै खाना खाएर त्यही पीपलडाँडा (पछि दोकानडाँडो)को स्कुलमा गयौँ । स्कुल लाग्ने बेला भएको थिएन । अलि परतिर सम्म परेको निकै ठूलै चउरमा हामी खेल्न लाग्यौँ । राति पानी परेर त्यहीँ नजिकैको ठूलो आहाल दुईअढाई फिट गहिरो हुने गरी टम्म भरिएको रहेछ । लुगा खोलेर हामी त्यसैमा डुबुल्की मार्न लाग्यौँ । पानी पर्न लाग्यो तर हामी पानीमा भिज्दै धेरै बेर पौडी भनेजस्तै खेलिरह्यौँ । खोलेर राखेका लुगा पनि भिजिरहे । घाँसको भारी लिएर आउँदै गरेका आमा (मुमा) र पद्मलाल दाइले देखेर कराएपछि हामी भिजेका लुगा बोकेर स्कुलतिर कुदयौँ र हत्तपत्त भिजेका लुगा लगायौँ । एकछिनमा स्कुलको घण्टी बज्नासाथ प्रार्थना हारमा

खडा भयौं अनि क्रमैले कक्षामा गएर पढ्न लाग्यौं । म भिजेको लुगाले र जाडोले वीर धामी कामेजस्तै लगलग काम्दै थिएँ तर धरणीधर गुरुबाट छलिएर बस्न र बच्न खोज्थे । हामी भिजेको चाल पाएर त्यही बेला आमाले हाम्रा लुगा ल्याएपछि सबैलाई आराम भएको थियो ।

घरगृहस्थी, परिवारमा वा अन्य सबै खाले जनजीवनमा दु:खसुख, घामछाया आइरहन्छन् । हामी आठदस जना केटाकेटी घरमा भयौं । साना बच्चाबाहेक हामी सबै स्कुल जान्थ्यौं । मेरा भाइबहिनीहरूमा अब काइँलो भाइ देवेन्द्र पनि चार वर्षको भइसकेको थियो । ऊ एक भलाद्मी, ज्ञानी र गम्भीर स्वभावको थियो । एक दिन मतानको लिस्नोबाट तल आँगनमा देवेन्द्र लड्यो, बेहोस भयो । घरायसी शैलीमा पानी छ्यापेर उसलाई ब्यूँझ्याइएको थियो रे ! बच्चाबच्ची उमेर दुईतीन दिनमा नै हिँड्न, खेल्न थालिहाल्यो । छसात महिनापछाडि ऊ रोगी हुन थाल्यो । छाती दुख्ने, बेहोस हुने, नखाने आदि भयो । दवाई गर्न उसलाई दार्जिलिङ लैजाँदा पिताजीले मलाई पनि लिएर जानुभयो ।

केटाकेटी उमेरमा त्यति टाढा व्यापक नाम चलेको दार्जिलिङमा जान पाउनु मेरा लागि अति रमाइलो भयो । फेरि मनमा मोटर देख्न र चढ्न पाइने रहर, इन्द्रेनीमय कल्पना गर्दै यथार्थको उत्साही पर्खाइ र यात्राका गतिक्रमहरू आदि इत्यादि कौतूहल (यो कलमले यहाँ सबै उतार्न पक्कै पनि सम्भव छैन ।

दार्जिलिङमा साइँली फुपू र मित्र दाइ अनि डिल्लु, मनु भाइहरू घण्टाघरकै सामुन्ने मास्तिर दिलखुसा भन्ने राम्रो घरमा बसेका थिए । गुभाज्यू भन्ने भान्सेले पकाएका खाना कति मीठो लाग्थ्यो । देवेन्द्रलाई डाक्टरकहाँ जँचाएपछि पन्ध्र दिनजति बस्नुपर्छ भनेपछि साथमा गएका गाउँका दुई जना सहयोगी साथीहरू

दार्जिलिङमा पुगेको दुई दिनपछि उनीहरूका आफन्तलाई भेटेर बाह्रतेह्र दिनमा आउने सल्लाह गरेर गए । त्यहाँबाट करिब पन्ध्र मिनेटमा तेर्सै करिबकरिब ओरालो हिँडेर सरकारी अस्पताल पुगिन्थ्यो । देवेन्द्रको वजन हलुको थियो । म पिठ्यूँमा बोकेर लान्थें, ल्याउँथें । पिताजीले पनि काखीमा केही बेर बोक्नुहुन्थ्यो । करिब नौदस दिनमा नै देवेन्द्रको स्वास्थ्यमा ठूलो सुधार आयो, अनुहार रातो भयो । वजनमा गहनता आयो, खाना निकै खान लाग्यो । फोटो खिच्यौँ, हामी सबै अति खुसी भयौँ । केही दिन दार्जिलिङ घुमेर त्यही सातपत्रे, विविध गुफा अनि रमाइलो फालेलुङ डाँडाको बाटो फिरेर घर आयौँ । मलाई र देवेन्द्रलाई नयाँ लुगा सिलाइएको थियो । आहा कति राम्रो थियो । किशोर अवस्था, फुर्ती नै अर्को थियो । निकै दिनसम्म त म स्कुलमा केन्द्रबिन्दु नै भएको थिएँ ।

घरमा आएर देवेन्द्रको खानामा, साथ सहयोगमा सबैले ध्यान पुऱ्याउन लाग्यौँ । गाईको काँचो दूधमा घरमा नै हजुरबाले काडेको मह र गाउँका अण्डा काँचै घोलेर पनि दिन थालियो । मलाई पनि सानामा र पछि नै पनि बेला मौकामा त्यसरी दूध र अण्डा दिएको, खाएको सम्झना हुन्छ । त्यस्तो चलन गाउँमा थियो र त्यो परम्परा र अनुभव हाम्रो घरमा पनि थियो । देवेन्द्रको स्वास्थ्य, अध्ययन अनि घरमा अरू केटाकेटीहरूको जस्तै दैनिक कार्यमा नियमितता र सहभागिता बढेर गयो; सबै ठिकै थियो ।

शान्त प्रकृतिको हाम्रो काइँलो भाइ देवेन्द्र खुबै, निभ्रिक, भलाद्मी, कर्तव्यपरायण, विचारवान्, अध्ययनशील, गम्भीर र प्रतिबद्ध थियो । केही पछि म काठमाडौँ आएँ । आठ वर्षपछि एक्कासि अति नमीठो खबर आयो । झुक्याएर हामी सबैलाई रुवाएर निकै ठूलै भइसकेर देवेन्द्र आखिरमा स्वर्ग भयो । सबै शोकाकुल भयौँ । बुबा, महतारी, आमालाई भने यो साँच्चि नै अति नै गहन पीडाको विषय भयो र धेरै समयसम्म साह्रै पीर गर्नुभयो आमाले, स्वाभाविकै हो ।

अनि अरूहरू भाइबहिनाहरू जन्मेपछि विस्तारविस्तार पीडा केही कम हुँदै गयो ।

निरोगी, बलियी, राम्री, कामकाजमा फुर्ती आमाको हाङपाङदेखिकै विविध तालिम, खेत रोप्ने छिटाइमा गाउँमा कसैले भेट्दैनथे । गुन्द्री, पिरा आदि बुन्नेमा पनि आमा अति सिपालु हुनुहुन्थ्यो । काजकल्याण र नाचगानमा त्यत्तिकै फुर्ती, रौनक र रुङ्कार थियो । महतारीका माइती पाठकहरू असमतिर बसाइँ गएका हुनाले हाम्रा मावली थिएनन् र आमा मलाई सानामा बेलामौकामा हाङपाङ मैनाली मावलीकहाँ लिएर जानुहुन्थ्यो । मावलीको रहर सानामा ज्यादै आनन्दको हुने गर्थ्यो । सबै साह्रै प्यारो गर्थे ।

हाम्रा घरपछाडिको एउटा बारीको पाटामा धेरै पहिले उखु लगाउने चलन थियो । त्यसलाई उखुबारी भन्थ्यौँ । ती रसिला, काला चिनियाँ उखुका लाँक्राको तिक्खर रस हिउँदे घाममा बसेर चपाउँदै गहिरो मिठाससित निल्दाको स्वादको कुनै विकल्प छैन । फुपू, दिदीहरू, महतारी, आमा पालैपालो बिहानैदेखि उखु खुर्किन उखुबारीमा जान्थे । हामी स्कुलबाट आउँदा आआफ्ना पालामा उहाँहरूले ठिक्कका लाँक्रा पारेर ती उखु राखिदिएको हुन्थ्यो । बोलाएर दिनुहुन्थ्यो, क्या मीठो हुन्थ्यो । यता ती उखुका लाँक्रालाई छोटाछोटा गिँड पारेर त्यहीँ बारीमुनि भएको ठूलो काठको कालो खाल्डे कोलमा पेल्ने चलन थियो । सो कोलको चलन हराउँदै गयो । त्यो कोलको फेदमा बसेर उखुका टुक्राका घान हाल्न निकै सिपालु मानिस बस्नुपर्थ्यो । आमा धेरजसो त्यसरी तेल र उखु पेल्दा घान लाउनेमा पनि बस्नुहुन्थ्यो अरे ! त्योभन्दा रमाइलो कुराचाहिँ तल बोक्खिमको काठेकोलमा तेल पेल्न जाँदा हुन्थ्यो । एक घण्टाजति तल बोक्खिम पुछारमा लाटे बाँस्कोटाको कोलमा तेल पेल्न जान शनिबारका दिन पारिन्थ्यो । किनभने स्कुलमा हाम्रो छुट्टीको दिन पर्थ्यो । आमा मलाई नै हिँड् भन्नुहुन्थ्यो; किनभने आमाले बनाएको ताजा

तातो तेल र पिँधिएको तोरीको कातीसित चाम्रे खान मलाई औधी नै मीठो लाग्थ्यो । खुबै खाइन्थ्यो, काती मरमसाला हालेर साँधेको तोरीको गुन्द्रुकसित । स्वाद पनि कस्ताकस्ता हुन्थे । पहाडी गाउँले खाना पनि कस्ताकस्ता, अनमोल थिए । तेल पेलिसकेर दुईतीन जना भेला भएका गाउँले महिला वा लाठेलाई केही उपहार वा खाना दिएर अस्ताउन लागेका घामका गोधूलिमा टाढाटाढा शिखरहरूमा झुल्किएका स्वर्णिम बेलुकीका विभिन्न दृश्यावली हेर्दै र तिनमा रङ्मगिँदै अनि त्यही बेला पछिल्तिर टहटह चन्द्रमा पनि हेर्दै हामी लोकगीत गाउँदै आमासित उत्साहित भएर घरतिर उकालो लाग्थ्यौँ ।

२०१८ सालसम्म खाम्लालुङबाट चुहानडाँडामा दही, मोही, नौनी, सप्रेको रायोको साग, स्कुस, मृग वा प्युराको मासु आदि चीज बारम्बार आउने गर्थ्यो । पछि काकाकाकीहरू झापा, धरान, विराटनगर, काठमाडौँ र भारतका विभिन्न ठाउँतिर देशप्रदेश घुमघाम गर्न थालेपछि खाम्लालुङको गोठ व्यवसाय प्राय बन्द भयो । अब घरमा खास गरी आमाको चाखमा बुबा, महतारी, माइली र साइँली दुलही आदि सबै भएर हाम्रो लामो कटेराको मुनि त्यो रास गोबरमा नजिकै हिले खाल्लेतिरबाट सागका बिजन र बिरुवा ल्याएर सागको घरायसी खेती गर्न लागियो । आमाको आग्रहमा एक जना न्यौपाने गुरुले काठमाडौँबाट पनि सागका बिजन ल्याइदिएका पनि थिए क्यारे ! केटाकेटीहरू पनि विभिन्न भाँडामा पानी बोकेर ल्याएर सागमा हाल्न सघाउँथे । पछि समाचार आएअनुसार 'नेपाल'बाट सो सागका बिजन दानाहरू पनि ल्याएर उमारिएका थिए । आमाको त्यहाँ दिनरात मिहिनेत र ध्यान पुगिरहन्थ्यो । एउटा रायोका सागका पातको चौडाइ र लम्बाइले ठूला डोकाको मुख ढाक्थ्यो । करिब दुई सयभन्दा बढी झाङ रायो रोपेको हुन्थ्यो । फेरि पकाउँदा, खाँदा कति लयालु र मसिनो, मीठो त्यस्तै हुन्थ्यो ।

२०१९ सालतिर एक चोटि आमालाई पेटको बिमार लाग्यो; निरन्तर वाक्वाकी हुने आदि इत्यादि महिलाको गाइनो बिमार आयो । म काठमाडौंमा बिएको अध्ययनमा थिएँ । पुस, माघको बेला थियो । विराटनगरबाट पिताजीले आमालाई माल्दिदीसहित प्लेनबाट काठमाडौं पठाउनुभयो र उहाँ जरुरी कामले झापा व्यवहारको रेखदेख गर्न जानुभयो । मैले काठमाडौंमा उहाँलाई हामी साइँली फुपूसित बसेको घरमा लगेर पर्सिपल्टदेखि वीर अस्पतालमा उपचारार्थ लग्यौं । त्यहाँ दुईतीन दिन बस्दा पनि चेकअप र उपचारको मेलोमेसो नै भएन । अनि मैले त्यस समयका चुहानडाँडाका हजुरआमाका मामाका छोरा अनि हाम्रा पूर्वाञ्चलका नै एक विशिष्ट व्यक्ति काठमाडौंका मेजिस्ट्रेड, बडाहाकिम र सचिव पनि हुनुभएका सबैका कल्याणकारी बद्रीप्रसाद थपलियालाई गएर भनें । उहाँ अस्पतालमा नै हेर्न आउनुभयो र उहाँले त्यस बेलाको शान्तभवन अमेरिकी अस्पतालमा लगी आफूले चिनेको अमेरिकन डाक्टरलाई (नाम बिर्सें) भेटाएर उपचार सुरु भयो । उपचारको क्रममा हाम्रा फुपाज्यू देवीप्रसाद थपलिया (जन्तरे, डिएसपी)ले पनि प्रशस्त साथ सहयोग दिनुभएको हो । आमाका साथमा बस्ने साथी माल्दिदी पनि रहने हुँदा आमालाई पनि ठूलो ढाड्स र हामी आउने जाने गर्नेलाई पनि मनमा केही हलुको हुन्थ्यो । बिस्तारै आमाको स्वास्थ्यमा सुधार हुँदै गएको पनि थियो । पुस, माघको बिहान नेपाले हुस्सु भन्ने आहान, हिउँदे पाठले बाटो अन्धकारजस्तै हुन्थ्यो । फुपूले बिहानै सात बजेतिरै बनाएको खाना लिएर म पन्ध्र मिनेटजति हिँडेर रत्नपार्क अनि त्यहाँबाट भर्खरै चल्न थालेका हरिया, नीला साझा बसबाट शान्तभवन पुग्थें । त्यस बेला आमा कति खुसी हुनुहुन्थ्यो । केही बेरपछि म फिर्थें र खाना खाएर त्रिचन्द्र कलेज पढ्न जान्थें अनि फेरि बेलुका पाँच बजेतिर शान्तभवन जान्थें । निकै पटक दिउँसो फुपू पनि जानुभयो

र आफन्तहरू प्रशस्तै गइरहन्थे । करिब दसबाह्र दिनजति त्यहाँ उपचार गरेर बसेपछि आमालाई सन्चो भयो अनि डेरामा ल्याइयो । पिताजी, महतारीलगायत हामी सारा परिवार धेरै खुसी भयौँ ।

यस्तै हाँसीखुसीमा काठमाडौँका गाउँ, पाखा, जङ्गल घुम्दै, विविध गीत र सँगिनी गाएर नाचेर, धेरै दिन रमाइलोमा बसेर आमा फिर्नुभएको थियो । त्यसै बेलामा राष्ट्रकवि माधव घिमिरे र जनकवि धर्मराज थापा दुई पटकजति फुपूको सौजन्यमा हाम्रो फराकिलो डेरामा नै आएर केही गीत, कविता सुनेर साथै सुनाएर, खाना खाएर गएका थिए । फुपू, आमा, दिदीहरूले प्रशस्त सँगिनी गाएका थिए । कति सौभाग्यका क्षणहरू थिए ती । त्यति नै बेला रेडियो नेपालमा गई सँगिनी गाएर पछि धर्मराज थापासँग लोकगीत पनि गाउनुभएको थियो ।

म एमए सकेर २०२४ सालमा घर आएँ । बा, बुबा, महतारी भाइबहिनीहरू सबै खुसी भए । मैले ढोग्नै नपाईकन आमाले चाहिँ मेरा दुवै गाला आफ्ना हत्केलामा थमाएर म्वाइँ खानुभयो । म त हर्षले विभोर भएँ । त्यस बेला माइलो पनि पोखरीमा प्रधानाध्यापक थियो र केही पछि चुहानडाँडामा पनि प्रधानाध्यापक नै भएर आयो । पारा मिलेकै थियो । घरव्यवहार प्रशस्त मजबुत हुँदै गयो । बुबा, महतारी, आमा अनि सबैका अरु सुखका दिन आए । अर्को साल २०२५ असारमा हजुरबाको निधन भयो, सबै शोकाकुल भयौँ । त्यस बेला हाम्रो भस्मे खेत हिल्याउने र रोपाउने दायित्व मलाई आयो । पिताजी र महतारीजस्तै आमाले पनि सो खेतीपातीका कामका सिलसिलामा चिन्ता, चाख र माया राखेर मलाई सल्लाह दिइरहनुहुन्थ्यो । अनि अरु अर्को साल मेरो विवाह गर्ने कुरा भयो । आमाको प्रयासमा रूपनारायण प्रसाईकी 'पुतली'जस्ती अति राम्री ठूली छोरीसँग मेरो विवाह भयो । अनिलको जन्म दुई वर्षपछि भयो । सबै खुसी भयौँ । छैटौँमा आमाले कति फुर्तीले नाचगानमा भाग लिनुभयो । राति रोटी, अचार, केरा, चिउरा र चिया खायौँ; रातै छर्लङ्ग भएको थियो ।

नयाँ शिक्षा योजना सुरु भयो । त्यसपछि म पदोन्नति भएर पोखरा सरुवा भएँ । खुसी, बेखुसी सँगसँगै भयो तर मलाई चाहिँ उत्सुकता नै बढी थियो । जाने बेलामा पिताजी, महतारी र आमाका ममतामयी आशीर्वादहरू पाएको थिएँ । म पदोन्नति भएर पोखरा सरुवा भएर गएपछि श्रीमतीलाई धनकुटा क्याम्पसमा पठाएमा गाउँका केही अरू चेलीहरू पनि जान पाउने र सक्ने हुँदा त्यहाँ शिक्षाशास्त्र पढ्न पठाइएछ । दुई वर्षको अनिललाई महतारी, आमा, माइलीलगायत सपरिवार भएर हेरचाह गरे । मलाई भाइबहिनीहरूलाई केही गर्न सकिन्छ कि भन्ने भावना जहिले पनि प्रखर हुन्थ्यो । साथमा भाइ ठाइँलो चैतन्य पनि साथसहयोगमा पोखरा आएको थियो । उसले त्यहीँ पढ्न सुरु गऱ्यो ।

माइलो शिव प्रधानाध्यापकको प्रधानाध्यापक नै आफ्नै गाउँबाट तराईतिर सरुवा भयो । पछि शिक्षा मन्त्रालयअन्तर्गत बाह्र कक्षा सञ्चालनको निर्देशक अनि परीक्षा नियन्त्रक पनि भयो ।

राम, देवी साइँलासाइँली दुवैको भूमिकाले झापाको त्यस फाँटमा अत्यन्त राम्रो काम हुनुका साथै बुबा र महतारीको लामोलामो समयसम्म दत्तचित्त सेवा र निजी स्कुल अनि विभिन्न समयमा आमाको उत्तम हेरचाह सफलताका साथ भएका छन् । उनीहरूको कार्यशैलीले काठमाडौँमा रहने अनि पहाड, मधेसका आफ्ना घरायसी सबै बालबच्चालगायत वरिपरिका सारा नानीहरूलाई उत्तम शिक्षा र अनुशासनको कीर्तिमान शिक्षण र तालिम गरी स्थानीय सारा परिवेशमा सामाजिक प्रतिष्ठा पनि उचाइ र व्यापकतामा प्रतिष्ठित छ । पितामातालगायत सबै हामी सधैँ खुसी थियौँ, खुसी छौँ ।

त्यसपछिका दशकहरूमा हामी दाजुभाइ, बहिनी, छोराछोरी, भतिजाभतिजी र भान्जाभान्जीहरू आदि सबै हरिचरण वृक्षका सन्ततिहरूले नयाँनयाँ किसिमको विपुल प्रगति गऱ्यौँ । २०३७ र

०३८ सालमा पहाडबाट पिताजीलाई उपचार गर्न काठमाडौँ ल्याइयो र लामै समय बसेर पिताजी झापा फिर्नुभयो । चुहानडाँडा घरको हेरचाह आमाले गरि नै रहनुभएको थियो । २०४१ सालतिर एक चोटि धेरै जना काठमाडौँबाट झापा भएर महतारीलाई भेटी केही दिन बसी चुहानडाँडा गयौँ । हामी बीस जना घर पुग्दा बुबाआमा कति खुसी हुनुभएको थियो । सागसब्जी, फलफूल, गोरस पात घरमा टन्न थिए । घरमा बुबा र आमा मात्रै हुनुहुन्थ्यो । 'खाने बेलामा छोराछोरी सम्झ्यो, खानै मन नलाग्ने' जस्तो आमा भनिरहनुहुन्थ्यो । त्यो भीड पुगेपछि आमाको खुसी र फुर्तीमा अर्कै बहार आएको थियो ।

केही दिन बसेर दसैँको टीका लगाई पिताजीलाई उपचार गर्न काठमाडौँ लिएर आयौँ । त्यसैको अर्को साल २०४२ मा पिताजीलाई फेरि उपचार गर्न र महतारीलाई पनि चेकअप गर्न झापाबाट सिलगुडी, कलकत्ता हुँदै मद्रास लिएर गयौँ । चेकअप तीनचार दिनमा नै छिट्टै सकियो, दवाई सुरु गरेको तीन घण्टामा नै दवाईले प्रत्यक्ष काम गरेको देखियो । हामी सबै खुसी भयौँ । पिताजी केही समयपछि पहाड जानुभयो, आमा पनि खुसी हुनुभयो ।

पोखरामा केही अध्ययन सकेर काठमाडौँमा आई ठाइँलाले धेरै साहसपूर्ण कार्यहरू गऱ्यो । उसले भाइबहिनी, भतिजा, आफन्त र अन्य दाइभाइहरूलाई शिक्षा हासिल गराउनुका साथै विविध व्यवसायमा लाग्न र विदेश जान अनि घरायसी, व्यापक पारिवारिक, सामाजिक, राजनैतिक र साहित्यिक प्रकाशनका सहयोगमा महत्त्वपूर्ण भूमिका खेल्दै सबैलाई उचाइतिर अग्रसर गराएको थियो । नगेन्द्र, राधिका, विजया र कवीन्द्र बाबा अनि हाम्रा धेरै छोरा, भतिजाभतिजी, भान्जाभान्जी आदि नयाँ पिँढीले पनि आआफ्ना किसिमले विद्वता र प्रवीणता हासिल गरेर रचनात्मक र सिर्जनशील भएर आआफ्ना

क्षेत्रमा, आआफ्ना क्षमताले उज्यालो छरिरहे । यी सबै कुरामा बुबा, महतारी, आमा र हामी सबै ज्यादै हर्षित भयौँ । प्रगतिको यो अनवरत प्रक्रिया अहिलेसम्म पनि चलि नै रहेका छन् र यो सधैँ चालु भइरहन्छ ।

परिस्थितिले छोराबुहारीहरू आठराई, चुहानडाँडाबाट बाहिरबाहिरै रहने अवस्थाहरू आए पनि आमा र बुबा पहाडमा र महतारी, राम र साइँली झापामा बस्ने निकै पहिलेदेखिकै व्यवस्था चलिरह्यो । अनि सालमा एकदुई पटक पिताजीको पहाड चुहानडाँडा, मधेस चारपाने, काठमाडौँ आऊजाऊचाहिँ भइरहन्थ्यो । पछि २०४३ सालमा मलाई त्रिभुवन विश्वविद्यालयअन्तर्गत आठराई, चुहानडाँडाको आफ्नै स्थानीय तेह्रथुम क्याम्पस (पहिले वीरेन्द्र इन्टर कलेजको पहिलो समूह (ब्याच)को विद्यार्थी म पनि थिएँ अनि पछिबाट जसमा पाँचछ वर्ष पढाएको पनि थिएँ ।)को क्याम्पस प्रमुख भएर आउने मौका मिल्यो । त्यसमा बुबालगायत, झापामा महतारी र अरूहरू सबै स्वभावैले हर्षित भए । चुहानडाँडा घरमा गएपछि सबैभन्दा खुसी आमा हुनुभयो र पुग्दापुग्दै ढोग्न नै नपाई पहिले नै उभिएकै ठाउँमा आमाको मायाको न्यानो अँगालो र अविस्मरणीय चुम्बन फेरि पनि पाउने सौभाग्य मलाई मिलेको थियो ।

खगी (खगेन्द्र)को राजनैतिक सक्रियताले हाम्रो पारम्परिक, सामाजिक र शैक्षिक प्रतिष्ठामा राजनैतिक महत्त्व थपिएर अऊ उचाइ र व्यापकतातिर बढेर गयो । त्यसै बेला ऊ गाउँको लोकप्रिय उपप्रधानपञ्च हुँदै तेह्रथुम जिल्ला पञ्चायतको उपसभापति भयो । केही समयमा खगीको विवाह बहुतै उत्साहमा तेह्रथुम, सावलाका उच्च प्रतिष्ठित सुवेदी (मेरा मामा ससुराली) परिवारकी चेली शान्ता सुवेदीसित सम्पन्न भयो ।

त्यही क्याम्पसमा क्याम्पस प्रमुख भएर चार वर्ष रहँदा २०४५ सालको भूकम्पको ठूलो क्षति पनि बेहोरियो । त्यसको स्थानीय

देवीथान अनि गाउँघरका अरू घरहरूको पनि मर्मत गर्न साथसहयोग गरियो । त्यसै बेला पिताजीको विशेष प्रेरणामा सो क्याम्पसलाई बिएस्तरको स्वीकृति ल्याउन सफल भइयो । ती कुराहरूमा जानेबुझेसम्म आमाले हौसला दिइरहनुहुन्थ्यो । क्याम्पसको स्तर उन्नति गर्ने त्यो पवित्र यज्ञमा साथसहयोग दिने तिनताकाका माननीय परशुराम खापुङ, जिल्ला पञ्चायत सभापति ज्ञाननाथ सुवेदी, उपसभापति खगेन्द्र सिटौला, पूर्व माननीय दीर्घराज प्रसाई, पूर्वमन्त्री काजीमान कन्दङ्वालगायत स्थानीय र वारिपारि जिल्लाका जनप्रतिनिधिहरू आदि धेरैको सहयोग पुगेको थियो । केही वर्षपछि खगेन्द्र जिल्ला सभापति पनि भएर सारा जिल्लामा नै एउटा असल नमुना पनि प्रस्तुत गर्न सफल भएको कुरा पनि अर्को ऐतिहासिक कीर्तिमान हो । यी सबै गतिविधिमा बुबा, महतारी, आमा र हामी सबै कति प्रसन्न भयौँ कति ! यस्तो माया, सफलता र प्रसन्नता एउटा सौभाग्य नै हो, मानिसको जीवनमा, पारिवारिक र सामाजिक अनि राष्ट्रिय परिवेशमा ।

२०४९ सालतिर पिताजीको पार्किन्सन्स् बिमार बढेर गयो । पहिले मद्रासको भेलोरमा दिएको दवाईले काम गर्न छाडेछ । बिरामी बुबालाई फेरि पहाडबाट उपचारार्थ काठमाडौँ ल्याउन भनी झापा ल्याउने सल्लाह भयो । पहाडको बिदाइमा धेरै छरछिमेकीहरू घरमा आएका थिए रे ! गाउँका एक जना काकाले ढाकरमा बोकेर हिँडेपछि वर गल्लीको ओरालाको डिलको मुखसम्म आमा पनि आउनुभयो । झापा आएपछि बुबाको बिमार झन् बढ्यो । ज्यादै शारीरिक शिथिलता र अरुचिले गर्दा उहाँ काठमाडौँ आउन मान्नु भएन अथवा बस्न र अडिन सक्ने अवस्था थिएन र ‘केही दिन आराम गरेर जानुपर्छ’ भन्नुभयो । सुपरिचित र बहुतै सहयोगी डाक्टरहरूको सल्लाह पनि त्यस्तै रहेछ तर बिमार ओर्लिएन । हामी सबै झापामा भेला भयौँ । २०४९ माघ १४ गते श्रीपञ्चमीका दिन आफ्नै घरमा उहाँकै प्रेरणामा स्थापना भएको माध्यमिक

स्कुलमा सरस्वती पूजाको दिन थियो । पिताजीले दिएका फूलपाती सारा चढाइसकेर शिक्षक, विद्यार्थीहरूले सरस्वतीको पूजा आराधना पनि स्कुलमा चाँडै सके । आखिर त्यही बेला ९ बजेको समयमा बुबाको स्वर्गारोहण भयो । हामी सारा घरपरिवेशमा एक अत्यासको मनस्थिति भयो । तर सम्बन्धित सबैको सहयोगमा परिस्थिति मिल्दै गएपछि गम्भीर मनस्थिति पनि मिल्दै गएको थियो । भाइ खगेन्द्र जिल्ला पञ्चायत सभापति भएकोमा बुबा, महतारी, आमालगायत हामी सबैलाई केही विशेष खुसी हासिल भएकै थियो । पिताजीको निधनपछि पनि हाम्रा क्रियाकलापहरूमा कुनै पनि कमीकमजोरी आउन दिइएन ।

चुलेँसीले आमाको खुट्टा काटिएपछि त्यसरी पहाड गएर आमालाई लिएर आउँदा पहिले बुबालाई बोक्ने तिनै एक जना गाउँले काकाले तमोर नदीमाथिको डरलाग्दो कात्तिके भीरको बाटोबाट बोकेर ल्याए । शरीरले निकै अशक्त लाटो दाहाल भन्ने एक स्थानीय गरिब किसानले बाटो बनाएर धर्म र उपकारको बाठो पाटो देखाएको त थियो नै । वर्षौं लगाएर छिना, माड्तोलले ठूलाठूला चट्टान काटी एक सानो गोरेटो बाटो बनाएको थियो उसले । सानो मामुली लाग्ने तर महान् कार्य हो, यो उदाहरणीय र उच्च सम्मानजनक । तैपनि भीर स्वयम् भीर नै हो । ढाकरको चुच्चो सानो साँघुरो बाटाको भित्ते आडमाथिका पचासौं चट्टानमध्ये कुनै पनि एकको चुच्चोमा अलिकति मात्र च्वास्स छोयो कि मान्छे ढाकरसितै भीरबाट गछाडिन्छ र पाँचौं सय फिट तल ढाँडढुँड, झार, जङ्गल र झाडीभित्र खोज्न हूलै मान्छे जानुपर्छ । त्यो भीरको ठाउँ नै अति अक्करको कहाली नै लाग्ने भूबनोटको छ । विकट त्यो भीरको बाटोमा आमाको घाइते, गरुङ्गो र ठूलो जीउ बहुतै होसियार र कठिनका साथ दसबाह्र घण्टा ढाकरमा बोकेर फिदिमसम्म ल्याएका थिए उनले । चल्तीको ज्यालामाथि थपेर निकै राम्रो पारितोषिक दिनुभयो आमाले । यो घटना मेरा लागि पनि विशेष दायित्वपूर्ण,

व्यावहारिक बाध्यता र ज्यादै सङ्कटपूर्ण किसिमले अविस्मरणीय छ । त्यतिखेरको त्यो घटना सम्झियो कि तर्सिन्छु म ।

•

टिचिङमा सो उपचार गरेपछि आमा भाइ चैतन्यसँग धापासी घरमा ठाइँलाकहाँ बस्न थाल्नुभयो । पछि महतारीलाई पनि ल्याएर सबै त्यहीँ सँगै लामो समयसम्म बसेका बेलामा काठमाडौँका सबै हामीलाई बारम्बार भेटघाट र सँगै खानपिन गर्न सजिलो र सुगम भएको थियो । धेरै पहिले पिताजीसित काहाँडी गाउँमा आनन्दको हामी सबैको बसाइका बेलामा ठाइँलो र ईश्वरीले पिताजीको केही बोली र पद्य वाचनको पनि अडियो स्वर रेकर्ड लिएका थिए । सो अडियो अहिलेसम्म पनि सुरक्षित रहेको कुरा यहाँ उल्लेखनीय पनि छ । त्यहाँ बसेका बेलामा महतारी र आमाहरू तिनै रेकर्डहरू पनि बारम्बार सुन्नुहुन्थ्यो ।

यता छिट्टैछिट्टै परिवारको सङ्ख्या र गुणस्तरीयतामा वृद्धि हुँदै गयो । जापान, अमेरिका, बेलायत, अस्ट्रेलियालगायत अन्यान्य देशमा हाम्रा भाइबहिनी, छोराछोरी, भतिजाभतिजी, भान्जाभान्जी र नातिनातिनाहरू फैलिन थाले । यो श्रीवृद्धिलाई आठराई चुहानडाँडाको त्यो पुण्य माटो, ती पावन पुर्खा, झापाको आफ्नै स्कुलको शैक्षिक र अनुशासनीय तालिम तथा ठाइँलाठाइँलीसहित सबैको सहयोगी भूमिकाले सबैका आआफ्ना क्षमता, भाग्य, सहयोगी मन र कार्यहरूलाई सदा आशीर्वाद र आत्मिक मलजल दिइरहेका छन् । हाम्रा पारिवारिक भाइबहिनी, छोरा, भतिजा आदिको पनि जापान, अमेरिका, नेपाल आतेजाते हुन लाग्यो र भारतमा तीर्थाटनको प्रसङ्ग पनि आयो । २०५८ सालतिर महतारी, आमा, साइँली आमा, साइँला र कान्छा काकाहरू अनि कान्छी आमालाई लिएर चारधाम जाने निधो भयो । त्यस अवसरमा इलाम र झापाका धेरै आफन्तहरू पनि साथै जाने

भए । एउटा ठूलो करिब ६०–६५ जनाको हुद्धा एउटा बसमा लिएर एक महिनाजति घुम्न निस्कियौँ । साथमा खगेन्द्र र कृष्ण भाइहरू पनि थिए । वासमा, भान्सा र भारीतारीमा उनीहरूको स्फूर्ति र पहिरामा सबै आमाहरूलाई बोक्ने सक्रियता पनि उल्लेखनीय थिए । हामी बनारस, प्रयाग, विशाल गङ्गाजमुना सङ्गम, गया, मथुरा, वृन्दावन, ताजमहल, हरिद्वार, मन्सुरी, गङ्गोत्री, अलकानन्दा, बद्री, केदार पुगी लक्ष्मणझुला, ऋषिकेश, मनसादेवी, नैमिषारण्य, अयोध्या, जनकपुर आदि हुँदै घर आएका थियौँ । बाटामा सबैले थकाइ र विकटता प्रशस्त अनि इलामतिरका कुनैकुनै वृद्ध आमाहरूलाई निकै बिरामी परी अस्पताल खेप्नुपरेको र डाक्टरसित निकै विवाद पनि गर्नुपरेको थियो । मलगायत भाइहरूले पूर्ण सहयोग गरेर बँचाएका थियौँ । अरूहरू बेला आमाका साथमा प्रशस्त नाचगानका रमझम र कीर्तनहरू पनि हुने गर्थे । तीर्थाटन सकेर सबै सकुशल घर आयौँ ।

•

त्यसपछि म अमेरिकाको डालसमा आएर सुनील, अनिल, नृपेशसित केही दिन बसेर भाइ कान्छो अथवा बाबा कवीन्द्र र दुलही रञ्जिताको घर भर्जिनियाको मनाससमा बस्न थालेँ ।

अब महतारी र आमाको विदेश भ्रमण मात्र होइन, विदेशमा भएका आफ्नै छोरा, नातिनातिनीका घरहरूमा गएर बस्ने क्रम चल्न लाग्यो । सन् २००५ देखि नै आमाको अमेरिका र नेपाल आवतजावत हुन थाल्यो । म त्यसरी मनाससमा बसेको बेलामा आमा अमेरिका आउनुभएको थियो । सबै जना रमाइलोसित बस्न लाग्यौँ । त्यहाँ बस्दा काइँली सानीमा अथवा आमाकी काइँली बहिनी जननी हरिकला चुँडाल (अम्बे)द्वारा लेखिएका पुस्तकहरूका विभिन्न आध्यात्मिक आदि ज्ञानगुनका पाठहरू सुन्न मन गर्नुहुन्थ्यो । ती विभिन्न पाठहरू एकएक अध्याय गरेर म दिनैपिच्छे बिहान पढेर आमालाई सुनाउँथेँ । केही पछि म नेपाल गएँ । त्यसपछि अमेरिका

घुम्ने सिलसिलामा २०६४ कात्तिक २३ गते दीपावलीका दिन महतारी कवीन्द्र बाबा र रञ्जिताको घर मनाससमा पुग्नुभयो । सबैले आनन्दमा स्वागत गरे । केही पहिले नै साइँला काका र काकी पनि अमेरिका गइसक्नुभएको थियो र तीनै जना केही महिना अमेरिका घुमेर सँगै फिर्नुभएको थियो ।

त्यहीँ मनाससमा रहँदा, बस्दा त्यहीँ घरबाट राजधानी मन्दिरमा पूजाआजा गरेर अनिल र वन्दनाको पनि विवाह सम्पन्न भयो ।

यसै सिलसिलामा इस्वी सन् २०१५–०१६ तिर जेठी फुपूकी नातिनी, आमाकी पनि नातिनी, हाम्री भान्जी अम्बिका र ज्वाइँ अनि उनीहरूका सुपुत्र दीपक पाण्डे र उनकी श्रीमतीको आग्रहमा टेक्ससको लङ भिऊ भन्ने ठाउँमा आमा आएर महिनादिनजति रमाइलोसित बस्नुभयो । केही दिनमा उनीहरूले मलाई पनि टेक्ससको अस्टिनबाट बोलाएकाले म पनि त्यहाँ गएर बडो रमाइलोसित बस्यौँ । दीपु भान्जा, दुलही, अम्बिका भान्जी अनि ज्वाइँसाहेबको उदार सौहार्दता र सौजन्य जहिले पनि प्रशंसनीय छ । उनीहरूले त्यहाँको हाटबजार, टाउन र जङ्गल इलाकाहरू घुमाएको दृश्य अहिले पनि ताजा छन् । यी सबै ठाउँ र समयमा आमाका बेलाबेलामा गाएका गीतहरूले वातावरणलाई अति रमाइलो पारेका थिए । त्यसपछि अनिल, सुनील र नृपेशसित बस्न भनी उनीहरूको पनि आग्रहमा आमालाई अस्टिनमा मैले ग्रेहाउन्ड बसमा लिएर गएँ । बसभित्रै बाथरुम पनि भएको आरामदायी बसको यात्रा आमालाई ज्यादै मन परेको थियो । बाटाका रमाइला दृश्यहरू पनि त्यत्तिकै मनमोहक थिए । अस्टिनका विश्वप्रसिद्ध मन्दिरहरू, ताल, हलुका पहाडी चालाचुली, बृहत् अस्टिन डाउनटाउन र त्यही सहरको बीचबाट बग्ने बृहत् कोलोराडो (कलररेड, रतुवा) नदी र यसका अति सुन्दर किनारे पैदल पथहरू आदि इत्यादि निकै दिन लगाएर घुम्यौँ । अस्टिन राजधानीमा स्थित पर बाहिरबाट विशाल, अग्लो, चुच्चे र

तिखो देखिने सुनौलो गुम्बज अनि यसमाथि उभिएकी न्याय, ज्ञान र स्वतन्त्रताकी प्रतिमूर्तिको सालिक भएको विशाल क्यापिटल भवनका कैयौँ तला र यसका विभिन्न संसद् हलहरू, यसैका घुम्ती बार्दली भएका धेरैधेरै फराकिला र भव्य सिँढी र सबैभन्दा माथिल्लो तलामाथिको भित्रबाट देखिने त्यही गुम्बजको अग्लो, गहिरो भित्री भाग घण्टौँ लगाएर घुम्नुभयो । अमेरिकाको विश्वप्रसिद्ध एयुटी (अस्टिन) विश्वविद्यालय आदि ठाउँहरू घुम्दै लामो समयसम्म अस्टिनमा बस्नुभयो ।

अहिले आमा धेरजसो काठमाडौँमा भाइ खगेन्द्र र बुहारी शान्तासँग बस्नुभएको छ र यदाकदा झापामा बस्ने गर्नुभएको छ । बेलाबखत उमेरका केही अस्वस्थता भए पनि मन र शरीरमा आमा स्वस्थ नै हुनुहुन्छ । कोरानाको यत्रो महामारीमा पनि आमाका साथमा हाम्रा सबै परिवारजनहरू अत्यन्त होसियारीमा सकुशल छन् । यो आमाको मानसिक शक्ति र नाचगानप्रियताले बनाएको प्रसन्न मन भएका कारणले नै हो । साथसाथमा सबै भाइबहिनी, बुहारी, नातिनातिनाहरूको कुशल सेवाभाव र आपसी आत्मीय व्यवहारका कारणले पनि हो । काठमाडौँमा आफन्तका धेरै घरहरूमा आऊजाऊ अनि वरपर, पार्क, पाखा, जङ्गल मङ्गल, देवदेवीस्थलहरू पनि केही घुमिरहनुहुन्छ । यथासमयमा यस्तो आऊजाऊ अरू बाक्लो हुनेछ ।

अन्तमा म आमाको स्वस्थ, सुखी, खुसी र सुदीर्घ जीवनको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु र उहाँ कैयौँ वर्षसम्म स्वस्थ रहेर हामीलाई आशीर्वाद दिइरहन सफल अनि सक्षम भइरहनुहोस् । धेरै, धेरै, धेरै वर्षसम्म हामी सबै उहाँको आशीर्वाद पाइरहन सकौँ ।

• **मोहन सिटौला**
ठूलो छोरो
हाल अस्टिन, टेक्सस अमेरिका

# मनमाया दिदीको जीवन्त अभिलेख

लेखनका कारण नै पृथ्वीको इतिहास अघि बढेको हो । यदि लेखन हुँदैनथ्यो भने आजको इतिहासको निर्माण पनि हुँदैनथ्यो । समय र समयको अभिलेख जोडिँदैजोडिँदै आजको बृहत् इतिहास निर्माण भएको हो । आआफ्ना समयको आआफ्नै शैलीको इतिहास हुन्छ । त्यही क्रममा पूर्वाञ्चलकी एक जना नारीकृत अर्थात् मेरी दिदी मनमाया सिटौलाको एउटा युगको इतिहास 'मैले बिताएको युग' पाठकमाझ आएको छ ।

मनमाया सिटौला भन्नु मेरी साइँली फुपूकी माइली छोरीको नाउँ हो । उनै मनमायालाई मेरा बुबाआमाले समेत कन्यादान गर्ने अवसर पाएका थिए । तिनै मनमायाले मेरो बाल्यकालमा मेरो संरक्षण गर्ने समेत विर्सिनसक्नुको कृत्य गरेकी थिइन् । त्यसैले उनी सधैँ मलाई भन्थिन्– 'तिमीलाई माइजूले जन्माउनु मात्र भयो, हुर्काउने काम मैले पनि गरेँ ।' वास्तवमा मेरी आमा बेहोसी अवस्थामा नै म जन्मेको थिएँ । मनमायालाई मेरी आमाले 'पम्फा भान्जी' भन्थिन् ।

•

पम्फा दिदीको प्रस्तुत कितापको पाण्डुलिपि पढ्नुअघि मलाई मेरा भिनाजु हरिचरण सिटौलाको पुर्खाका विषयमा त्यति थाहा थिएन, यसै ग्रन्थले पर्याप्त थाहा दियो । मलाई हरिचरण सिटौलाको व्यक्तित्वका विषयमा पनि सोचेजति थाहा थिएन, यसै ग्रन्थ

पढेपछि थाहा पाएँ । अनि मलाई हरिचरण सिटौलाको आनीबानी पनि यति धेरै थाहै थिएन, यसै ग्रन्थ पढेपछि मेरा आँखा उघ्रिए । वास्तवमा हरिचरण भिनाजु महान् थिए । मैले उनका बारे पहिला जे लेखेँ, थोरै लेखेछु । किनभने उनी हाम्रो आठराईका सुन रहेछन् । मेरी पार्वती दिदीका उनी महेश्वर रहेछन् । त्यस्ता प्रकृतिका मान्छे पृथ्वीमा जन्मन फेरि प्रतीक्षा गर्नुपर्ने हुन्छ । हरिचरण सिटौला जन्मन पर्खनुपर्ने मात्र होइन चीर प्रतीक्षा नै गर्नुपर्ने देखियो । वास्तवमा मेरी दिदीले यो ग्रन्थ यसरी प्रस्तुत नगरिदिएकी भए हामीहरू पनि हरिचरण सिटौला चिन्ने, जान्ने र बुझ्ने बेहोरामा अन्धकारमा नै रहने रहेछौँ । सायद दिदीले आफ्ना पतिका विषयमा केही फूलबुट्टा पनि भरिन् होला, तर समाजले पनि यस्ता कृतिहरू पढेर मूल्याङ्कन गर्ने भएकाले काल्पनिक कुराहरू पनि सुनमा पालिस लगाउनका लागि मात्र प्रयोग गरेको हुन सक्छ । खास कुरा के हो भने सिटौलापरिवारसँग म धेरै नै निकट भएको हुँदा उनीहरू कुरा बढाउने, धुने र पखाल्ने दृष्टिकोणबाट धेरै, धेरै र धेरै टाढा देखिन्छन् । उनीहरू अग्र्यानिक काम र कुरा मात्र गर्ने भएकाले पनि यस ग्रन्थको महिमाले धुरी टेक्छ भन्ने मैले विश्वास लिएको छु ।

•

पम्फा दिदीको बिहेको प्रसङ्ग पढेपछि म आफू दसबाह्र वर्ष हुँदाको सम्झना आयो । त्यस बेलाको विवाहको चलन स्वर्णिम थियो । बेहुलाबेहुलीको जग्गेको वरिपरि बसेपछि रात बितेको थाहै हुँदैनथ्यो । रातभरि बेहुला र बेहुलीपट्टिका जुहारी श्लोक पम्फा दिदीको कृतिमा पढ्दा मलाई मेरै हाङपाङमा छु भन्ने अनुभूति भयो । त्यस बखतको पूर्वी नेपाल बुझ्न मनमाया सिटौलाको आत्मकथा पढेपछि प्रायः सम्पूर्ण विवाहपद्धति बुझिन्छ । त्यति मात्र होइन, यस कृतिमा मौलिक अर्थात् अग्र्यानिक ढङ्गबाट विवाह पद्धतिलाई सङ्क्षिप्त रूपमा वर्णन गरिएको छ ।

•••

पम्फा दिदीले आफ्नो मावलीको पनि राम्ररी बयान गरेकी छिन् । उनका मावली अथवा त्यति बेला नरध्वजपरिवार कति धनी थियो भने त्यहाँ घ्याम्पाका घ्याम्पा असर्फी हुन्थ्यो । त्यस बेलाको असर्फी गन्दाका प्रसङ्गमा मेरी आमाले भनेकी थिइन्– 'प्रसाई परिवारको सम्पन्नताको निकै हल्ला थियो, म बिहे गरेर जाँदा पनि त्यहाँ तामाका बढेबढे घ्याम्पामा ढ्याक पैसा राखिएका हुन्थे । उस बेला हाम्रो घरमा पैसा गन्ने चलन थिएन, पाथीमा हालेर नापिन्थे । मेरा यिनै हात हुन्, ती घ्याम्पाबाट अँजुलीमा पैसा उबाएका । हाङपाङमा प्रसाईहरू त्यस बखतका धनीमानी कहलिएका थिए । त्यस गाउँमा छानामा च्यादर (जस्तापाता) हालेको घर पनि हाम्रो मात्रै थियो । त्यसताका च्यादरघरे मुखियाको घर भनेपछि हाम्रै घर चिनिन्थ्यो ।' (मेरी सासू– २०६५ : इन्दिरा प्रसाई) ।

•

पम्फा दिदीको युगमा छोरी बिदा गर्नुअघि आमाबाबुले अर्ती उपदेश दिन्थे । उनीहरूले छोरीले घर खाने मात्र होइन, आफन्तलाई रिझाउने अर्ती, बुद्धि र ज्ञानले छोरीको टाउको भरिदिन्थे । गाउँका सबैलाई खुसी त्यस बुहारीले पार्थे जुन बुहारी योग्य छिन् । वास्तवमा त्यसै बेहोरालाई नै घर खाने भनिन्थ्यो । प्रस्तुत कृतिमा पम्फा दिदीलाई मेरा फुपूफुपाजुले घर खाने कलाको कसरी पाठ रटाएका थिए भन्ने बेहोरा यस कृतिले प्रस्टचाएको छ । आफ्नी छोरीलाई माया गरेर हुन्छ या सर्काएर हुन्छ या त तर्साएर हुन्छ आमाबुबाले घर खाने नै जुक्ति पढाएका हुन्थे । त्यही पाठशालाका मेरी दिदी पनि विद्यार्थी थिइन् र उनले घर खाने सीपमा सर्वोत्कृष्टता हासिल गरेकी थिइन् ।

•

त्यतिखेर माइतबाट घर जाने प्रचलनलाई मैतालु पठाउने भनिन्थ्यो । पम्फा दिदीको मैतालु सवार राजसीझैँ थियो । उनको

कत्रो सान र मान थियो भन्ने बेहोरा पनि प्रस्तुत कृतिले प्रस्टचाएको छ । त्यति मात्र होइन, त्यस बेलाको पहाडी जीवनको वैवाहिक रूपरेखा कति लोभिलो र गर्विलो थियो भनेर जान्नुपर्दा यही कृति नै काफी छ । खास गरेर अहिलेका पिँढीका लागि त्यस बेलाको वैवाहिक रीतिरिवाजका बारे शून्य नै ज्ञान भए तापनि यस कृतिले पाठकलाई त्यही परिवेश, त्यही धर्ती र त्यही वातावरणमा डोऱ्याइरहन्छ । मैले नै पनि कति कुरा बिर्सेको थिएँ, प्रस्तुत कृतिले मेरो मन र मस्तिष्कलाई सम्झाएको छ । यो कृति पढ्दा म त्यही परिवेशमा फर्केको छु; जहाँ मैले नै पनि पम्फा दिदीको विवाहको त्यो रौनक यसै कितापमा हेर्न पाएँ । खास गरेर २०२५ मङ्सिर २७ गते आठराई हाङपाङबाट झापा शनिश्चरे पढ्न गएपछि त्यसखाले संस्कृति हेर्ने, जान्ने र भोग्ने अवस्थाबाट म वञ्चित भएको थिएँ ।

•

पम्फा दिदी आफ्नी दिदी लक्ष्मी र छ जना देउरानीजेठानीसँग मन, वचन र कर्म मिलाएर सिटौलानिवासमा कार्यरत हुन्थिन् । उनका लागि त्यो घर अति प्यारो थियो । आफ्नी आमा बिर्साउने सासू भएका कारण पनि उनी त्यहाँ छिटोभन्दा छिटो रत्तेकी थिइन् ।

त्यस बेलाको नेपाली जनजीवनको प्रसङ्गलाई पनि पम्फा दिदीले झिक्दै आफ्नो आत्मकथा रङ्गीन पारेकी छिन् । त्यस बेला सासूउपर बुहारीको कस्तो दायित्व थियो भन्ने प्रमाण नै यस कृतिले प्रस्तुत गरेको छ । त्यस घडी कुनै पनि बुहारीले राति सुत्ने बेलामा सासूको खुट्टा मिच्नै पर्थ्यो र खुट्टामा चिल्लो लगाउनै पर्थ्यो । त्यति मात्र होइन घरमा नन्दआमाजू छन् भने तिनीहरूका गोडामा पनि चिल्लो लगाएर मात्र भाउजूबुहारीले सुत्ने प्रचलन थियो । साथै सुत्न ओछ्यानमा पुग्दा श्रीमान् पनि कतिखेर श्रीमती आउँछिन् भनेर प्रतीक्षा गरेर बस्ने प्रचलन थियो । अथवा भनौँ घरका बुहारीले

सासु, नन्दआमाजू, भान्जी आदिको गोडामा चिल्लो लगाएपछि श्रीमान्का खुट्टामा चिल्लो लगाएर मिच्नुपर्थ्यो । त्यो संस्कृति खास गरेर नेपालको पूर्वाञ्चलीय भेकमा छताछुल्ल थियो । दिनभरि मरुन्जेल काम गरेर पनि मान्यजनको गोडामा चिल्लो नलगाई सुत्ने धर पाइँदैनथ्यो । त्यति मात्र भएर पनि पुग्दैनथ्यो– घरका बुहारीहरूले आफ्ना पतिहरूले भात नखाई भात खान बस्न मिल्दैनथ्यो । साथै आआफ्ना पतिले भात खाइसकेपछि बुहारीहरू पनि लस्करै बसेर आआफ्ना पतिले भात खाएकै जुठो थालमा भात खानुपर्थ्यो ।

तत्कालीन समयमा कन्यादान गरेपछि छोरीलाई भनिन्थ्यो– 'कि गरिखानु कि मरिजानु । दुक्ख पाएर माइत नआउनु । दुक्ख पाइस् भने तमोरमा हाम फालेर मर्नु ।' त्यसो भनेपछि बुहारीले गधाजस्तै र गोरुजस्तै खटिनुपर्ने बाध्यता पनि पम्फा दिदीले आफ्नो कृतिमा रेखाङ्कित गरेकी छिन् । जेठाजुलाई ससुरा जस्तै मान्नुपर्ने हाम्रो संस्कृति भएको बेहोरा पनि पम्फा दिदीले उल्लेख गरेकी छिन् । साथै संयुक्त परिवारको रमाइलो वर्णन पनि यसै ग्रन्थमा पढ्न पाइन्छ । त्यतिखेरका देवरजेठाजु कस्ता असल र देउरानीजेठानी कस्ता राम्रा ! त्यस्ता गुणी मान्छेहरूको जनसङ्ख्याले एउटा स्वच्छ समाजको निर्माण हुने गर्थ्यो । त्यसमा पनि पम्फा दिदीको गाउँ एउटा शिक्षित, भलादमी र उपकारीहरूको सङ्ख्याले भरिएको तेह्रथुम जिल्लाकै नमुना गाउँ मानिन्थ्यो ।

त्यो बेला पहाडी जीवनमा घरको सबै काम नारी जातिले गर्नुपथ्यो । चाहे सर्काएर होस् र चाहे थर्काएर होस् घरमूलीले नारीलाई नै घरको जिम्बेवारी दिएर काममा जोत्ने गर्थे । त्यही परिवेशमा पम्फा दिदी पनि सिटौलापरिवारमा घोरिएर नै लागेकी थिइन् । उनी मात्र होइन उनकी दिदी लक्ष्मी र जेठानी र देउरानी पनि उनीसँगसँगै जोतिन्थे । त्यतिखेर पम्फा दिदी धेरै र चमत्कारी काम गर्थिन् । त्यसैले उनलाई आफ्ना घरकाले रेल भनेर बोलाउथे ।

•

यदि पूर्वाञ्चलीय पहाडी जीवनका पाठकले प्रस्तुत आत्मकथा पढेपछि सबै जना पूर्वस्मृतिमा नै डुब्न पुग्छन् । पम्फा दिदीकी साइँली देउरानीले टिम्बुर खाएर बटारिएको प्रसङ्ग कस्तो शाश्वत छ ? पहाडमा अँध्यारी रातमा राँको बालेर हिँड्ने कति राम्रो चलन थियो ! त्यस बेलाको त्यस कथनले पनि यस कृतिलाई उठाउने काम गरेको छ । पहाडी जीवनमा याक्सा कति प्रिय हुन्थ्यो । त्यहाँ बस्न कति रमाइलो हुन्थ्यो ! धान काटेपछि खेतका आली कति सुनौलो देखिन्थ्यो ! धानको कुन्यू र दाइँको खलो मूल सम्पत्ति नै जस्तो हो । ती सानाठूला सबै कुरा पम्फा दिदीले आफ्नो कृतिमा प्रस्तुत गरेकी छिन् । धर्मानन्द र कान्छी नानीको प्रसङ्ग पनि कति ज्वलन्त छ ! खानेपानी लिन जाँदा राति प्राय: बाघसँग जम्काभेट हुने अहिले पढ्दा कस्तो रमाइलो प्रसङ्ग छ ।

पूर्वाञ्चलीय पहाडमा आफ्ना सासूससुरा र नन्दआमाजूप्रति बुहारीको दृष्टिकोण, आत्मीयता र प्रेमका दफाहरू पम्फा दिदीले अभिलिखित गरेकी छिन् । वास्तवमा यो ग्रन्थ पम्फा दिदीको भनाइ, भोगाइ र अनुभवमा आधारित भए तापनि यो कृति पूर्वको जनजीवनको प्रतिनिधिका रूपमा स्थापित भएको भान हुन्छ ।

हरिचरण सिटौला र उनका दुई पत्नी लक्ष्मी सिटौला र पम्फा (मनमाया) सिटौलाको घरै उज्यालो ! मोहन भिनाजुले शिक्षासेवा र साहित्यमा प्रतिष्ठा हासिल गरे । शिव भिनाजुले शिक्षासेवा र समाजसेवामा आफूलाई स्थापित गरे । खगेन्द्र भान्जाले सानै उमेरमा तेह्रथुम जिल्ला पञ्चायत सभापति भएर नेपाल राष्ट्रमै आफ्नो समाचार बनाएका थिए । नगेन्द्र भान्जाले इन्जिनियर भएर प्राध्यापनसेवामार्फत आफूलाई चिनाएका थिए । कवीन्द्र भान्जा अमेरिकामा आफ्नो कार्यले सुपरिचित भए । उनी पनि आफ्ना दाजुहरूझैँ मातृभक्त, पितृभक्तमा दरिए । त्यति मात्र होइन, उनले

आफ्नी आमालाई धेरै वर्ष अमेरिकामा आफैँसँग राखेर सेवा गरे । उनले आफ्ना फुपूलाई पनि अमेरिका लगेर डुलाए । उनी सामाजिक सेवामा पनि मन, वचन र कर्मले जुटे । उनी 'सगुन'का संस्थापकमध्ये एक भएर पृथ्वीमा सुपरिचित भए । त्यसै गरेर छोरी राधिकाले पनि साहित्यमा रमेर आफ्ना बुबाआमालाई अक्षरभित्र जीवित पारिन् । अनि कान्छी छोरी विजया पनि वैज्ञानिकका रूपमा स्थापित भइन् । उनी त्रिभुवन विश्वविद्यालयकी प्राध्यापक र सुनगाभाकी विशेषज्ञका रूपमा सुपरिचित भइन् । उनले जापानबाट पिएचडी गरेकी थिइन् । हरिचरण भिनाजुका सन्तानले आआफ्ना क्षेत्रमा प्रतिष्ठित जीवन बिताइरहेका छन् ।

•

त्यस जमानामा बाहुनहरूले कति सफासुग्घर हुनुपर्थ्यो र धर्मकर्ममा लागेका बाहुनहरूले केकस्ता नियम पालन गर्थे भन्ने दृष्टान्त पम्फा दिदीका घरका बराजै द्रोणाचार्य सिटौला पढे हुन्छ । साथै त्यस बेलाका बुहारीहरूले चोलो नलगाई मजेत्रो बाँधेर भात पकाउने चलन पनि त्यही पाठमा उल्लेखित छ ।

पम्फा दिदीले यस कृतिमा सांस्कृतिक महिमाको पनि चर्चा गरेकी छिन् । हाम्रो पहाडमा कात्तिकमा आकाशेबत्ती बाल्ने संस्कृति थियो । त्यो हराएको संस्कृतिलाई पम्फा दिदीले फेरि मेरै मनमा टाँसिदिइन् । पहाडका नारीको स्वावलम्बीको पाठ पनि यसै कृतिमा देख्न पाइन्छ । धान रोप्ने, आली काट्नेदेखि गुन्द्री, गजरा र पिरा बुन्नेसम्मको घटना यस कृतिले उनेको छ । साथै पाहुनापासलाई कस्तो व्यवहार गरिन्थ्यो भन्ने सजिलो नेपाली पाठलाई पनि पम्फा दिदीले सहजै प्रस्तुत गरेकी छिन् ।

•

पम्फा दिदीका घरमा फुसको छानो थियो । हरिचरण भिनाजुले दार्जिलिङबाट घरमा लगाउन च्यादर ल्याए । तर 'हामीलाई सेतो

फाप्तैन' भनेर पम्फा दिदीका ससुराले घरमा च्यादर लगाउन दिएनन् । अनि हरिचरण भिनाजुबाट त्यो च्यादर स्कुलमा दान गरियो । यो 'च्यादरसँग घरपरिवारकै हाँसो र आँसु' अति संवेदनाले भरिएको पाइन्छ । उत्साह पनि कति चाँडो विस्मातमा परिणत हुँदो रहेछ भन्ने यस लेखले पाठ सिकाएको छ ।

ससुराप्रति बुहारीको हृदयन्तरको धारणा पनि पम्फा दिदीको कृतिमा पाइन्छ । अन्तत: घरको मूलीको अर्थ कति उच्च हुँदो रहेछ भन्ने बेहोरा पनि प्रस्तुत कृतिमा भेटिन्छ ।

•

पतिको निधन कति कारुणिक हुन्छ ! त्यसमाथि सधैं आफैँसँग समाहित हुने र पतिसँगै समाहित हुने पत्नीको कस्तो अवस्था होला । हरिचरण भिनाजुको निधनमा पम्फा दिदीको त्यही चीत्कार आउँछ । त्यस पाठ पढेपछि पाठककै मनलाई विह्वलित नै बनाइदिन्छ । साथै पम्फा दिदीको यसै कृतिमा खामिएको परेवाको प्रसङ्ग पनि पठनीय मात्र होइन त्यतिकै मनमोहक देखिन्छ । अनि गाउँले जीवनमा वल्लो घर पल्लो घरको कस्तो महत्त्व हुन्छ भन्ने कुरा पनि यसै कृतिमा पढ्न पाइन्छ ।

•

पम्फा दिदीको मावली भनेकै हाम्रो घर थियो । मेरी हजुरआमा अर्थात् बुबाकी आमा र पम्फा दिदीकी हजुरआमा अथवा भनौँ मेरी फुपूकी आमा शिवमायाको प्रसङ्ग पनि यहाँ रोचक ढङ्गले गाँसिएको छ । त्यस बखत मेरी हजुरआमाले घ्याम्पामा पैसा राख्ने गर्थिन् र पाथीमा पैसा भरेर घ्याम्पामा खन्याउने काम मेरी आमा भागीरथा प्रसाइकै हुन्थ्यो । त्यस बखत त्यस भेगमा हामीभन्दा धनी पनि कोही थिएनन् । त्यही प्रसङ्गलाई सौन्दर्यमूलक ढङ्गबाट आफ्नी छोरी राधिकामार्फत पम्फा दिदीले यसै ग्रन्थमा प्रस्तुत गरेकी छिन् ।

पम्फा दिदीले आफ्ना बुबाआमाप्रतिको मोह कारुणिक ढङ्गबाट यस कृतिमा प्रस्तुत गरेकी छिन् । उनका आमाबुबाको प्रसङ्ग पढेपछि जीवन, जगत् र प्रकृतिको साक्षात् रूप महसुस गर्न सकिन्छ । २००७ सालमा पम्फा दिदी र मेरा हजुरबुबा नरध्वज प्रसाईका परिवारको  धेरै नै सम्पत्ति लुटिएको बेहोरा पनि यसै ग्रन्थमा सङ्क्षिप्त उल्लेख गरिएको पाइन्छ । साथै आफ्ना दिदीबहिनी, दाजुभाइ, इष्टमित्र र मावलीहरूको बयानमा पनि यो ग्रन्थ अग्रसर भएको छ ।

यस कृतिमा चुलेसीले पम्फा दिदीको खुट्टा काटेको प्रसङ्गले शरीर नै जिङ्गरिङ्गै हुन्छ । व्यथा पम्फा दिदीको भए तापनि त्यो कथन पाठकका लागि अर्को पीडाका रूपमा रूपान्तर हुने गर्छ । साथै खैरेको प्रसङ्गमा आएपछि पाठकको मन नै भारी हुने गर्छ । डीआरजस्ता परोपकारीको बयान गर्न पनि पम्फा दिदीको भावना चुकेको छैन । आफ्ना बारीमा बसेका दर्जी र सुनारप्रति पनि सिटौला परिवारले दर्साएको प्रेम, स्नेह र छहारी पनि प्रेरणादायी देखिन्छ । आफ्ना ससुराको कोट लगाएर रत्यौली खेल्ने हाम्री पम्फा दिदीको सोबारेको बयान पनि गजबकै छ । पहाडमा त्यस बेला चेपुवामा तेल पेल्ने चलन थियो । त्यस प्रसङ्गलाई पनि यस कृतिले छाड्न मानेको देखिएन ।

गड्तौला गुरुदेखि सूर्य कन्दङवासम्मलाई पनि यस कृतिले भुलेनछ र नै मलाई यस कृतिको लेखनमा थप गर्व लाग्यो । पम्फा दिदीले यो कृति लेखाएर आफू पनि बाँच्ने काम गरिन् र अरूहरूलाई पनि जीवित बनाउने काम गरिन् । अनि यस कृतिकी सारथी राधिकाले यस कृतिलाई जीवन्त पार्न धेरै कसरत गरेको देखिन्छ ।

पम्फा दिदी निरक्षर भएर पनि अमेरिका पुगिन् । उनको प्रतापी कान्छो छोरो कवीन्द्रले आमालाई अमेरिका नै पुऱ्याए र अमेरिकाका धेरै ठाउँ देखाए । पम्फा दिदी अमेरिका भएकै बेला उनका नाति अनिलको बिहे भएको थियो । त्यस्तै उनकी नातिनी

प्रज्ञाको पनि त्यहीँ विवाह भएको थियो । त्यसैले उनले आफ्ना नातिनातिनीको बिहेमा पनि सक्रियता देखाउन पाएकी थिइन् ।

कुनै पनि मै हुँ भन्ने साहित्यकारलाई समेत माथ गरेर पम्फा दिदीको अमेरिका वर्णन प्रस्तुत भएको छ । यस कृतिमा कति राम्रो संस्मरण, कति राम्रो दृष्टिकोण र कति राम्रो आँखाको सङ्ग्रहले कालीगढी प्रस्तुति गरेको पढ्न पाइन्छ । अनि योभन्दा ठूलो कुरा दिदीको जन्मदिनको रोचक प्रसङ्ग पनि दिदीले पाठकलाई सुन्दर तरिकाले चखाएकी छिन् ।

मेरा भान्जा कवीन्द्रले दिदीको जन्मदिन मनाएपछि मात्र दिदीले आफ्नो जीवनको महत्त्वबारे थप जानकारी पाएको देखिन्छ । त्यति मात्र कहाँ हो र ! दिदीले अमेरिका पुगेर 'थ्याङ्क्यु' भन्न पनि जानिन् र उनले त्यो शब्द बोल्न पनि थालिन् । दिदीको भाषा नै कति मीठो ! सम्पादक राधिका सिटौलाले आफ्नी आमाका शब्द र शैलीलाई कतै पनि नबटारी सर्लक्कै पस्केकी छिन् । धन्य मेरी भान्जी राधिका ! तिम्रा कानमा दिदीको 'आत्मकथा' परेर नै यो कृति शाश्वत भएको छ । आफ्नी आमाबाट घरीघरी सुनेका कुरा नर्को नमानी तिमीले शृङ्खला मिलाएर प्रस्तुत गर्न सक्यौ । यस बेहोरालाई नै मैले अर्को चमत्कार मानेको छु ।

•

पम्फा दिदी अमेरिका पुगेर पनि आफ्नो देशका बारेमा नै कल्पिरहिन् । अनि उनले भनिन्– 'हाम्रो नेपाल पनि यस्तै बनाउन पाए कस्तो जाती हुन्थ्यो । अमेरिकनले बनाउँदा हुने अनि हाम्रो नेपालचाहिँ सधैँ उस्तै !' एक जना निरक्षर प्रौढ नारीको यी संवादले घरीघरी र प्राय: अमेरिका पुगेका राजादेखि मन्त्रीसम्मलाई कसरी व्यङ्ग्य गरेको छ त !

प्रस्तुत कृतिमा अमेरिकामा आफन्तको प्रसङ्ग पनि धेरै रोचक ढङ्गले प्रस्तुत गरिएको छ । ती आफन्तसँगको भेटघाट र सम्पर्कबाट

दिदीलाई आत्मसन्तुष्टि भएको बेहोरा पनि किताप पढ्दै जाँदा मैले थाहा पाएको विषय हो ।

चन्द्रप्रसाद भट्टराईका छोरा भरतदेखि रूपनारायण प्रसाईका छोरा इन्जिनियर दीपक प्रसाईले अमेरिकामा पम्फा दिदीलाई खातिरदारी गरेको रहेछ । त्यसै गरेर मेरा हरि भिनाजु र कान्छी दिदीका छोरा प्रदीपको पनि गुनगान गाउन पम्फा दिदी चुकेको देखिन ।

पम्फा दिदीले आफ्ना छोराछोरीको बयान गर्न पनि भ्याएकी छिन् । उनको प्रस्तुतिको शैलीले नै पाठकको मुटुलाई टचाप्पै समाइदिन्छ । यति हुँदाहुँदै पनि उनका सबै छोराछोरी एकभन्दा अर्को ठूलो र अर्कोभन्दा अर्को ठूलो भएको बेहोराले सिटौलापरिवारसँग जोसुकैको गर्व लाग्ने मात्र होइन; प्रेरित पनि गर्छ । साथै यसै कृतिको लेखोटबाट डिल्लीमाया दिदी र गङ्गा दाइको प्रसङ्गले पनि पाठकलाई झक्झक्याउने गर्छ ।

पम्फा दिदीले आफ्ना सम्धी र सम्धिनीबारे आफ्नो मन पनि निस्फिक्री खोलेकी छिन् । अमेरिकामा सम्धीसम्धिनीसँगको रमाइलो प्रसङ्गहरू पम्फा दिदीले अक्षरमार्फत अघि सारेकी छिन्, जुन कुरा कहिले हराउँदैन र कहीँ र कसै गरेर पनि मेटिँदैन । वास्तवमा यो कृति एउटा इतिहास हो, जसका पृष्ठहरूले नेपाली परम्परा, संस्कृति र रीतिरिवाजको शुद्ध जानकारी दिइरहेको छ । यसै कृतिमा आफ्ना सम्धी जगदीश पराजुली र सम्धिनी रमा पराजुली अर्थात् मिलनसार दम्पतीको पनि चर्चा गरिएको छ । हाम्रो छोरा कञ्चनजङ्घासहित हामी नइ अमेरिकाको क्यालिफोर्नियामा गएर हाम्रा भान्जा कवीन्द्रका घरमा केही दिन बस्ता हामीले सम्धीसम्धिनीहरूसँग पनि समय बिताएका थियौँ । अनि यो कृति पढ्दै जाँदा त्यस समयको मलाई झन् साह्रो याद आएको छ ।

पम्फा दिदीले हामी नइसहित कञ्चनजङ्घाको पनि कुरा ल्याएकी रहेछिन् । हामी अमेरिका पुगेपछि दिदीका गोडा ढोग्दा म

एकछिन त्यहीँ हराएको तथ्य सत्य हो । वास्तवमा भर्खर आमाको वियोगमा भौँतारिएको मलाई दिदी भेटेपछि आमाकै सम्झनाले रन्थनाइरह्यो । किनभने मेरो बाल्यकालमा मउपर पम्फा दिदीको पनि लगानी रहेको थियो । त्यसैले त्यस बेला दिदीभाइ धेरै बेर रोएका थियौँ । दिदीका भावनाका त्यो घटनाका लिपिले मलाई फेरि पूर्वस्मृतिमा पुऱ्याएको छ ।

पम्फा दिदीको कृति सङ्ग्रहणीय भएको कुरा यहाँ धेरै थाहा नपाएका कुराहरू अभिलिखित छन् । उदाहरणका लागि भन्ने हो भने जयनारायण सेढाईंको प्रसङ्ग यहाँ रोचक रूपमा प्रस्तुत भएको छ । कुरा के हो भने सेढाईं दाइलाई नुहाउनु मन पर्दैन रहेछ । नुहाउनु भनेपछि उनी तर्सने गर्दा रहेछन् । सेढाईं दाइलाई म बाल्यकालदेखि नै चिन्थेँ तर यस विषयको म जानकार थिइनँ ।

•

यस कृतिमा जेठा छोराबुहारी मोहन सिटौला र भुवनेश्वरी सिटौलाको भनेजस्तै प्रशंसाका पुल बाँधिएका छन् । मोहन सिटौला मलाई असलभन्दा असल र महान्‌भन्दा पनि महान् लाग्छन् । अनि भुवनेश्वरी सिटौलाको पनि ठूलो विचार, ठूलो मन र ठूलो योग्यता भएको मलाई पनि थाहै थियो । जेठा छोराबुहारीउपर पम्फा दिदीले जति लेख्नुपर्थ्यो त्यति नै लेखेकी छिन् ।

माइला छोराबुहारी शिव र पार्वतीको हरहिसाब लिएर पम्फा दिदी फेरि चुहानडाडा नै पुगेको घटना पनि मनपर्दो देखिन्छ । यस परिवेशले के देखाउँछ भने पम्फा दिदीको चुहानडाँडाप्रति अति प्रेम थियो । दिदीको शरीर जहाँजहाँ पुगे पनि मन भने उही चुहानडाँडाकै माटोमा मगमगाइरहेको पाइन्छ । आफ्नो कर्मभूमिप्रतिको प्रेम पम्फा दिदीको विचित्रकै रहेछ ।

दिदीका छोराबुहारी राम सिटौला र देवी सिटौला आँखामा राख्ता पनि नबिझाउने मानिन्थे । शिक्षकसमेत भएर राम सिटौलाको

स्थानीय जनप्रिय समाजसेवीमा नाउँ चलेको थियो । सिटौलापरिवारको असल बुहारीमा देवी सिटौला थिइन् । भान्जी मैया सेढाईंसँग पनि मेरो चैतन्य भान्जामार्फत चिनजान थियो । तर उनी भारतको आसाम पुगेपछि उनीसँग मेरो कहिल्यै भेट भएन ।

दिदीका अर्का छोरा चैतन्य र बुहारी ईश्वरीको पनि दिदीले भनेजस्तै कथन जोडेकी छिन् । वास्तवमा चैतन्य ठूलो मन भएको प्राणी हो । कुनै बेला ऊ मेरो साथी पनि थियो । मैले जीवनमा सङ्गत गरेका सिटौलामध्ये उही नै महान् थियो । तर समयको चक्रले हामीहरू टाढाटाढा भयौँ ।

मेरा भान्जाभान्जी खगेन्द्र सिटौला र शान्ता सिटौलाको पनि आआफ्नै शैली छ । उनीहरू पनि बनावटी जान्दैनन् । मन खोलेर भन्छन्, मन खोलेर दिन्छन् र मन खोलेर मान्छेसँग सङ्गत गर्छन् । वास्तवमा खगेन्द्र भान्जाको सच्चा जीवन पम्फा दिदीले नै प्रस्तुत गरेकी छिन् । यस कृतिमा पम्फा दिदीका छोराबुहारी सङ्क्षेपमा भए पनि सर्लक्कै उभिएका छन् ।

नगेन्द्र सिटौला र पार्वता सिटौला पनि यस कृतिका अर्का महत्त्वपूर्ण पात्र हुन् । नगेन्द्रको बयानमा पनि यस कृतिले आफ्नो गच्छे अर्पण गरेको छ । वास्तवमा नगेन्द्र सदैव चोखो दिल भएका, उपकारी र मिहिनेती मानिन्छन् । उनले मलाई पनि यथेष्ट सहयोग गरेका छन् । नइगृहको नक्सा उनैद्वारा निर्माण भएको हो । उनले मसँग कहिले दामको कुरा गरेनन् र मेरो काम गरेर पनि उनी थाकेनन् । म जहिलेजहिले घरभित्र पस्छु प्राय: नगेन्द्र भान्जाको बिम्ब मेरा मनमा नाच्ने गर्छ ।

समाजसेवी राधिकाको श्रीमान्लाई पम्फा दिदीले परमेश्वर नै भनिन् । हो, राजेन्द्र ज्वाइँ त्यस्तै सीधा, सादा र भद्र छन् । साँच्चै शान्त समुद्रजस्तै जीवनपद्धति राजेन्द्र ज्वाइँको भेटिन्छ । राधिका भान्जी पनि गुनैगुनले भरिएकी छिन् । मैले धेरै पल्ट भनेको छु–

उनले आफ्ना बुबाको पनि कृतिस्तम्भ ठडयाइन् र आमालाई पनि त्यही स्तरमा राख्ने काम गरिन् । उनी साहित्यकार भएका कारण अक्षरहरूमा आफ्ना बुबाआमालाई अजर बनाउने उनैले काम गरिन् । यो कृति पनि राधिकाले आफ्नी आमालाई चढाएको मनको शाश्वत प्रसाद हो । साथै उनले आफ्ना ससुरा त्रैलोक्यनाथ दाहालका बारे पनि लेख्ने जमर्को गरिरहेकी छिन् ।

नेपालका ख्यातिप्राप्त न्युरोसर्जन डा.वसन्त पन्त विश्वमा नै पनि नाउँ चलेका डाक्टर हुन् । तिनै डाक्टर पम्फा दिदीका कान्छा ज्वाइँ हुन् भन्दा मलाई थप गौरव लाग्ने गर्छ । तिनै ज्वाइँ र नेपालकी सुनगाभा विशेषज्ञ प्राध्यापक डा.विजया पन्तबारे पनि दिदीको भावना फररर खोलिएका छन् । यस कृतिमा कतै मपाइँ र पक्षपात गरेर दिदीको बोली आएको देखिँदैन । अनि पम्फा दिदीको वैयक्तिक विशेषता पनि यही हो र यस कृतिको मूल्य पनि यसैले ओगटेको मैले देखेँ ।

•

पम्फा दिदीमा धार्मिक प्रवृत्ति मात्र छैन धर्मप्रति उनको अति गहिरो आस्था पनि छ । उनको धर्मकर्म र तीर्थयात्राका बारेमा पनि प्रस्तुत कृतिले सङ्क्षेपमा बोलेको छ । उनीलाई हरेक कुरामा रौस छ । समाजसेवा त उनको घरको अड्डा नै थियो । धर्म, संस्कृति पनि यिनले माइती, मावली र घरमा पढेकै विषय हुँदै हो । त्यसैले यस कृतिमा तीर्थयात्राको वर्णन गरिएको मानिन्छ ।

•

पम्फा दिदी अमेरिकामा एक दशक बसेपछि नेपाल फिरिन् । उनकै मनले नेपाल आमाको काख रोज्यो । अनि कवीन्द्र र रञ्जितालाई फकाईफुलाई गरी उनी नेपाल आइन् । वास्तवमा अमेरिका पनि उनले नेपालझैँ बनाएकी थिइन् । त्यहाँ चिनेजानेकाहरूका लागि उनी नेपालकै प्रतीक थिइन् । त्यहाँ पनि उनी सबैकी हाईहाई, प्रेरक

र अविभावक थिइन् । उनको आशीर्वाद थाप्न ठाउँठाउँबाट आफन्तहरू उनीहरूका घर धाउँथे । त्यसैले पनि उनी त्यहाँबाट हिँड्दा धेरैका आँखा भिजेका थिए ।

•

मेरी दिदी मनमाया सिटौलाको प्रस्तुत आत्मकथा 'मैले बिताएको युग' सङ्ग्रहणीय कृति हो । अनि यो एउटा रोचक र ऐतिहासिक प्रस्तुति हो । यहाँभित्र उपस्थित शताब्दीको कथाव्यथाले पाठकलाई थप कौतूहल जगाउँछ ।

**• नरेन्द्रराज प्रसाई**

# सम्पादकीय

**या देवी सर्वभुतेसु मातृरूपेण संस्थिता**
**नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमोनमः ।**

जुनसुकै मानिसको जीवनमा पनि आमाको महिमा अत्यन्त महत्त्वपूर्ण हुन्छ । मेरी हजुरआमा, मेरी आमा, म र मेरी छोरीले आफ्ना सन्तानप्रति गर्ने ममता उस्तै हुन्छ र आफ्ना सन्तानका लागि हाम्रो धड्कन एउटै किसिमले धड्किन्छ । यो मायाको लहरो यसै गरी फैलिइरहेको हुन्छ । हामी मात्र होइन, यो धरतीका सबै आमाहरूको आफ्ना सन्तानहरूका लागि एउटै किसिमको धड्कन हुन्छ । भनिन्छ, जराअनुसारको मुन्टा भनेझैं, आमाबाबुको संस्कार सन्तानमा सर्लक्कै सर्दछ ।

मेरी मुमा १९८८ मङ्सिर ३ गते पिता पुण्यप्रसाद मैनाली र माता हिमादेवी मैनालीको कोखबाट माइली छोरीको रूपमा हाङपाङ नरध्वज प्रसाईको घरमा जन्मनुभएको रहेछ । हजुरबुबा पुण्यप्रसाद मैनालीको घर अर्खौले सुभाङमा रहेछ । दसैंमा टीका लगाउन माइत आएको बेला मेरी जिजुआमा शिवमायाले हजुरआमा हिमादेवीलाई माइतमा नै राख्नुभएको रहेछ र मुमाको जन्म हाङपाङमा भएको रहेछ । मुमा अत्यन्त राम्री भएकी हुनाले मुमाका मामा जयप्रसाद प्रसाई(जिजु)ले 'पम्फाकी फूल' भनेर नाम राख्नुभएछ । कतिसम्म भने जिजुको सुनका असर्फी राख्ने सन्दुकमा सानो प्वाल

पारेर मुमालाई लुकाउनुहुँदो रहेछ । दूध खुवाउने बेला भएपछि मुमालाई खोज्दै सबै जिजुकहाँ नै पुग्दा रहेछन् र सन्दुकबाट मुमालाई निकालेर जिजुले दिनुहुँदो रहेछ । उहाँले सधैँ मुमालाई खोकिलामा बोकिरहनुहुन्थ्यो रे ! मेरी मुमाकी माइजू भागीरथा प्रसाई पनि अत्यन्तै दयाकी खानी हुनुहुन्थ्यो । उहाँहरूको भेट भएपछि हामीलाई छुटाउन साह्रै मुस्किल पर्दथ्यो ।

साइँली छोरी टाढा परी भनेर जिजुआमा शिवमायाले ज्वाइँछोरीलाई हाङपाङमा नै आउन आग्रह गर्नुभएछ र पुण्य बाबाहरू अर्खौलेबाट हाङपाङ बसाइँ सर्नुभएछ । मुमा 'अर्खौलेमा पनि हाम्रो चञ्चलाश्री थियो' भन्नुहुन्छ । हजुरबुबा दधिराम मैनाली पाँचथर जिल्लाको सुभाङ्गी हुनुहुँदो रहेछ । उहाँले सबैलाई न्यायनिसाफ दिनुहुँदो रहेछ । दधिराम जिजुबुबाको गाईबस्तु पाल्ने खर्क पनि रहेछ । अर्खौलेमा मुमा ठूलाठूला टाहार बारी, खेत खलियान डुल्दै र रमाउँदै हजुरआमा कृष्णमायाले खुवाएको मीठो खाना र गोरसमा डुबेरै हुर्कनुभएको रहेछ । मुमालाई हजुरआमा कृष्णमायाले 'रानीचरी' भन्नुहुँदो रहेछ ।

हाङपाङ मावलबाट नै मुमाको बुबा हरिचरण सिटौलासँग नौ वर्षको उमेरमा विवाह भएको रहेछ । बुबामुमाको साह्रै धूमधामले विवाह भएको हुनाले हाङपाङमा त्यो विवाहको पछिसम्म पनि बयान चलिरहेको थियो । यसरी माइत मावलबाट उच्च संस्कार र व्यवहार सिक्नुभएको मुमाले घरपरिवारमा पनि सबैसँग उच्च सम्मान र व्यवहार गरेर जीवनयापन गर्नुभयो । कसैकसैको नाम रूप र स्वभाव ठ्याक्कै मिल्दो रहेछ । मुमा जहाँ, जता गए पनि सबैकी हाईहाई हुनुहुन्थ्यो । चराचरजगत् सबैमा उहाँको दृष्टि पुग्दछ । पशुपंक्षीप्रतिको उहाँको माया र करुणाले तरक्क आँसु चुहिन्छ । मानिसको त के कुरा ? मुमा सबैलाई माया बर्साइरहनुहुन्छ । मुमाको हृदयबाट माया अविरल प्रवाहित भइरहन्छ ।

अत्यन्तै कुशल, असल र दूरदृष्टि भएकी हजुरआमा राममाया र बा द्रोणाचार्य सिटौलाको शिक्षा र छत्रछायामा घरव्यवहारमा निपूणता पाएको कुरा मुमा सगौरव भन्नुहुन्छ । धेरै नन्दआमाजू, जेठाजुजेठानी, देवरदेउरानी ठूलो परिवारको बिन्द्रालोमा सबैसँग मुमाको घनिष्ठ सम्बन्ध थियो । चुहानडाँडामा नै मुमाका जीवनका सुनौला क्षणहरू बिते । त्यहाँ जीवनका महत्त्वपूर्ण कालखण्ड बितेको हुनाले मुमा चुहानडाँडाजस्तो हृदय बसेको ठाउँ कहीं कतै भेट्नुहुन्न र सधैं त्यहाँकै वर्णनमा रमाउनुहुन्छ । उठ्ताउठ्तै देखिने पाथीभरा देवी, कञ्चनजङ्घा हिमालको सान्निध्यता शीतल बतासको महक र नीलो तमोर नदी मेरी मुमाका हृदयमा छापिएका छन् । त्यहाँका प्रत्येक कणकण मुमाका हृदयमा अमेट रहेका छन् । जहाँ कर्म रोपिएको हुन्छ नि त्यहाँको सम्बन्ध प्रगाढ र दिगो हुँदो रहेछ ।

हाम्रा दुई जना आमा लक्ष्मीदेवी र मनमाया हुनुहुन्थ्यो । दुवै जना उस्तै असल, सकारात्मक सोचका धनी र सहनशील हुनुहुन्थ्यो । लक्ष्मीदेवीलाई ठूलो दाजु र माइलो दाजुले महतारी भन्नुहुन्छ र मनमायालाई आमा भन्नुहुन्छ । साइँलो दाजुदेखि तलका हामी लक्ष्मीदेवी (महतारी)लाई आमा र मनमाया (आमा)लाई मुमा भन्छौं । आमा, मुमाले पनि एकआपसलाई मुमा, महतारी भन्नुहुन्थ्यो । हाम्रो परिवारको एकताको सबैले बयान गर्दछन्, यो नै हाम्रो परिवारको गौरव हो । बुबाको शिक्षासेवा, समाजसेवा र न्यायसेवामा आमा, मुमाले अतुलनीय योगदान गर्नुभएको छ । उहाँहरू पाहुनाको सेवामा अहोरात्र खटिरहनुहुन्थ्यो । आमाहरूले हामीहरूलाई सधैं सत्कर्म सिकाइरहनुहुन्थ्यो– 'फारुतिनो, जतन, जगेडा गर्नुपर्छ । कहिले त नसोचेका पाहुना घरमा आउँछन्, पाहुना घरका देवता हुन्, घरमा आउने मानिसलाई खाली मुख र खाली हात कहिल्यै पनि पठाउनु हुँदैन' भन्नुहुन्थ्यो र व्यवहारमा पनि त्यसै गर्नुहुन्थ्यो । मुमा आजसम्म पनि सबैलाई केही न केही दिएर मात्र पठाउनुहुन्छ, उहाँ सबैभन्दा

खुसी अरूलाई दिन पाउँदा नै हुनुहुन्छ । 'दिँदादिँदै मर्न पाइयोस् बाबै !' मुमाको विशाल हृदय, उहाँले अति नै जिम्मेवारीपूर्ण व्यवहार निर्वाह गर्नुभयो ।

मुमाको बिहान सबेरै उठ्नु; शौचादि, नित्य स्नान, जप, तुलसी पूजा, सूर्यदर्शन प्रारम्भमा पर्दछन् । हाम्रो घरमा तुलसाको मठमा सधैँ तुलसीका बिरुवा मगमगाइरहन्थे । मुमाहरू नित्य तुलसीमा जल अर्पण गरेर मात्र घरको कामधन्दा सुरु गर्नुहुन्थ्यो । मुमालाई तुलसी अति नै प्रिय थियो । मुमा अमेरिकामा बस्दा पनि तुलसी रोपेर वृन्दावन बनाएकोमा आनन्द मान्नुहुन्छ । मुमाको झोला, खल्तीमा हरदम तुलसीपत्र भइरहन्छ ।

मुमाको स्वरले सुललित मुरलीमनोहर, साक्षात् सरस्वतीको वीणाको झङ्कार र सङ्गीतको ताल जसरी हृदयका तारहरू झङ्कृत हुन्छन् । मातृत्वको महिमा शिवामय अनेकौं चिन्तनबाट फैलिरहेको हुन्छ । आमाको भावना, स्पर्श, चिन्तन, ध्वनि, इसारा, स्नेह र कल्याणकारी भावनाले ओतप्रोत हुन्छन् ।

हाम्री मुमा साह्रै रमाइली हुनुहुन्छ । मुमा कुशल गृहिणी, कहिले डाक्टर, नर्स, नेता, अभिनेता, कलाकार, गायिका, शिक्षिका, वैज्ञानिक, इन्जिनियर हुनुका साथै जाँगरिली पनि हुनुहुन्छ । त्यसैले मुमा सर्वगुणसम्पन्न हुनुहुन्छ । कसैसँग खुसी र कसैसँग दुःख व्यक्त गर्नुपर्‍यो भने पनि मुमा गीतबाट नै अभिव्यक्त गर्नुहुन्छ । मुमा दिनभरि र बिहे, पुराण आदि समयमा प्रायः रातभरि पनि गाउनुहुन्छ । मुमा २०२० सालमा काठमाडौँ आएको बेला रेडियो नेपालमा धर्मराज थापासँग लोकगीत गाउँदाको क्षण अविस्मरणीय मान्नुहुन्छ । दसैँमा टीका लगाउन आउने मानिसहरू पनि मुमाको सुमधुर स्वरमा आशीर्वचन सुन्न लालायित हुन्थे र रमाएर जान्थे । मुमाको स्वर अहिलेसम्म पनि उस्तै सुमधुर छ ।

देशविदेशका साहित्यिक कार्यक्रममा पनि मुमाले सँगिनी, लोकगीत गाउनुभएको छ । मुमा न्युयोर्कको साहित्यिक कार्यक्रममा गाएको सँगिनी र लोकगीतमा पाएको प्रशंसा र नेपालसँग न्यास्रिएका छोराछोरीलाई आशीर्वाद दिन पाएको अवसरले हृदय गद्‌गद भएको महसुस गर्नुहुन्छ । विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको प्रत्येक वर्ष मनाइने भानु जयन्तीमा मुमाले सँगिनी, लोकगीत गाएर कार्यक्रममा उत्साह बढाउनुका साथै आशीर्वाद प्रदान गर्नुभएको छ । यस्तै अन्य कार्यक्रममा पनि मुमा सहभागी हुनुहुन्थ्यो । हामी साना हुँदा स्कुलमा हुने साहित्यिक सांस्कृतिक कार्यक्रममा मुमाले हौसला बढाइदिनुहुन्थ्यो । अहिले पनि मुमा हामीसँगै बसेर टिभीमा खेलकुद, साहित्यिक, सांस्कृतिक र अन्य कार्यक्रमहरू उत्साहपूर्वक हेर्नुहुन्छ; मुमा जोसँग बसेर कार्यक्रम हेर्नुहुन्छ उसको साथी भइदिनुहुन्छ । मुमा लोकगीत, भजन अनि पुराण सुन्न मन पराउनुहुन्छ र मन पर्ने गीतहरू बज्यो भने नाच्न पनि थालिहाल्नुहुन्छ । यो ९२ वर्षको उमेरमा पनि मुमाको जोस र जाँगर उत्तिकै छ ।

मुमा छोरीहरूलाई नपढाउने जमानाकी हुनुहुन्छ र अहिलेका पिँढीहरूलाई शिक्षा आर्जन गर्न र चेतनशील हुन सुझाव दिइरहनुहुन्छ । मुमा पुस्तकलाई माया गर्नुहुन्छ, सुमसुम्याउनुहुन्छ । जसलाई पनि साउँअक्षर चिनेको भरमा धाराप्रवाह लेखपढ गर्न कठिन नै हुन्छ । जसरी वेद, पुराण र इतिहास परम्पराबाट हामी अनुभव बटुल्छौँ, जानकारी प्राप्त गर्छौं, त्यसरी नै अघिल्लो पिँढीको अनुभव पछिल्लो पिँढीमा हस्तान्तरण गर्दा चेतनाको प्रवाह फैलिन्छ भन्ने कुरामा मुमा विश्वास राख्नुहुन्छ । तर 'बूढा मरे, भाषा सरे !'

आमाले एउटा युग बोकेको हुन्छ । तिनै आमाहरू जो त्यो युगको प्रतिनिधित्व गर्छन् र त्यत्तिकै हराएर जान्छन् । मैले हाम्री मुमाले बिताएको समयको बारेमा जान्ने जिज्ञासा राखेर मुमालाई आफ्ना अनुभवहरू भन्न प्रेरित गरेँ । मैले मुमासँग बात मार्ने क्रममा

विभिन्न प्रसङ्गका रमाइला र रोचक कुराहरू डायरीमा लेखेर राखेकी थिएँ । मुमाका धेरैजसो सम्झना र भनाइहरू यहाँ सँगालिएका छन् । मैले सकेसम्म मुमाकै लवज र भाषामा लेख्ने प्रयास गरेकी छु । मुमाको हृदयमा पत्रैपत्र भएर रहेका सम्झनाहरू, जीवनयात्राका भोगाइहरू क्रमश: खोतल्दै र लेख्दै जाँदा यो पुस्तक तयार हुन गयो । त्यो बेलाका महिलाहरूले भोगेको, बिताएको संस्कार, संस्कृति, घरव्यवहार, मेलापात, जीवनयापनका विविध कुराहरू यहाँ समावेश भएका छन् । कतिपय प्रसङ्ग छुटे पनि होलान् ?

अत्यन्त राम्री, जाँगरिली र अत्यन्त सकारात्मक सोचाइकी धनी मुमाको कुरा गर्ने शैली पनि उत्साह र उमङ्गले भरिएको छ । मुमाको झन् सधैँ हाँसिरहने र गीत गाइरहने प्रवृतिले हामी सबैलाई अभिप्रेरित गरिरहन्छ । मुमालाई खाना जे पनि मीठो लाग्छ । मुमा असाध्यै सन्तोषी हुनुहुन्छ । मुमालाई सानो कुरा उपहार दियो भने पनि फुरुङ्ग परेर त्यति नै खेर लगाएर स्याबासी दिँदै बयान गर्न थालिहाल्नुहुन्छ । मुमा चिटिक्क परेर बस्नुहुन्छ र जताततै टकटक बनाउनुहुन्छ । नकारात्मक कुरालाई पनि सकारात्मक बनाउने उहाँको अद्वित्तीय गुण अनुकरणीय छ ।

मुमा आफ्ना मानिसलाई भेट्नासाथ ‘पहेँला गालामा चुक्क’ भनेर म्वाइँ खाइहाल्नुहुन्छ । मुमालाई अमेरिकाको पनि चुक्क म्वाइँ खाने चलन साह्रै पन पर्‍यो रे ! मुमा मात्र होइन मुमाकी आमा, ठूलीआमा, सानीआमाहरू पनि भेट हुनासाथ चुक्क म्वाइँ खाइहाल्नुहुन्थ्यो । हाम्रा ठूलीआमा, सानीआमाहरू पनि भेट हुनासाथ चुक्क म्वाइँ खाइहाल्नुहुन्छ । आमाहरूको अति प्यारो आत्मीयता थियो । हाम्रा मामाहरू पनि त्यसै गर्नुहुन्छ । एक पटक मुमा अमेरिकाबाट आउँदा मुमाको सामान बढी भएछ । मुमाले सबै आफन्तलाई गनीगनी ल्याएका उपहार रहेछन् । इमिग्रेसन अफिसरलाई ‘ए बाबू, छोरा ! मेरो ठूलो परिवार, नाताकुटुम्ब धेरै छन् । मैले

कसलाई उपहार दिनू कसलाई नदिनू ? कोसेली लगेको लान दिनू न मेरो बाबै' भनेर ती मानिसलाई चुक्क म्वाइँ खानुभएछ । इमिग्रेसनको मानिसले पनि 'ओके आमा' भनेर सामान छोडिदिएछ 'थ्याङ्क यु बाबू' भन्दै मुमा खुसी भएर हिँड्नुभएछ ।

प्रत्येक मानिसको जीवनमा आमाले अत्यन्त गहन भूमिका निर्वाह गरेकी हुन्छिन् । अथवा भनौँ, यो चराचर जगत्मा आमाको महिमा अतुलनीय छ । जीवनमा उदास र निरास हुनासाथ सन्तानहरू आमाको आँचलमा नै सुरक्षित र न्यानोपन प्राप्त गर्दछन् र त्यहीँ लुटपुटिन पुग्छन् । आमाको काखमा नै सन्तानलाई शान्ति मिल्दछ । आमा सिङ्गो संसार र आफैँमा पूर्ण हुन्छिन् । आमा शाश्वत सत्य र ममताकी खानि हुन् । सबै आमा शिक्षित हुँदैनन् तर आमा सबै कुराकी ज्ञाता हुन्छिन्, हाम्री मुमा पनि हाम्रो विश्वविद्यालय नै हुनुहुन्छ ।

म प्रथम पटक माक्सिम गोर्कीको 'आमा' उपन्यास पढदा रन्थनिएकी थिएँ । त्यसपछि आमासम्बन्धित अन्य पुस्तकहरू पनि पढेँ । मैले आफ्नै आमाले बिताएको युगको सम्झना सँगाल्न पाउँदा खुसीले पुलकित भएँ । यस कृतिमा मुमाका मनभित्रका तरेलीतरेली उजागर भएका छन् । मुमाले आफूले बिताएको युग आफ्ना परिवेशका भोगाइहरू कुराको सिलसिलामा प्रस्फुटन हुँदै गए । मुमाका धेरै रमाइला प्रसङ्गहरू, दुःखका क्षणहरू, जीवनका उकालीओरालीमा भोगिएका अनगिन्ती सम्झनाहरूका साथै स्वदेश विदेशका यात्राका रोचक प्रसङ्गहरू यहाँ समाविष्ट छन् ।

समयक्रममा सँगालिएका मुमाका सम्झनाहरू लिपिबद्ध गर्ने अवसर मलाई जुऱ्यो । मुमाका जीवनमा सर्वोत्तम उपहार 'मुमाले बिताएको युगको वर्णन' मुमाका चरणमा चढाउन पाउँदाको मेरो सुखानुभूति शब्दमा वर्णन गर्न सकिँदैन । यो पुस्तक लेख्न पाउनु मेरो सौभाग्य रह्यो ।

जसरी आमाहरू आफ्ना सन्तानहरूका लागि समर्पित हुन्छन् त्यसरी नै सन्ततिहरू पनि आमाप्रति बफादार बनून् । सर्वप्रथम आमालाई सेवा, आमालाई सम्मान, आमालाई विश्वास, आमालाई पूजा गरौं । सन्तानहरूमा जति मेलमिलाप भयो, आमा त्यति नै खुसी हुन्छिन् । आमालाई खुसी पार्न सजिलो छ– सत्य र मीठो बोलौं, आमाको काखमा बसौं, आमालाई हृदयमा राखौं, आमाका भावनालाई काँधमा बोकौं, बस !

प्रस्तुत कृति प्रकाशन गर्न प्रेरणा दिनुहुने मेरा पुज्य दाजुभाउजूहरू प्रा.मोहन–भुवनेश्वरी, शिव–पार्वती, राम–देवी, चैतन्य–ईश्वरी, खगेन्द्र–शान्ता, ई.नगेन्द्र–पार्वता, दिदीभिनाजु मैयाँ–भवानीप्रसाद, भाइबुहारी कवीन्द्र–रञ्जिता, बहिनीज्वाइँ प्रा.डा.विजया–प्रा.डा.वसन्त पन्तप्रति आभारी छु । साथै परिवारका सदस्यहरू जसले विविध कुरामा र फोटोहरू उपलब्ध गराएर गरेको सहयोगको हृदयदेखि प्रशंसा गर्दै धन्यवाद दिन्छु । मेरो श्रीमान् राजेन्द्र दाहालले हर पल हर क्षण साथ र सहयोग प्रदान गर्नुभएको हुनाले मैले सहज वातावरणमा यो कृति तयार गर्न पाएँ, उहाँप्रति विशेष आभारी छु । छोरीहरू निजु दाहाल र डा.ऋजु दाहालले मलाई प्रत्येक दिन नयाँ सिर्जना गर्न अभिप्रेरित गरिरहन्छन् उनीहरूप्रति पनि म विशेष माया सम्झिरहन्छु । साहित्यका महारथी (नइ)ले दिनुभएको साथ, सहयोग र सुझावका लागि म अनुगृहीत छु । भाषासम्पादनका लागि लवप्रसाद भण्डारीलाई धन्यवाद ज्ञापन गर्दछु । साथै ठूलो दाजु मोहन सिटौला र मामा नरेन्द्रराज प्रसाईले गहन भूमिकासहित सुधारका लागि दिनुभएको सुझावका लागि आभारी छु । तस्बिरहरूका लागि मिहिनेत गरेर सहयोग गरिदिने बहिनी विजया, छोरी निजु र भदा निरजलाई अजश्र आशीर्वाद छ ।

जेठ २५, २०७९ **• राधिका दाहाल**

# मैले बिताएको युग

# मेरो पूर्वजको पृष्ठभूमि

हाम्रो माइतमा हजुरबुबा दधिराम मैनाली र हजुरआमा कृष्णमाया मैनाली हुनुहुन्थ्यो । हजुरबुबा दधिराम मैनाली त्यो बेला सुभाङ्गी हुनुहुन्थ्यो । राजाबाट सुभाङ्गी पाएर उहाँले रैतीको रेखदेख गर्ने मान्यता पाउनुभएको रहेछ । उहाँले नेपालको पाँचथर जिल्लाको न्यायनिसाफ गर्नुभएको थियो । हजुरबुबाको कुरा कसैले उलङ्घन गर्दैनथे । उहाँ सबैको पत्तेरो पनि हुनुहुन्थ्यो ।

मेरा बुबाको पुरानो घर अर्खौलेमा थियो । मलाई अलिअलि अर्खौलेको सम्झना छ । ठूलो टाहार बसेको मैदानमा बस्ती बनाइएको थियो । अठारबीस हल गोरुले बारी जोत्दथे । खेत पनि ठूलाठूला थिए र हाम्रो घरदेखि माथि ठूलो पोखरी थियो । हाम्रा गोठमा ठूलाठूला भैंसी, गाईहरू थिए । हजुरबुबा दधिराम मैनालीले भेडाबाखा पाल्नुभएको थियो । सेता, काला, राता भेडाबाखाले पूरै आँगनै ढाकेको हुन्थ्यो, ससाना पाठापाठीहरूसँग खुबै खेलिन्थ्यो । हाम्रो बारीको पुछारतिर गोठ थियो, बस्तु चराउने ठूलो मैदान थियो । मेरो हजुरबुबाले ठूलाठूला बाल्टिनमा भरिभरि दूध दोएर ल्याउनुहुन्थ्यो र मेरी आमैले ठूलाठूला कुँडेमा दूध तताउनुहुन्थ्यो । उहाँहरूले सबैलाई ठूलाठूला बोटुकामा दूध दिनुहुन्थ्यो । ठूलाठूला ठेकीमा दही जमाउने हाम्रो घरको चलन थियो ।

हाम्रो घरमा राते र काले नामका कुकुरहरू पनि पालेका थिए । तिनै कुकुरहरू भङ्गभङ्ग गर्दै भुकेर चर्न गएका भेडाबाखा

फर्काएर ल्याउँथे । अगाडिअगाडि भेडाबाख्रा भ्याभ्या र भूभू गर्थे, पछाडिपछाडि कुकुर हुन्थे, त्यो लर्को धेरै रमाइलो देखिन्थ्यो ।

हाम्रा हजुरबुबा दधिराम मैनाली र कृष्णमाया मैनालीका दुई भाइ छोरा मेदनीप्रसाद र पुण्यप्रसाद अनि तीन जना छोरी जन्मे । उहाँहरू पनि समाजसेवामा लाग्नुभएको थियो । उहाँहरू सबैको उपकार र कल्याणको काम गर्दै हिँड्नुहुन्थ्यो । उहाँहरू जसलाई जे परे पनि सहयोग गर्न पुगिहाल्ने गर्नुहुन्थ्यो । उहाँहरू परेपछि तन, मन, धनले सहयोग गर्नुहुन्थ्यो । अनि हाम्रो घरको रेखदेख सबै आमैले नै गर्नुहुन्थ्यो । उहाँले हामीलाई धेरै माया गर्नुहुन्थ्यो । आमैले नीतिनिर्देशन दिएअनुसार आमा र ठूलीआमाले काम गर्नुहुन्थ्यो । आमै असाध्यै ज्ञानी र दयालु हुनुहुन्थ्यो । हामी भुराहरू खेल्ने र सानोतिनो काम गर्ने गर्दथ्यौँ । ठूलो बुबा मेदनीप्रसादको छोरा केदारप्रसाद वेदान्ती हुनुहुन्थ्यो । उहाँले काशीमा गएर सबै शास्त्रको अध्ययन गर्नुभएको थियो । रमाइलो थियो अर्खौलेको बसाइ । आमैले मलाई 'रानीचरी' भन्नुहुन्थ्यो ।

अर्खौलेमा हाम्रा सुन्तले, ज्यामिरे भन्ने खेत थिए । त्यहाँ बुबाले मलाई काँधमा बोकेर लानुहुन्थ्यो । आमाले खाजा ल्याउनुहुन्थ्यो र सबै मिलेर खाजा खान्थौँ, म पनि खेतालाहरूसँग बसेर खाजा खान्थेँ । धान काटिसकेपछि खेतालाहरू कुर्लिन्थे– 'करुरुरु... कुरुरु... ! तँ वीर कि म वीर' भनेर गीत गाउँदा रमाइलो हुन्थ्यो । उनीहरू गीत गाउँदैगाउँदै आआफ्नो घरतिर जान्थे । खेतालाको ताँती हेरिरहूँ जस्तो हुन्थ्यो ।

# मेरा बुबा पुण्यप्रसाद मैनाली

बुबा पुण्यप्रसाद र आमा हिमादेवीको विवाह नौ वर्षको उमेरमा भएको रहेछ । मेरो बुबा पुण्यप्रसाद मैनाली अग्लो, गोरो, पातलो चेहराको हुनुहुन्थ्यो । मिलेका सेता दाँत थिए, उहाँ हाँस्दा ज्यादै राम्रो देखिन्थ्यो । जाडो याममा गलामा रातो फेटा बाँधेको हुन्थ्यो र त्यो ज्यादै राम्रो सुहाएको हुन्थ्यो । पुण्य बाबा दाइँ गर्दाखेरि 'दाइँ बरादो... बरादो कि बरादो..., मेरा राजै, घुरघुर..., फुले माले घुरघुर...' भन्दै गोरु घुराउनुहुन्थ्यो । असाध्यै सुमधुर स्वर थियो बुबाको । बुबालाई गीता, रामायण, महाभारतका श्लोकहरू धेरैजसो कण्ठस्थ थिए । उहाँ धार्मिक स्वभावको हुनुहुन्थ्यो । उहाँले धेरै तीर्थ, व्रत गर्नुभएको थियो । उहाँले धेरै विद्वान्हरूको सङ्गत गर्नुभएको थियो । उहाँ बिहानबेलुका धार्मिक पुस्तक पढेर बस्नुहुन्थ्यो र हामीलाई पनि सुनाउनुहुन्थ्यो । बाबाले पाठ गरेका श्लोकहरू सुनेर आमालाई गीता, रामायणलगायत धेरै धर्मशास्त्रहरू कण्ठस्थ थिए । पुण्य बाबा अति नै बलवान्, गोरो न गोरो, अग्लो, मोटोघाटो, हाँस्दा चन्द्रमा फुल्केजस्तो हँसिलो, सबैलाई हँसाउने, भालुबाँसका जस्ता पाखुरा भएको हिम्मतिलो हुनुहुन्थ्यो । मानिसहरू 'यो मैनालीको जोडी यो एरियामा कोही छैन' भन्थे । 'योसँग सकिँदैन है यसलाई रिस उठाउनु हुँदैन' भन्थे । तर बाबाले सबैलाई हँसाएको हँसायै गर्नुहुन्थ्यो । उहाँ गोठमा बस्दा पनि एक्लै बस्नुहुन्थ्यो । दसबाह्र जना मानिसलाई त पुण्य बाबा एक्लैले फ्याँकिदिनुहुन्थ्यो ।

पुण्य बाबासँग हिँड्दा सबै निर्धक्क भएर हिँड्थे । पुण्य बाबाले कुर्लंदा वारिपारि सबैतिरका डाँडाकाँडा गुन्जन्थे । पुण्य बाबा सबैको रोज्जा हुनुहुन्थ्यो, अर्खौलेमा पनि सबैको रोज्जा ! पुण्य बाबा साहसिलो र आँटिलो भएको हुनाले परदेश जानुपर्दा मामाहरू पनि पुण्य बाबाको साथ लिनुहुन्थ्यो । पुण्य बाबाको कुरा कसैले उलङ्घन गर्दैनथे । उहाँ अति सत्यवादी हुनुहुन्थ्यो ।

पुण्य बाबा ध्यानी, ज्ञानी र तपस्वी हुनुहुन्थ्यो । उहाँ धार्मिक कार्यका लागि धेरै ठाउँ घुम्नुभयो । त्यसरी घुम्ने क्रममा उहाँ काठमाडौँ जानुभएको थियो । पुण्य बाबाका थुप्रै साथीहरू हाम्रो घर हाङपाङमा आएका रहेछन् । चारपाँच दिन बसेर अरूचाहिँ गएछन् र अति मिल्ने साथीचाहिँ पन्ध्रसोह्र दिन बसेछन् । 'हामी सँगै झापातिर जाऔँ' भनेर बाबा र बाबाका साथी हिँडेछन् ।

तीनजुरेमा आइपुगेपछि आठनौ जना लुटेराहरूले बाबाहरूलाई ढुङ्गामुढा गर्न लागेछन् । 'हामी धार्मिक भावना भएका मानिसलाई यसो नगर, तिमीहरू को हौ ?' भन्दा लुटेराले ढुङ्गामुढा गरिरहेछन् । पुण्य बाबाको साथी ढुङ्गाले ढाडमा लागेर घाइते भएर बेहोस हुनुभएछ । अनि पुण्य बाबाले लौरो बोक्नुभएको रहेछ, बुबाले लौरो फिरिरी घुमाउनुहुन्थ्यो । त्यही लौराले माथिबाट हानेका ढुङ्गालाई छेक्दै तिनै लुटेराहरू भएको ठाउँमा पुगेर लट्ठीले तिनीहरूको टाउकैटाउकामा हानेपछि ती लुटेराहरू ढलेछन् र दुई जनाको खुट्टामा हानेपछि भागेछन् । त्यसपछि पुण्य बाबाले साथीलाई जडीबुटी लगाउँदै बोकेर हिले, वसन्तपुर हुँदै धनकुटासम्म पुऱ्याउनुभएछ । त्यहाँ वास बसेर औषधिमूलो गरेपछि पुण्य बाबाहरू झापा पुग्नुभएछ ।

झापा पुगेपछि ती साथीले 'मेरा परम् मित्र पुण्य, तिमीले मेरो ज्यान बकस दियौ, आफ्नो ज्यान जोखिममा राखेर मलाई बचायौ । मेरो जीवन तिम्रो बक्सिस हो । अब हामी सधैँ सँगै बस्नुपर्छ । मेरो बाह्र सय बिघा जमिन छ । तिमीलाई तीन सय बिघा तीन हजारमा

दिन्छु, पैसाको बन्दोबस्त गर' भनेर जग्गाको सिमाना पनि छुट्ट्याइदिएछन्, ढिपी नै गरेछन् र एक महिना उनी त्यहीँ पुण्य बाबालाई पर्खिएर बस्ने बाचा गरेछन् । पुण्य बाबा घरमा आएर पैसाको बन्दोबस्त गरेर जाँदा अलि ढिलो भएकाले उनी हिँडिसकेछन् । उनी कता गए, पत्तो भएन । बुबाले साथीको खोजी यताउति गर्दा त्यहाँका मानिसले 'तपाईंलाई साथीसँग भेटाइदिन्छौँ' भनेर बुबाको सबै पैसा लुटेर लगेछन् । त्यसपछि पुण्य बाबालाई ज्वरो आउन थालेछ । पुण्य बाबा पहाड पुग्दा बिरामी भएर घर पुग्नुभएछ । पुण्य बाबाले 'लु मलाई औलोले भेटयो' भन्नुभएछ । मामाहरू सबै मिलेर पुण्य बाबालाई औषधिमूलो गरेछन् तर केही पार लागेनछ ।

मलाई माइतबाट चुहानडाँडा लिन आए । म माइत जाँदा बाबा आटी ओछ्यानमा सुतिरहनुभएको थियो । मेरो टाउकामा पुण्य बाबाले हात राखेर सुमसुम्याउनुभयो । सबै मामाहरू हाम्रो घरमा जम्मा भइरहनुभएको थियो । अन्त्यमा 'राम राम' भन्दै २००२ साल पुसमा पुण्य बाबाले संसार छोड्नुभयो ।

पुण्य बाबाको स्वर्गवासपछि आमाले अपघात गर्नुभयो । मावलकी आमै 'मेरा अति नै मन परेका हँसिला सत्यवादी, खाइलाग्दा ज्वाइँ, मेरी छोरीलाई एकपाखे पारेर, लालाबाला छोडेर, कता अलप भयौ' भन्दै छाती पिटीपिटी रुनुभयो । हामी बुझ्नेजति छोराछोरी सबै लडीबुडी गरेर रोयौँ । साना बहिनी त सानै थिए । बाबाबिनाको घर हामीलाई शून्य भयो । मामामाइजू सबै आउनुभयो, सबैले हामीलाई माया गर्नुभयो । सधैँ मामामाइजूले हामीलाई माया गर्नुहुन्थ्यो । तर हाम्रो घरमा पुण्य बाबा हुनुहुन्थेन । हाम्रो पुण्य बाबालाई दैवले चुडेर लग्यो । बाबाको मृत्युपछि आमाको व्यवहार लथालिङ्ग भयो ।

चुहानडाँडाबाट पतिदेव र साइँला नानी हाङपाङ आउनुभयो । पछि बाबाको काम सिद्धिएपछि मलाई चुहानडाँडा पुऱ्याइदिए । 'अब बाबा मलाई लिन कहिल्यै आउनुहुन्न नि' भन्दै बाटाभरि म डाँको

छोड्दै हिँडें ! मैले पहिला पुण्य बाबासँग हिँडेका बाटा, थकाइ मारेका चौतारी, भन्ज्याङ, खोलानाला, पाखापखेरु जहाँ पुगे पनि मेरा पाइला चलेनन् । त्यही सुमसुम्याएर म लडीबुडी गरें । मेरो बाबा यति छिट्टै किन हामीलाई छोडेर जानुभयो ? हे दैव ! मेरो बाबालाई किन चुडेर लगिस् ? मेरी आमाले कसो गर्नु निष्ठुरी दैव ! म हिँड्नै सकिनँ, ह्वाकुमा माइली ठूलेमा इन्द्रमायाको घरमा राति घिस्रिँदै पुग्यौं । जेठी ठूलेमा तुलसादेवी भट्टराईको पनि घर अलि माथि थियो । बिहान जेठा ठूलाउठूलेमा पनि हामीलाई भेट्न आउनुभयो, सम्झाउनुभयो ।

जता गए पनि रुनु नै थियो । ठूलेमाठूलाउले मलाई सम्झाएर खुवाउनुभयो । हा ! दैव आमाको माया र बाबाको पीडाले मेरा सहस्रधारा आँसु बगिरहे । कति रुनु ? कसरी सहनु ?

चुहानडाँडा आएपछि पनि मलाई सबैले सम्झाए तर के गर्नू ? पुण्य बाबा आएर बसेको खाट हेर्छु, त्यहीं मलाई पानी खाने बेथा उठ्छ । अब पुण्य बाबालाई देख्न पाइँदैन भन्ने सम्झियो, त्यहीं पानी खाने बेथा उठ्छ । हे दैव ! कस्तो झटारो हानिस् नि खु..इ..ऽ य ! हाम्रो घरमा सबै जना हुनुहुन्थ्यो, सबैले माया गर्नुहुन्थ्यो । हाम्रो घर भरिभराउ थियो । मेरो माइतको मूल थाम ढलेको थियो र आमालाई सम्झिएर मेरा आँखा ओभाउँदैनथे ।

# मेरी आमा हिमादेवी मैनाली

आमा हिमादेवी १९६५ असोज ५ गते माता शिवमाया प्रसाई र नरध्वज प्रसाईकी साइँली छोरी भएर हाङपाङमा जन्मनुभएको थियो । हाङपाङमा नरध्वज प्रसाई त्यो ठाउँका नाम चलेका धनी हुनुहुन्थ्यो । आमै शिवमाया पनि व्यवहार मिलाउन जान्ने समझदार र सिपालु हुनुहुन्थ्यो ।

मेरी आमा नौ वर्षकी हुँदा सुभाङ अर्खौलेका दधिराम मैनाली र कृष्णमाया मैनालीका कान्छा सुपुत्र नौ वर्षका पुण्यप्रसाद मैनालीसँग विवाह भएको रहेछ । बाबा आमाभन्दा एक दिनले जेठो हुनुहुन्थ्यो । साइत गरेर आमालाई अर्खौले लगेपछि आमा निकै वर्ष उतै बस्नुभएछ ।

दिदी अम्बिका अर्खौलेमा नै जन्मनुभयो । बाबाआमा दसैँमा हाङपाङमा टीका लगाउन आउनुभएको रहेछ । त्यसैले आमै शिवमायाले आमालाई माइतमा केही समय राख्ने इच्छा गर्नुभएको हुनाले बाबाले आमालाई माइतमा नै छोडेर अर्खौले जानुभएछ । त्यही बेला १९८८ मङ्सिर ३ गते मेरो जन्म मामाघरमा भएको रहेछ । त्यसपछि दुईचार महिना बसेर आमालाई लिन बाबा हाङपाङ आउनुभएको रहेछ । अनि मलाई र आमालाई लिएर बाबा अर्खौले जानुभएको थियो । नरध्वज प्रसाईका घरबाट छोरी घर पठाउँदाको भरियाको लर्को पनि हेर्नलायकको थियो ।

मावलकी आमैलाई यो साइँली छोरी टाढा भई भन्ने पीर परेको हुनाले आफ्नै छेउमा ज्वाइँछोरीलाई आउन आग्रह गर्नुभएछ ।

अनि आमाबाबा अर्खौलेबाट हाङपाङ आउनुभएछ । मेरी आमा हजुरबुबाकी मन परेकी बुहारी हुनुहुन्थ्यो । अर्खौलेमा आमै कृष्णमाया स्वर्ग भएपछि अनि हजुरबुबा दधिराम पनि हाङपाङ आउनुभयो । अर्खौलेमा हजुरबुबा दधिरामको ठूलो गोठ थियो । अनि हजुरबुबाले हाङपाङको लुभुसिरानको उज्याली लेकमा ठूलो गोठ राख्नुभएको थियो । त्यहाँ पनि धेरै गाई, भैंसी र भेडाबाखाहरू थिए ।

आमा अत्यन्त सुमधुर स्वर भएकी हुनुहुन्थ्यो । आमाले बोल्दा पनि गीत गाएजस्तो सुनिन्थ्यो । आमाले कहिल्यै नमीठो र ठूलो स्वरमा बोल्नुभएको सम्झना छैन हामीलाई ।

हाम्री आमा अत्यन्त दयालु, आफ्नो व्यवहारमा कुशल, गहुँगोरी, ठिक्कको उचाइ भएकी, बीसहाते फरिया, सुन्तला रङको पटुका, मखमलको चौबन्दी चोलो, कहिले मुगाको चोलो, मौसमअनुसारका लुगा, बुट्टे मजेत्रो बान्ने, टाउकामा रातो मजेत्रो, नाकमा ढुङ्ग्री र बुलाकी, कानमा कानढुङ्ग्री र माडवारी, गलामा नौगेडी र पोते, हातमा राता चुरा, बाला र औंठी, गोडामा कल्ली, चाडबाडको बेला र हाटबजार अनि माइत जाँदा सुनको शिरफुल, जन्तर र ठूलो तिलहरी लगाउनुहुन्थ्यो ।

•

मेरी आमाले बाबाको शोक बोकिरहनुभएको थियो । मावलकी आमै शिवमाया स्वर्गवास भएपछि हाम्री आमालाई ठूलो बज्रपात पऱ्यो । एक वर्षको अन्तरालमा मेरी आमाको जीवनका महत्त्वपूर्ण आधार र मायाको संसार समाप्त भएको थियो । त्यो पीडा खप्न नसकेर मेरी आमा पृथ्वीमा ढल्नुभयो ! भोलिपल्ट फेरि उज्यालो भयो । लालाबाला रुन लागे, व्यवहार त धान्नै पऱ्यो, लरखराउँदै मेरी आमा उठ्नुभयो अनि आमाको जीवनको कठिन यात्रा सुरु भयो । मेरी आमालाई दुःखको पहाडले थिच्यो ।

आमा अत्यन्त सत्यवादी, साहसिली र सहनशील हुनुहुन्थ्यो । सबैलाई माया गर्ने र सबैलाई बाँढेर खाने उहाँको स्वभाव थियो । हजुरबुबा दधिराम स्वर्ग भएपछि बाबाले गोठ अलि सानो बनाउनुभएको थियो । पछि बाबाको स्वर्गवास भएपछि त सबै सकियो । आमाले घरव्यवहार चलाउँदै लानुभयो । भाइबहिनी सबैको विवाह गरिदिनुभयो । हामी सबै छोराछोरी ज्ञानी र सज्जन थियौं । हामी सबैका विश्वासिला थियौं । त्यो बेलाको समाज सत्यमा अडेको थियो, धेरैजसो मानिसहरू वचनका पक्का थिए । आमाले व्यवहार सम्हाल्दै लानुभयो, भाइहरू पनि बढ्दै गए । आमालाई त्यस्तो दु:खको अवस्थामा मामामाइजूहरूको ठूलो साहारा मिलेको थियो ।

•

२००७ सालमा त्यो भेगमा व्यापक लुटपाट मच्चियो । मानिसहरू लुटपाट गर्न आउँदै छन् भन्ने थाह पाएपछि आमाले ठूलो भाइ मोहन मैनालीलाई छोटो बाटोबाट मावल कुदाउनुभएछ । धनी, महाजन भनेर सबै लुटेराले मामाहरूलाई खेदाखेद गरे, त्यो बेला दुनियाँको भागाभाग भयो । ठूलो भाइ र काइँली सानीमाको छोरो बलभद्र चुडालले सबै माइजूहरू, केटाकेटीहरूलाई इलाम पुऱ्याएर आएछन् । माइलो मामालाई माथि अक्करको जङ्गलको ओडारमा लुकाएको रहेछ ।

माइलो मामाले पनि सुनचाँदीको बाकस खेतमा गाड्नुभएको रहेछ । ठूलो भाइ मामालाई लिन जङगलमा गएछ । ठूलो भाइ र काइँली सानीमाको छोरो पछि आएर मामाको गहना र रुपियाँको बाकस जङ्गलमा लगेर सबै पोतेजति काटेर सबैले सुनचाँदी कम्मरमा बाँधेर मधेस झरेछन् । मावलका घ्याम्पाका असर्फी त सबै लुटेर लगेछन् । त्यो बेला मधेस झर्दा ठूलो भाइले आठ किलो सुनचाँदी कम्मरमा बाँधेका थिए रे ! अनि मामालाई इलाम पुऱ्याएर सुनचाँदी जिम्मा लगाई ठूलो भाइ घरमा फर्किएछन् ।

त्यो बेला सबैले गरगहना र रुपियाँपैसा खेतबारीमा गाडेका थिए र पछि कसैका भेटिए, कसैका लुटिएका थिए । आमाका पनि धेरै सुनचाँदी लुटिए । घरभरि तामाका पाता थिए । आमाका घरका हाँडाभाँडा केही पनि बाँकी रहेनन् । त्यसपछि मेरी आमाका खुट्टा टेकिएनन् । भुसतिर, गोबरतिर लुकाएका केही गरगहना र मालतालचाहिँ बचेका रहेछन् । आमाका घरका सबै कोठा मालतालले भरिभराउ हुन्थे । हाम्रो माइती घरमा कुचो लगाएर सबै सामान लगेछन् ।

त्यो बेला सबैको एकै गत भएको थियो, सबैको दु:खसुख चल्दै गयो । हाम्रा मामाहरू वरिपरि हुनुहुन्थ्यो, हाम्रो खेतबारी छँदै थियो, फेरि सहकाल आयो र जीवन हराभरा बन्दै गयो ।

समय मिलेअनुसार म आमालाई भेट्न गइरहन्थेँ । आमालाई दिन मन लागेको सबै कुरा मैले आमालाई दिएँ । मैले सकेसम्म आमाका आँखाबाट आँसु बग्न दिइनँ । आमालाई यो कुरा दिन पाइनँ नि भन्ने कुनै कुराको पछुतो मलाई भएन । आमालाई प्याँजी र कलेजी रङ असाध्दै मन पर्दथ्यो ।

•

मेरी आमा भजनकीर्तन गरेर छोराछोरी नातिनातिनालाई हौसला, आशीर्वाद दिएर जीवन बिताइरहनुभएको थियो । नातिनातिना हुर्कँदै गए, आमाको काख हराभरा भइरहेको थियो । आमाले जीवन गुजारा गर्ने क्रममा दु:ख र सुख कति भोग्नु पर्‍यो, पर्‍यो । 'कर्मको फल नभोगी नहुने रहेछ' भन्दै संयमतापूर्वक आमाले जीवन बिताउनुभयो । आमालाई कुनै कुराको कमी भएन । आफ्नो अनुभवबाट आमाले सधैँ अरूलाई 'जस्तोसुकै अवस्थामा पनि नआत्तिनू' भनेर बारम्बार सम्झाइरहनुभयो । आमाले अर्ती, बुद्धि, धर्म र ज्ञानगुनका कुरा सिकाइरहनुभयो । बाबाले चाँडै छोडेर गए तापनि हामी सबै

आमाको न्यानो काखमा सुरक्षित थियौँ । हामी सबै छोराछोरी आआफ्नो कर्मक्षेत्रमा खटिरहेका थियौँ । आमाले हामीलाई कहिल्यै आफ्ना दु:खका कुरा सुनाउनु भएन । हामीलाई सधैँ शक्ति र सामर्थ्यका कुरा सुनाउनुभयो ।

मेरी आमा भन्नुहुन्थ्यो– 'जसरी हातका औँला समान हुँदैनन्, त्यसै गरी यो संसारका मानिसहरू पनि समान हुँदैनन् । त्यसैले सबै मानिसहरूबाट एउटै व्यवहार खोज्नु हुँदैन । तिमीहरू सधैँ सबैलाई राम्रो गर, नराम्रो गर्नेले पनि राम्रो गर्न थाल्छन् । तिमीहरू सधैँ मीठो बोल, सत्य र धर्मको साथ नछोड, सत्यको बाटो हिँड्न सजिलो छ, छलकपट गर्नेलाई पो गाह्रो छ त ! सत्यको बाटो सीधा र फराकिलो हुन्छ । सत्यको बाटो भक्तिनी शवरीले भगवान् रामलाई फूल ओछ्याएजस्तो फूलैफूलले ढाकेको हुन्छ । सत्यको अगाडि असत्य टिक्दैन ।' आमा सबैलाई यसरी नै सम्झाउनुहुन्थ्यो । आमालाई कान्छो भाइ र बुहारीले अति राम्रोसँग सम्मान गरेर राखेका थिए । अम्बिका दिदी आमाको साथमा हुनुहुन्थ्यो ।

२०४२ सालमा आमा बिरामी हुनुभयो भनेर चुहानडाँडामा मलाई खबर आयो । आमाको मायाले मेरा हातखुट्टा बिलाए । घरको व्यवस्था मिलाएर म हाङपाङ हिँडेँ । म हाङपाङमा पुगेपछि आमा अलि उज्याली हुनुभयो । मैले आमालाई सुमसुम्याएँ, चुक्क म्वाइँ खाएँ, स्याहारसुसार गरेँ । अन्तिम अवस्थासम्म पनि मेरी आमाले भजन गाउन छोड्नुभएको थिएन ।

माइलो मामा वेणुप्रसाद, कान्छो मामा रूपनारायण र कान्छी माइजू गौरा, भाइ रत्न र बुहारी पार्वती, भाइ विद्याराज सबै जना हाम्रो घरमा आइपुगे । गाउँभरिका सबै मानिस, मावलीहरू आमालाई भेट्न आए । अम्बिका दिदी, म, कान्छो भाइ, कान्छी बुहारी र भदाभदै साथमा थियौँ । माइलो मामाले गीता पाठ गरिरहनुभयो र

मामाले आमाको नाडी छामिरहनुभएको थियो । हामी पनि मामासँगसँगै स्तोत्र पाठ गरिरहेका थियौँ ।

वैशाखको महिना रूखबिरुवामा हरिया पालुवा पलाएका थिए, फूलबारीमा राम्राराम्रा फूलहरू फुलेका थिए । मेरी आमा शान्तसँग सुतिरहनुभएको थियो । कान्छो भाइले मन्दिरमा पूजा गरे, धूपको वासनाले घर मगमगी भयो । भाइको स्वर अति राम्रो थियो, भजन स्तोत्र गाए । भाइले जस्तो शङ्ख बजाउने मानिस छैनन् जस्तो लाग्छ । भाइले राम्ररी शङ्ख बजाए, संसारै गुञ्जायमान भयो । भाइले आमालाई चन्दन लगाइदिए । बिहानको आठ बजेको थियो । सूर्यनारायणले धर्तीमा उज्यालो फैलाउँदै थिए । त्यही समयमा हामी सबै प्रार्थना गरिरहेका थियौँ अनि आमाले सबैलाई हात हल्लाउँदै आँखा चिम्लिनुभयो । २०४२ वैशाख १३ गते हाम्रो संसार शून्य भयो । हाम्री आमा वैकुण्ठ जानुभयो ।

हामीलाई आमाले छोडेर गएको दिन, हाम्रो भौतिक माया सकिएको दिन, मामाहरू दुवै जना मेरी दिदी भन्दै धरधरी रुनुभयो । हामी सबै आमाको बिछोडको पीडा खप्न नसकेर बिलौना गऱ्यौँ । फेरि मामामाइजूले 'हामी छौं भान्जाभान्जी' भन्दै हामीलाई सम्झाउनुभयो । दिदी अम्बिकालाई थामिसक्नु भएन । मैले आफैँले अनेक तरहले दिदीलाई सम्झाएँ । हामीले आमाको अन्तिम यात्राको तयारी गऱ्यौँ । 'अब यो दिव्य मुहार जीवनमा फेरि देख्न पाइँदैन नि' भन्दै म त्यहीँ बिलाएँ । छोरी राधिकाले आमालाई राम्रो ढाकाको खास्टो पठाइदिएकी थिई । आमालाई त्यो खास्टो अति नै प्यारो थियो । त्यो खास्टो आमाले सधैँ सिरानीमा राख्नुहुन्थ्यो । 'मेरी राधा' भन्दै खास्टो सुमसुम्याउनुहुन्थ्यो । भाइ रत्नले 'यो खास्टो नयाँ रहेछ' भनेर झिक्न खोजे । भाइलाई 'यो मेरी राधाले पठाएको खास्टो मलाई ओढाएर लानू, नझिकिदिनू है' भनेर आमाले भन्नुभएको थियो भनेर मैले सम्झाएँ ।

हामीले फूलमालाले आमालाई सजायौँ, घरमा एकोहोरो शङ्ख बज्यो । हाम्रो मुटु हल्लियो, सबैका सहस्र धारा आँसु बगेका थिए । तम्मरमा लाने आमाको महायात्रा सुरु भयो । दिदी पनि घाटसम्म नै जानुभयो, आमाको घर शून्य भयो । यो दिन हाम्रो घरको बत्ती निभेको थियो । माइजू र अरू सबै मलामीलाई खाजा बाँढ्न जानुभयो । घाटबाट फर्किने बेलामा दिदी हिँड्न नसकेपछि पाठक भाइले दिदीलाई बोकेर ल्याए । अब हामीलाई आमा नभएको घरमा बस्न गाह्रो परेको थियो र त्यो बानी पार्न हामीलाई साह्रै मुस्किल परेको थियो ।

# मेरा मावलीको घ्याम्पामा असर्फी

हाम्री मावलकी आमै शिवमाया साह्रै राम्री हुनुहुन्थ्यो । ठिक्कको उचाइ भएकी गोरी, चिटिक्क परेको जीउ भएको, रातो परिधान र गहना लगाएर बस्नुहुन्थ्यो । आमैले लगाएको हरियो पोतेमा तिलहरी कति राम्रो देखिन्थ्यो भने नि ! हामी मावल जाँदा पाथीले पैसा भरेर आमैले घ्याम्पामा थन्क्याउनुहुन्थ्यो, माइजूहरूले पनि पैसा पाथीले भर्नुहुन्थ्यो । पैसाले भरेका घ्याम्पा हामी गन्दै हिँड्थ्यौँ ।

'पम्फा, लु यो घैँटामा पैसा भर' भनेर आमैले मलाई पनि सानो तामाको घैँटामा जोरबिटे रुपियाँ भर्न दिनुहुन्थ्यो । मेरा साना हातले पहेँला, सेता असर्फीले घैँटो भर्न पाउँदा मलाई अति रमाइलो लाग्थ्यो । आमैले हामीलाई अँजुलीभरि पैसा दिनुहुन्थ्यो । लामालामा कपडाका पेटीमा पैसाका लोर्का बनाएर ढुकुटीमा राखेका हुन्थे ।

म धेरैजसो मावलमा नै बसेँ । सबै मामामाइजूले 'पम्फा भान्जी' भनेर मलाई अति नै माया गर्नुहुन्थ्यो । धेरैजसो साइँलो मामा जिजुले 'पम्फाकी फूल' भनेर बोकिरहनुहुन्थ्यो । आमैकी त झन् म प्यारी थिएँ । म आमैसँगै आमैको गुन्टामा लडीबुडी गरेर सुत्दथेँ । बडो सिसौको कुँदेको खाट थियो । आमैले बेलुका सधैँ मेरा गोडामा चिल्लो लगाइदिनुहुन्थ्यो । म दुईचार दिन आमाकहाँ गएँ भने आमैले मलाई लिन पठाइहाल्नुहुन्थ्यो ।

आमैको पूजा गर्ने ठाउँमा पैँतिसपाथे घ्याम्पा असर्फीले भरेर राखेको हुन्थ्यो । चाँदीका रुपियाँ घ्याम्पामा लक्कुका लक्कु पारेर

राखेका हुन्थे । म दुई हातले रुपियाँ छररङछररङ पारेर खेलाउँथैं । पूजा गरिसकेपछि आमैले टीका लगाएर मेरा खुट्टामा ढोगेर एउटा ढचाक मलाई दिनुहुन्थ्यो र घ्याम्पामा साँचो लगाउनुहुन्थ्यो । मावलका बाकस रुपियाँपैसा र गहनाले भरिभराउ हुन्थे । मावलमा साह्रै ठूलो अठार पुराण लगाएको थियो । १०८ ब्राह्मणलाई टपराभरिभरि असर्फी आमैले दान गर्नुभएको थियो ।

१९९१ सालमा मावलका बा नरध्वज प्रसाई स्वर्गवास हुनुभएको रहेछ । मावलकी आमै, मामाहरू, आमा, ठुलेमा, सानीमाहरू साथै गाउँ नै जम्मा भएर सबै बिलौना गर्दै रोएका थिए रे ! तर हाम्री मावलकी आमै वीर, बहादुर र सामरथी भएको हुनाले व्यवहार थामेर लानुभयो । व्यवहारमा साह्रै बाठी मावलकी आमै सबैले आमैको बयान गर्दथे । आमै छपक्कै सुनैसुनले छोपिएर बस्नुहुन्थ्यो । सुनको असर्फीको हार आमैलाई कति राम्रो सुहाउँथ्यो भने नि !

मावलकी आमै बिरामी पर्नुभयो । पछि सारासार हुँदै जानुभयो । आमैले 'कान्छी छोरीलाई लिन चुहानडाँडा पठाओ' भन्नुभयो । मानिस कान्छी सानीमालाई लिन पनि हिँडे अरे ! तर त्यो कान्छी सानीमालाई लिन जाने मानिसलाई अरू कसैले आमैलाई अलि ठीक भयो भनेर रोकेछन् । तर मावलकी आमै बाँच्नु भएन । २००३ साल असारमा आमै स्वर्गवास हुनुभयो । सानीमालाई आमैलाई भेट्न नपाएकोमा साह्रै पछुतो भयो । सानीमाले मावल पुगेर आँगनमा रोएर अपघात गर्नुभयो । अनि मावलकी आमैलाई तम्मरमा लगियो । मावलमा संसारै जम्मा भएको थियो, नरुने मानिस कोही थिएन । आमैको लास उठाउँदा पृथ्वी कामेको थियो !

# हाङपाङ र मेरो विवाह

हाम्रो मावल हाङपाङमा भएको हुनाले बुबाआमा त्यतैतिर जग्गाजमिन किनेर बसाइँ सर्नुभएछ । मलाई अर्खौलेबाट हाङपाङ ल्याउँदा ढाकरमा बोकेर ल्याएको थियो । त्यतिखेर नाउबाट तमोर नदी तर्नुपर्दथ्यो । त्यस बेला नाउमा बसेर खोलो तारेको समयमा मलाई डर लागेको अझै सम्झना छ । नाउमा पस्न नमानेर म भागेँ । मैले घाग्री लगाएकी थिएँ, बुबाले समाएर फकाएर ल्याउनुभएको अहिले जस्तो लाग्दछ । बुबाले मलाई काँधमा बोकेर नाउमा चढी तमोर नदी तार्नुभयो ।

हाङपाङमा आएर पनि बुबाले गोठ राख्नुभएको थियो । अर्खौलेमा हाम्री आमै कृष्णमाया स्वर्गे भएपछि हजुरबुबा पनि हाङपाङ आउनुभयो अनि हामीलाई झन् रमाइलो भएको थियो । हाम्रो बालापन असाद्धै रमाइलोसँग हाँस्दै, खेल्दै र रमाउँदै बितेको थियो । त्यो बेला स्कुलहरू खुलेका थिएनन्; घरैमा साउँअक्षर चिन्ने चलन थियो । त्यो बेला झन् छोरीहरूलाई त पढाउने चलन नै थिएन ।

हाङपाङ पनि साह्रै रमाइलो ठाउँ थियो । उत्तरतिर कञ्चनजङ्गादेखि कुम्भकर्णसम्मका हिमाल सधैँ हाँसिरहेका हुन्थे । तल तमोर नदी देखिन्थ्यो, घरमास्तिर घना जङ्गल थियो । घरछेउमा चुवाँ खोला थियो । चुवाँ खोलाको दहमा हामी सधैँ पौडी खेल्थ्यौँ । वनजङ्गल, डाँडाकाँडा, खेतखलियान सबैतिर हामी डुल्दथ्यौँ, ठूलाठूला रूखमा चढ्दथ्यौँ, बोटबोट चहारेर फलफूल खान्थ्यौँ । हाङपाङ

आएपछि हामी भुराभुरीलाई साह्रै रमाइलो भयो । मावल पनि नजिकै भएको हुनाले कुदारेकुद, उफ्रीपाफ्री, चलारेचल गर्दथ्यौँ । मावलमा पनि धेरै भुराहरू भएको हुनाले धेरैजसो समय हाम्रो खेल खेलेरै बित्दथ्यो । त्यहाँ आएपछि मेरो बुबाले बरबोटे, सानो सोती, ठूलो सोती, ज्यामिरे खेतहरू किन्नुभएको रहेछ । मावलकी आमैले पनि मेरी आमालाई खेत दिनुभएको रहेछ । ती खेतहरू नजिकै भएको हुनाले हामी त्यतैतिर रमाउँथ्यौँ । बुबाले धानका बिटा खेताला लगाएर आँगनमा कुन्यू बनाउनुहुन्थ्यो । कुन्यूबाट आँगनमै दाइँ गरिन्थ्यो । बुबाले 'बरादो कि बरादो... मेरा राजै घुरघुर ! सयौँ मुरीको सह ल्याऊ है, मेरा राजै घुरघुर !' गीत सुमधुर स्वरमा गाउनुहुन्थ्यो । हामी पनि गोरुका पछिपछि दगुरेर घुम्दथ्यौँ । दाइँ गरिसकेपछि धानका रास चुलीका चुली पहेँला पहाडजस्ता हुन्थे । धानको चुलामा हँसिया गाडेर धूपबत्ती बालेर 'सह देऊ है लक्ष्मीमाता' भन्दै तीन पटक धानको रासलाई घुमेपछि पाथीमा धान भरेर त्यो घरका छोरीहरूलाई भुमेपाथी दिएपछि अनि डालाले उभाएर आँगनबाटै ढुकुटीमा थन्क्याउने गरेको थियो । भाइबहिनीहरूसँग रमाएर भेडीगाँठो, गट्टी, लुकामारी, टक्करीलाई, ढुङ्गा लडाइ र सँगिनी नाच्ने गरिन्थ्यो । साँझबिहान बुबाआमासँग बसेर भजन गाउँथ्यौँ ।

एक दिन म आमा हिमादेवीसँग सिकुवामा बसिरहेकी थिएँ । कान्छी सानीमा हरिमाया मावलबाट मलाई लिन आउनुभयो । आमाले दुईपट्टि मेरो कपाल बाटिदिनुभएको थियो, मैले रातो घाग्री र सेतो कल्ली लगाएकी थिएँ । मामाघरमा पुगेपछि एक जना राम्रा मानिस 'ए बाबा ! यी त साँच्चि पम्फाकी फूल पो रहिछन्, कति राम्री !' भन्दै सेता दात देखाएर गलल्ल हाँस्नुभएको थियो । त्यतिखेर मलाई मावलकी आमैले सबैलाई नमस्कार गर्न लगाउनुभयो ।

हाम्री माइली ठूलीआमा इन्द्रमाया भट्टराई ह्वाकुमा हुनुहुन्थ्यो र उहाँकी माइली छोरी विष्णुमायाको रघुनाथ सिटौलासँग विवाह

भएको थियो । त्यहींबाट हरिचरण सिटौलासँग मेरो विवाह गर्ने कुरा लिएर उहाँ हाङपाङ आउनुभएको रहेछ । चुहानडाँडाको झिँगटीघरमा मेरी कान्छी सानीमाको विवाह भएको थियो । झिँगटीघर मेरा जेठा मामाको ससुराली घर भएको हुनाले त्यहाँबाट पनि पठाएको रहेछ । मेरा साइँला मामा जयप्रसाद प्रसाईं र हरिचरण सिटौला अड्डा, अदालत जाँदा भेटघाट र मित्रता भएको हुनाले पनि सबैले राजीखुसी भएर मेरो विवाहमा मञ्जुर गरेका रहेछन् । साइँली माइजू भागीरथा प्रसाईंले पनि मलाई 'साह्रै राम्रो हुन्छ है भान्जी' भनेर भन्नुभएको थियो ।

हरिचरण सिटौलाको मसँग दोस्रो विवाह हुने भएको हुनाले मेरा बुबाआमाले 'अर्को विवाह गरेको ठाउँमा छोरी नदिने' भन्नुभएछ । तर मावलकी आमैले 'यस्ता राम्रा मानिसलाई म मेरी नातिनी दिन्छु' भनेर मेरो विवाह हुने भएको रहेछ । मेरो विवाह मामाघरबाट नै भएको थियो । हाम्रो मामाघरलाई च्यादरघर भनिन्थ्यो । मावलकी आमै शिवमाया यही मूल घरमा बस्नुहुन्थ्यो ।

बीसबाइस जना दमाईंहरूले नौमती, पन्चे बाजा बजाउँदै देउराली डाँडो थर्काउँदै जोर नाले बन्दुक चडङडङङ... पडङङङङ पड्काउँदै बिहेमा जन्ती ल्याएको थियो । रातो घोडामा सेतो दौरासुरुवाल, कालो कोट, गलामा कण्ठ र शिरमा माहुर लगाएर बेहुलालाई ल्याएको थियो ।

मामाहरूले पनि त्यति नै सङ्ख्यामा दमाईंबाजा बजाएर साह्रै खानदानी विवाह गराउनुभएको थियो । आँगनमा सबै जना नाचेर धूमधाम भयो, पाँचै जना मामाहरू षडानन्द, मानबहादुर, वेनुप्रसाद, जयप्रसाद (जिजु) र रूपनारायण खुबै नाच्नुभयो, घुमीघुमी नाच्नुभयो । जन्ती, घरगाउँले संसारै नाचेको थियो । सबै नाच्न जाँदा म पनि नाच्न गएँ । बेहुलीले नाच्ने होइन भनेर मलाई नाच्न दिएनन्, पछिसम्म मलाई थकथक लागिरह्यो ।

ओहो ! दुईपट्टिका बाजाको रन्कोले गाउँ नै बाजामय भएको थियो । 'को राम्रो बाजा बजाउने र को राम्रो नाच्ने' भनेर चुहानडाँडाका दमाईं र हाङपाङका दमाईंहरूको जोडका तोड पऱ्यो । जुन पाराका नाचमा पनि दुवैतिरको बराबरी भयो रे ! चुहानडाँडाका दमाईंहरूले एक जनाको काँधमा अर्को जना बसेर दुवै जनाले घुमीघुमी नाच्न जानेको रहेछ । तर यो कला हाङपाङका दमाईंहरूले जानेको रहेनछ र उनीहरू हेरेको हेरै भएछन् । मामाहरूले राखेको पुरस्कार चुहानडाँडाका दमाईंहरूले लगेछन् । यो नाचले खुबै चर्चा पायो र हाम्रो विवाहको बयान सर्वत्र चलेको थियो ।

हाम्रो विवाह १९९७ वैशाख २८ गते भएको थियो । त्यतिखेर म आठ वर्ष पूरा भएकी थिएँ । सबै मामामाइजूहरूले मेरो कन्यादान गर्नुभएको थियो ।

बिहेमा कविज र श्लोक भन्नेहरूको पनि खुबै पाखुरा सुर्कासुर्की परेको थियो रे ! कविज र श्लोक भन्नेहरू पर बाटासम्म नै भन्दै आएका थिए ।

'हैं भलेजी भलाना ! हैं भलेजी भलाना !
सुन्नुहोला, कि त भन्नुहोला
भाइ मुखिया फलाना
तुम्हारे मुलुकमै चलेको बखाना
उमटे उमटे बृखवहादुरझैं रुमके, मायाकी
डोरी कटना कैंची माऊ मुकुट जुराउन रे । ऱ्यास्सकी
मस्ती– उहिले त काँगाडु काँगाडु कानमाथि कुण्डल
हातमा शिष्य गलैमा माला रुल्केजी; जब साँरु
बिहायो परेवा पन्छी बास्न थाले माक्माक्
गुडुगुडु माक्माक् गुडुगुडु– ढुकुर बास्यो ढुकुरकुर
ढुकुरकुर घुर्रा घुराना, अझै पनि दिउँकीमै घमसाना
हैं भलेजी भल–

झिलीमिली कुरती लालामसेली जुद्दै गरौँ त भाइहो
खेलीमा खेली,
बाह्रबर्से केटाले अङ्गित भिऱ्यो, जेठा छोराले कम्पु लियो था;
अघि थियो सानामा जीउ, टिपिलियो बोकाको टाउको
देवीलाई दिया
कर्णेललाई कलेजो, जर्नेललाई मुटु, पाँचसहे पल्टन आम्मै लुटूँ
भाइ सररे– हैं भलेजी भले हैं

काशी नुहाई गङ्गा नुहाई
आजका जन्तीको दुरी दुहाई ।
... ...
डाडे शमरे कुरलुम्बा मोहोरे
दिनको एक खेप पहिरो लड्दा
पुऱ्याइदियो काशी ।
सामरेका दतु पौडेलले बेच्यो अन्न;
अहिलेका वर्षदेखि खान पुगे धन्न ।
सामरेका दतु पौडेल खाँदैनथे मकै;
अहिलेका वर्षदेखि नखाए त बस्नुपर्छ भोकै ।
मान्छे धेरै बगायो खोजी हिँडे चिनो
तलमाथि खोजी हिँडे भेटिएन चिनो ।
चाहिएन कात्रो, बजाइएन शङ्ख
मुर्दा बोक्नु परेन मलामीलाई सन्च ।

सुनसुन पञ्चहो म केही भन्छु–
नब्बे सालको भुइँचालोको सवाई कहन्छु
बाजे मेरा दधिराम यज्ञ गर्ने भए
मलाई पनि निम्तो भयो जानुपर्छ भन्ने
प्रात:कालमै हिँडी गयौँ भान्सै नखाई,

म त हिँड्न सकिनँ तागत नआई
चाहियो सामान किन्न अमिनीमा गएँ
दुखेर दुब्लाएर केही होइन हेर,
यस्तै कुरा गर्दै पुगियो बजार
बजारमा मान्छे थिए हजार ।
कोही किन्थे सिरक, कोही किन्थे राडी
भिन्दै भइएछ आफ्ना साथी छाडी
यस्तै कुरा गर्दै थियौँ कैयौँका सामु
थर्कायो पृथ्वी, सास पाऱ्यौँ लामो ।
कसैका घर लडे, कसैका चुली
ज्यान नमरे त के हुन्थ्यो र थिति ।
कसैका छोरी मरे, कसैका छोरा
कसैका बाबु मरे बस्नु पऱ्यो कोरा ।
कठैबरी दुनियाँलाई कत्रो पऱ्यो धोका
मर्नेजति सबै गए, अरू रहे भोका ।
ठूलाठूला रूखहरू नुहिँदा रहेछन्
गाडिएका बस्तु पनि हुत्तिँदा रहेछन् ।
जलका जन्तु पाखा जङ्गलतिर, आगो आकाशमा
उड्ने पनि भुइँमा खस्न थाले खोला मैदानमा ।'

(जयनारायण सेढाईंको सहयोगमा)

मावलको हिटीपछाडि तीनचार मुरी चामलको भतेर लगाएको थियो र जसले जे खान्छ त्यसलाई त्यही खुवाइएको थियो, सबै परिपञ्च पुऱ्याएको थियो रे ! रातभरि विवाह भयो, जन्तेभोज उहीँ खुवाएर बेहुली अन्माइएको थियो । आमाबुबा, आमै, मामामाइजू, साथीसँगी सबैलाई छोडेर जानुपर्दा म डाँको छोडेर रोएकी थिएँ । सबै जनाले मलाई सुमसुम्याउनुभएको थियो र डोलीमा हालिदिनुभएको थियो । मामाहरू डाँडासम्म बरियाँत पुऱ्याउन आउनुभएको थियो, उहाँहरूले पनि आँखाभरि आँसु पार्नुभएको थियो ।

बाटामा कहिले डोलीमा र कहिले पिठचूँमा बोक्तै मलाई चुहानडाँडा ल्याएका थिए । सङ्क्रान्ति डाँडो भन्थे, रमाइलो डाँडो थियो । त्यहाँदेखि डोलीमा हालेर नौमती बाजा बजाएर गाउँ नै थर्काएर ल्याएको थियो । बन्दुक त्यत्तिकै चडरङपडरङ गरी पड्किएका थिए । साँझ पर्न आँटेको थियो । आमालाई सम्झिएर आमाको न्यास्रोले मेरो आँखाबाट आँसु बगिरहेको थियो । बिरानो ठाउँ, बिराना मानिस; म डरले आत्तिएकी थिएँ ।

हाम्रो चुहानडाँडाको तल्लो बारीमा ठूलाठूला खड्कुँलामा बहुभतेर पकाएको थियो । कमिलासरि मानिसहरू थिए, कोही चिनेजानेको थिएन, म अलमल्ल परेकी थिएँ ।

मलाई घरमा ल्याएपछि बजै र जेठी फुपूसासूले सहेँली गर्नुभएको थियो । ती फुपूसासूले चिउँडो सुमसुम्याएर ‘कति राम्री ल्याएछ माइलाले बनाएजस्तै, लक्ष्मीको जस्तै स्वरूप भएकी, पम्फाको फूल भनेको त त्यसै होइन रहेछ, रातो गुलाफको फूल !’ भन्नुभएको सम्झना अहिलेसम्म छ । हामी तीनै जना दिदी लक्ष्मी, पतिदेव र मलाई सँगै राखेर दर्जीहरूले आशीर्वाद पनि दिएका थिए । घरमा आएपछि पनि विवाहको नाच धूमधाम चल्यो ।

अनपत्योल ! मैले कोही चिनेको थिएन । भोलिपल्टदेखि मजस्तै साना नन्द, देवरहरूसँग म पनि खेल्न थालेँ । पर्सिपल्ट माइली आमाजूलाई बेहुली देखाउन लगेको थियो । त्यो बेला जयनारायण सेढाईं भानिज जन्मिनुभएको रहेछ । आमाजूले ‘ए माइलाले त बनाएजस्तै बेहुली ल्याएछ, देवीजस्तै, लु हेर राम्री माइजू’ भनेर साना जयनारायण भानिजलाई मेरा काखमा राखिदिनुभएको थियो । अहिले पनि जयनारायण भानिजलाई देख्दा मलाई त्यही बेलाको सम्झना आउँछ । सबैले कति राम्री भन्दा म मक्ख परेर हिड्थेँ । उति बेला सानैमा बिहे गर्ने चलन भएको हुनाले सबैले ‘बेहुली’ भनेर

मलाई बोलाउँथे । नन्द, देवरहरू मेरा साथी भइहाले, तर हाङपाङको सम्झनाले भने मलाई घरीघरी रुन मन लाग्थ्यो ।

चारपाँच दिन भएपछि सासूससुराले मलाई माइत पुऱ्याउन पठाइदिनुभयो । बाटामा हिड्दा मैले लगाएको सुनको फूल, ठूलो तिलहरी र चेप्टे सुन, कल्लीले मलाई हिँड्न गाह्रो भएको थियो । त्यतिखेर बेहुलीले झपक्कै गहना लगाएर हिँड्नुपर्ने रहेछ । भुजेल बाले मलाई बोक्नु पनि हुन्थ्यो । साह्रै असल थिए भुजेल बा । डोली पनि लगेको थियो । मलाई माइत पुऱ्याउन पतिदेव र पल्लाघर जेठाजु (कृष्ण सिटौला) जानुभएको थियो । पहिला हामी मावल गयौँ र एक रात त्यहाँ बस्यौँ । भोलिपल्ट बिहान अलि माथि बुबाआमाको घरमा गयौँ र त्यहाँ एक रात बसेर मलाई पुऱ्याउनेहरू चुहानडाँडा फर्कनुभएको थियो । त्यस बेला मेरा जेठाजु कृष्ण सिटौलाको हाँसोको हाङपाङमा खुबै बयान चलेको थियो । गललललललल...! हाहाहाहा...!

पतिदेवले दोस्रो विवाह गरेपछि सन्तान जन्मन्छन् भनेर मसँग विवाह गर्नुभएको रहेछ । विवाह भएको तीन वर्षपछि मलाई घरमा साइत ल्याउन पतिदेव र माइला आमाजू, दाजु लक्ष्मीप्रसाद सेढाईं आउनुभएको थियो । चुहानडाँडाबाट मलाई साइत लिन आउने भनेपछि सबै आफन्तहरू जम्मा भएर मलाई अर्ती उपदेश दिनुभएको थियो ।

मेरा मावलकी आमै शिवमायाले भन्नुभएको थियो– 'कामधन्दा राम्रो गर्नू, पहिलेपहिले अर्काको घरमा के हो के हो, अनपत्यार हुन्छ सासूलाई सोधेर काम गर्ने गर्नू । मलाई साह्रै मन परेका छन् यी हरिचरण ज्वाइँ, भित्र आँखा भएका; त्यसैले मैले तँलाई उनीसँग बिहे गरिदिएँ बाबै ! ज्वाइँको सधैँ मानमर्यादा राख्नू, इज्जत गर्नू, शिर झुक्न नदिनू, बाहिरबाट घर आउँदा सधैँ हाँसिदिनू, मेरी नातिनीको लक्षिनको हाँसो छ । आपद्विपद्का बेला राम्रो सल्लाहकार भनेकी नै

पत्नी हो । ज्वाइँको भोकतिर्खा देख्नू, सधैँ सुकिलोमुकिलो पारेर हिँडाउनू, कुनै कुराको कमी हुन नदिनू । घरमा तेरी जेठी पनि छन्, उनीसँग पनि राम्रो मिल्नू; उनलाई दिदी भन्नू । देउरानीजेठानी, नन्दआमाजू, देवरजेठाजु, भान्जाभान्जी सबैको मन जितेर हाईहाई हुनू है, मेरो बाबै पम्फा !' त्यसो भनेर आमैले मलाई अँजुलीभरि असर्फी दिनुभएको थियो ।

त्यतिखेर पुण्य बाबाले यसरी श्लोक भन्नुभयो–
'लक्ष्मी, पार्वती, विष्णु, रुद्र, यमराज यी चन्द्रसूर्यैहरू
सबलाई म पुकार्छु यस घडीमा देउता जति छन् अरू
भाका लोकबिसे चरित्र हरिको गर्छु तयारी पनि
मन भयो परिपूर्ण सब गरिदिऊन् जगदम्बाले पनि ।

यस्कन्दै नौ सुख देवले कहीँ सक्या श्री भगवत्को जसै
भक्तिपूर्वक फेर परी सीताजीले बिन्ती चढाया तसै
जोजो सूर्यवंशी र चन्द्रवंशी नृपते जोजो भयाथ्यो यहाँ
विस्तार गर्नुभयो सबै हजुरले सामुन्ने अगाडि त्यहाँ ।'

बिदा हुने बेलामा बुबाआमाले पतिदेव, मलाई र मैतालु लिन आउनेलाई टीका लगाइदिनुभयो । आमाले पहिलादेखि नै मेरा लागि कोसेली तयारी गर्नुभएको थियो– घिउ, सेलरोटी, पुरी, अर्सा, अनारस्सा, चिउरा, कसार, कुराउनी, विभिन्न किसिमको अचार, छ्याँटा, तितौरा, मस्यौरा, गुन्टा (सिरक, डसना, तकिया, दरी, तन्ना, राडीपाखी) आदि । बुबाले राम्रो बुट्टा भएको गलैँचा पनि मलाई दिनुभएको थियो । काठको ठूलो बाकस र नयाँनयाँ लुगाफाटा पनि दिइएको थियो ज्वाइँछोरीलाई ।

आमा भन्दै हुनुहुन्थ्यो– 'बाबै पम्फा ! छोरीले घर र माइती सबैको इज्जत ढाक्नुपर्दछ । तिमीले पनि सबैसँग हाँसीखेली, सरसहयोग गरी पाहुनापासाको इज्जत राख्नुपर्दछ । मेरी छोरीको हात ठूलो, मन

ठूलो छ; सबैलाई परिपन्च पुऱ्याएर खाने बानी छ । तिमीसँग आउने कसैले पनि भोकै, तिर्खै, नाङ्गै हिँड्नु पर्दैन । खाली हात कसैले जानु पर्दैन । मेरो बाबै राम्ररी गरेर खानू । सासू साह्रै असल हुनुहुन्छ रे, ससुरा ज्यादै धार्मिक देवीभक्त हुनुहुन्छ रे ! सबैको मानमर्यादा राखेर ज्वाइँलाई परमेश्वर मान्नू । ज्वाइँ बाहिरबाट आउँदा सधैँ हाँसिदिनू, पत्नीको मुस्कानले पतिको थकाइ मेटिन्छ । अँध्यारो मुख कहिल्यै नलगाउनू है बाबै ! घरमा अर्की ठूली छोरी पनि छिन्, उनलाई पनि माया गर्नू । सबैको मनमा बसेर खाएस् है बाबै ! म लिन पठाउँदै गर्छु, न्यास्रो नमान्नू, तिमीलाई सधैँ सुखशान्ति होस्, भरिपूर्ण होस् । हे जगदम्बा ! संसारका देवीदेवताहरूहो, मेरी बालख छोरीको रक्षा गर् है ! यसलाई शक्ति देऊ है !' भन्दै गहभरि आँसुआँसु पारेर मेरो हात समाएर बिदा गर्नुभएको थियो ।

मेरो बिदाइमा सबै मामामाइजूहरू लावालस्करसहित माथि चौतारीसम्म आउनुभएको थियो । त्यतिखेर म भारी मन लिएर सहस्र धारा आँसु बगाउँदै बिदा भएकी थिएँ । त्यो क्षण सम्झँदा मलाई अहिले पनि भक्कानो फुटेर आउँछ । मैतालु पठाउने भनेर आमा र माइजूहरूले मलाई सोह्रै शृङ्गार गरेर तयार पार्नुभएको थियो । 'मेरी राम्री लक्ष्मीजस्ती छोरीलाई कसैका आँखा नलागून' भनेर आमाले मेरो निधारमा आफ्नो पैतालाको टीका लगाइदिनुभएको थियो । त्यतिखेर बाटामा हिँड्ने मानिस पनि एकछिन उभिएर मलाई हेरेर फर्कंदै हेर्दै जान्थे । रातो फरिया र चोलो, राता परिधान, मजेत्रो, हरियो पोतेमा तिलहरी, नौगेडी, कपालमा सुनको फूल, कानमा चेप्टेसुन, हातमा चुरा, गोडामा कल्ली, फरिया पनि बाह्र हातको, चारपाँच गजको पटुका, हिँड्नै नसकिने, हेर्नलाई चाहिँ 'कति राम्री ! बनाएजस्तै' भनेर सबैले मेरै तारिफ गर्दै हिँड्थे । मलाई बोक्ने डोली पनि थियो, डोलीमा घापन (डोली घ्वाप्लाक्क छोप्ने कपडा) पनि थियो, भारी बोक्ने भरियाहरू पनि थिए ।

•

बाटामा ठाउँठाउँमा बस्दै आमाले हालिदिनुभएको खाजा र खोलाको पानी खाँदै हामी हिँड्थ्यौँ । खुवा खोला तरेर जङ्गलैजङ्गल फूलबारी, छिन्ताङ, निहुरादिन, ह्वाकु, कालिपासम्म हिडचौँ, हरे ! कति हो कति हिँड्नुपर्ने ? आमाजू, दाजु लक्ष्मीप्रसादले हँसाउँदै खानेकुरा दिनुहुन्थ्यो । त्यस घडी पतिपत्नी बोल्ने चलन थिएन । हाम्री अन्तरी आमाजूलाई मिचिरिङका चुडाललाई दिएको रहेछ । त्यसैले अन्तरी आमाजू पनि हामीसँगै चुहानडाँडा आउनुभएको हुनाले बाटामा उहाँ मेरो साथी हुनुभएको थियो ।

अन्तरी आमाजूले 'टाढाको बाटो कहिल्यै नहिँडेकी मैतालु थाक्यौँ होला' भन्नुहुन्थ्यो । म आमालाई सम्झेर रुन खोज्दा उहाँले सम्झाउनुहुन्थ्यो ।

हामी साँझमा घर पुग्यौँ । मैले बजै, बराजै, जेठाजुजेठानी सबैलाई आमाले पठाइदिनुभएको उपहार राखेर ढोगेँ । कोसेली मैले बजैलाई जिम्मा लगाएँ । महतारी दिदीलाई पनि आमाले थैली र सोह्रहाते फरिया पठाइदिनुभएको थियो । त्यो बेला उपहार ग्रहण गरेर महतारी दिदी ज्यादै खुसी हुनुभएको थियो ।

हाम्री बजै साह्रै असल हुनुहुँदो रहेछ आमाजस्तै । मेरो चिउँडो समाएर 'म पनि तेरी आमाजस्तै हुँ' भन्नुभएको थियो । त्यो बेला मेरा आँखाबाट आँसु झरेका थिए ।

# मेरो कर्मघर चुहानडाँडा

मेरो पतिदेवको जन्म १९७८ असार २४ गतेका दिन भएको हो । द्रोणाचार्य सिटौला र वछलादेवी सिटौलाको कोखबाट उहाँ जन्मनुभएको थियो । हाम्र बराजै एक्लो छोरा भएको हुनाले उति बेलाको समाजले 'एक्ले' भन्दा रहेछन् । जेठाजु वेदचार जन्मिएपछि लगातार पाँच छोरी जन्मिएछन् । त्यसपछि जेठाजुलाई पनि 'एक्ले' भन्न थालेछन् । त्यसपछि बजैबराजैले हरिवंश पुराण लगाएर आहाल डाँडामा जोरै बरपीपल रोप्नुभएछ । त्यसपछि पतिदेवको जन्म भएको हुनाले उहाँको नाम हरिचरण राखिएको रहेछ । अनि साइँला रघुनाथ र कान्छा नानी भोलानाथ पनि जन्मनुभएछ ।

मेरा पतिदेव अति शान्त र सरल स्वभावको हुनुहन्थ्यो । उहाँ हरबखत मनमा कुनै न कुनै योजना बनाइरहने गर्नुहुन्थ्यो । उहाँ सबैको हित र मङ्गल चिताइरहने र कल्याणको काम गरिरहने गर्नुहुन्थ्यो । उहाँको धेरैजसो समय स्कुल, कलेज, अड्डाअदालत र समाजको काममा नै बित्दथ्यो । 'पत्नी भनेको पतिको शक्ति हो र सधैँ पतिलाई सकारात्मक ऊर्जा दिइरहनुपर्छ, तिमीले जस्तोसुकै अवस्थामा पनि सहयोग र धैर्य धारण गर्नेछौ' भनेर सुरुमा नै उहाँले मलाई सम्झाउनुभएको थियो ।

महतारी दिदी अर्चलेका बुबा नारदमणि र आमा गङ्गादेवी पाठककी छोरी हुनुहुँदो रहेछ । महतारी लक्ष्मीदेवीको जन्म तेह्रथुम

जिल्लाको अर्चले गाउँमा १९७९ भदौ २५ गतेका दिन नारदमणि तथा गङ्गादेवी पाठकका कोखबाट भएको थियो । आमा गङ्गादेवी स्वर्ग भएपछि बुबा नारदमणि आसाम जानुभएछ । उहाँका मावली मैनालीहरू थिए । आफ्नै दिदीबहिनीझैँ हामी जीवनभर मिलेर बस्यौँ । हाम्रो कहिल्यै मनमुटाव भएन, एकआपसमा सहयोग गरेर सरसल्लाह गऱ्यौँ र घरव्यवहार मिलेर चलायौँ । हाम्रो ध्याउन्न जिन्दगीभर कसरी परिवारमा मेलमिलाप राख्ने भन्ने हुन्थ्यो । हामीलाई बजैले बेलुका नै सबैलाई कामको विभाजन गरिदिनुभएको हुन्थ्यो । घरमा हामी सातओटी बुहारी थियौँ । कसैले पानी ल्याउने, कसैले घाँस काट्ने, कसैले ढिकी जाँतो गर्नुपर्ने, कोही घर लिपपोत गर्ने र कोही भान्सामा जानुपर्दथ्यो । चारपाँचओटी पानी लिन गयो, कोही घाँस दाउरा गर्दथ्यौँ । कसैले के भन्यो, कसैले के, हाँसखेल गऱ्यो, ठट्टा गऱ्यो, गीत गायो । बिस्तारै म पनि घरपरिवारसँग मिलजुल गर्न सिक्दै गएँ र परिपक्व हुँदै गएँ ।

हामीले बेलुका कामधन्दा सकेपछि बुहारीजतिले बजैका गोडा मिच्दै चिल्लो लगाउनुपर्दथ्यो । हामी पालो गरेर बजैका गोडामा चिल्लो लगाउँथ्यौँ । नन्द, आमाजूहरूका गोडामा पनि चिल्लो लगाउनुपर्दथ्यो । पतिका गोडामा पनि चिल्लो लगाउनुपर्दथ्यो । छोरा, नातिहरूले बराजै र बुबाहरूका गोडामा चिल्लो लगाउँथे ।

बिस्तारै मैले सबैलाई चिन्दै गएँ । बजैले सबैलाई खाना पकाउने पालो लगाइदिनुभएको थियो । पहिलापहिला त मलाई खुबै डर लाग्यो; कसले खायो, कसले खाएन ? पत्तै हुँदैनथ्यो । हाम्रा घरमा कमिलासरि मान्छेहरू थिए । सबै लोग्नेमानिसहरू तेर्सो धरो फेरेर सुकिला धोती लगाएर छसात जना लहरै बस्नुहुन्थ्यो । थालअगाडि औसनी हाल्ने पात राखिदिनुपर्दथ्यो । भात खाने बेलाको वातावरण पनि बढो रमाइलो देखिन्थ्यो । भात खाने बखत बटुकाका घेरा लगाउनुपर्ने; तिहुन, तरकारी, अचार, घिउ, मह, दही, मोही

टनाटन हुन्थे । बटुकाहरू खाली हुन दिन नहुने, भान्सेले तैनाथ भएर थप्नुपर्दथ्यो । फेरि हाम्रा घरमा प्रायः पाहुना नभएको दिन हुँदैनथ्यो । सबै लोग्नेमानिसले खाएर उठेपछि आआफ्ना पतिले खाएका थालमा पत्नीले भात खान बस्नुपर्दथ्यो । दसबाह्रमाने भड्डुमा भात पकाउनुपर्दथ्यो, कहिलेकाहीँ खड्कुँलामा पनि भात पकाउनुपर्दथ्यो । म भातका भाँडा चुलाबाट झिक्न सक्दिनथेँ र अरूले झिकिदिनुहुन्थ्यो । हाम्रो घरमा खानाले पनि सबैको आँत पुरिएको हुन्थ्यो । गोठाला, खेतालालाई पनि परिपञ्च मिलाइएको थियो । हाम्रो घरमा खेताला आउने भनेपछि सबै जना तँछाड र मछाड गर्दै हुरुक्क भएर आउने गर्दथे ।

•

मेरो बुबा पुण्यप्रसाद हाङपाङबाट मलाई लिन चुहानडाँडा आउनुभएको रहेछ । त्यस घडी हामी पानी लिएर आउँदै थियौँ । बुबाले बाटोमा मलाई देख्नासाथ 'पम्फा नानी' भन्नुभयो । त्यो बेला खुसीले मेरा पाइलै चलेनन् र आँसु झरे । बुबा माथि सानीमाकहाँ खाना खाएर आउनुभएको रहेछ । त्यो बेला छोरीको घरमा खाना खाने चलन थिएन । भोलिपल्ट बुबासँग म हाङपाङ गएँ । बुबाले बाटामा घरपरिवारको चालचलनबारे सबै कुरा सोध्नुभएको थियो ।

'बुबा ! सबै जना असल हुनुहुन्छ, सहयोगी हुनहुन्छ, सबैले माया गर्नुहुन्छ' भन्दा बुबाले मेरा गाला मुसारेर आँसु झार्नुभएको थियो ।

उति बेला छोरीचेलीलाई घर गरी खान अति कठिन थियो । 'कि गरी खानू कि मरी जानू' भनेर घर पठाउँथे । कतिपय छोरीचेली गरी खान नसकेर, घरमा हेलाँ गरेर घर न घाटका हुन्थे । यसरी घरमा पनि हेलाँ र माइतमा पनि हेलाँ भएर अनाहकमा नारीले जीवनलीला समाप्त पारेका छन् । 'छोरी मरी ठूला घर परी' भन्ने उखानै थियो ।

खोरुङ्गा तरेँ, कोया है तरेँ, तमोर तरेँ नि
सीताको जस्तो आँसु भेल मेरा नि झरे नि
अरुण नै तरेँ, बरुण नै तरेँ, दूधकोसी तर्नु छ
आमाको कोखमा वास मात्र लिएँ, कहाँ गै मर्नु छ ?
सङ्क्रान्ती बजार मान्छेको हजार चिया बेच्ने पेला छ
दु:ख र सुख के सोध्छचौ आमा, हातैमा ठेला छ ।
कोरिदेऊ आमा, बाटिदेऊ आमा, फूल पनि लगाइदेऊ
घर गरी खान सकिनँ भने तम्मरमा बगाइदेऊ ।
बागै र मती, विष्णु है मती, कता है पऱ्यो शिर
जसको मनमा विरह चल्छ उसैले गाउँछ गीत ।'

यस्ता विरही गीत गाएर हिँड्थे छोरीहरू । असल घरपरिवार पर्नु भनेको त ठूलो तपस थियो ।

# हाम्रा बराजै द्रोणाचार्य सिटौला

हाम्रा बराजै द्रोणाचार्य सिटौला चुहानडाँडाको मूल घरमा १९४५ मङ्सिर ५ गते कुस्माखर सिटौलाका ठाइँला छोरा दिवाकर र गङ्गामायाको कोखबाट जन्मनुभएको रहेछ । बराजैभन्दा पहिला दुई जना दिदी हुनुहुँदो रहेछ । बूढी बजै गङ्गामाया दुई जीउकी हुनुहुँदो रहेछ । त्यही बेला हामी 'ज्योतिषी हौँ' भन्दै दुई जना मानिस आएर दिवाकर बराजैको चिना हेरेर 'लु तिम्रा त सन्तान (छोरा) हुँदैनन् अब बिहे गर्नुपर्छ, हामीले केटी हेरेर आएका छौँ, भोलि बिहान तिमी हामीसँग केटी हेर्न जानुपर्छ' भनेछन् । भोलिपल्ट झिसमिसेमै ती ज्योतिषीहरू पँधेरोमा नुहाउन गएछन् । उनीहरू नुहाएर आउँदा कुप्रीबजै (कुस्माखरकी जाहान) आँगनमा 'मेरो नाति जन्मियो, मेरो नाति जन्मियो !' भन्दै नाच्दै हुनुहुँदो रहेछ । अनि ती ज्योतिषीहरू लुसुक्क भात नै नखाई चम्पट ठोकेछन् । त्यो दिन खेतको नयाँ चामलको न्वागी खाने दिन रहेछ, सबैले दहीचामल खाएछन् र सुत्केरीलाई पनि सगुन भनेरै दहीचामल खुवाएको थियो रे ! हाम्रा बराजै द्रोणाचार्यपछि पनि एक जना बराजै जन्मनुभएको थियो रे ! तर उहाँ छिट्टै स्वर्ग हुनुभएछ । त्यसैले हाम्रा बराजैलाई सबैले 'एक्ले' भन्दथे । अहिले हाम्रा बराजैका सन्तानले सारा संसार ढाकेका छन् ।

बराजै असाद्धै न्यासध्यान गर्नुहुन्थ्यो । उहाँलाई साह्रै सफासुग्घर चाहिन्थ्यो । घरबाहिर जाने, दिसापिसाब गर्ने लुगा छुट्टै हुन्थ्यो । बराजै पँधेरामा जाँदा पँधेरो सबै पखालेर नुवाईधुवाई गरेर कमण्डलुमा

चोखो पानी लिएर आउनुहुन्थ्यो । बराजैलाई कसैले छुन नहुने, सबैले टाढाटाढा बस्नुपर्ने, घर आउँदा खुट्टाका औँलाले मात्र टेकेर देवीथानमा पानी चढाएर, पूजा गरेर मात्रै घरमा आएर पूजा गर्नुहुन्थ्यो । अहिले कोरोनाका लागि बार्छन् नि, हाम्रा बराजै र हामीले पहिलादेखि नै यसरी बार्थ्यौं ।

हाम्रा बराजै अनन्य देवीभक्त हुनुहुन्थ्यो र पँधेरादेखि नै देवीका स्तोत्र भज्दै घरसम्म आउनुहुन्थ्यो, हाम्रो घर नै देवीमय थियो । बराजै सकेसम्म कसैको छेउमा नबस्ने, कसैले छोएको नखाने, हातखुट्टा नधोई घरभित्र नपस्ने, खाना खाँदा धरो फेरेर खाने गर्नुहुन्थ्यो । बराजैको बस्ने पिरा, खाना खाने थाल, बोटुका, अम्खोरा, गिलास छुट्टै थिए । बराजैले घाम नअस्ताईकन खाना खानुहुन्थ्यो । उहाँको सुत्ने आफ्नै खाट थियो, बाहिर बस्ने मुढा छुट्टै थियो । हामी सबै त्यही पारामा बानी परेका थियौँ र हामी पनि अति नै सफासुग्घर गर्दथ्यौँ ।

हामी चुह्लामा चढ्दा दुवै खुट्टा एकै पटक उचालेर चढ्थ्यौँ । मझेरी र चुह्लामा दाउराको साँगी लाग्यो भने पनि त्यो भान्सा चल्दैनथ्यो । विवाह गरेका र व्रतबन्ध गरेकाले मात्र छोएको खाने चलन थियो । हामीले चोलो नलाईकन मजेत्रो बाँधेर खाना पकाउनुपर्दथ्यो । सबैका घरमा यस्तै चलन थियो र हामी सबैको भोगाइ उस्तै थियो । त्यस्तैमा हामीले बानी परेका थियौँ ।

हाम्रो बराजै निरोगी हुनुहुन्थ्यो । हाम्रो हात्तीखावा भन्ने ठूलो खर्क थियो । बराजै गोठमा र घरमा सरावरी बस्नुहुन्थ्यो । बिहानै पूजापाठ सकेर उहाँ गोठमा पुगेर बेलुका आउनुहुन्थ्यो, कहिले उतै बस्नुहुन्थ्यो । बराजैले दूध तताउँदा खावा पारेर मात्रै खाने गर्नुहुन्थ्यो । ठूला कुँडेमा दूध ततायो, ठूलै डाडुले धरररर दूध चलायो । बटुकाबटुकामा सबैलाई दूध भाग लगाएर भर्सेलीमा राख्यो अनि ठेकीमा दूध हाल्यो । बराजैले तताएको दूध र भात सप्प्याकसप्प्याक

खाँदा क्या स्वादिलो हुन्थ्यो । दूध तताएको कुँडेको कुराउनी खान सबै भुराभुरी कुँडेका वरिपरि घेरा लगाएर बस्दथे । तीनघर्के भनेर पहिला कुराउनी कोर्नेको भाग हुन्थ्यो र सबै भुराले कुराउनी खान हात पसारेका हुन्थे अनि हातका कुराउनीका डल्ला सबै भुराले मुखमा हाल्दाखेरि मलाई कति रमाइलो लाग्थ्यो भने परेवाका बचेराजस्ता !

म पाँचपाथे ठेकीमा राति नै मदानीमा नेती बेरेर घ्वारघुर मोही पार्थें, डल्लाका डल्ला नौनी निकाथ्यैं, नौनी घ्यू पहिला अगेनामा धुप हाल्दथैं, त्यो धुपको वासनाले घर नै मगमग हुन्थ्यो । अनि गुप्तेभरि, हर्पेभरि, टचामेभरि घिउ राख्यो । कोसेली पठाउनुपर्नेलाई घिउ कोसेली पठायो । पाहुनालाई घिउ साचेर अरू खायो । बराजैले दसमाने हर्पेमा मह र घिउ भरेर कान्छी नानीलाई कोसेली पठाइदिनुहुन्थ्यो ।

हाम्रो बराजै अति असल र विवेकी हुनुहुन्थ्यो । परिवारका सबैले खाए नखाएको पनि विचार पुऱ्याउनुहुन्थ्यो । घाम, जून र तारा झुल्किएको र अस्ताएको भरमा हामीलाई काम गर्न सिकाउनुभएको थियो । शुक्लपक्ष, कृष्णपक्ष, ध्रुवतारा, तीनआँख्ले, किर्किटी, सप्तऋषि इत्यादि । केही गरी हामी उठ्न ढिलो भयो भने बराजैले खड्कुँलो बजाइदिनुहुन्थ्यो । हाम्रा घरमा अठार घार मौरी थिए । मौरीको मह काढ्ने बेलामा बराजैले मलाई धूवाँ लगाउन लगाउनुहुन्थ्यो । कहिलेकाहीँ मौरीले बराजै र मलाई चिल्थ्यो पनि । त्यसरी नै मैले पनि मह काढ्न सिकेकी हुँ । सेता न सेता मौरीका चाका झिकेर आरीभरि राखेका हुन्थे । सेतो मलमलको कपडामा चाका राखेर निचोर्दा तररर आरीभरिभरि सेतो न सेतो मह जम्मा हुन्थ्यो । हाम्रो घरमा गाग्राका गाग्रा मह हुन्थे, कति खानु मह ! सबैलाई डल्लाका डल्ला मह बाढ्यो । मह खान सक्नेले मरिकुस्तै खान्थे महचाका । गोरेकी आमा (जेठी बुहारी) साह्रै स्वादले महका चाका खान्थिन् । म पनि अलिअलि महचाका खान्थैं । बराजैले पनि 'जेठी बुहारीले साह्रै

स्वादले चाका खान्छे भनेर उसलाई थालभरि चाका दिनुहुन्थ्यो । हप्तौँदिनसम्म हामीलाई खाजा त्यही मौरीको चाका हुन्थ्यो ।

एक पटक बराजै नेपाल (काठमाडौँ) जाने हुनुभयो । ‘बराजै मलाई एउटा करुवाको साह्रै रहर लागेको छ, नेपालबाट आउँदा मलाई एउटा करुवा ल्याइदिनुहोला’ भनेर मैले बराजैलाई पैसा दिएँ ।

‘ल, ल’ भन्दै बराजैले पैसा गोजीमा हाल्नुभयो । एक महिनापछि बराजै सबैतिर घुमेर नेपालबाट घर फर्किनुभयो । आज बराजै नेपालबाट घर फर्कने दिन भनेर खुसीले मेरा भुइँमा खुट्टा थिएनन् । पर गल्लीका छिँडीसम्म हामी सबै जना गयौँ । बराजै बरझाङबाट उकालो लाग्नुभयो । बराजैको हातमा करुवा टिलिक्क टल्कियो । बराजैले करुवा हातैमा बोकेर ल्याउनुभएको रहेछ । बराजै छेउमा आएपछि ‘ला तेरो करुवा’ भनेर मलाई दिनुभयो । कति राम्रो गुथुमुने करुवा रहेछ । मैले खुसीले सुमसुम्याएर करुवालाई चुक्क म्वाइँ खाएँ । हाहाहाहा गरेर बराजै हाँस्नुभयो ।

म कति खुसी भएँ भने नि राम ! राम ! राम ! हिहिहिहिहि ! म छमछमी नाचेँ । मैले करुवालाई सुमसुम्याएको सुमसुम्याइरहेँ । बराजैले भन्नुभयो– ‘मलाई थाह थियो, तँ यस्तै खुसी हुन्छेस् भनेर, मैले पनि निकै ठाउँ खोजेर रोज्जा करुवा लिएर आएको हो ।’

‘अनि उहीँदेखि नै बराजैले यो करुवा हातमा बोकेर ल्याएको हो ?’ मैले बराजैलाई सोधे । ‘कहिले हातमा कहिले ढाकरमा त्यसरी नै करुवा ल्याइयो नि ।’ बराजैले जबाफ दिनुभयो ।

बेलुका भान्सा गर्दा मैले त्यही करुवामा पानी भरेर बराजैको थालको छेउमा राखिदिएँ । यसो करुवा हेरेर बराजै मुसुक्क हाँस्नुभयो । मेरो छाती पनि हर्षले गद्गद भयो । भोलिपल्ट पनि बराजैलाई खाना खान बोलाउँदा त्यही करुवामा पानी राखिदिएँ । त्यो करुवा कहिलेकाहीँ काजकल्याण, चाडबाडमा मात्र चलाउने गरेको थियो र अहिलेसम्म छँदै छ ।

# आकाशे बत्ती र हाम्रा मौलिक सीप

हामी सधैँ कात्तिक नुहाएर तुलसालाई पानी चढाएर एक महिना आकाशेबत्ती बाल्थ्यौँ । बराजैले बाँसको झाङबाट बाँसको लिङ्गो काटेर ल्याइदिनुहुन्थ्यो र तुलसीमठको छेउमा झम्पलले खनेर लिङ्गो ठडचाइदिनुहुन्थ्यो । त्यो बाँसको लिङ्गोमा डोरी बाँधेर बाँसका साना कप्टेरा र कपडाको सानो पिँजडाजस्तो बाकस बनाएर झुन्डचाएको हुन्थ्यो । त्यसमा टपरामा चामलमाथि दियो, सानो कलश राखेर साँझ परेपछि डोरीले तानेर त्यो बाकस तल ल्याएर दियोमा बत्ती बालेर फेरि माथि पुऱ्याउने गरिन्थ्यो । त्यस्तो बाकस भुजेल बाले पनि बनाउनुहुन्थ्यो । जयनारायण भानिज यस्तो काममा साह्रै सिपालु हुनुभएको हुनाले उहाँले बत्ती बाल्ने बाकस बनाएको साह्रै राम्रो हुन्थ्यो, 'कति राम्रो बाकस' भनेर सबैले प्रशंसा गर्दथे । सरररर उज्यालो बाकस आकाशमा बल्दा हामीलाई आनन्द हुन्थ्यो, भुराहरू रमाएर ताली पड्काउँथे । राति भरेसम्म तुलसाको मठमाथि आकाशेबत्ती बलेको अत्यन्त सुन्दर दृश्य देखिन्थ्यो । हामी स्वस्थानी र अन्य पूजा यहीँ मठको छेउमा बसेर लगाउँथ्यौँ । तुलसाको मठ भएको ठाउँ हाम्रो ठूलो र पवित्र तीर्थस्थल हो ।

मकैको खेतीको बेला पनि हामीलाई कामको चटारो नै हुन्थ्यो । बाँझो बारी जोत्यो, बारीका डल्ला फोऱ्यो, बारीमा मल हाल्यो, फेरि जोत्यो, डल्ला फोऱ्यो अनि मकै छऱ्यो । बारीमा मकै उम्रेपछि एकोहोरो मकै गोड्ने बेलामा मकैका बिरुवा छाट्दाछाट्दा हैरान

हुन्थ्यो नि ! आलाबाटे जेठा नानी साह्रै छिटो छडङ्छडङ् मकैका बिरुवा छाट्ने गर्थे । पतिदेव पनि मकैका बिरुवा छाट्नुहुन्थ्यो । बराजै पनि मकैका बिरुवा छाट्नुहुन्थ्यो । बारीमा खेताला लगायो, गोडचो फेरि दोहोरो मकै छाटचो, गोडचो । त्यो बेला बस्तुभाउले चाहिँ थारा मकैका बोट मजाले खान पाउँथे । फेरि दोहोरो मकै गोड्न पनि उत्तिकै चटारो हुन्थ्यो, छाटचो, गोडचो ।

भुजेल बाले पनि हाम्रो बारीमा मकै छाट्न सगाउँथे र उनी मकैका झुत्ता बनाउन साह्रै सिपालु थिए । भुजेल बाले डोका, डाला, घोबे, थुन्से, नाङ्ला, चाल्ना, मान्द्रा, डचाम्नी, भुने, खुँगी, पेरुङ्गा, फुङ्ला, पेचा, घुम, छपनी, मोहोला चोयाबाट बनाउँथे अनि नाम्लो, बरियो, हलो, जुवा, अनौ, दाँदे पनि बनाउँथे । कोदालो, कुटो, बसिला, बन्चरो, हँसियाका बिड फुस्किए भने हामी भुरालाई भुजेल बाकहाँ बनाइमाग्न कुदाइहाल्थ्यौँ ।

पछि बारी जोत्दा नै एक जनाले हलीसँगसँगै मकैका बीउ बारीमा हाल्ने चलन आयो । यसो गर्दा बीउ पनि फारु हुने र बिरुवा छाट्न पनि कम पर्ने भयो । तर एक जनाचाहिँ हलीसँगै हिँड्नुपर्ने हुन्थ्यो । मकै पाकेपछि बारीबाट डोकाका डोका हरिया मकै घरमा ल्याएर पोलेर फर्सीका मुन्टासँगै मकै र खैपी खुबै खाइन्थ्यो, बाँढिन्थ्यो ।

टाहारबारी, खोप्रको पाटो, सिलामपाटो, कोठेबारी, दोकान डाँडो, दमाईंबारी यी सबैतिरका बारीका बीसपच्चिस हल गोरुले जोतेका बारीका मकै पाकेपछि भाच्दै ल्याएपछि बरन्डामुनि, मतान, सिकुवामा रासका रास हुन्थ्यो । दिनभरि, रातभरि मकै छान्यो, झुत्ता पाऱ्यो । खेताला लगाएर मकैका झुत्ता बनायो, भुरा पनि बेलुका मकै सहऱ्याउन सघाउँथे । उनीहरूलाई कथा, चुड्किला सुनाउनुपर्दथ्यो । मकैका झुत्ता आँगनमा सुकायो, उठायो, पानीले भिजाउँथ्यो, हाम्रो कुदारेकुद हुन्थ्यो । झुत्ता बनाउन नमिल्ने मकै कुनै नगौटा र लिँडा

(खोसेलासहितको) घाममा सुकाएर पालीको तलामा फिँजाएर राखेका हुन्थे । घरको सिकुवामा मकैको झुता थुप्रो लगाएको हुन्थ्यो अनि झुत्ता मकैहरू थाँक्रोमा राख्यो र थाँक्रो भरिएपछि झुत्ता मकैहरू डोरीमा लट्टा बनाएर झुन्ड्याएर राख्ने गरेको थियो ।

हाम्रो बारीभरि सिमी, बोडी, भटमास फलेका हुन्थे; टिपेर ल्यायो, थन्क्यायो, माथ्लो तलामा सिँमाङभरि हामी सिमी, बोडी राख्थ्यौँ । टाहारबारी, कोठेबारीभरि फलेका पहेँला बडाबडा मादले, बाटुले फर्सी ल्याएर हामी कौसीभरि, मतानभरि थन्क्याउँथ्यौँ । फेरि हिउँदमा बारीमा सागपात, तोरी, सिलाम, फिलुङ्गे, कोदो फलाउँथ्यौँ । बारीमा रायो, मूला रोपेर गुन्द्रुक, सिन्की, मूलाका चाना सबैको जोहो गरिन्थ्यो । दाउरा, काठ, खर इत्यादि घरमा जेजे चाहिन्छ ती सबै चीजबीज हिउँदमा नै हामी जगेडा राख्दथ्यौँ । ठूलो परिवार, ठूलो नातो, मुखियाको घर कहिल्यै कुनै कुराको कमी हुन हामीले दिएनौँ । घरमा पचास जना पाहुना आउँदा पनि सबैलाई हामीले परिपञ्च पुऱ्यायौँ । कहिलेकाहीँ हामीले छैन भनेर पनि लुकाउनुपर्ने; नखाएर, नलाएर पनि जोहो गर्नुपर्ने; धरानबाट नुन, मट्टीतेल, मरमसला, चिनी, मिस्री हावीजावी सबै ल्याउनुपर्थ्यो । आफूले पनि तुल्याएर सबैलाई पुऱ्यायौँ । जे भए पनि आफ्नो पालामा हामीले चकचकी गऱ्यौँ ।

खेतीपाती सकेपछि हिउँदमा हामी लामालामा परालबाट बाबियोको डोरीमा काठको प्वाल परेको हत्यौडो लगाएर बारीमा तान बनाएर गुन्द्री बुन्थ्यौँ । हामीले आफैँ, बुहारीहरू र खेताला लगाएर पनि गुन्द्री बुन्ने गरेका थियौँ । गुन्द्री बुन्दा, बिट मार्दा उल्टो र सुल्टो मिलाउनुपर्दथ्यो, भुराले गुन्द्रीको तान चलाउँथे र बिगारेर कुद्थे । त्यसै गरी हामी परालका गजेरा र पिरा पनि बुन्थ्यौँ । म, कान्छी नानी र साइँली बुहारीले जोरबिटे ठूलाठूला गजेरा बुन्थ्यौँ । ती गजेरामा दुई मुरी, तीन मुरी बिस्कुन सुकाउने गरिन्थ्यो । गजेरा

बुन्दा हाम्रा औँलाका शङ्खचक्र पनि मेटिन्थे । कान्छी नानी साह्रै छिटो गजेरा बुन्ने, तीन मुरी बिस्कुन सुक्ने गजेरा हप्तादिनमा नै सक्नुहुन्थ्यो । त्यो गजेरा तीन जनाले बोक्नुपर्दथ्यो । जुनजुन ठाउँमा जत्रोजत्रो गुन्द्री, गजेरा ओछ्याउन चाहिन्थ्यो, हामी बुनेर राख्थ्यौँ ।

हाम्रा पालामा महिलाहरूको सीप घरको कामधन्दा, गुन्द्री, गजेरा बुन्ने; टपरी गाँस्ने र बत्ती कात्नेमा चर्चा र बयान हुन्थ्यो । कसैकसैले केराका दाप्चाका डोरी र पराल मिलाएर पाटे गुन्द्री बुनेका हुन्थे । ती गुन्द्री साह्रै राम्रो भएको हुनाले विवाहमा बेहुलीलाई दिन लोकन्ती गुन्द्री हाल्दथे ।

बराजैले हामीलाई गुन्द्रीको तान लगाउन सिकाइदिनुभएको थियो । काठको हतासो तानमा लगाउन, गुन्द्री बुन्दा तान लगाउने बाबियाको हत्यौडी बाट्न पनि बराजैले हामीलाई सिकाइदिनुभएको हो । मैले हाम्रा बराजैलाई खोसेलाको ठूलो गोलो पिरा बुनिदिएकी थिएँ, कौसीमा त्यो पिरामा बसेर घाम ताप्न उहाँलाई सजिलो हुन्थ्यो । पूजाकोठाका लागि पनि मैले सजिलो चिटिक्क परेको गजेरा र खोसेलाको पिरा बनाइदिएकी थिएँ । पण्डितहरूले पूजापाठ गर्दा त्यही गजेरामाथि गलैँचा, राडी ओछ्याएर पाठ गर्नुहुन्थ्यो ।

बाले बिसाएको, कसैले छोएको र बासी खाना खानुहुन्न थियो । अनि म माइतबाट आउँदा आमाले सम्धीज्यूलाई भनेर कुराउनी, मादीको सखर, सेलरोटी र धुलेअचार मेरो झोलामा हालिदिनुहुन्थ्यो । घिउको हर्पे म हातैमा बोकेर बाका लागि ल्याउँथेँ । बालाई घिउ सखर साह्रै मीठो लाग्दथ्यो । अनि घरमा आइपुगेपछि सेलरोटी तताएर बालाई खान दिन्थेँ । बा खुसी भएर सम्धिनीज्यूले पठाएको कोसेली भनेर खानुहुन्थ्यो । यो कुरा अर्को पटक माइत जाँदा आमालाई सुनाउँथेँ र आमाले आनन्द मान्नुहुन्थ्यो । बालाई कोसेली खुवाउन भनेरै कुदीकुदाइँ गरेर म घरमा आइपुग्थेँ ।

# पतिदेवको च्यादर घरको रहर

हाम्रो घरमा छाना लगाउने रहरले पतिदेवले दार्जिलिङबाट च्यादर ल्याउनुभयो । हाम्रा दुईओटा घर थिए र बीचमा केटाकेटीहरू पढ्ने बरन्डा थियो । बाक्ला न बाक्ला रोज्जा टलक्क टल्केका च्यादर देखेर म त्यसैत्यसै फुरुङ्ङ भएँ । अबचाहिँ हाम्रा दु:खका दिन सकिए । बर्सेनिको घर छाउने खरको झन्झट समाप्त भयो । उफ् ! अर्थुङेले घोचेको पीर अलिअलि हुँदैन ? हाम्रो घरै अर्थुङे घारी हुन्थ्यो । अर्थुङे लुगामा कता अड्किन्थे, अड्किन्थे ? ओछ्यानमा पनि अर्थुङेले घोचेर हैरान, पिडुला सबै रगतपच्छे पार्थे । भुरा पनि अर्थुङेले घोचेर आथाथा भन्दै कराउँदै हिँड्थे । घर छाउन डाँडा र भाटा, चोया र बाताको कति हैरान हुन्थ्यो ? खेतालापाताला चाहियो फेरि जोसुकैले घर छाउन जान्दैनन्, सिपालु कामदार चाहियो । अब हामीले सधैँलाई घर छाउने झन्झटबाट पार पाउने भयौँ । टलक्कै च्यादर टल्केका डाँडाका जोर घर, देउराली डाँडाबाट कति राम्रो देखिन्छन् होला हाम्रो घर ? मेरो मन त्यसैत्यसै नाच्यो । मैले पतिदेवको जय मनाएँ ।

मैले च्यादरलाई हातले छोएँ र ती मेरा हातमा चुक्क म्वाइँ खाएर छमछमी नाचेँ, च्यादर सुमसुम्याएँ । हाम्रो मावलीघरको नाम नै च्यादरघर थियो; म त्यही घरमा जन्मिएकी, हुर्किएकी र त्यहीँबाट मेरो विवाह भएको थियो । अब आफ्नो घरमा पनि च्यादर टल्किने भयो । हे भगवान् ! मनको इच्छा पुग्ने भयो ।

पतिदेवले बालाई भन्नुभयो– 'बा, मलाई घरमा च्यादर लगाउन मन लाग्यो र दार्जिलिङ जाँदा लिएर आएँ ।' बाले भन्नभयो– 'म सेता छानामुनि बस्दिनँ ।'

पतिदेवको दाँतमा ढुङ्गो लाग्यो । उहाँ निराश हुनुभयो, अँधेरिनुभयो । म त खङ्ग्रङै भएँ । हा दैव ! बालाई के भएको ? कति रहर थियो भने नि पतिदेवलाई घरमा च्यादर लगाउने ! आफूलाई पनि घरमा च्यादर लगाउने उस्तै रहर थियो । आफ्नो पौरखमा, आफ्नो तुजुकमा कस्ता रहरले दार्जिलिङदेखि कस्ता दु:खले पतिदेवले ल्याएका च्यादर ! म त्यसैत्यसै बिलाएँ ! आफ्ना छोराको रहर, इच्छा बाले पूरा गर्नु पर्दैन ? म बजैलाई सम्झिएर रोएँ । हे दैव ! बजैलाई किन छिट्टै लगिस् ? आज बजै हुनुभएको भए यसरी पतिदेवले निराश हुनुपर्ने थिएन नि ! पतिदेवको अनुहार हेर्छु, मेरा आँसु अडिँदैनन् ? मलाई खरो उब्जियो । महतारी दिदी पनि त्यतिकै दु:खी भएर रन्थनिनुभयो ।

महतारी दिदी र मैले पनि 'बा घरमा पूजापाठ लगाउँला, रातो कपडाले घरको छानो ढाकौँला, शास्त्रमा अनेक विधि छन् । हाम्रो घर रातो छँदै छ नि, यो सधैँ घर छाउने खरको झन्झट समाप्त गरौँ' भनेर सम्झायौँ । 'कस्ता दु:खले, कस्ता कष्टले, अति रहरले अब पतिदेवले ल्याएको च्यादर लगाऔँ । हाम्रो सन्तान दरसन्तान घरमा च्यादर लगाएपछि यो खरको झन्झटबाट सधैँ मुक्त हुन्छन् । बा, हाम्रो मावलमा कति सजिलो छ' भन्दै रोएँ पनि म त । अहँ ! तर बा मान्नु भएन । हे ईश्वर ! म च्यादर हेर्छु, घर हेर्छु, भुतुक्कै हुन्छु । च्यादर आँगनमा तेर्स्याएका छन् । मलाई पानी खाने बेथा उठ्यो, मेरा आँसु अडिएनन् । मेरा हातमा काम आउँदैन । म खुइय्य गर्छु ।

'योचाहिँ बाले नकाम गर्नुभयो आफ्ना छोराको रहर, मन बाले राखिदिनुपर्छ कि पर्दैन ?' भन्दै मैले आमाजूहरू पनि गुहारेँ । कसैको केही पनि लागेन ।

पिताभक्त पतिदेवले आफ्ना इच्छालाई तिलाञ्जलि दिनुभयो । 'भैगो ! बालाई घरमा च्यादर लगाउन इच्छा लागेन, हामीलाई सेतो फाप्दैन अरे !' भन्दै पतिदेवले च्यादर स्कुललाई दान दिनुभयो । त्यसपछि सधैं खरले घर छाउने झन्झट भइरह्यो । मलाई घरमा च्यादर लगाउन नपाएको पछुतो अनि साह्रै खुड्को रह्यो । सधैं घर छाउने बेलामा म ती च्यादर सम्झिएर रुन्थें ।

मेरा ससुराबाले सेता कपडा लगाउनु भएन । यतिसम्म कि 'मेरो निधनमा पनि मलाई सेतो कपडाले नबेर्नू' भन्नुभएको थियो । त्यसैले उहाँले नै घिउ रङको लुगा मुगा ल्याएर राख्नुभएको थियो । अनि भन्नुभयो– 'म मरेपछि यही कपडाले मलाई बेरेर लानू ।' अनि उहाँको इच्छा पूरा गरियो ।

# बा, नातिनातिना र छोरो देवेन्द्रको कथा

मेरो विवाह गरेदेखि नै बा (बराजै)का साथ र निगरानीमा हामी बस्यौँ । बाले हामीलाई अति माया गर्ने, खाए नखाएको विचार गर्ने गर्नुहुन्थ्यो । बाले रूखका आँख्ला हेरेर त्यो रूखको वर्ष पत्ता लगाउनुहुन्थ्यो । हाम्रो जङ्गलबाट दाउरा काट्न, फलेक तयार पार्न, आह्रा लगाउन बाले नै ठूलाठूला रूख छानिदिनुहुन्थ्यो । दियालो बाल्नलाई पनि बाले सल्लाको दियालो भएको रूख छानिदिनुहुन्थ्यो । बाले जम्मा पारिदिएका दियालो ऊलल्ल बालेर हामी पनि रमाउँथ्यौँ । पँधेरामा पानी लिन जाँदा बाले बनाइदिएका लामालामा दियालोका चिराले हामीलाई कति सजिलो हुन्थ्यो भने नि ! खुसीले हामी फुरुङ्ग हुन्थ्यौँ । बाले लगाएको दाउराको खलियो कति राम्रो देखिन्थ्यो भने नि ! बाटुलो, एकनासको, कतैतिर खोल्टिया नपरेको, हेरिरहूँ जस्तो खलियो ! के गर्नु उति बेला अहिलेको जस्तो क्यामेरा पल्याक र पुलुक पार्ने जमाना थिएन । कति कुरा छुटेछुटे नि फोटो खिच्न ? मलाई फोटोको औधी रहर लाग्थ्यो ।

पतिदेवले धेरै एरियामा ढुङ्गाको पर्खालले घेरेर बोटबिरुवा, बाँस, घाँस रोप्नुका साथै गाईबस्तुलाई चरन पनि बनाएको थियो । यो ठाउँ मलाई वृन्द्रावनजस्तै लाग्दथ्यो । यो ठाउँमा हामीले खुबै नाच्ने र रमाउने पनि गर्‍यौँ । छोराछोरीहरू पनि साह्रै रमाएर खेल्ने गर्दथे । त्यहाँका रूखले काठ, दाउरा सबै पुग्दथ्यो ।

त्यो जङ्गलमा बा नातिनातिना लिएर वस्तु चराउन, दाउराका थुर, सिम्टा टिप्न र खेलाउन जानुहुन्थ्यो ।

बाले खेताला, गोठाला नानीहरूलाई पनि बस्तुका थला ओभानो पार्न लगाउनुहुन्थ्यो, थलामा सोतर मिलाएर छरिदिनुहुन्थ्यो । बाले बस्तुलाई घाँस पनि सिजनअनुसारको छुट्टचाइदिनुहुन्थ्यो, लैनोलाई कुन घाँस, बकेर्नोलाई कुन घाँस, हलगोरुलाई कुन घास ? बस्तुअनुसारका तरेलीतरेलीका घाँस हुन्थे । बाका लागि मसार खेतमा कालो नुनियाँ धान रोपेको हुन्थ्यो र हामी सग्ला चामलको भात बनाउँथ्यौँ । बालाई खाना मीठो, चोखो, चटक्क परेको चाहिन्थ्यो । हामीले सकेको बाको सेवा गर्थ्यौं । बाको पितृत्वमा हामी खुसी थियौँ ।

नातिनातिना, पनातिपनातिना बाका औधी प्यारा थिए । सबै भुराहरू बाको वरिपरि झुम्मिइरहन्थे । बा सधैँ पूजापाठमा नै तल्लीन हुनुहुन्थ्यो । हामी राति नै उठेर नुहाइधुवाइ गरेर, चोखो पानी ल्याएर, रातो माटोले पोतेरोबाट पोतो निकालेर दैलो, अगेनो पोतेर पूजाका लागि नैवेद्य बनाउँथ्यौँ । भुराहरू पनि बासँगै पूजापाठमा सामेल हुन्थे । बिहानबेलुकाको देवी स्तोत्र र शङ्खघण्टको नादले हाम्रो घर गुञ्जायमान हुन्थ्यो । बजैबराजैले घरदेखि अलि तल देवीथान बनाउनुभएको थियो । त्यहाँ सधैँ हामी पूजापाठ गरेर नैवेद्य चढाउँथ्यौँ । जेठाजुले चैनपुरबाट ल्याएका देवीथानका घण्टको आवाजको रन्को के भन्नु र खै घननननननन ! पारि फिदिमसम्म सुनिन्थ्यो । हामीले पनि सकेसम्म बाको इच्छाअनुसार काम गर्‍यौँ । हामीले कुनै कुरामा बालाई कमी राखेनौँ ।

छोरो देवेन्द्र बाको अति प्यारो थियो । ऊ जहिल्यै साँचो बोल्ने र ज्ञानी थियो । अरू भुराहरूको झगडा पर्‍यो भने बाले देवेन्द्रलाई सोधेर मात्र न्याय गर्नुहुन्थ्यो । देवेन्द्रले बोलेको कुरा सबैलाई मान्य

हुन्थ्यो । बाले देवेन्द्रलाई 'सत्यवादी मेरो नाति' भन्नुहुन्थ्यो । बाले 'यो नातिको माइला (पतिदेव)कै जस्तै हृदयमा आँखा छन्' भन्नुहुन्थ्यो । ऊ सबैको पत्तेरो र अति मायालु थियो । एक दिन राति सुतेकै बखतमा अचानक देवेन्द्रको टाउको दुखेर बाकै काखमा मैले सुमसुम्याउँदा सुमसुम्याउँदै उसको प्राण गयो । त्यो बेला देवेन्द्र चौध वर्षको थियो । यो पीडा सहन नसकेर बा ढल्नुभयो । फेरि डाँको छोड्दै मेरा टाउकामा हात राखेर मलाई सम्झाउनुभयो । बा सधैँ दौराका फेरले आँसु पुछ्नुहुन्थ्यो र मलाई सान्त्वना दिँदै हात उठाउनुहुन्थ्यो ।

२०३३ सालमा देवेन्द्रको स्वर्गवास भएपछि त्यो बज्रको प्रहारले महतारी दिदी, पतिदेवलगायत परिवारमा सबैको होस गुम्यो । मेरा त चेत सबै हराए । त्यसको डेढ वर्षपछि कवीन्द्र जन्मियो । कवीन्द्र बाको कण्ठश्रीजस्तै भयो । बाले उसलाई एकैछिन नछोड्ने, निलुला झैँ गर्ने, बाले कवीन्द्रको सिँगान हातले पुछेर दौरामा दल्ने, उसको दिसापिसाबको पनि घिन नमान्ने गर्नुहुन्थ्यो । ऊ खाना खुवाउने बेला र राति मात्रै मसँग हुन्थ्यो अरू बेला बा र जेठी आमाजूसँग हुन्थ्यो । परिवार सबै कवीन्द्रको वरिपरि झुम्मिन्थे ।

म एक दिन बेलुकाको भान्सा तयार पार्न लाग्दै थिएँ । कवीन्द्र बाहिर खाटमा बासँग खेलिरहेको थियो । ऊ ताता तुतु गर्ने भएको थियो । 'ए प्यारू, तैँले आँगनमा गोल खेलेको म हेर्न पाउँछु कि पाउँदिनँ ? म माथिबाट तैँले गोल खेलेको हेरौला है !' बाले भन्नुभयो । म झसङ्ग भएर 'बा, के भनेको त्यस्तो ?' भन्दै बाहिर सिकुवामा निस्किएँ । कवीन्द्र चार महिनाको भएको थियो । बाले आँखाभरि आँसु पार्नुभयो, मेरा पनि आँसु अडिएनन् । जेठी आमाजू र मैले मुखामुख गऱ्यौँ ।

•

त्यसको केही दिनपछि एक्कासि बालाई रिँगटा लागेर बाका खुट्टा लुलिए, खान अरुचि भयो, वाक्य पनि बस्यो । साइँला नानीले शङ्ख, घण्ट बजाएर बाको होस ल्याउने धेरै कोसिस गर्नुभयो । हामीले अन्तरे पुरेतलाई बोलाएर बाका नाममा पूजाआजा, दानदक्षिणा सबै गऱ्यौँ ।

ठूलो छोरो मोहन घरमै थियो, ऊ बाको अति नै प्यारो थियो, उसैले नै बाको स्याहार गऱ्यो । मोहन बिरामीको स्याहार गर्न साह्रै नै सिपालु छ । बाको गोडा मिचिदिने, ओछ्यान अग्लो होचो, पुछपाछ, लुगा फेरफार, बालाई के खाना रुच्छ, ऊ तैनाथ रह्यो । सबैतिरबाट हाम्रा जाहानपरिवार घरमा जम्मा भयौँ । तर दैवको अगाडि कसैको केही नलाग्ने रहेछ । २०२५ असार चौथीका दिन बाले संसार छोड्नुभयो । बाको बिछोडमा हामी सबै डाँको छोडेर रोयौँ ।

कान्छी नानीलगायत हामी सबै देउरानीजेठानी खाजा बाँढ्न खाजा बाँढ्ने चौतारोमा गयौँ । कान्छी देउरानी एक महिनाकी सुत्केरी थिइन् र छोरी चन्द्रा जन्मिएकी थिइन् । भरे सागरबाट बाका चारै जना छोरा सेतो धरो फेरेर, मुडुला टाउका, खाली खुट्टा उकालो आएको देख्दा हामीलाई खपिनसक्नु पीडा भएको थियो । आँखाबाट बरबरी आँसु झार्दै, लामो सुस्केरा हाल्दै सबै मलामीलाई खाजा बाँढेर साँझ हामी बालाई सदाका लागि बिदा गरेर आँसु पुस्दै उकालो लागेका थियौँ । हाम्रो घर सुनसान भएको थियो ।

हामीले बाको काजक्रिया सबै सक्यौँ । जेठाजुको परिवार, साइँला नानीको परिवार, कान्छा नानीको परिवार, कान्छी नानी र सबै नन्दआमाजू बिस्तारै आआफ्नो घर फर्कनुभयो । पतिदेव, जेठी आमाजू, महतारी दिदी, माइली भान्जी र मलाई अति नै कठिन पऱ्यो बाबिनाको घरमा बस्न । साँझबिहानका ती शङ्खनाद, घन्ट र

डमरुका धुन, देवीका स्तोत्रहरू सुन्न नपाएर हामीलाई छटपटी भयो । देवीथानका घन्टहरू बजेनन् । जीवनमा आएका यस्ता कठिन अवस्थालाई हामीले बिस्तारै पार लगाउँदै लग्यौं । दिन बिते, रात बिते, साता, महिना र वर्ष बिते ।

कवीन्द्र आँगनमा गोल खेल्न थाल्यो । मैले चिच्च्याएर भनें– 'बा हजुरको प्यारो नाति आँगनमा गोल खेल्दै छ, आशीर्वाद दिनुहोस् ।'

# हाम्री सासूआमा राममाया सिटौला

हाम्री बजै राममाया सिटौला अग्ली, मोटी, ठूलाठूला आँखा, ठूलो निधार, रातो वर्णकी, राम्रा दाँत भएकी र मीठो मसिनो बोली भएकी, समझदार, ठूलो व्यवहार सबैलाई मिलाएर खुसी बनाएर राख्न सक्ने क्षमता भएकी; सहु, शान्त स्वभावको हुनुहुन्थ्यो । बजै ठूलो हात, ठूलो मन, भित्र आँखा भएकी साह्रै असल हुनुहुन्थ्यो । व्यवहारमा बजै साह्रै बाठी हुनुहुन्थ्यो ।

परिवार सबै रेखदेख बजैको नै हाइहुकुममा चल्दथ्यो । उहाँ असाध्यै असल र न्यायप्रेमी हुनुहुन्थ्यो । उहाँ इष्टमित्र कुलकुटुम्ब सबैकी हाईहाई हुनुहुन्थ्यो । उहाँ सबैतिर आँखा पुऱ्याउने, सबैलाई अर्ती उपदेश दिने आमाजस्तै लाग्यो । बजै सुभाङका जानीमानी कालु उप्रेतीकी छोरी हुनुहुँदो रहेछ र मावलीचाहिँ चुहानडाँडाका प्रतिष्ठित थपलियाहरू हुनुहुँदो रहेछ ।

हाम्री बजै अत्यन्त लक्षिनकी हुनुहुन्थ्यो रे ! बजैलाई मैतालु ल्याउने दिन कहिल्यै पैसा नतिरेका आसामीहरूले हाम्रो घरमा पाँच सय कम्पनी तिर्न ल्याएका थिए रे ! अनि बूढा ससुरा दिवाकरले 'मेरी लक्ष्मीजस्तै लक्षिनकी बुहारी, घरमा लक्षिन पस्यो अब' भनेर आँगनमा नाच्नुभएको थियो रे ! त्यसपछि कति वर्ष नउठेका उठ्ती पनि उठेको थियो रे !' यो कुरा हामीलाई बूढी सासू गङ्गादेवीले भन्नुहुन्थ्यो ।

हाम्री बजै चर्खा कात्ने काम गर्नुहुन्थ्यो । उहाँ कौसीमा बसेर सधैँ चर्खामा धागो कातिरहनुहुन्थ्यो र ठूलाठूला धागाका लरीलरी बनाएर राख्नुहुन्थ्यो । चर्खामा धागो कात्न बजै अति नै सिपालु हुनुहुन्थ्यो । बजैले चर्खामा कातेको धागोबाट बराजै, जेठाजु, पतिदेव, साइँला र कान्छा नानीहरूलाई डाँडाकी ञक्रिनी र तामाङ्नीलाई लुगा बुन्न लगाउनुभएको थियो । बजैले बनाएको धागो गोलीधागोजस्तै मसिनो हुन्थ्यो । ती लुगाहरू खाँडीका जस्ता पनि देखिँदैनथे । पतिदेव बजैले चर्खामा कातेको धागोबाट बुनेका लुगा ज्यादै जतन गरेर लगाउनुहुन्थ्यो । उहाँ ती लुगा विशेष परिस्थिति, काज कल्याणमा मात्र लगाउनुहुन्थ्यो । ती लुगा फाटेपछि पतिदेवले टालेर पनि लगाउनुभयो । लुगा पूरै फाटेपछि पनि 'मेरी आमा ! आमाका हात' भन्दै ती लुगा पतिदेवले फाल्न दिनु भएन । लुगा पूजा गरेर काठको बाकसमा राखिएको हुन्थ्यो । कठैबरी !

हाम्री बजै मलाई 'बाबै ठूलीकान्छी, बुहारी भनेको घरको लक्ष्मी हो र आफ्नो भण्डार सधैँ भरिपूर्ण राख्नुपर्दछ । कहिलेकाहीँ त सामान छैन भनेर पनि भण्डारमा लुकाएर राख्नु अनि त्यसले आपद्को बेला, अभरको बेला काम दिन्छ । घरमा सामान छ भन्दैमा हुर्दुङ्ग गरेर सकिहाल्नु हुँदैन । फारुतिनो पनि गर्नुपर्दछ, दिन खान पनि जान्नुपर्दछ' भन्नुहुन्थ्यो । माइतमा पनि आमाले मलाई सधैँ यिनै कुरा सम्झाइरहनुहुन्थ्यो । मैले पनि आफ्नो जीवनकालभरि त्यसै गरेर व्यवहार सम्हालेँ । मलाई सधैँ परिपञ्च भइरह्यो । मैले आफ्ना छोरीबुहारीलाई पनि यिनै कुरा सिकाएँ ।

पतिदेव अति नै मातृभक्त हुनुहुन्थ्यो । एक पटक जेठाजुसँग पतिदेव धनकुटा जानुभएको थियो रे ! जेठाजुले 'ला तँलाइ खर्च' भनेर केही पैसा पतिदेवलाई दिनुभएको रहेछ । अनि घरमा आएपछि पतिदेवले जुत्ता राखेर आमालाई ढोग्नुभयो रे ! हाम्री बजैले पतिदेवलाई 'मेरो बालख छोरो केही नखाई मलाई जुत्ता किनेर लिएर आएछ;

कति ज्ञानी, कति असल, मेरो मनको कुरा बुझेछ' भनेर स्याबासी दिनुभयो रे ! 'पहिलो पटक मेरा खुट्टामा जुत्ता पऱ्यो' भन्दै बजै रुनुभयो रे ! पतिदेव सानैदेखि जहाँ जता गए पनि राम्रा र मीठा चीज आफ्नी आमालाई भनेर लिएर आउने गर्नुहुन्थ्यो ।

हाम्रा बजै र बराजैलाई चारधाम तीर्थ दर्शन गराउन पतिदेव र धर्मानन्द (जेठो) २००९ सालमा जानुभएको थियो । उहाँहरूले राम्रोसँग तीर्थव्रत्र गराएर ल्याउनुभएछ । बाटामा ठग पन्डाहरूले ठग्न खोज्दा जेठाले तिनीहरूलाई हकारेर ठीक पार्दथ्यो अरे ! पतिदेवलाई काशीमा बराजै, बजैको फोटो खिच्न मन लागेको रहेछ । फोटो धोएर निकाल्न ढिला हुने भनेर फोटो खिच्न त्यत्तिकै छुटेछ । त्यसपछि बजैको फोटो कहिल्यै पनि खिच्न पाइएन । बजैका फोटो नभएको यो कुरा पतिदेवलाई ज्यादै खड्किएको थियो । उफ् ! आमाको फोटो घरमा छैन भनेर जीवनभरि पछुतो भइरह्यो । म फोटो भनेपछि हुरुक्कै हुन्छु । मैले सबैका फोटो सिसामा हालेर घरको सिकुवामा सजाएर राखेकी थिएँ । त्यहाँ बजैको फोटो नहुँदा हामीलाई रित्तोरित्तो लाग्दथ्यो । 'असाध्य राम्री हाम्री आमा' पतिदेव बारम्बार भनिरहनुहुन्थ्यो ।

बज्यै आफूले पनि सानैमा आमाबुबा गुमाउनुभएको थियो । महतारी दिदीका पनि आमाबुबा, नहुनुभएकाले महतारी दिदीलाई बज्यैले विशेष माया गर्नुहुन्थ्यो । कतिसम्म भने बुहारीहरूले घरका मान्यजनभन्दा अगाडि खाना खानु हुँदैनथ्यो तर बजैले विवेक पुऱ्याएर बुहारीहरूलाई अगाडि नै खाना खान दिनुहुन्थ्यो । केही गरी मान्यजनहरू भान्साकोठामा पसे भने बजैले आफ्नो ठूलो जीउले खाना खाँदै गरेकी बुहारीलाई छेकिदिनुहुन्थ्यो र यो प्रथा 'लुलु एक गाँस खाइहाल बाबै' भनेर हामीले पनि कायम राखेर आयौं । महतारी दिदी लुगा धुन अति नै सिपालु हुनुहुन्थ्यो । बजैले महतारी दिदीको 'धोवी' नाम राखिदिनुभएको थियो ।

•

सुरुमा हाम्री बजै अथवा मेरी सासु आमा राममाया सिटौलालाई खाना रुचेन अनि उहाँ दिनदिनै गल्दै जानुभयो । हामीले कति औषधिमूलो, धामीझाँक्री लगायौँ । गर्मी भयो भनेर खड्कुँलामा पानी राखेर बजैलाई 'पानीको औषधि' भनेर पानीमा डुबाएर राखेको थियो । साइँला नानीले कति हो कति जडीबुटी खुवाउँदा पनि केही सीप लागेन । बजै झन् गल्दै जानुभयो । हाम्रो घरमा गोठधूपको दिन थियो । खाम्लालुङबाट बिहानै साइँला नानी खीर लिएर चुहानडाँडा आउनुभयो । जेठाजु र पतिदेव बाहिर काममा जानुभएको थियो । माइली आमाजू बिरामी भएर हाम्रो घरमा ल्याएको थियो ।

'ए मुनेकी आमा, मलाई तैँले धोएका सुकिला लुगामा सुत्न इच्छा छ' भन्नुभएको थियो । अनि महतारी दिदीले पँधेरोमा गएर हतारहतार गरेर बजैका लुगा धोएर सुकाएर ल्याउनुभयो, महतारी दिदीले सजिलो पारेर ओछ्यान लगाइदिनुभयो अनि बजै खुसी हुनुभएको थियो ।

म एक महिनाकी सुत्केरी थिएँ, देवेन्द्र जन्मिएको थियो । देवेन्द्रलाई काखमा लिएर बजैले अति नै मायाले सुमसुम्याउनुहुन्थ्यो । बजैले मलाई भन्नुभयो– 'कोलले तेरो ढाड भाँचेका बेला मलाई तेरो जयजन्म देख्न पाइन्छ कि पाइँदैन जस्तो लागेको थियो, भगवती माताले मेरो पुकारा सुन्नुभयो । मलाई तिमीहरू सबैको बाटाबाट सन्तोष छ, शान्ति छ, सधैँ तिमीहरूलाई भरिपूर्ण होस्, कल्याण होस् !'

बजै झन् सारासार हुनुभयो । जेठी, माइली आमाजूले 'दाजु र माइला भाइलाई लिन पठाउनुपर्छ' भनेर भुजेल मिट्ठूलाई घोडा लिएर उहाँहरूलाई लिन पठाएको थियो । 'हेर कति महत्त्वपूर्ण काम लिएर मेरा छोराहरू गएका छन्, लिन पठाए, उनीहरूको काम

बिग्रिन्छ कि ? भरे म मरिनँ भने ?' बजैले त्यसो भन्दा हामी सबै डाँको छोडेर रोएका थियौँ । हाम्री बजै पनि मर्नुहुन्छ होला जस्तो मलाई लागेकै थिएन । मैले बजै नभएको घरको कल्पना पनि गरेकी थिइनँ । मेरा हातखुट्टा लगलगी कामेर ऐँठन होला जस्तो भयो ।

हाम्रो घरमा धरणीधर गुरु, अन्तरे पुरेत आएर स्वस्तिशान्ति गरिरहनुभएको थियो । गर्नुपर्ने दानदक्षिणा पनि सबै गरिसकेको थियो, धरणीधर गुरु गीता पाठ गरिरहनुभएको थियो, बराजै चण्डी पाठ गरिरहनुभएको थियो । तलबाट माइली आमाजू, दाजु लक्ष्मीप्रसाद पनि हाम्रो घरमा आउनुभएको थियो । पल्लाघर जेठाजु र गैरीका बराजै बलभद्रले पनि बजैलाई खीर खुवाउनुभयो । जेठाजु र पतिदेव दुइटा घोडामा चढेर घरमा आइपुग्नुभयो । आउनासाथ 'मेरी आमा' भन्दै बजैको गोडामा पतिदेवले छाँद हाल्नुभयो । 'मलाई केही भएको छैन, तिमीहरू सबै छिटो खाना खाओ' बजैले भन्नुभयो । हामी सबैले खीर खायौँ । देउरानी कान्छीले ज्वानाको झोल मीठो पारेर पकाएकी थिइन्, बजैले पनि खीर र ज्वानाको झोल खानुभयो । देउरानी कान्छीहरू ढिकीमा धान कुट्न गए । मसार खेतको धान पनि धमाधम दाइँ गरेर थन्क्याइसकेको थियो । त्यही धमाधमले घरमा चामल तुल्याउन भ्याएका थिएनन् ।

बजै पनि शान्तसँग ओछ्यानमा सुतिरहनुभएको थियो । म आटी ओछ्यानमा देवेन्द्रलाई लिएर सुतिरहेकी थिएँ । महतारी दिदीले भान्साको धन्दा सिध्याउनुभयो र बजै सुतेको ठाउँमा जानुभयो । बजैलाई छटपटी भएको रहेछ । 'ए ! बजैलाई के भयो' महतारी दिदी चिच्च्याउनुभयो । घरका सबै जहान दगुरेर आए । साइँला नानीले हाम्री बजैको टाउकातिर र अरू छोराहरूले गोडातिर बोकेर बजैलाई तुलसाको मठमा लगे । पूर्णिमाको दिन गोलो चम्किला जून आकाशमा उदाएका थिए । तिनै जूनलाई आफ्ना सन्तान सदाका लागि जिम्मा लगाएर बजैले अन्तिम पटक आँखा खोलेर चिम्लिनुभयो । हामी

घरपरिवार, नातागोता इष्टमित्र सबै वरिपरि थियौँ । बजैलाई गङ्गाजल, दही हामी सबैले खुवाइदियौँ । बजैले हामीलाई छोडेर जानुभयो ! 'जीवनमा यस्तो दिन पनि आउँछ, बजैले हामीलाई छोडेर जानुहुन्छ' भन्ने दस मनमा एक मन पनि मलाई लागेको थिएन । हाम्रो शिरबाट ठूलो छहारी उठेजस्तो लाग्यो । हामी सबै बेसहाराजस्ता भयौँ । पतिदेवले 'मेरी आमा' भन्दै साह्रै बिलौना गरेर रुनुभयो । कान्छी नानीलाई थामिसक्नु भएन । हामी सबै डाँको छोड्दै रोएका थियौँ । त्यति छिट्टै बजै ६५ वर्षको उमेरमै जानुहुन्छ भन्ने कसैले सोचेकै थिएन । यो दिन २०१० सालको मङ्सिर महिना पूर्णिमाको दिन थियो ।

भोलिपल्ट बजैलाई तमोरमा लगेर चार भाइ छोराहरूले सद्‌गति गरे । बजै नभएको घरमा बस्ने हाम्रो बानी थिएन । जता गए पनि हामीलाई शून्य र नरमाइलो मात्र हुन्थ्यो । घरमा बजैको अभाव खप्न हामीलाई अति कठिन पर्‍यो, मुस्किल पर्‍यो । एकान्तमा बसेर पतिदेव घोरिनुहुन्थ्यो । कौसीमा गएर आमाको चर्खा सुमसुम्याउनुहुन्थ्यो । कहिलेकाहीँ त्यही चर्खासँग पतिदेव बात मार्नुहुन्थ्यो, आँसु झार्नुहुन्थ्यो । 'मेरी आमाका हात यहीँ छन्' भनेर चर्खालाई पूजा गरेर राख्न हामीलाई लगाउनुभएको थियो । हामी पनि बजैलाई सम्झिएर चर्खालाई सधैँ पूजा गर्दथ्यौँ ।

बजैको बिछोडमा बराजैले ज्यादै शोक गर्नुभयो । बराजैलाई हामी सबैले सम्झायौँ । 'हामी छौँ बा (छोराछोरीले बाभन्दा हामीले पनि बराजैलाई बा भन्थ्यौँ), हामी बालाई दु:ख हुन दिँदैनौँ' भन्यौँ । चारै जना छोराहरू, हामी सबै बुहारीहरू, नन्दआमाजूहरू सबैले बालाई सम्झायौँ । बालाई हामीले सकेको सेवा गर्‍यौँ । बाले पनि हामीलाई मायाममता, रेखदेख गरेर अविभावक बन्नुभयो । बिस्तारै हामीले घरव्यवहार सम्हाल्दै लग्यौँ । जीवन यसरी नै चल्ने रहेछ । माइतमा बाबा नहुँदा, मावलमा आमै नहुँदा र घरमा बजै नहुँदा मलाई घनघोर शून्य भयो ।

•

झिँगटीघरमा मेरी बजैको कान्छा मामा पद्मप्रसाद थपलिया हुनुहुन्थ्यो र उहाँका जेठा छोरा जयप्रसाद थपलियाले नै मेरी कान्छी सानीमा विवाह गर्नुभएको हुनाले त्यो घर मेरो पनि माइतीघरजत्तिकै थियो । हाम्री बजै एक वर्षकी हुँदा बजैकी आमा स्वर्गवास हुनुभएको हुनाले उहाँलाई मावलीले नै लालनपालन गरेर हाम्रा बराजै द्रोणाचार्य सिटौलासँग विवाह गरिदिनुभएको रहेछ । बजैलाई मामाहरू जेठा मामा देवनारायण, माइला मामा हरिलाल र कान्छा मामा पद्मप्रसाद सबैले अति नै चीज गर्नुहुन्थ्यो । बजैको माइत सुभाङका उप्रेतीहरू हुनुहुन्थ्यो र त्यहाँ पनि हाम्रो आऊजाऊ भइरहन्थ्यो ।

कान्छी सानीमा र म आँतका आमाछोरी थियौं । उहाँको घरमा एक गाँस मीठो पाक्यो भने पनि उहाँले मलाई खुवाउनुहुन्थ्यो । उहाँले मन परेको लुगा किन्नुभयो भने मलाई पनि किनिदिनुहुन्थ्यो । सानीमालाई पनि मैले आमाजस्तै माया गरें । कुनै कुराको कमी राखिनँ, उहाँ र म सँगसँगै हाङपाङ जान्थ्यौं । सानिमाले पनि पम्फा छोरी भनेर अति नै प्यारो गर्ने, लिन पठाइहाल्ने गर्नुहुन्थ्यो । मेरी प्यारी सानीमाका छोराछोरी भाइ जगन, वैजु, विष्णु, तुङ्ग, भीष्म, बहिनीहरू शारदा, टीका सबै मेरा अति नै प्यारा थिए ।

# जेठाजु वेदचार सिटौला

जेठाजु वेदचार लामालामा जुँगा पालेका गहुँगोरो हुनुहुन्थ्यो । उहाँको बोली मीठो र मायालु थियो । उहाँले मलाई 'ठूलीकान्छी' भनेर बोलाउनुहुन्थ्यो । 'के खायौ त नयाँ घरमा ? यहाँ सबै तिमीजस्तै छन्, मिलेर काम गर्नू' भन्दा म लाजले निहुरिएकी हुन्थेँ । हामीले जेठाजुका अगाडि मजेत्रोले कपाल छोप्नुपर्दथ्यो । हाम्रा घरमा त जेठाजुले नै सबै व्यवहार सम्हाल्नुभएको रहेछ । सबै कारोबार जेठाजुकै रहेछ । जेठाजु चुहानडाँडा गाउँको प्रधानपञ्च पनि हुनुभएको थियो । जेठाजुजेठानी र हाम्रो घर सगोलको थियो । जेठाजुकी जेठी पत्नी हिमादेवी चुँडाल (मिचिरिङ) स्वर्गे भएपछि कान्छी कलावती प्रसाईसँग विवाह गरेको रहेछ । उहाँको माइत पनि हाङपाङ हो । उहाँ प्रसाईकी छोरी, म प्रसाईकी भान्जी त्यसैले म उहाँलाई सानीमा भन्थेँ । सानीमालाई देख्दा मलाई हर्षबढाइँ भयो । 'कान्छी ! हामी छौँ यहाँ, न्यास्रो नमान्नू' भन्दा म खुसीले गद्गद हुन्थेँ । २००२ सालमा इन्द्र जन्मिएपछि उहाँलाई सबैले इन्द्रकी आमा भन्थे । इन्द्र साह्रै राम्रो थियो, सानीमा पनि राम्री हुनुहुन्थ्यो ।

२००४ सालमा जेठाजुहरू छुट्टिएर सिरवानी जाँदा बिहानीको मिर्मिरेमा घरबाट पाइला चाल्न साइत निस्किएको थियो । जेठाजुले कलश बोक्नुभएको थियो । ठूलो थालमा चामल राखेर त्यसमा ठूलो दियो राखेर बजैले 'तेरा घरमा दियो कहिल्यै ननिभोस्, तेरा सन्तान दरसन्तान फैलिएर जाऊन्, सदा परिपूर्ण होस्' भन्दै टीका

लगाइदिनुभएको थियो । सानीमाले दियोको थाल बोक्नुभयो र त्यो बजैले बालिदिएको दियो ननिभाई उहाँले सिरवानी पुऱ्याउनुभएको थियो । सिरवानी घरमा भरिया, छोराबुहारी, नातिनातिनाको लावालस्कर पुगेको थियो ।

जेठाजुहरू सिरवानी गएपछि चुहानडाँडाको घर कतिन्जेलसम्म शून्य भएको थियो । हामीलाई घर नै खालीखाली जस्तो लाग्दथ्यो । जेठाजु र जेठी श्रीमतीको छोराबुहारीहरू धर्मानन्द–राममाया, माइलो छोरो रघुनन्दन–जानुका, काइँलो छोरो कृष्णप्रसाद–देवका, कान्छो छोरो लक्ष्मीप्रसाद (एलपी)–मनमाया, छोरो इन्द्र, नाति गोरे (धर्मानन्दको छोरो न्यायाधीश मोहनप्रकाश) सबैको प्यारो थियो, खेलौनाजस्तो थियो; ऊ पनि गएको थियो । नाति मोहनले सिरवानीमा सहज मानेन र चुहानडाँडा नै आएर बस्यो ।

जेठाजुले पछि आहालेमा घर बनाउनुभयो । सानीमाले बजैले बालेको दियोको आगो नै आहालेमा ल्याउनुभएको थियो । हामी सधैँ बेलुका अगेनामा दाउराको ठुटो भुङ्ग्राले छोपेर राख्दथ्यौँ त्यसैले हतपती आगो निभ्न पाउँदैनथ्यो । सानीमा र जेठाजुका छोराछोरी पद्म, हरि, बद्री, सीता, केदार जन्मिएका थिए । हाम्रो घरमा पढ्ने व्यवस्था र ठूला दाजुहरू भएको हुनाले सबै छोराछोरीको बसाइ धेरैजसो हाम्रै घरमा हुन्थ्यो । सबै छोराछोरी हातहातै, काखकाखै हुर्किएका थिए । को कसको छोराछोरी भन्ने कहिल्यै भएन, वरपर सबै छोराछोरी उत्तिकै बस्थे । अहिलेसम्म पनि सबै छोराछोरी मेरा लागि उत्तिकै प्यारा र मायालु छन् ।

जेठाजु गएपछिको व्यवहार बराजै, बजैको निर्देशनमा मेरा पतिदेवले सम्हाल्नुभयो । पतिदेवको जुनसुकै कुरा पनि बजैलाई मान्य हुन्थ्यो । मेरा पतिलाई अति नै विश्वासिलो छोरो, आमाको मनमा बसेको 'मेरो न्यायप्रेमी, ज्ञानी छोरो' बजैले भनिरहनुहुन्थ्यो ।

आमाप्रति छोराले यस्तो भक्तिभाव पनि जोकोहीले गर्दैनन् होला ! पतिदेवले आमाको हृदयअन्तरको भाव बुझ्नुहुन्थ्यो । उहाँले आमाका कुरा कहिल्यै काट्नुहुन्नथ्यो । जीवनको लामो समयसम्म जेठाजु र हामी चुहानडाँडामा सँगै बस्यौँ । अन्तिम अवस्थामा जेठाजु आहाले घरबारी बेचेर काठमाडौँ आउनुभयो । 'दाजु हिँडेको म हेर्न सक्दिनँ' भनेर पतिदेव जेठाजुलाई बिदा गर्न जान सक्नुभएन । तम्मरमा आइपुगेपछि 'मलाई पितापुर्खाकै यही ठाउँमा विसर्जन हुने इच्छा थियो नि !' भन्दै तम्मरको पानी अचाएर जेठाजु रुनुभयो अरे ! त्यसपछि जेठाजुका खुट्टा नटेकिएर बोकेर लानु पर्‍यो रे । जेठाजुको घर आहालेतिर प्राय: हामी जान सक्दैनथ्यौँ । उहाँहरू हिँडेपछि हामीलाई चुहानडाँडा नै शून्य भएको थियो । जेठाजु वेदचार २०४६ सालमा स्वर्गवास भएपछि हामीले तेह्र दिनसम्म काजकिरिया गरेर पुरेतलाई दुहुनो गाई र बाच्छीसहित सबै दानदक्षिणा गरेका थियौँ र जेठाजुलाई हामीले सदाका लागि बिदा गरेका थियौँ । जेठाजुको निधनमा पतिदेवले अति नै शोक गर्नुभयो । मलाई पनि दुलही भित्रिएका दिनदेखिका जेठाजुका सम्झना आएर भक्कानो छुटचो । जस्तो परे पनि खप्नैपर्ने रहेछ । सानीमाले मलाई अति नै माया गर्नुहुन्थ्यो । म काठमाडौँ आउँदा सानीमाको शिरमा सिन्दूर र गलामा पोते नदेख्दा सानीमाको काखमा घोप्टो परेर रोएँ । पतिदेवलाई देखेर सानीमा 'मेरा माइला नानी' भन्दै रुनुभयो । पतिदेवले 'भाउजू संसार हेर्नुपर्छ' भनेर सानीमाको टाउकामा थपथपाउनुभयो । २०६३ सालमा सानीमा स्वर्गवास हुनुभयो । सानीमाको बिछोडमा म धेरै दिनसम्म रोएँ ।

# मेरा देवरदेउरानी

साइँला देवर रघुनाथ साह्रै हँसिला, रसिला, राम्रा, पुक्खली, खाइलाग्दा थिए । गोठमा बसेर सधैँ गोरस, खान्की र हावापानीले गर्दा उनको अनुहार सधैँ गुराँसजस्तो थियो । उनी सबैका असल र प्यारा, सबैका हाईहाई थिए । उनी मज्जाले गफ गरेर सबैलाई हँसाउने, वनजङ्गलका जनावरका कथा उपकथा भनेर भुराहरूलाई रमाइलो गरिदिने, 'ऐसा भाउजू, तैसा भाउजू' भन्थे । उनी कति हो कति कथा र चुड्किला भन्थे भनेर साध्य छैन । अहिले सम्झँदा पनि मेरो मुटु फुटेर आउँछ ! कहाँ गए त्यस्ता दिन ? साइँला नानी उज्यालो नहुँदै भुनेमा दहीका भार बोकेर चुहानडाँडा आइपुग्थे । त्यति बेला बडाबडा काठका फाममा घिउ, कुँडेभरि दूध हुन्थ्यो । पाँचपाथे कुँडे थियो दूध तताउने, दूध तताउने डाडु पनि टाउकोजत्रै थियो । दूध तताउँदा धरररर..., धररररर हुन्थ्यो । सम्झँदा बितेका ती दिनहरू मेरा लागि पनि सपनाजस्तो भए । त्यस बेलाको हरेक घटनामा मेरा देवर आँखामा अझै छन् । यस्ता देवर जोकोहीका हुँदैनन्, कठैबरी मेरा साइँला नानी !

पतिदेव र साइँला नानीको प्रेम अजोडी थियो, कति हो कति माया ! नानी घरमा आउँदा हाँसोले घरै उचालिन्थ्यो । नानीले कुर्लंदा जङ्गलै हल्लाउने, खर्क नै कुरुरु कुरुरु गर्दथे । उनी जङ्गलमा पाइने सबै जडीबुटीको जानिफकार थिए । त्यो ठाउँमा सबैलाई ओखतिमूलो गरेर नानीले निको पारेका थिए; लडेका, मर्किएका,

भाँच्चिएका सबैलाई उनी दयामाया गरी दवाई गर्थे । उनी त्यो ठाउँको डाक्टरजस्तै र हाम्रो घर नै अस्पतालजस्तो थियो । साइँला नानी जहाँ, जसलाई जे परे पनि त्यहाँ पुगिहाल्ने गर्दथे । उनले कति हो कति गुन लाएका थिए । चुहानडाँडे बा भनेपछि त्यो भेगमै नानी प्रख्यात थिए ।

हाम्रो ठूलो हात्तीखावा खर्क थियो । एक पटक साइँला नानीलाई भालुले ऋम्टिएछ र त्यो भालुलाई घिसार्दै ठूलो रूखसम्म लगेर मोही पारेजस्तो गर्नुभएछ । भालुले पनि नानीलाई चिथोरेर रगतपच्छे पारेछ । त्यो भालु पछि भागेछ । साइँला नानीले त्यहाँ बाघ, भालु, चितुवा, सोक्पा तर्साउने जस्तालाई पनि पछार्नेजस्ता थिए । अनेक जुक्ति लगाएर उनी जङ्गली जनावरलाई काबूमा ल्याउने गर्दथे । लैनो गाई, भैँसीलाई ब्वाँसाले सुमसुम्याएर आन्द्राभुँडी खान्छ भनेर उनी रातभरि पनि रुँगेर बस्ने गर्दथे । गोठाला, खेताला पनि नानीसँग साह्रै रत्तिने गर्थे । कति हो कति उखान र टुक्का सुनाएर नानी हँसाएको हँसायै गर्दथे । कति राम्रो हाँसो भने नि साइँला नानीको भनिसाध्य छैन ।

बोक्खिमाको कोलमा तेल पेल्न देउरानी कान्छी, उज्याली र म गएका थियौँ । देउरानी कान्छी घान लगाउने हामी कोल घुमाउँदै थियौँ । एक्कासि मियो उछिट्टिएर मेरो ढाडमा लागेर म बेहोस भइछु । अनि पतिदेवले डोलेहरू लगेर मलाई डोलीमा बोकेर घरमा ल्याए । त्यस घटनाले मलाई तङ्ग्रिन धेरै समय लाग्यो । बजैले मलाई तीनचार महिना घरमा स्याहारेर माइत हाङपाङ पठाइदिनुभयो । त्यहाँ पनि साइँला नानीले जडीबुटी पुऱ्याइदिनुभयो । म अमेरिकामा हुँदा पनि साइँला नानीले जडीबुटी पठाइदिइरहनुहुन्थ्यो । मेरा साइँला नानी, त्यस्तो ज्यान पनि रहँदो रहेनछ ? हे भगवती, नारायण, शिव !

साइँली देउरानी नाताले मेरी दिदी पर्नुहुन्छ; मेरी माइली ठूलीआमाकी छोरी । मेरो भन्दा पहिला उहाँको विवाह भएको थियो । बजैले 'तिमीहरूको माइतकै साइनो भन्नू' भनेर भन्नुभएको थियो । घरकी जेठानी म, माइतकी दिदी उहाँ त्यसैले म उहाँलाई दिदी भन्थेँ । २००२ सालमा कपिल जन्मिएपछि सबैले उहाँलाई कपिलकी आमा भन्थे ।

बजैले मेरी साइँली देउरानीलाई धेरै काम लगाउनुहुन्नथ्यो, बुहारी सानी छ भनेर । साइँली देउरानी पनि आफूले सकेको काम सघाउँथिन् । साइँली देउरानीहरू खाम्लालुङ गएपछि सुत्केरी हुँदा स्याहार्न बजैले सधैँ मलाई नै पठाउनुहुन्थ्यो । सबै छोराछोरी आफ्नै काखमा जन्मिएका, हुर्किएका थिए । त्यो बेलाको जमानामा अहिलेको जस्तो आफूखुसी छोराछोरी जन्माउने चलन थिएन । कपिल र छबु चुहानडाँडामै बसेर पढेका मेरा अति नै प्यारा थिए । कपिल, रूपा, प्रेम, डिल्लु, उमेश, दिनेश, देवी, कृष्ण, मैयाँ छन् । मेरो बाबै छबु अठार वर्षमा तिमी स्वर्गे हुँदा हामी सबै ठहरै परेका थियौँ । तिमी स्वर्गे भएपछि देउरानी साइँलीको टाउको दुख्ने रोग निस्किएको थियो । मेरो बाबा छबु, अहिले पनि तिमीलाई सम्झँदा मेरो आँसु थामिँदैन । मन ठूलो, हात ठूलो भएकी साइँली देउरानी नाच्न ज्यादै सिपालु थिइन् । खाना अति मीठो बनाउँथिन् । साइँली देउरानीले जस्तो छिटो चुलेँसीले तरकारी कसैले काट्न सक्दैनथ्यो । तरकारी काट्दा स्वाट, स्वाट, स्वाट गर्दै मिलिक्कै पार्दथिन् ।

हामी चामलतुमल तुल्याउन बस्दै खाम्लालुङ जान्थ्यौँ । बडाबडा आलुका फग्ल्याँटा तरतरी घिउमा तारेर, पिरोपिरो पारेर, मरमसला हालेर बनाएको पक्कु कति खाइन्थ्यो भने नि ! त्यो खाएर हाम्रो पेट अघाउँथ्यो तर मुख अघाउँदैनथ्यो । स्कुसको तरकारी, चुच्चे करेला, नाङ्लापाते रायोको साग कपालका केसझैँ पारेर साइँली देउरानीले काट्ने गर्थिन् । लद्ध परेको दही, खावा दूध, घिउका चोइली हामीलाई

कति रुच्ने हो ! पाताले सिस्नु कस्तो मीठो मीठो थियो । बढाबढा ठोट्ने, निहुरो, काफल, ऐसेलु, मल्लिडो, दाखको चकचकी गरियो खर्कमा । घिउ खारेर रहेको बिलाउनी पनि चौपट्टै मीठो हुन्थ्यो । खाना त हामीले राजा खाना खायौँ गोरसमै डुबेर । साइँली देउरानी गहनाकी सोखिन थिइन्, सुनारहरूले उनका गहना बनाइरहन्थे । फेरि सुब्बाहरू लाहुरबाट सुन लिएर आइरहन्थे । अन्तिम अवस्थामा उमेश छोरा र हरिकला बुहारीले साह्रै सेवा, चाकर गरे साइँला नानी र साइँली देउरानीको ।

कान्छा नानी भोलानाथ पनि असल थिए । हाँसखेल, बोलचाल खुबै गर्नुपर्ने, मेलापात जता जाँदा पनि सँगसँगै भइन्थ्यो । उनी खुबै रमाइला थिए; काम गर्न नसक्दा 'खै भाउजू !' भन्दै सघाइदिन्थे । मैले खाएको नखाएको पनि उनी विचार गर्थे । उनी अति नै प्यारा मनका कुरा बुझिहाल्ने थिए । उनी सुइँटर बुन्न सिपालु थिए । मलाई चाहिँ हाँसिराख्नुपर्ने; नानीसँग ठट्टा गरेर कति हाँसिन्थ्यो, हाँसिन्थ्यो । रिसाउन त जान्दै नजान्ने थिए मेरा कान्छा नानी । दुवै देवर ज्ञानी र सहयोगी थिए । अहिले पहिलाका कुरा सम्झेर ल्याउँदा पनि मन भक्कानिएर आउँछ । कस्तो रजगज थियो, मानसम्मान, इज्जत उफ् !

देउमाया कान्छी देउरानी मेरी हितैकी रानी थिइन् । हामी अति नै मिल्ने गर्दथ्यौँ । हाम्रो एक मन एक चित्त थियो, त्यसैले आँखाआँखामै कुरा हुन्थे । हामीलाई मूल घरका रेल, हलगोरु भन्थे । डिल्लीमाया जन्मिएपछि उनलाई डिल्लीकी आमा भन्थे । हामी दह्रा भएको हुनाले धेरैजसो काममा हामी नै खटिन्थ्यौँ । ढिकी, जाँतो, घाँस, दाउरा, खरबारी, तिलबारी, भस्मे, मसार सबैतिर छिटो र धेरै काम गर्न सक्ने भनेर हामीलाई खटाइएको हुन्थ्यो । हामीले ढिकी कुट्दा भक्याङ, भक्याङ, भक्याङ मच्चिन्थ्यो । ढिकीको आवाज नै सुनेर 'आज ढिकीमा हलगोरु लागेका रहेछन्'

भन्थे । घान लगाउने र निफननाफन गर्नेलाई पनि आच्छुआच्छु हुन्थ्यो । एउटा घान सक्यो, अर्को घान हाल्यो । हाम्रो कस्तो बल र कस्तो तुजुक थियो । मकैका चामल र पीठो पिन्दा पनि घ्वाइँ, घ्वाइँ, घ्वाइँ, झिलिकझिलिक जाँतोमा आगो निकाल्थ्यौँ । त्यस्तो हाम्रो बल मिल्थ्यो । हामीले जाँतो चलाएपछि भोलिपल्ट बराजै छिनो लिएर जाँतो खोप्न थाल्नुहुन्थ्यो ।

# हाम्रो खरबारी

मेरा पतिदेवले बस्तुलाई घाँस काटेर खुवाउन सय रोपनीजति जग्गामा पर्खालले बारेर राख्नुभएको थियो । त्यहाँ खर, सालिम्मो, सिरू, उदासे, बन्सो, अम्रिसो आदि थिए । खरबारी तलतल डालेघाँस, कुटमिरो, पैयुँ, टाँकी, कोइरालो, खन्यु, बाँस इत्यादि जोगाएर पतिदेवले राखिदिनुभएको थियो । अनि ती घाँसहरू बस्तुलाई खुवाउन सजिलो हुन्थ्यो । त्यहाँ गएपछि एकैछिनमा घाँसको भारी पुगिहाल्थ्यो । हामीलाई कहिल्यै घाँसको दुःख हुँदैनथ्यो । घर छाउने खर पनि त्यहीँबाट काटिन्थ्यो । हामीले खेताला लगाएर खर काटेर कुन्यू बनाएर राख्थ्यौँ । आफ्नो घर, मतान, कटेरो, माथि दोकान, बेँसीको याक्सा छाउनुपर्ने बेलामा छायो र छाउनु नपर्ने बेलामा अरूलाई खर बाँढिदिने गरेका थियौँ । पतिदेवले परिवारका लागि सबै कुराको राम्रो व्यवस्था गर्नुभएको थियो ।

हामी घाँस काट्न जाँदा कहिलेकाहीँ हामीलाई काँढा बिज्थे । हामीले गुन्यूको मुजाको बीचमा सियोधागो राखेका हुन्थ्यौँ र काढा निकाल्थ्यौँ । हामी हाम्रा उध्रिएको लुगा पनि सियोले सिउँथ्यौँ । मेरी महतारी दिदीले घाँस काटेको ठाउँ सरक्क हुन्थ्यो । उहाँले घाँस काटेको कहीँ, कतै घाँस बाँकी नरही गलैँचा जस्तो हुन्थ्यो । महतारी दिदी कति ठूलो घाँसको भारी बोक्नुहुन्थ्यो भने त्यो घाँसको भारी मात्रै हिँडेको देखिन्थ्यो ।

एक दिन कान्छी देउरानी, उज्यालमती, साइँली देउरानी र म तिलबारीमा बदाम गोड्न गयौँ । हाम्रो बारीका डिलमा टिम्मुर रातै भएर पाकेका थिए । साइँली देउरानीले भनिन्– 'तिमीहरू कतिकतिओटा टिम्मुर खान्छौ ?' मैले उनलाई भनेँ– 'टिम्मुर खान हुँदैन ।' उजेलीले एउटा टिम्मुर टोकेर मुख बटारिन् । कान्छी देउरानीले पनि टिम्मुर यसो टोकेर जिब्रो पड्काइन । 'धत् नामर्दहरू म त पाँचओटा टिम्मुर खान्छु' भनेर साइँली देउरानीले पाँचओटा टिम्मुर मुखमा हालेर चपाउनासाथ उनीले त सुइत्तै आँखा पल्टाइन् । साइँली देउरानी र्‍याल सिँगान बगाएर बटारिन थालिन्, उनलाई घ्वारघ्वार पनि भयो । साइँली देउरानीको हालत देखेर हामी सबै आत्तिएर रुन थाल्यौँ ।

उज्याली कुदेर 'साइँली भाउजूलाई केले भेटचो' भन्दै घरमा गएर बराजैलगायत अरूलाई पनि बोलाएर लिएर आइन् । बराजैले पानी छ्यापेर उनलाई फुकफाक गर्नुभयो । केही सीप नलागेर निको पार्न बराजै धामी खोज्न जानुभयो । भरे उज्यालीले चूक र रातो माटो घोलेर उनलाई पियाइन् अनि उनको होस आयो । त्यसपछि हामीले उनलाई नौनीघिउ मज्जाले खान दियौँ । उनले पनि नौनीघिउ क्वापक्वापी खाइन् । त्यसपछि साइँली देउरानी टिम्मुर भनेपछि दुरीदुहाइ भएकी थिइन् । अनि उज्यालीले देउरानी साइँलीलाई सधैँ 'टिम्मुर खाने भाउजू' भनेर जिस्क्याउँथिन् । साइँली देउरानी भने रिसाउँथिन् । हामी पनि टिम्मुरको बोट देख्नासाथ साइँली देउरानीलाई 'जाऔँ टिम्मुर खान' भन्थ्यौँ । पछिसम्म टिम्मुर हाम्रो हाँसोको विषय बनेको थियो । कतै टिम्मुर देखेर हामीले 'दिदी टिम्मुर भन्यो' भने 'ए, पड्केहो ! मलाई कति पखाल्छौ हँ ? मलाई नपखाली तिमीहरूलाई खाएको पच्दैन' भनेर साइँली देउरानी तीन दिनसम्म हामीसँग बोल्दिनथिन् । हामी सबै गलल्ल हाँस्थौँ । पछि यो कुरा हाम्री बजैले थाहा पाएर हाम्रो सातो लिनुभयो ।

# हाम्रा खेतहरू

मसार खेत हाम्रो सातौँ पुस्ताका कुस्माखर सिटौलाले किन्नुभएको रहेछ । यो खेत सय मुरीको खलो थियो । यो खेत हामी सबैलाई अति प्यारो थियो । जेठाजुजेठानी, देवरदेउरानी, नन्दआमाजू, छोरीबुहारी, छोराहरू दिनरात यही खेतमा खटेका थियौँ । यही खेत हामीलाई भात खुवाउने, पुर्खाको गौरव, पुस्तौँपस्तासम्म रोपेको खेत हो ।

हामी भात खाएपछि हाम्रो खेतमा गएर आली ऐचला काट्ने गर्दथ्यौँ । सुरुसुरुमा मलाई सबैले काम गर्न सिकाइदिए । हामी कहिले सामलतुमल, ओछ्यान सबै लिएर बैंसीको याक्सामा बस्दै जान्थ्यौँ । हामी एक जना याक्सामा खाना बनाउँथ्यौँ र अरूले खेतमा काम गर्थ्यौं । आकाशबाट पानी परेको साल छिट्टै खेत रोपेर सकिन्थ्यो र पानी नपरेको साल खहरे पनि सुक्ने हुनाले अलि ढिलो खेत रोपेर सकिन्थ्यो । त्यसैले हामी याक्सामा महिनौँदिनसम्म बसेर खेत मैजारो गरेर घरमा आउँथ्यौँ ।

मेरा पतिदेव कहिलेकाहीँ मात्र खेतमा बस्नुहुन्थ्यो । धेरैजसो अड्डा अदालत र गाउँ, स्कुल, कलेजको काममा व्यस्त भएर उहाँको समय बित्दथ्यो । उहाँ खेतमा अराइकराइ गर्न जानुहुन्थ्यो । पर्थामा पतिदेवको काममा बाधा नपुगोस् भनेर सबैले कुनै काम हल्टु नगरीकन सकिदिन्थे । 'माइला मुखिया सारा मानिसहरूका लागि सधैँ खटिरहनुहुन्छ, हामीले उहाँलाई फुर्सद दिनुपर्छ' भन्दै इष्टमित्रहरू काममा जुटिहाल्थे ।

एक पटक पतिदेव निकै साह्रो बिरामी हुनुभयो, ज्वरो आएर गाउँमा खेताला खोज्न जान सक्नुभएन । एक जना बाँस्कोटा नानीलाई बोलाएर 'लु भाइ, तिमीहरू मिलेर सबै काम गरिदेऊ है' भन्नुभएको थियो । 'ए भइहाल्छ नि माल्दाइ' भनेर बाँस्कोटा नानी गएका थिए । भरे सबै इष्टमित्रले चाहिनेभन्दा बढी हलगोरु लिएर खेतमा आएछन् । हामी घरबाट खेतालालाई खाजा पकाउन खेतमा गएका थियौँ । माथि ऐजेरे रमिते डाँडाबाट मसारमा हेर्दा त रातै र कालै पित्ले र पाङ्ग्रे धेरै हलगोरु लिएर सबै जना मसारमा आएछन् । अनि घाम छँदै खेत जोतेर सकिएको थियो ।

अघिल्लै दिन बराजैका मीत भवानीशङ्कर बाँस्कोटा ससुराले 'खेतालाहरूका लागि दहीमोहीको व्यवस्था गरेको छु' भनेर ठेकीका ठेकी दही, ठेकीका ठेकी मोही पठाइदिनुभएको थियो । बाँस्कोटा नानीहरू पतिदेव भनेपछि भुतुक्कै हुन्थे । हाम्रो आपसमा साह्रै सरसहयोग र मेलमिलाप थियो, एउटा जीउ थियो । हामीलाई परेको बेला हारगुहार गर्ने भँडारे थिए बाँस्कोटाहरू । धान, पराल ल्याइदिने, माचमा थन्क्याइदिने, बारीका मूला खनिदिने, खाडलमा सिन्की हालिदिने सबै ब्याँसीको जिम्मा पतिदेवले बाँस्कोटा नानीहरूलाई दिनुभएको थियो । हिउँदमा मसार खेत खाली भएपछि बाँस्कोटा नानीहरूले आफ्नो गोठ त्यहाँ सार्थे । अनि त्यहाँ बस्तु चराउन नानीहरूलाई फराकिलो र सजिलो हुन्थ्यो । हाम्रो खेत पनि मलिलो हुन्थ्यो । हामी सबैको काममा जोतोमोतो मिल्दथ्यो । पतिदेवले भनेपछि गाउँमा कसैले पनि नाइँनास्ति गर्दैनथे । कतिसम्म भने हाम्रो गाउँमा र जिल्लामा उम्मेद्वारको चुनाव हुँदा सबै जना 'हामी कता भोट हालौँ माल्दाइ' भन्दै घरमा आउँथे; अनि पतिदेवले जता भन्यो उतै भोट हाल्दथे । त्यसैले गाउँ र जिल्लामा पतिदेवले भनेकै मानिसले चुनाव जित्दथे ।

पतिदेवले हिले खण्डमा सुवेदी नानीलाई बस्न र खेती गर्न खेत दिनुभएको थियो । सुवेदी नानीहरू पनि साह्रै असल र मिहिनेती थिए

त्यसैले सबै आफ्नै छोराछोरीजस्तै थिए । उनीहरू पनि साह्रै असल र धेरै मद्धत गर्ने खालका थिए र राम्ररी मसारको खेत रेखदेख गरिदिन्थे ।

खेतमा हामी कहिले दिनदिनै घरबाट धाउँथ्यौँ अनि कहिले त मेलो तुर्न हामीलाई हम्मेहम्मे पर्दथ्यो । मसारमै साँझ परेर झ्याउँकीरी बास्दथे, हामी घर आउँदा रात छिप्पिसकेको हुन्थ्यो । जुनेली रातमा त ठीकै हो तर अँधेरी रातमा चाहिँ हामीलाई गाह्रै हुन्थ्यो । हामी कहिले बाँस्कोटा जेठाजुको घरबाट र कहिले सुब्बाहरूको घरबाट राँको बालेर आउँथ्यौँ । हामीलाई टाढाको खेती हुँदा पनि साह्रै हैरान हुन्थ्यो । साना छोराछोरी हुने आमाहरूले नजिकनजिकको काम र घरको भाततिहुन गर्दथ्यौँ । घरको काम पनि अलिअलि कहाँ हो र ? एक पटक त घरमा सातओटा कोक्रामा नानीहरू सुताएका थिए ।

एक दिन जेठ महिनामा देउरानी कान्छी, म र भुजेलकी काली मसार खेतमा आली, ऐचला काट्न जाँदै थियौँ । हामी ठूलाघर बाँस्कोटा जेठाजुको घरनिर पुगेका थियौँ । त्यहाँ मेरा पतिदेवलगायत थुप्रै मानिसहरू जम्मा भएर छलफल गरिरहेका थिए । ठूलाघरे जेठाजु हाम्रा जेठाजुका मीत हुनुहुन्थ्यो । हामीले बाटैबाट उहाँहरूलाई हेर्‍यौँ ।

ठूलाघरकी जेठानी ‘दुईतीन जना मानिसलाई कुट्छु र मार्छु’ भनेर उफ्रँदै हुनुहुन्थ्यो । पतिदेवले ‘ए भाउजू, यिनीहरूलाई लौरोले चाहिँ नकुट्नु हैं’ भन्दै हुनुहुन्थ्यो । ठूलाघरे दिदीले ‘तँलाई बज्या आफ्नो गाउँठाउँको, छोराजस्तो मान्छेले मेरा घरमा आएर डकैती गर्ने’ भनेर त्यसलाई कपालमा समातेर पिट्टा खेलाउनुहुन्थ्यो । कान्छी बुहारीचाहिँ ‘थुक्क तिमीहरूको बुद्धि’ भन्दै थिइन् ।

पुस महिनामा ठूलाघरे जेठाजु र उहाँको कान्छो छोरो बेँसीमा गोठ बनाएर बस्नुहुन्थ्यो । हिलेको थपलिया, चुहानडाँडाको खड्का,

बरेबुङको राई मिलेर दिउँसो दिदीको घरमा गएछन् र दिदीलाई सबै कुरा सोधेछन् । राति 'आमै हामी माथि म्याम्बर उप्रेतीकहाँ हिँडेका राँको बाल्नु पऱ्यो' भनेर पसेछन् र दिदीले 'हुन्छ बाँस चिरेर राँको बाल न त' भन्नुभएछ । तिनीहरू आगो बालेर धेरै बेरसम्म त्यहीँ बसेछन् । 'तिमीहरू अहिलेसम्म किन जाँदैनौ' भन्दा ठूलाघर दिदी र बुहारीलाई डोरीले बाँधेछन् र उनीहरूको सबै रुपियाँपैसा, गरगहना लगेछन् । ठूलाघरे दिदीका तिलहरी र सुनचाहिँ पुराना कपडामा बेरेर यसै राखेको हुनाले जोगिएछन् । उनीहरूले त्यहाँ भएको एक घैँटो जोरबिटे रुपियाँ पनि लगेछन् । ठूलाघर दिदीले दाँतले डोरी काटेर हारगुहार गर्नुभएछ ।

भोलिपल्ट सबै भलाद्मी त्यहाँ जम्मा भए तर चोर पत्ता लागेन । मेरा पतिदेवलगायत सबैले सङ्क्रान्ती बजार र गाउँमा 'त्यस्ता पैसा कसैले लिएर आएछ भने हामीलाई खबर गर्नु' भनेर उर्दी छोड्नुभयो । जेठमा हरिया लेउ लागेका रुपियाँ सङ्क्रान्ती बजारमा देखा परेछन् । अनि पुलिस लगाएर पत्ता लागेपछि ती चोरलाई भेटेर त्यहाँ ल्याएको रहेछ । अनि ठूलाघरे दिदीले उनीहरूलाई ताउरमाउर गरेकी थिइन् । पछि ती चोरलाई ठानामा लगेर बिगो तिराएछन् । हामीचाहिँ ती चोरलाई 'खुच्चिङ पऱ्यो' भन्दै खेततिर झऱ्यौँ ।

हामीले खेत रोप्नका लागि धानको बीउ राख्न ब्याँसीमै ढुकुटीमै धान छुट्ट्याएर राखेका हुन्थ्यौँ । बीउ राखेको ब्याडमा पानी निरन्तर लगाउनु पर्थ्यो । खेतमा पतिदेव रेखदेख गरिरहनुहुन्थ्यो । बीउ रोप्न ठिक्क भएपछि हामी घरबाट खेतमा धान रोप्न झर्दथ्यौँ । हामी धेरैजसो मसार खेतमा मैजारो गरेर नै घर फर्कन्थ्यौँ । हामी कहिलेकाहीँ घरबाट नै खेतमा आवतजावत पनि गर्दथ्यौँ ।

हामीले खलेगरो रोप्ताको रौनक के भन्नु र ? हामी पन्ध्रबीसओटी रोपार धानका हार गाभा मिलाएर असारे गाउँदै

छुपुछुपु धान रोप्थ्यौँ खलेगराको बीचमा बीउको मुठो राख्नेबित्तिकै मिलिक्कै रोपेर सकिन्थ्यो ।

खेत रोप्दा हामी असारेगीत यसरी गाउँथ्यौँ–
'हाहै... असारका है पन्ध्र दिन जाँदा रोपाइँको चटारो कठै...
हाहै... असारका है पन्ध्र दिन जाँदा रोपाइँको चटारो कठै...
राखेका लुगा झिकिदेऊ आमै गौथली पेटारो ।
हाहै... खेत है रोप्नु, लौ छुपुछुपु हातैको मर्मैले
झ्यालमा बस्ने जीउ मेरो थियो दिएन कर्मैले ।
हाहै... खेत लौ रोप्नु, लौ छुपुछुपु हातैमा बीउ छउन्ज्याल
सुखैले खाएँ, सुखैले लाएँ बाबाको जीउ छउन्ज्याल ।
हाहै... असारैमास रोपेको रोपो के मैना पसाउँछ
एकपल्ट आउँछ अल्लारे जोवन दुनियाँ हसाउँछ ।
हाहै... असारैमास रोपेको रोपो मङ्सिरमा पहेँलपुर
लौरो है टेकी ढाकरै बोकी पुगिन्छ चैनपुर ।
हाहै... तामाकै डाडु नि तामाकै पन्यूँ हाइ... तामाकै छपना
चटक्कै माया मारिछौ क्यार देख्दिनँ सपना ।
हाहै... बाबा र ज्यूको टाहारी खेत ढुकुर लुक्ने बीउ
आमाको माया गरौँला भन्थेँ सुकेर गयो जीउ ।
हाहै... उकाली ज्यानको लहरेपीपल पात झरे हरर
बाबा र ज्यूका खेताला झर्दा पृथ्वी थरर ।
हाहै... असारका पन्ध्रमा है दहीचिउरा खानु लहरै बसेर
हाहै... असारका पन्ध्रमा है दहीचिउरा खानु लहरै बसेर
मसारै खेत मैजारो भयो जाऊँ घर हाँसेर कठै...
मसारै खेत मैजारो भयो जाऊँ घर हाँसेर कठै... ।'

हाम्रो खेत गोड्ने बेलामा थुप्रै खेताला बोलाएर कहिले एकै दिनमा कहिले दुईतीन दिनमा खेत गोडेर सकिन्थ्यो ।

# भस्मे खेत

भस्मे खेत हाम्रो घरको नजिकै थियो, यहाँ आधा घण्टामा पुगिन्थ्यो । धान, परालका लागि यो खेत हामीलाई सजिलो थियो । यो खेतमा केटाकेटीहरू पनि साँझबिहान गएर धान रोप्दथे । यहाँ करिब चालिस मुरीजति धान फल्दथ्यो । हामी कालो नुनिया, रामसाली र अनधि (चिउरा खान) धान यही खेतमा रोप्दथ्यौँ । यो खेतको बीचमा ठूलो ढुङ्गो थियो, यसैमा बसेर छोराछोरीहरूले खाजा खान्थे । पतिदेवले यहीँ ढुङ्गाबाट अराइकराइ गर्नुहुन्थ्यो । ढुङ्गामाथि बसेर सबैले थकाइ मार्दथे । कहिले असार पन्ध्र यहीँ खेतमा मनाइन्थ्यो, यो खेत हामीलाई साह्रै प्यारो थियो । हामी दिनदिनै खेतमा जान्थ्यौँ । एक पटक भस्मे खेत मैजारो गरेर म घरमा आउँदा खगेन्द्र टुकुटुकु हिँडेको देखेर म छक्क परेकी थिएँ ।

खेतको धान पाकेपछि धान काटेर आलीभरि फिँजायो । काटेको धानको निहिनले आली सबै पहेँलपुर देखिन्थ्यो । निहिन दुईचार दिन घाममा सुकाएर बिटाबिटा पारेर पोतेर ठिक्क पारेको खलेगरामा लगेर धानको कुन्यू बनाउथ्यौँ । आलाबाटे जेठा नानी र बाँस्कोटा नानीहरू साह्रै सिपालु थिए धानको कुन्यू बनाउन । उनीहरू बाटुलो धानको कुन्यूमाथि शिर उठाएर फूलपाती लगाएर बनाउँथे अनि समय मिलाएर दाइँ गरिन्थ्यो । मसार खेतको धानको दाइँ गर्ने दिन सय जना दयेँरे हुन्थे । हामी अघिल्लै दिन भातभान्साका लागि सबै खानेकुरा लिएर मसारमा जान्थ्यौँ । बेलुका राँको बालेर बढाबढा

खड्कुँला र सबै आवश्यक सामान लिएर हामी खेतमा जान्थ्यौँ । भुरा पनि सकेसम्मका पोका बोकेर हामीसँगै खेतमा जान्थे, उनीहरू परालमा लडीबुडी गर्थे । भुराहरू बिहानै उठेर दयेँरेसँगै 'दाइँ बरादो...' भन्दै मियोका वरिपरि घुम्दथे त्यसैले साह्रै रमाइलो हुन्थ्यो मसारको दाइँमा । कोही दयेँरे बिटाको ऋरुवा धान ऋार्ने र कोही गोरु घुमाएर मडुवा धान बनाउँथे । चारपाँच हल गोरु खलेगरामा दाइँ गर्न घुमाउँदाको रमिता बेग्लै हुन्थ्यो । दयेँरेले गीत गाएर मसार नै गुन्जाउँथे । खाना खाएर खेतबाट धानका भारी बोकेर घर हिँडेका दयेँरेको लर्को कति रहरलाग्दो हुन्थ्यो भने नि ! हामी आलीमा रोपेका मास, मस्याङ पाकेपछि काटेर सुकाएर, मसारमै कुटेर, माडमुड पारेर, केलाएर घरमा ल्याएर थन्क्याउँथ्यौँ ।

•

हामीले काजकल्याण, चाडबाड खुबै रमऋमसँग मनायौँ । तिजमा दर खाने हामी पन्ध्रबीसओटी सबै नन्दआमाजू, भान्जाभान्जी, देउरानीजेठानी हुन्थ्यौँ । म बढाबढा पाकेका काँक्रा चिरेर खैपी बनाउँथेँ । बारीबाट पटपटी फुट्न लागेका काँक्रा ल्याएर बढो काठको छपाथे आरीमा लामालामा काँक्राका लोर्का कोरेसाले स्वाइँस्वाइँ कोऱ्यो; आफ्नै बारीको हरर बास्ना आउने रायो, लद्ध परेको दहीमा नुनखुर्सानी हालेर चट्ट पारेर दहीकाँक्रो बनाउँथेँ । छोराछोरीले क्या स्वादले रहर लाग्ने गरेर जिब्रो पड्काएर दहीकाँक्रो खान्थे भने नि ! त्यो मलाई बेग्लै आनन्द लाग्ने थियो । तिजको दर हामी गाउँभरि नै सबैलाई बाँड्थ्यौँ । गाउँमा कहिले माइला मुखियाको घरमा श्राद्ध, चाडबाड आउँछ भनेर मान्छेहरू औँला भाँचेर बस्दथे ।

खाम्लालुङबाट साइँला नानीले ल्याएको ठोट्ने, निहुरो, हर्पेभरि घिउ, घरीका घरी केरा, खीर, ढकनी, सेलरोटी, थरीथरीका अचार, तरकारी खुवाएर, खाएर आफ्नो पालामा खूब चकचकी गरियो ।

हामी सबैले राम्राराम्रा लुगा, गहना राता परिधान लाएर खुबै गाइयो; खुबै नाचियो, पूजा लगायो, रातभरि गाएर र नाचेर रातै छर्लङ्गै पार्थ्यौं । म खुट्टा नबिसाई नाच्दा पनि थाक्दिन थिएँ, ठाकुरे ! कस्तो थियो तुजुक, हे भगवती ! हामी गाउँभरिका जम्मा भएर तीजमा रमाइलो गर्दथ्यौं । उति बेला सँगिनी गायो, लोकगीत गायो, मादल बजायो, मुरली, हारमनी पनि बजाएर साह्रै रमाइलो गरियो ।

हामी दसैँमा पनि महिनादिन अगाडिदेखि कुटन, पिँधन गरेर चामल, पीठो तयारी गर्थ्यौं । पाँचपाथे, छपाथे खड्कुँलाका खड्कुँला धान भिजाएर चिउरा ढिकीमा कुट्दथ्यौं । हामी सबै थोक खानेकुरा तयार गरेर राख्दथ्यौं । हाम्रो घर मूल घर, ठूलो नातो भएकाले हामीलाई कति रमाइलो हुन्थ्यो । पहिलापहिला गाउँमा छिटका गुन्यू र खाँडीका चोला लगाउने चलन थियो । पछि अरू नै राम्रा, नरम कपडा निस्किए र समयअनुसार हामी पनि त्यस्तै लुगा लगाउँदै गयौं ।

हामी तिहारमा पनि थुन्चेका थुन्चे सेलरोटी बनाउँथ्यौं । हामी मीठो न मीठो काँक्राको खैपीको अचार पनि बनाउँथ्यौं र सबैलाई बाढ्थ्यौं । अझ गाउँमा दुई जीउ भएका आइमाईलाई चाहिँ मैले घरमै बोलाएरै भए पनि अथवा उनीहरूको घरमै पठाएरै भए पनि खानेकुरा र काँक्राको अचार खुवाउँथेँ । हाम्रो बारीमा फूलैफूल थियो, तिहारमा झ्यालढोकामा मालैमाला लगाउँथ्यौं । आँगनमा देउसे भैले धूमधाम नाच्दथे । अति रमिता हुन्थ्यो । भाइटीकाका दिन दाजुभाइलाई परिपञ्चले खाना खुवायो, मलाई अति आनन्द आउँथ्यो ।

देउरानी कान्छीको माइत नेसम, हाङपाङदेखि अलि पर भएको हुँदा कहिलेकाहीँ हामी सँगै माइत जान्थ्यौं । बाटामा बात मार्दै जाँदा हामीलाई बिछट्टै आनन्द हुन्थ्यो । हाम्रा बात मारेर कहिल्यै नसकिने, बाटो काटेको पनि हामीलाई पत्तै हुँदैनथ्यो । दसपन्ध्र दिन माइत

बस्यो अनि घर आयो । हिउँदमा चाहिँ हामी बुहारीहरू आलोपालो गरेर एक महिनासम्म बस्ने गरी माइत जान पाउँथ्यौँ । चुहानडाँडाबाट बिहान झिसमिसेमा हिँड्दा बेलुकातिर हाङपाङ पुगिन्थ्यो ।

•

जेठाजु र जेठी जेठानी हिमादेवीको जेठो छोरो धर्मानन्द कडा स्वभावको वीर, बहादुर थियो । ऊ चाहेको कुरा गरेरै छोड्ने, ठूलो बोली भएको, सबैसँग ठट्टा गर्नुपर्ने, खेतालालाई काम लगाउन साह्रै सिपालु थियो । ऊ गएको ठाउँमा कसैले काम हेर्न जानु पर्दैनथ्यो । काम राम्रो नभए दोहोऱ्याउन लगाइहाल्ने उसको कडिकडाउ शासन थियो । उसलाई देखेपछि सबै खेतालाहरू जऱ्याकजुरुक उठेर काममा लाग्दथे ।

एक पटक सिरवानीमा हाम्रो खर काट्ने दिन थियो । खर काट्ने खेताला पनि थुप्रै थिए । नाति मोहनलाई हेर्न कान्छी नानीलाई सिरवानीमा लगेको थियो । दिउँसो खाजा खान साना डल्ले स्कुस एक खड्कुँलो उसिन्न बसाएको थियो । धर्मानन्दले ‘फुपू, नानीलाई हल्लाउँदै स्कुसमा आगो लगाऊ है’ भनेको रहेछ । कान्छी नानी मोहनलाई कोक्रामा हल्लाउँदाहल्लाउँदै निदाउनुभएछ ।

भरे धर्मानन्द खेतालालाई खाजा लिएर बारीमा गयो । देउरानी कान्छीले नुनखुर्सानी पिँधेर लगिन् । सुब्बिनीहरू ‘ओइ धर्मानन्दे, हामी त यस्ता ब्याएको स्कुस खाँदैनौँ’ भन्न लागे । जुन स्कुस हेऱ्यो, जाब्री छैन, सबैको हाँसो भयो । धर्मानन्द घरमा गएर ‘किन स्कुसका जाब्री खायौँ’ भन्दै कान्छी नानीलाई कुटेछ ।

‘तँ धर्मे बज्या ! मैले कुन स्कुसका जाब्री खाएँ ? हेर्दिनँ तेरो छोरोसोरो’ भन्दै कान्छी नानीले घरबाट धाइफाल तोडिन् ।

‘ए धर्मानन्द, बैनीलाई नकुट, स्कुसको जाब्री मैले र माइला (रघुनन्द)ले खाएको हो, बाँकी जाब्री लिस्नामुनि आरीमा राखेको छ’

भनेर कान्छा नानी भागेछन् । अनि धर्मानन्दले स्कुसको बाँकी जाब्री बारीमा ल्याएर 'लु बाँढेर खाओ है, फुपू भागिन्' भनेर कुद्यो । धर्मानन्द माथि डाँडामा पुगेर 'बिराएँ फुपू, कान्छा काका र माइलाले स्कुसका जाब्री खाएछन्, तिमीलाई ढोग्छु, माफ गर, पैसा दिएर बोकेर फकाएर कान्छी नानीलाई ल्याएछ । भरे हामी सबै जम्मा भएपछि खुबै हाँसो भयो ।

•

पानी खाने पँधेरो टाढा भएको हुनाले हामीलाई पानीको दुःख थियो । हाम्रो मूल घर, ठूलो नातागोता रातसाँझ पाहुना आइरहने गर्दथे । राति बजैका भदैहरू सुभाङबाट हाम्रो घरमा आए । मैले खाना पकाएर उनीहरूलाई खुवाएँ । हामी जसोतसो धन्दा सिध्याएर सुत्यौं । राति ती पाहुनाले 'हामी सङ्क्रान्ती हिँडेका हामीलाई ढिलो हुन्छ, छिटो खाना पकाइदेऊ' भनेर देउरानी कान्छी र सानीमालाई भनेछन् । गग्रेटोमा सबै गाग्रा रित्ता रहेछन् अनि सानीमा र देउरानी कान्छी पानी लिन पँधेरा गएछन् । उनीहरू कुवा गहिरोमा पुगेपछि स्यालेपाखाबाट बाघ घुरुङघुरुङ गर्दै कराउँदै आएछ । सानीमा डराएर लड्नुभएछ र गाग्री पनि लडेर तल गएछ, बाघ पनि त्यताबाट दमाईंबारीतिर कुदेछ । अनि उनीहरू हतारहतार हिटीमा गएर पानी भरेर लिएर आएछन् ।

सानीमाको गाग्राकी मुख कुच्चिएछ । उनीहरू देवीथान डाँडामा आइपुगेपछि त्यो बाघ फेरि कराएछ र दमाईंका घरको सुँगुर लगेको हुनाले होहल्ला गरेछन् । त्यसपछि सानीमा डाँको छोडेर रुन थाल्नुभएछ । सानीमा रोएको सुनेर बा आत्तिएर दियालो बालेर उनीहरूलाई लिन जानुभएछ । अनि झन् साह्रो रुँदै सानीमा घरमा आउनुभएछ । अनि देउरानी कान्छीले खाना पकाइछन् । बाले यसो आकाशमा तारा हेरेको त आधा रात मात्र भएको रहेछ । 'धत ! नाथुहरू, तिमीहरूले हतार गरेछौ' बाले भन्नुभएछ ।

हाम्री महतारी दिदीलाई पनि यस्तै घटना भएको थियो । उहाँ राति नै कुवामा गएर पानीको गाग्री बोकेर हिँड्दा बाघसँग जम्काभेट भएछ । बाघका टललल आँखा टल्किएछन् । 'हे सिंहवाहिनी देवी ! म तिम्रा शरणमा परेँ है, घरमा पाहुना आएका छन् मलाई बाटो देऊ' भनेर हलचल नगरी उभिनुभएछ । बाघ तल्लो बाटो दमाईंका घरतिर लागेछ । महतारी दिदी सास न वास दगुरेर देवीथान डाँडामा आइपुग्दा बाघले दमाईंको घरको बाखो लग्यो भनेर हल्ला भएछ । 'मेरी आम्मै ! मेरा त हातखुट्टा सबै बिलाए' भन्दै गाग्री नछोडी महतारी दिदीले पानी ल्याउनुभयो । हामीले पानीको भुक्तमान पनि साह्रै गर्‍यौं ।

•

२०१८ सालसम्म कान्छो देवरको परिवार हामी सँगै एकै घरमा बस्यौं । डिल्लीमाया, जमुना, डिल्लु, नारन, माधव र पुष्पा त्यहीं मूल घरमा जन्मिएका हुन् । दुर्गालगायत अरू छोराछोरी नयाँबारीमा जन्मिएका हुन् । बराजैले पतिदेवसँग बस्ने इच्छा गर्नुभयो । कान्छा नानी र देउरानी कान्छीहरू नयाँबारीमा बस्न थाले तर खेतीपातीचाहिँ हाम्रो सँगै थियो । कान्छा नानी झापाको व्यवहार हेर्नुहुन्थ्यो, पछि देउरानी कान्छीहरू पनि झापा गए । देउरानी कान्छीले 'झापा जाऊँ दिदी' भनेर मलाई खुबै जोड गरिन् तर म गर्मी खप्न नसक्ने भएको हुनाले चुहानडाँडामै बसेँ । देउरानी कान्छी हिँड्ने बेलामा कति दिनदेखि हाम्रो रुवाबासी भयो । हिउँदमा कहिलेकाहीँ म झापा जाँदा हाम्रो भेट हुन्थ्यो । म एक पटक झापा गएको बेला छोरी डिल्लीमाया र गङ्गा ज्वाइँको विवाहमा गोडा धुन पाएकी थिएँ । डिल्लीमाया आफ्नै काखमा हुर्किएकी छोरीको कन्यादान गरेर अन्माउन पाउँदा मलाई कति खुसी लाग्यो लाग्यो नि ! पतिदेव र मलाई पनि यो विवाहको साइत जुरेको रहेछ ।

ठाइँलो छोरा चैतन्य र ईश्वरीको विवाहमा हामी काठमाडौँ आउँदा देउरानी कान्छी र हामी सँगसँगै पोखरा, काठमाडौँ, भक्तपुर र ललितपुरका मुख्यमुख्य ठाउँ घुमेका थियौँ । सिंहदरबारभित्र विभिन्न आकार देखाउने ऐनाहरूको कोठा रहेछ, त्यो देखेर अचम्म मान्दै हामीले अनेक किसिमका मुख बनाएर, हातका विभिन्न आकृति बनाएर निकै बेरसम्म ऐनासँग खेलेका थियौँ । हामीले कति हो कति हँसीमजाक गरेका थियौँ । कुनै ऐनामा अग्लो देखिने, कुनै ऐनामा होचो देखिने, कुनै ऐनामा मोटो, कुनै ऐनामा चेप्टो, धीत मरुन्जेल खुबै हाँसियो । त्यहाँ आउने मानिसहरू पनि हामीहरू हाँसेको हेरेर हाँसेका थिए ।

पतिदेव, महतारी दिदी, देउरानी कान्छी, छोरी मैयाँ, नातिनी झरना सँगै काठमाडौँमा सबैतिर घुमेका थियौँ । छोरी राधिकालाई फुर्सद भएको हुनाले हामीलाई सबै देवदेवालय, मठमन्दिर घुम्न कहीँ कतै छुटेन । ती दिन सम्झँदा अहिले पनि मलाई रमाइलो लाग्दछ । पहिला पनि हाम्रो कामकाम भनेरै दिन बित्दथ्यो । त्यो बेला बात मार्दै रमाउँदै धेरै दिन हामी सँगै घुमेका थियौँ । हामीलाई खूब आनन्द लागेको थियो ।

बरा ! देउरानी कान्छी लडेर उनको खुट्टा राम्ररी टेकिँदैन, राम्ररी हिँड्न सक्दिनन्, मलाई कति दुःख लाग्यो । हामी सबै अमेरिका पनि पुग्यौँ म, महतारी दिदी, साइँला नानी, साइँली देउरानी । मैले मेरा छोरा कवीन्द्रलाई ‘कान्छीलाई पनि अमेरिका ल्याउनुपर्छ है बाबा’ भनेकी थिएँ । देउरानी कान्छी लडेर अमेरिका लानै पाइएन । अमेरिकामा कहिलेकाहीँ मलाई इन्द्र छोराको घरमा लैजान्थे । बुहारी नीलम पनि असल छिन् । मैले इन्द्रलाई कति भनेँ– ‘बाबै इन्द्र आमालाई ले न, अमेरिकामा यस्ता राम्रा बाटा, कति राम्रा बजार, किनमेल गर्ने ठाउँ कति हो कति ! यहाँ मन लागेका सबै चीज किन्न पाइने । सानीमा र म बात मार्दै रमाउँदै हिँडथ्यौँ नि

पसलमा, समुद्रमा डुबुल्की माथ्यौँ । सररररर गाडीमा हामी हाँस्दै, गाउँदै घुम्थ्यौँ ।' तर सानीमा अमेरिका पुग्नै पाउनु भएन । मलाई थकथकी लाग्यो, पछुतो लाग्यो । मानिसको जीवन भनेको बाँचुन्जेल मात्र रमाइलो रहेछ । धन्न, पुष्पा छोरी र त्रिलोचन ज्वाइँले बेलायत लगेर देउरानी कान्छीलाई पनि विदेशको रमझम देखाए । मलाई साह्रै आनन्द लाग्यो ।

म कहिलेकाहीँ झापा गएको बेला मैले सकुन्जेल देउरानी कान्छीलाई भेट्न गइरहेँ । हामीले दुःखसुखका कुरा गऱ्यौँ । अघिका कुरा सम्झेर कहिले हाँस्यौँ, कहिले रमायौँ, कहिले रोयौँ । हामी सबै छोराछोरीको प्रगतिमा खुसी भयौँ । सबैलाई आशीर्वाद दियौँ । देउरानी कान्छीलाई छोडेर हिँड्दा मेरो मुटु सधैँ गाँठो पर्छ । कति दुःख भयो नि मेरो बाबा कान्छी तिमीलाई खुट्टा नटेकिएर ! पहिला यहीँ चन्डोलमा छोरा दुर्गासँग बस्थे कान्छा नानी, देउरानी कान्छीहरू । साह्रै असल छन् दुर्गा, निर्मला । पछि कान्छा नानी अशक्त भएपछि उनीहरू झापा गए । 'मुमा' भन्दै दुर्गा मलाई भेट्न आइरहन्छ ।

छोरा माधव र बुहारी जमुनालाई मेरो सहस्र आशीर्वाद छ । उनीहरूले आमालाई साह्रै राम्ररी स्याहार गरेर राखेका छन् । म पोहोर साल ९१ वर्षको उमेरमा पनि झापा गएर देउरानी कान्छीको कपाल कोरिदिएँ, धागो लगाइदिएँ । देउरानी कान्छीको अन्ठानब्बेऔँ वर्ष धूमधामसँग मनाइयो, मलाई पनि उनको जन्मदिन मनाउन जुरेको रहेछ, उहिले हाम्रा पालामा यसरी जन्मदिन मनाउने चलन थिएन । हामीले सबै छोराछोरीलाई आशीर्वाद दियौँ अनि हामी रुँदै छुट्टियौँ । म अमेरिकामा भएकै बेला साइँला देवर, कान्छा देवर र साइँली देउरानीको स्वर्गवास भएको खबरले मलगायत कवीन्द्र बाबा, रञ्जिता अनि अरू छोराछोरी अत्यन्त मर्माहत भएर काजकिरिया गरेका थियौँ । मेरा मुटुका टुक्रा, आँखामा हाल्दा पनि नबिझाउने दुवै देवर र साइँली देउरानीको बिछोडमा मेरा आँखा धेरै दिनसम्म ओभाएनन् ।

# मेरा नन्दआमाजू

हाम्रा नन्दआमाजू आठ जना थिए । बजै हामीलाई भनिरहनुहुन्थ्यो– 'बाबैहो; सबै थोक दिने ठाउँ पाइन्छ, छोरी दिने ठाउँ पाइँदैन, आँप चाखेजस्तो कुटुम्ब चाख्न नमिल्ने रहेछ ।'

जेठी आमाजू कालिकादेवी याङखुवाका रामचन्द्र बाह्रकोटीलाई दिएको थियो । आमाजूका तीन जना छोरी जन्मिए– रमा, हिमा, पद्मा । रामचन्द्र दाजु तीस वर्षमै स्वर्गे हुनुभयो । सुरुसुरुमा त ठिकै थियो, पछि आमाजूलाई देवरले अंश नदिएपछि पतिदेवले जेठी आमाजूलाई अंश दिलाउन अदालतको सहयोग लिनुभएको थियो । अदालतमा जेठी आमाजूले अंशमुद्धा जिते तापनि आफ्नै घरमा जेठी आमाजूलाई ल्याएपछि पतिदेवले जेठी आमाजूको अंश लिनु भएन । जेठी आमाजू धेरै वर्ष हामीसँग चुहानडाँडामा बस्नुभयो । उहाँले हामीलाई अति नै प्यारो गर्नुहुन्थ्यो । पछि माइली भान्जी हिमाको पनि श्रीमान् हरिप्रसाद ओली स्वर्गे भएपछि भान्जी पनि हामीसँगै चुहानडाँडामा बस्नुभयो । उनी अति नै प्यारी भान्जी थिइन् । पछि पतिदेवले झापामा जग्गाको बन्दोबस्त गरेपछि जेठी आमाजू, माइली भान्जीहरू झापा जानुभयो ।

माइली आमाजू रोहिणीदेवी लक्ष्मीप्रसाद सेढाईंलाई दिएको थियो । उहाँ पनि हामीलाई साह्रै माया गर्नुहुन्थ्यो, हाम्रो भोकतिर्खा देख्ने गर्नुहुन्थ्यो । माइली आमाजूका धेरै छोराछोरी स्वर्गे भएर

ठूलीकान्छी नानी डिकुरादेवी उनै लक्ष्मीप्रसाद सेढाईंसँग विवाह भएको थियो । उहाँहरूको घर हाम्रो घरनजिकै थियो । उहाँहरू र हाम्रो अति नै घनिष्ठ सम्बन्ध थियो । जे पर्दा पनि आपसी सहयोग र सद्भाव सम्बन्ध आज पर्यन्तक छँदै छ । एक गाँस मीठो चोखो पनि हामी बाँडेर खान्थ्यौँ । सबै भान्जाभान्जी हाम्रा काखकाखै हुर्किए । ठूलीकान्छी नानी छिटो स्वर्ग हुनुभएको हुनाले सबै भान्जाभान्जी माइली आमाजूले नै हुर्काउनुभएको थियो । हरिमाया, जयनारायण, नरमाया, कृष्णमाया, कृष्ण, जगमाया, जगन, तोयानाथ, विष्णु र रामलक्ष्मण अति नै प्यारा र सहयोगी भान्जाभान्जी थिए । सबै बुहारी, ज्वाइँहरू उस्तै गुनिला थिए ।

साइँली आमाजू कुन्तादेवीको देवीप्रसाद उप्रेतीसँग विवाह भएको थियो । उनी सबैकी प्यारी थिइन् । साइँली आमाजू ठूलो मन, ठूलो हात, भित्र आँखा भएकी थिइन् । उहाँको सबैलाई बाँढेर खानुपर्ने, गरिब दुःखी सबैलाई सेवा पुऱ्याउनुपर्ने बानी थियो । एक पटक झापामा एक जना गरिब आइमाई सबैतिर फाटेका लुगा लाएर बाटामा मागेर बसेकी रहिछन्, साइँली आमाजू नयाँ लुगा लगाएर बजार जानुभएको थियो । अनि त्यो गरिब आइमाईलाई साइँली आमाजूले आफ्नो सारी फुकालेर दिएर आउनुभएछ । अनि साइँली आमाजू घरमा हतारहतार आएर अर्को सारी लगाउनुभएछ । अरू त अरू कुकुर, बिरालाले छाउरा जन्माउँदा पनि साइँली आमाजूले उनीहरूलाई औषधि बनाएर खुवाउने गर्नुहुन्थ्यो । जोकोही आइमाई सुत्केरी भएको कुरा सुन्नासाथ साइँली आमाजू ओखती, लुगा लिएर त्यहीँ पुगिहाल्नुहुन्थ्यो । सहयोगका लागि सधैँ साइँली आमाजूको हात उठिरहने अनि उहाँको धन पनि मन पनि थियो ।

साइँली आमाजू बिरामी भएर चारपाँच वर्ष चुहानडाँडा आएर बस्नुभएको थियो । साइँली आमाजूका मित्र र मनु छोरा थिए । उनीहरू अति प्यारा र रमाइला भानिजहरू थिए, भान्जाहरू 'राम्री

माइजू' भन्दै मेरा अघिपछि लाग्दथे, काखमा बस्दथे । पछि निको भएर साइँली आमाजू काठमाडौँ जानुभयो । काठमाडौँबाट पनि साइँली आमाजूले हामीलाई उपहार पठाइरहनुहुन्थ्यो । काठमाडौँमा सबै केटाकेटी पढ्न जाँदा उहाँ नै सबैकी आमा बन्नुभएको थियो । सबै छोराछोरी साइँली आमाजूसँगै बसे, पढे । साइँली आमाजू सबैकी आमा हुनुहुन्थ्यो । देवीप्रसाद उप्रेतीको समाजसेवामा साइँली आमाजूले दह्रो सहयोग पुऱ्याउनुभएको थियो ।

काइँली आमाजू जानुकाको बर्मलाल उप्रेतीसँग विवाह भएको थियो । काइँली आमाजू छिट्टै स्वर्ग भएपछि भान्जा पद्मलाललाई पनि हाम्रै घरमा ल्याएर राखेको थियो । भान्जाको विवाह गरेर पतिदेवले अंश दिएर भान्जालाई घर बनाएर राखिदिनुभएको थियो । छोराछोरी भएपछि भान्जाहरू पनि झापा आउनुभयो । म अमेरिकाबाट फर्किएपछि मेरो माइत शिवगञ्ज गएकी थिएँ । पद्मलाल भान्जाले म शिवगञ्ज आएको थाहा पाउनुभएछ र मलाई लिन आउनुभयो । त्यो बेला भान्जाले मलाई निलुला जस्तो गर्नुभयो । बुहारी पनि मलाई देखेपछि उसै गरी हुरुक्कै हुन्छिन्, नातिनातिना उसै गरी खुसी हुने गर्छन् । चारपाँच दिन मलाई आफ्ना घरमा राखेर सारा छिमेकीलाई बोलाएर 'मेरी माइजू आमाजस्तै' भनेर पद्मलाल भान्जाले हर्षबढाइँ गर्नुभयो । पद्मलाल भान्जाले 'एक महिना बस्नुपर्छ माइजू' भनेर साह्रै ढिपी गर्नुभयो तर भ्याइएन । साह्रै असल थिए मेरा पद्मलाल भानिज ।

अन्तरी आमाजू जसोदा चुडाल मिचिरिङका दुर्गादास चुडाललाई दिएको रहेछ । मलाई हाङपाङबाट मैतालु ल्याउँदा अन्तरी आमाजू सँगै चुहानडाँडा आउनुभएको थियो । मलाई बाटामा मानिसले फर्कीफर्की हेरेर 'कति राम्री' भन्दा असाध्यै खुसी भएर अन्तरी आमाजू ताली पड्काउनुहुन्थ्यो । अन्तरी आमाजू पनि माइतबाट घर जाँदा सधैँ नयाँ लुगा लगाएर जानुहुन्थ्यो । अनि बाटामा हिँड्ने

मानिसले अन्तरी आमाजूलाई हेर्दै हिँडे भने खुसी लाग्दो रहेछ, कसैले हेरेनन् भने खोकेर, अनेक गरेर आफ्ना लुगा देखाउनुहुँदो रहेछ । घरमा आएर अन्तरी आमाजूले 'आज मैतालुको साह्रै धेरै मानिसले तारिफ गरे, फर्कीफर्की हेर्दै हिँडे, बनाएजस्तै स्वर्गकी अप्सरा भने' भनेर भन्नुभयो । पछि २००७ सालको आन्दोलनमा धेरै मानिसहरू मधेस झर्दा उहाँहरू पनि झापा झर्नुभएको थियो । अन्तरी आमाजूका छोराछोरी भान्जा पद्मप्रसाद, गङ्गाप्रसाद, भरत र भान्जीहरू देवीलगायत पाँच जना थिए ।

जन्तरी नानी पद्मा विष्णुलाल प्रसाईलाई दिएको थियो । जन्तरी नानी साह्रै जाति, साथीजस्तै सहयोगी अनि दौतरी हुनुहुन्थ्यो । जन्तरी नानीलाई पतिदेवले पढ्नका लागि स्कुल पनि हालिदिनुभएको थियो । मेरी ज्ञानी बहिनी भनेर पतिदेवले जन्तरी नानीको साह्रै प्रशंसा गर्नुहुन्थ्यो । उनको स्वर राम्रो थियो, उनी मिलनसार थिइन्, हामी सँगसँगै गाउँथ्यौँ, नाच्दथ्यौँ, जन्तरी नानी साह्रै सन्तोषी हुनुहुन्थ्यो । जन्तरी नानीका गोपाल, कृष्ण भान्जालगायत देवी भान्जीसहित तीनओटी भान्जीहरू पनि जन्मनुभयो । उहाँहरू झापामा नै बस्नुभयो । पतिदेवको अन्तिम अवस्थामा जन्तरी नानी हाम्रो घरमा आएर चारपाँच दिन बसेर भजन गाउनुभयो, रामनाम जप्नुभयो, देवीका स्तोत्र पाठ गर्नुभयो, हाम्रो घरमा शान्तिको माहोल बनाउनुभयो ।

कान्छी नानी कमला होडाका देवीप्रसाद ओलीलाई दिएको थियो । हाम्रा सासूससुराका तेह्र जना छोराछोरीमध्ये अब कान्छी नानी मात्र जीवित हुनुहुन्छ । कान्छी नानी र हामी पनि दौतरी हौँ । कान्छी नानी काम गर्न पनि साह्रै वीर बहादुर, नाच्न पनि उत्तिकै सिपालु, रतेली नाच्दा रातभरि खुट्टा नबिसाई छर्लङगै बनाउने, कुर्लिएर गाउँ नै थर्काउने हुनुहुन्थ्यो । सधैँ चाडबाड सँगै मनाइयो, खुबै नाचियो, खुबै गाइयो । कान्छी नानीको घर हाम्रो घरबाट धेरै

टाढा थिएन । हाम्रो घरमा भए गरेका कुनै काजकल्याण, पूजाआजा र चाडबाडमा कान्छी नानी कहिल्यै पनि छुट्नु भएन ।

हामी एक दिन तीन बजे पानी लिन पँधेरा जाँदै थियौँ । कान्छी नानी पानी लिएर उकालो आउँदै हुनुहुँदो रहेछ । मैले भनेँ– 'आबुई नानी यति राति ?' कान्छी नानीले भन्नुभयो– 'लौ, तिमीहरू भर्खर आउँदै छौ ? म सात पाथी मकै पिँधेर केलाएर आएकी ।' धाराकान्छाले गाग्रो माग्न जाँदा कान्छी नानीलाई 'के हो कान्छी, तिमी किन यसरी रातभरि हिँड्छौ ? तिमीलाई जङ्गलमा बाघले पनि खाँदैन, चितुवाले पनि तान्दैन ? जहिल्यै पनि रातिराति आएर हाम्रो घरमा गाग्रो माग्छौ ?' भनेछन् ।

भुराहरूले 'कान्छी फुपू आउनुभयो' भनेपछि हामी ढुक्क हुन्थ्यौँ; ठूला गाग्रामा पानी आयो भनेर । कहिले त गाग्रा रित्तै हुन्थ्यो र हामी हतारहतार भातका ठूलाठूला गाँस खाँदै हुन्थ्यौँ । कान्छी नानीले पानी ल्याएपछि हाम्रो ठूलो सास आउँथ्यो । 'लुखास्त ! आइपुग्यो पानी हे मेरी नानी, हाहाहा...!' कान्छी नानी खाना खाएर सुत्नुहुन्थ्यो, दिनभरि नन्दभाउजू बात मार्‍यो अनि बेलुका भएपछि खाना खाएर कान्छी नानी घर जानुहुन्थ्यो । हामी सधैँ कान्छी नानीलाई टन्नै कोसेली दिएर पठाउँथ्यौँ ।

हाम्रो पँधेरो टाढा भएर हामीलाई पानीको सधैँ दु:ख थियो । पतिदेवको अथक् प्रयासले चुहानडाँडामा घरघरमा पानी आयो । म त्यहीँ मताननेरि पानी लिन जानका गाह्रोले पाइपले गाग्रामा नै पानी भर्ने गर्थें । एक दिन कान्छी नानी पनि हाम्रोमा आउनुभएको थियो ।

'लुलु कान्छी नानी गाग्रामा पानी भर्नू । पहिला कति दु:ख गरियो पानीका लागि, अहिले हाम्रा कस्ता सुखका दिन आए हाहाहा !' भनेर म बारीमा साग टिप्न हिँडें । कान्छी नानीले ठूलो गाग्रामा पाइप लगाएर बाहिर निस्कनुभएछ र मसँग कुरा गर्न

थाल्नुभयो । कुराका सुरमा पानीको पाइप झिक्न बिर्सियो, भित्र त पानीको पोखरी भएछ ।

'हाहाहा ! ठूलीकान्छी भाउजू, पहिला पानी ल्याउँदाको दुःख, अहिले पानी सोर्दाको दुःख !' अगेनो, मजेरी, चुलो सबै डुबेर मूल ढोकाबाट पानी बग्न थालेपछि पो हामीले थाहा पायौँ त । हाम्रा चेत पनि कता गएछन् ? भुसुक्कै भएछन्, हाहाहा !

कान्छी नानीलाई बाबा कवीन्द्रले अमेरिका पनि लग्यो । मेरी आम्मै ! कान्छी नानी त नेपालदेखि जहाजमा मुखमा पानी पनि नहाली अमेरिका पुग्नुभएछ । 'आ भाउजू, बाटामा खान केके दिन्छन् भनेर नखाईकन नेपालदेखि अमेरिकासम्म आएँ ।' हामी चार महिना सँगै बस्यौँ । कान्छी नानीलाई यताउता सबैतिर घुमाइदियो कवीन्द्र बाबाले । अरू सबै भदाभदैले, भतिजाहरूले पनि कान्छी नानीलाई घुमाइदिए ।

'हँ फुपू, तपाईंले सधैँ माइतमा भरि पानीका गाग्रा लिएर आउँदा आमाहरूबाट धेरै आशीर्वाद र स्याबासी पाउनुभएको रहेछ र त अमेरिकाको माइतमा पनि छ महिना बस्न, घुम्न जुऱ्यो !' कवीन्द्र बाबाले हामीलाई हँसाउँथ्यो ।

'हो नि बाबा, म पँधेरोबाट सुब्बाहरूको सबैभन्दा ठूलो गाग्रोमा पानी लिएर माइत जान्थेँ, एकछिन भए पनि भाउजूहरूसँग बस्न पाइन्थ्यो । म पहाडमा साठी वर्ष बसेँ बाबा, कुनै तिथि, चाडबाड, तिजमा मलाई छुटाउनु भएन भाउजूहरूले । मेरा जस्ता माइती कसैका हुँदैनन्, यी भदाले पनि त चौरासी वर्षको उमेरमा पनि मलाई अमेरिका ल्यायौ त !' हाम्रो हाँसो हुन्थ्यो । समुद्रमा गएर नानी र मैले सबै पितृलाई पानी चढायौँ, प्रार्थना गऱ्यौँ ।

अमेरिकामा कान्छी नानीको पनि केक काटेर जन्मदिन मनायौँ, धेरै उपहार पाएर कान्छी नानी धेरै खुसी हुनुभयो । कान्छी नानीको

ठ्याक्कै दिनबार तिथिमिति सबै मिलेछ ८५ औँ जन्मदिन अमेरिकाको माइतमा पचाससाठी जना मानिस जम्मा पारेर कवीन्द्र बाबा र रञ्जिताले धूमधामसँग मनाइदिए ।

अमेरिकामा हामीले पुराना कुरा सम्झेर आनन्दले बात मारेर बस्यौँ । कान्छी नानी खुसीले 'कल्याण होस् बाबा कवीन्द्र ! मेरो प्यारो भदा' भन्दै खुसी भएर नेपाल हिँड्नुभयो । अमेरिकामा होस् कि पहाड, झापा जता पनि कान्छी नानीसँग छुट्टिने बेलामा हाम्रो रुवाबासी हुन्छ । कान्छी नानीका छोराछोरी भान्जा यादव, छबु, देवी, पवित्रा, लीला, खेम काखकाखै नाचेर कहिले मावल, कहिले घर बसेर हुर्किए । अहिले सबै भान्जाभान्जीको राम्रो व्यवस्था छ । हाम्रो भेट हुँदा भान्जाभान्जी सबै मेरो काखैमा आउँछन् ।

# एलपीको विवाहमा हाम्रो रत्यौली

मेरा जेठाजु र जेठी जेठानीको कान्छो छोरो लक्ष्मीप्रसाद (एलपी)को म्याम्बर उप्रेतीकी काइँली छोरी मनमायासँग २००३ सालमा विवाह भयो । यिनीहरूको विवाहमा हामीले धक फुकाएर रत्यौली खेल्यौँ । मैले बराजैको मुगाको कोट लगाएर लाटो भएँ, महतारी दिदी मारुनी हुनुभयो र देउरानी कान्छी डोके भइन् । गाउँ नै उल्टिएको थियो रत्यौली नाच्न । नाचेर छुम्मी उडाइयो, भुजेल्नी कुर्लिएर के भन्नु र ! सबैले कुरुरु गर्दा पारि फिदिमसम्म सुनिने नि ! कान्छी नानी उस्तै, खुट्टै नबिसाई हामी नाच्यौँ । पछि बराजैले मैले कोट लगाएर नाचेको थाह पाउनुभएछ र 'यो लाटे कोट म लगाउँदिनँ' भन्दै कोट बाहिर निकाल्नुभयो । हुन त ससुराको कोट लगाएर नाच्ने मेरो हिम्मत पनि चानचुने त थिएन । त्यही बेला जेठाजु र पतिदेव पनि घरमा आइपुग्नुभयो र हामीलाई गाली गर्नुभयो । बजै तलामाथिबाट आएर बराजैलाई सम्झाउनुभयो– 'मेरा बुहारीलाई मैले नाच्न लगाएको, मौकामा गर्नु त पर्छ नि रमाइलो ।' जेठाजु र पतिदेवलाई पनि बजैले गाली गर्नुभयो ।

बजैले हामीलाई 'अबदेखि तिमीहरूलाई जहिले गीत गाउन मन लाग्छ, गाउनू' भन्नुभयो । सबै छोराहरूको विवाहमा हामीले यसै गरी गायौँ, नाच्यौँ । त्यसपछि खेतबारी, दाउरा, घाँस, ढिकी, जाँतो, मेलापात जता जाँदा पनि हामी धक फुकाएर गाउन थाल्यौँ । हामीले गाएको सुनेर अनि गाउँका आइमाईहरूले पनि गाउन थाले ।

गाउँमा एक किसिमले गाउने स्वतन्त्रता आयो र सबै आइमाईहरूले निर्धक्क गाउन थाले । खेतालाहरूले ‘माइली मुखिनी, हाम्रो मेलो चलेन है एकछिन गाइदिनु पऱ्यो’ भन्थेँ । म पनि मेलामा गएर एकछिन गीत गाइदिन्थेँ । अनि खुसी भएर उनीहरू काम गर्थे । मेरा कति रमाइला दिन थिए ती ।

उनीहरू जोरधाराको छेउमा घर बनाएर बसे । एलपीले शारदा हाईस्कुल स्थापना गर्न पतिदेवलाई धेरै सहयोग गरेको भनेर पतिदेवले सधैँ उसको प्रशंसा गरिरहनुहुन्थ्यो । धेरै वर्ष उसले स्कुलमा नि:शुल्क पढायो । उसले दार्जिलिङमा फोटो खिच्ने सीप सिकेको थियो । म फोटो भनेपछि हुरुक्क हुन्थेँ । ‘लुलु काकी’ भन्दै उसले मेरो फोटो खिचिदिन्थ्यो, मलाई उसको घरमा बोलाएर पनि मेरो फोटो खिचिदिन्थ्यो । ऊसँग सधैँ क्यामेरा र कालो पर्दा हुन्थ्यो । ऊ आफ्नो घरमा, गाउँभरि, स्कुलमा फोटो खिच्थ्यो । कुनैकुनै दिन हाम्रो घरमा फोटो खिच्ने दिन हुन्थ्यो । हामी सबै राम्रो भएर फोटो खिच्न बस्दथ्यौँ । एलपीको सङ्क्रान्ती बजारमा पनि दोकान थियो । त्यहाँ पनि फोटो खिच्ने मानिसको घुइँचो हुन्थ्यो । बुहारी कान्छी पनि साह्रै जाति थिइन्, हाम्रो हित्तचित्त साह्रै मिल्थ्यो । अहिले मलाई पुराना फोटो हेर्दा असाध्य आनन्द आउँछ । उसका छोराछोरी मेरा नातिनातिना सबै व्यावहारिक र गुनिला छन् । रेणुका नातिनीको पतिदेवले साह्रै प्रशंसा गर्नुहुन्थ्यो । मातृका, तुलसा, टीका, दुर्गा, इन्दिरा, योगेश हाम्रा अति प्यारा नातिनातिना थिए । नाति योगेश अहिले पनि सधैँ मलाई भेट्न आइरहन्छ, उसको विवाहमा पनि मलाई लिन आयो । बुहारी कान्छी र मैले बेहुलाबेहुलीको सहेली गरेर दुलही भित्र्यायौँ । यिनीहरू सबैले राम्ररी गरी खाएका छन्, मलाई खुसी लाग्छ ।

# जेठाजु श्रीकृष्ण सिटौला र जेठानी दिदी

पल्लाघरका जेठाजु श्रीकृष्ण सिटौला र पतिदेवको साह्रै जोतोमोतो मिल्दथ्यो । उहाँहरू सधैँ आपसी सरसल्लाह गरेर हिँड्ने गर्नुहुन्थ्यो । मलाई विवाहका लागि माग्नलाई पनि जेठाजु नै हाङपाङ जानुभएको थियो । जेठाजुले हाम्रो विवाहमा कविज भनेर हाङपाङ थर्काउनुभएको थियो । जेठाजुको फलामको जस्तै बलियो शरीर थियो, जति हिँडे पनि उहाँ नथाक्ने हुनुहुन्थ्यो । जेठाजु हप्तैपिच्छे धरान पुगेर घर आउने गर्नुहुन्थ्यो । बाटाका ढुङ्गामाटो, खोलानाला, रूखबिरुवा जेठाजुलाई सबै कण्ठ थिए । उजिरमानले सधैँ जेठाजुको दोकानलाई चाहिने सरसामानको भारी धरानबाट बोकेर परिवार पाले ।

पतिदेव, जेठाजु, फलाटे जेठाजु, सेढाईं दाजु, वेधनिधि नानीहरू मिलेर हाम्रो दोकानडाँडाको घरमा खत्र्याकखुत्रुक मरमसला, नुन, तेल, कपडा र हरेक चीजबीजको पसल खोल्नुभएको थियो । सबैले नभ्याएपछि जेठाजु र वेधनिधि नानीले साझा रूपमा जेठाजुका घरमा पछिसम्म दोकान चलाउनुभयो । दोकानघरमा स्कुल खोलेपछि जेठाजुले आफ्नै घरको सिकुवामा दोकान सार्नुभयो । जेठाजुहरूले धेरै वर्ष यो दोकान चलाएर गाउँलेको आवश्यकता पूरा गर्नुभएको थियो ।

पल्लाघर जेठानी दिदी साह्रै राम्री, जाँगरिली र वीर हुनुहुन्थ्यो । हाम्रो बारीको सिमाना जोडिएको, पँधेरो एउटै थियो । हामी हाँसीखुसी

काम गर्दथ्यौं, सरसहयोग गर्थ्यौं । कति हो कति हामीलाई कामको खटिखटाउ हुन्थ्यो । दिनभरि काम गऱ्यो, राति यसो एक झमक निदायो, उठेर फेरि काम गर्न थालिहाल्यो । हिटीभन्दा अलि माथि कुवा थियो । हामीले कुवामा पानी भेटियो भने हिटीमा पुगिन्जेलमा माथि देवीथान डाँडामा आइपुगिन्थ्यो । कुवाको पानी भेट्न पनि हामी राति नै उठ्दथ्यौं । हामी राँको बालेर, दियालो बालेर पानी लिन जान्थ्यौं । कहिलेकाहीँ त पल्लाघर जेठानी दिदी कुपी बालेर पनि पानी लिन जानुहुन्थ्यो । कहिले जेठानी दिदीले एक पाइलाले हामीलाई जित्नुहुन्थ्यो, कहिले हामीले दिदीलाई जित्दथ्यौं । कुवामा चारपाँचओटा गाग्रा भर्दा पानी अलि कम हुन्थ्यो । साह्है अभर छ भने एक गाग्रो पानी भऱ्यो तर पहिला पुग्नेकै पानीमा अधिकार बढी हुन्थ्यो । पछि पुग्ने थकथकी गर्दै एक पाइलाले ढिलो भयो भनेर चुकचुकाउँदै हिटीतिर झर्दथ्यौं ।

पल्लाघर बजैलाई घुँडा दुख्ने रोग लागेपछि बजै हिँडडुल गर्न सक्नु भएन । जेठानी दिदीले बजैको साह्है राम्रो स्याहारसुसार गर्नुभएको थियो । ढिकी, जाँतो, घाँस, दाउरा, चुलोचौको, पानीपँधेरो, खेतीपाती, बालबच्चा आधा रात र आधा दिन गरेर हामी भ्याउँथ्यौं । हाम्रो त पानी टाढा भएको हुनाले हामीले पानीकै लागि धेरै दौडिनुपर्दथ्यो । 'ए, पल्लाघरका उठिसकेछन् ?' हामी यसै भन्दै हतारिँदै कामधन्दामा लाग्दथ्यौं । जेठानी दिदीहरू पनि त्यसै भन्नुहुन्थ्यो ।

हाम्रा छोराछोरी बिरामी हुँदा जेठानी दिदी औषधि लिएर आउनुहुन्थ्यो । जेठानी दिदीका छोराछोरी बिरामी हुँदा हामी औषधि लिएर पुग्दथ्यौं । त्यसो त गाउँमा जो बिरामी भए पनि हामी सबै सकेको सरसहयोग र भरथेग गरिहाल्थ्यौं । त्यो बेला आँखा पाकेको, दुखेको औषधि थिएन । हामीले धेरै बच्चाहरूको आँखामा आफ्नो दूध हालिदिएका थियौं, आँखाका लागि आमाको दूधभन्दा जडी औषधि केही हुँदैनथ्यो ।

दसैँमा हाम्रो घर छ्याप्न रातो माटो लिन हामी पाङ्ग्रेटार, बोक्खिम जान्थ्यौँ । मानिसको लर्को हुन्थ्यो नि ! कोही कमेरो लिन, कोही कालो माटो लिन, कोही पहेँलो माटो लिन जान्थे । पछि हाम्रै टाहारबारीमा रातो माटो निस्कियो । अनि त हामीलाई माटो खन्न सजिलो भयो । जेठानी दिदीहरू पनि यहीँबाट रातो माटो लानुहुन्थ्यो । हाम्रा घरमा वास बस्ने मानिसहरूको सधैँ हूल हुन्थ्यो । कोही परदेश हिँडेका, कोही भाँडाकुडा बेच्न हिँडेका, कोही खरिते विभिन्न किसिमका मानिस हुन्थे । कहिले त जेठानी दिदीहरूको घर पनि भरिभराउ, हाम्रो घर पनि भरिभराउ हुन्थे । जे होस् हामीले आफूले सकेको गरियो । त्यो बेला मानिसमा इमानजमान पक्का थियो ।

जेठानी दिदीका ठूलाठूला भएका छोराहरू बितेर साह्रै शोक परेको थियो । मेरो देवेन्द्र स्वर्गे हुँदा जेठानी दिदी नै डाँको छोड्दै ‘माइली, मलाई हेर’ भन्दै सम्झाउनुभएको थियो । ‘देवेन्द्र फर्काइदिनू न मेरी दिदी !’ मलाई दिदीले छातीमा टाँस्नुभयो । जसका छोराछोरी मरे पनि आमाहरूको पीडा एउटै हो ।

पोहोर, परार झापा गएको बेला छोरो मातृका र बुहारी अञ्जना दसैँमा मेरो हातको टीका लगाउन आएका थिए । जेठाजु र दिदीलाई सम्झिएर मेरो भक्कानो छुट्यो । कठैबरी कहाँ गए ती दिन !

गैरीकी जेठी कलादेवी जनार्दनकी आमा पनि साह्रै राम्री थिइन् । उनी सधैँ हाँसिरहने, पुक्खली, मिजासिली थिइन् । हामी अति नै मिल्थ्यौँ । हामीले हाटबजार, पानीपँधेरो सँगै गर्‍यौँ । जेठा नानी र जेठीको जोडी साह्रै मिलेको थियो । कठैबरी जेठा नानी (वेधनिधि) यसपालि जोडी फुट्यो । जेठीको स्वर्गवास भएपछि नानीलाई कति शून्य भयो घर ! जस्तो परे पनि खप्नैपर्ने रहेछ मेरा नानी ! तर जेठी खसेको दस महिनामा नै २०७८ फागुनमा जेठा नानी वेदनिधि पनि स्वर्गवास हुनुभयो । मेरा दुवै प्यारा देवरदेउरानीको वैकुण्ठ वास होस् ।

# सम्झनामा अन्तरे पुरेत

नेउपाने पुरेतहरू बजैबराजैका पालादेखि नै पुजिएका पुरेत हुनुहुन्थ्यो, सबै जना साह्रै असल हुनुहुन्थ्यो । हरितालिका तीजमा हामी सधैँ पूजा लगाउँथ्यौँ । धेरै नन्दआमाजू, देउरानीजेठानी, बुहारीहरू भएको हाम्रो घर घन्चमन्च थियो । वरपरका छोरीबुहारी जम्मा हुँदा त आँगन पूरा भरिन्थ्यो । सबैतिर छिटोछिटो पूजा सिध्याएर हाम्रो घरमा चाहिँ धेरै समय लाग्छ भनेर गुरु अलि ढिलो आउनुहुन्थ्यो ।

ठूलीकान्छी नानीको विवाह सानैमा भएको थियो । तीजको व्रतमा व्रतालुले पानी पनि खान नहुने, भरे पुरेत आउँदा बेलुकाको छ बज्यो । बरा ! ठूली नानी 'आमा, अबदेखि म यी अन्तरे पुरेतको व्रत कहिल्यै पनि लिन्न है' भन्नुभयो । हामी सबै त सधैँ बानी परिसकेका थियौँ, ठूली नानीलाई साह्रो पर्‍यो । साँझको पूजा सकिएपछि हामी सबै वरिपरि बसेर केराका काइँयाकाइँयै, बटुकाभरि दूध, लद्द परेको दही, पहेँला कनिके चक्कीचक्की घिउ, बटुकाभरि दहीकाँक्रो मुसेर हाँस्दैहाँस्दै 'तँ वीर कि म वीर' भनेर खान्थ्यौँ । अघिल्लो राति दर पनि हामी त्यसै गरी खान्थ्यौँ । भान्जाभान्जी सबै वरिपरि राखेर विभिन्न परिकार परिपञ्च बाढ्दा मलाई बिछट्टै आनन्द हुन्थ्यो ।

कान्छी नानीलाई खान कसैले जित्न सक्दैनथे । कान्छी नानीले बढाबढा कोसा एक काइँयो केरा र एक माना घिउ त सजिलै

सिध्याउनुहुन्थ्यो । कान्छी नानी खान पनि सक्ने काम गर्न पनि सक्ने वीर, बहादुर हुनुहुन्थ्यो । हामीले हाम्रा पालामा चाडबाडमा सबैले नाच्यौँ, गायौँ, चकचकी गऱ्यौँ ।

काजकल्याण तिथि, पर्व, पुराण, पूजा जुनसुकै कार्जेमा पनि नेउपाने गुरु हाम्रो घरमा आउनुहुन्थ्यो । एकादशी, औँसी, पूर्णिमा गुरुलाई सिदा नदिई हामी पानी पनि खाँदैन थियौँ । नागपञ्चमीका दिन बिहानै गुरु आफैँले बनाएको नाग लिएर हाम्रो घरमा नाग टाँस्न आउनुहुन्थ्यो । लघु, रुद्री जेजस्तो पूजामा पनि गुरुले विधिपूर्वक पूजा सम्पन्न गरिदिनुहुन्थ्यो ।

तिनै पुरोहितका सन्तानहरू अहिलेसम्म हामीले पुजिरहेका छौँ । अग्नि नानी, लक्ष्मी नानी, तुलसी नानी सबै आफ्नै छोराछोरीजस्तै छन् । बूढा गुरुले पूजा गरे जसरी नै सधैँ विधिसहित पूजा लगाउनुभयो पुरेत नानीहरूले पनि, सबै गुनिला हुनुहुन्थ्यो । म काठमाडौँ हिँड्ने बेलामा लक्ष्मी नानी आएर ‘भाउजू अब हजुर गएपछि गाउँ नै शून्य हुने भयो, मलाई आफ्नै आमासँग बिछोड भएजस्तो भयो’ भनेर रुनुभयो, म पनि बिछोडको पीडाले बरबरी रोएँ ।

# दार्मु गाई

दार्मु गाईलाई हामी आमा मान्दथ्यौँ । मतानको तल तबेला बनाएर दार्मु गाईलाई राखिएको थियो । २०१० सालमा बजैको स्वर्गवास भएपछि हाम्रो घरमा सानो बाच्छी ल्याएको थियो र त्यसैलाई हामीले दार्मु भनेर पतिदेवले यिनै गाईलाई आमाको प्रतिरूप देख्नुभएको थियो । दार्मु गाई छउन्जेल हामीलाई घरमा कहिल्यै गोरसको खाँचो भएन । हुन त अरू पनि दुईचारओटा गाई कटेरामा हुन्थे । सबै छोराछोरीहरू यिनै गाईको दूध खाएर हुर्किए । बिगौती खाने बेलामा सबै छोराछोरीहरू अगेनाका वारिपारि घेरा लगाएर बस्दथे । तर यी जति गुनिली अरू गाई भएनन् । बुढेसकाल लागेपछि दार्मु गाईलाई हामीले सेवाचाकर गऱ्यौँ, यिनले के खान्छिन्, त्यही खुवायौँ । पतिदेव हरेक दिन दार्मु गाईलाई ढोग्नुहुन्थ्यो ।

दार्मु गाईको निधन भयो; फूलमाला लगाएर रुँदै हामीले गाईको अन्त्येष्टि गऱ्यौँ । पतिदेवले कपाल खौरिएर, पुरेत बोलाएर, दानदक्षिणा गरेर, छाक छोडेर, तिलाञ्जलि दिएर दार्मु गाईको वैकुण्ठ वास होस् भनेर हामीले पुकारा गऱ्यौँ । दार्मे बाच्छो सानो थियो, दार्मेलाई आफ्नै छोराजस्तै गरेर हामीले पालेका थियौँ । त्यो बेला दार्मेलाई फुकाइदिएको थियो, खै के बुझ्यो कुन्नि आमा मरेको थाह पाएझैँ गरेर कोठेबारीभरि गुटुटु कुदचो । हामी सबैको रुवाबासी भयो । हाम्रो कटेराभरि सधैँ गाई, गोरु, भैँसी, पाडा, बाच्छा हुन्थे । रागे, मालेको हल गोरु जोडी र चुल्ठे भैँसी पनि साह्रै गुनिला थिए ।

# हाम्रो दमाईं बारीमा दर्जी र सुनारको वास

देवीथानको छेउमा हाम्रो बारी थियो । बजैबराजैले त्यही बारीमा हाम्रो लुगा सिलाउने दमाईंलाई राखेको थियो र 'बारी कमाएर खानू' भनिएको थियो । बूढो दमाईं साह्रै राम्रो लुगा सिलाउँथे । ती दर्जीले बराजैका दौरासुरुवाल चिटिक्क पारिदिने अनि पतिदेवका कमिजसुरुवाल टपक्कै मिलाइदिने गर्थे । त्यो बेला दमाईंले हाम्रो जीउ छुने चलन थिएन, हेरेको भरमा हाम्रा पनि चोलाहरू चिटिक्क पारिदिन्थे । चिटिक्क परेका मिलेका चोला लगाएर हिँड्दा मलाई कति खुसी लाग्थ्यो भने नि !

उनीहरूलाई हामीले वर्षभरिको बाली एकै पटक दिन्थ्यौँ । ठूलो जहान भएको हुनाले हामीले दसैँमा दुई महिनाअगाडि नै दमाईंलाई हाम्रो घरमा बोलाएर सबैका लुगा सिलाउने गरेको थियो, त्यो बेला दमाईंले हातैले लुगा सिलाउँथे । भर्खर लुगा सिलाउने कल निस्किएका थिए । मानिसहरू बेहुलीको लुगा कलमा सिलाउन पाए हुन्थ्यो पनि भन्थे । दमाईंहरूलाई हामीले खेतबाटै धान, अनि घरबाट दसैँलाई पुग्ने नुन, तेल, मरमसला र खानेकुरा दिने गरेका थियौँ । सबै विष्टहरूको घरबाट दमाईंले दसैँको भाग जम्मा गर्दा उनीहरूलाई तिहारसम्म खान पुग्दथ्यो । बूढो दमाईं मरेपछि उनका तीन जना छोराहरूले मिलाएर लुगा सिलाउन थालेका थिए । कान्छाले मधेस गएर खुट्टे कल लिएर आएपछि त खुरुरु मिलिक्कै लुगा सिलाएर सकिन्थ्यो । त्यसपछि माइलो, जेठो

दमाईंले पनि हाते कल ल्याएर खुरुरु लुगा सिलाउन थाले, उनीहरूलाई पनि सजिलो भयो ।

गुम्मे कामी हामीले बालीमा कमाएको कामी थिए । यिनीहरूले पनि खेतबाटै धान र घरबाट अरू अन्नपात र मरमसला लैजान्थे । गुम्मेले बनाएका हातहतियार गाउँमा प्रसिद्ध थिए । ती हतियार सबैले स्वदेश, विदेश सबैतिर लैजान्थे । हाम्रो ठूलो छोराले पनि उनका धेरै साथीहरूलाई खुकुरी, चुप्पी उपहार पठायो । गाउँमा सबै झुम्मिन्थे उनले बनाएका हतियार लैजानलाई । गुम्मेले हँसिया, खुकुरी, चक्कु, कर्द, खुर्पा, चुप्पी, दाउ, कत्ती, तरबार, चुलेँसी, झम्पल, बन्चरो, कुटो, कोदालो, कोदाली, घन, बसिला सजिला र राम्रा बनाउँथे । मैले पनि सबै छोराछोरी र आफन्तलाई गुम्मेले बनाएका चुलेँसी पठाइदिएँ । घाँस काट्ने हँसिया उस्तै सजिलो एकैछिनमा छटछट काटेर घाँसको भारी पुग्ने हुन्थ्यो ।

हाम्रो गाउँमा तामे खै कताबाट आएर थुम्की डाँडामा बसे । तामेले तामाका गाग्री, खड्कुँला, घ्याम्पासम्म बनाउँथे । हाँडा, भाँडा, आरी, चुलेँसी, हँसिया, हातहतियार सबै बनाउँथे । मान्छे पनि राम्रो न राम्रो, सधैँ हाँसिरहनुपर्ने, कति राम्रा घैँटा बनाउने भने नि हेरिरहूँ लाग्ने हुन्थ्यो आँखै टिप्ने, तरेलीतरेलीका हाँडाभाँडा बनाउँथे । जे चाहियो फुत्त भुरालाई तामेकहाँ पठाउँदा पनि सजिलो भयो । तामेले हाम्रा पनि धेरै गाग्रा, घैँटा बनाए । मलाई पनि तामेले एउटा अठार माना जाने तामाको आरी बनाइदिएका थिए । त्यसमा पीठो मुछ्न मलाई सजिलो हुन्थ्यो र भनेसमानका सेलरोटी पकाउँथेँ ।

तामे चुहानडाँडा आएपछि गाउँभरि सबैलाई सजिलो भयो । हामीलाई मुङसारी पुग्न टाढै थियो, फेरि तामेलाई जसले जस्तो आकारका सामान बनाउन लगायो उस्तै बनाइहाल्थ्यो । तामेनी पनि साह्रै बाठी थिइन् । यिनीहरूको पिरती पनि अचम्मको थियो ।

एकैछिनमा कुरुक्षेत्र, एकैछिनमा परेवी पिरती । कहिले गाउँ नै जम्मा भएर उनीहरूको झगडा मिलाइदिनुपर्ने, कहिले चाटाचाट गरेर हिँड्ने विचित्रकै थियो उनीहरूको जोडी ।

तामे बिरामी भएको खबर हाम्रो घरमा ल्याए र 'घिउचिउरा खान मन लागेको छ अरे !' भनेर मलाई सुनाए । मैले पनि टपराभरि चिउरा, कनिके घिउ र सक्खर लिएर गएँ । 'माइली मुखिनी ! मेरो आँत पुरियो, तलतल मेटियो, हजुर हाम्री आमा हुनुहुन्छ, गाउँकी आमा हुनुहुन्छ, हजुरहरूकै संरक्षणमा हामी बाच्यौँ' भन्दै उनी रोएका थिए ।

'निको भइहाल्छ नि मिजार, नआत्तिनू' भन्दै म हिडेँ ।

पर्सिपल्ट विष्णु भानिजले खबर ल्याउनुभयो, तामेलाई माइजूले बनाएको भात खान मन लागेको छ अरे ! मीठो न मीठो भात, तिहुन बनाएर टपराभरि भात, दुनाभरि घिउ, दही, अचार, तरकारी सबै थोक गरेर भानिजका हात पठाइदिएँ । उनले खुसी भएर भात खाए रे ! त्यसको पर्सिपल्ट तामे मरे रे ! भन्ने खबर ल्याए; हामी सबै छक्क पर्‍यौँ, गाउँ नै रोयो नि ! तामे सबैको गुनिला थिए, उनी नहुँदा सबैको हातै भाँचिएजत्तिकै भयो । उनका मलामी पनि गाउँ नै उल्टिएको थियो ।

# डीआर सबैको पत्तेरा थिए

कान्छा नानीको जेठो छोराको नाम डिल्लीराम सिटौला थियो । ऊ आफ्नै काखमा जन्मिएर हुर्किएको थियो । २०१८ सालसम्म हामी सँगै बस्यौं । नानीहरू नयाँबारी सर्ने भएपछि डिल्लीमाया, जमुना, डिल्लु, नारन, माधव, पुष्पा सबै एकै पटक जाँदा घर पूरा रित्तोजस्तो भएको थियो । कति दिनअघिदेखि महतारी दिदी, कान्छी र म रुवाबासी गर्दथ्यौँ । हाम्रा घर छुट्टाछुट्टै भए तापनि छोराछोरी सधैँ एकआपसमा एकै जोतोमोतो मिलाएर हिँड्थे । डिल्लु सानैदेखि साह्रै होसियार थियो । उसलाई जिम्मा लगाएको काम जसरी पनि पूरा गरिहाल्ने गर्दथ्यो । ऊ हरहिसाबमा पनि त्यस्तै पक्का थियो । उसलाई लगाएको काम फरकै पर्दैनथ्यो ।

डिल्लु ठूलो भएर काठमाडौँमा गएर पढिसकेपछि शारदा हाईस्कुलमा पढाउन थाल्यो । सबैले डीआर सर भन्न थाले र हामीले पनि डीआर भन्न थाल्यौँ । गाउँको डीआर सर, साह्रै सहयोगी थियो । जसको जे काममा पनि ऊ पुगिहाल्ने गर्दथ्र्यो । कसैको काजकल्याण, विवाह, व्रतबन्ध, ठूलाठूला कार्यक्रममा सबैलाई डीआर नभई नहुने भयो । डीआरको उपस्थिति भएपछि सबैको जीउ हलुङ्गो हुन्थ्यो । परिपञ्च पुऱ्याउने, गाउँको ऊ पत्तेरो थियो । डीआरले साह्रै राम्रो व्यवस्थापन गर्ने, कसलाई कहाँ, कता, कुन काममा खटाउनुपर्छ; तमतयार पारिहाल्थ्यो ।

गाउँमा जो बिरामी पर्दा पनि ऊ पुगेर जस्तै अवस्थाका बिरामीलाई पनि टुङ्गामा पुऱ्याइहाल्थ्यो । कसैको घिन नमान्ने, उसलाई खान मीठो नमीठो पनि छैन, जे पनि खाइदिने, सुखदु:ख सबै देख्ने छोरो थियो, पतिदेवको पनि पत्तेरो थियो डीआर । पहाडमा पतिदेव बिरामी परेको बेला डीआरले साह्रै धेरै सेवा गरेको छ । डीआर आएपछि मलाई पनि ढुक्क लाग्थ्यो, उसले साह्रै तरिका मिलाउन जान्दथ्यो । मेरो बाबा डीआर तिम्रा पनि त्यस्तै सुज्ञानी छोराछोरी होऊन है !

बुहारी मैयाँ पनि सामरथी, वीर बहादुर हुन् । सबै नातिनातिना मेरै काखमा जन्मिए, हुर्किए । देउरानी कान्छी पहाडमा भइन्जेल पनि म नयाँबारी पुग्थेँ । देउरानी कान्छी मधेस आएपछि त आफ्नै जिम्मा भयो । मैले गाउँमा धेरै जनालाई सुत्केरी हुन सहयोग गरेँ । पतिदेवले नातिनी बिनाको साह्रै प्रशंसा गर्नुहुन्थ्यो । सबै भाइबहिनी बिनाकै ढाडमा बसेर हुर्किए । सबै नातिनातिना गतिला छन्, असल छन् ।

छोरी जमुना केवली ज्वाइँसँग विवाह गरेर आसाम गएपछि कहिलेकाहीँ चुहानडाँडा आउँथिन् । उनको केवली ज्वाइँसँग हामीले आफ्नै हातले विवाह गरिदियौँ । ऊ साह्रै प्यारी छोरी थिई । यो छोरी हिँड्दा हामीलाई घर कति शून्य भयो भने नि !

नारन नयाँबारी गए पनि ऊ उता अडिन सकेन, ऊजस्तै सबै केटा यतै डाँडामा थिए । त्यसैले सधैँ डाँडामै (हाम्रो घरलाई डाँडा भन्थे) बस्थ्यो । ऊ नआएको दिन हामीलाई शून्य हुन्थ्यो । यो छोरो फेरि गाईप्राणी, अति मायालु, उसमा रिसराग केही पनि छैन । चैतन्य र नारायण अति मिल्ने एक जीउ थिए । माधव, पुष्पा, दुर्गा, सबै गुनिला छोराछोरी थिए । हामीले सबै छोराछोरीलाई उस्तै गरेर हुर्कायौँ । उनीहरूले पनि हामीलाई उस्तै माया गर्छन् । को कसको, को कसको नछुट्टिने, सबैको परिवार यस्तै होवोस् ।

# हाम्रो घर शिक्षाको मन्दिर

**गुरु देवीप्रसाद गडतौला** : पतिदेवले स्कुल खोलेपछि मास्टरको खोजीमा दार्जिलिङसम्म जानुभएको थियो । त्यसपछि राजनारायण प्रधान, रामनारायण प्रधानहरू चुहानडाँडामा पढाउन आउनुभएको थियो । धेरै पटक हामीले उहाँहरूलाई पकाएर खुवायौँ । गुरुहरूलाई सबैले चुहानडाँडामा मानमनितो गरेर राखेका थिए । पद्मप्रसाद उप्रेती र पतिदेव एक जीउ, एकै जोतोमोतो मिलाएर अन्य मान्यजनहरूको पनि सहयोग लिएर चुहानडाँडाको विकासमा खट्नुभएको थियो । हाम्रो घर, मतान सबै स्कुले भुराले भरिभराउ थियो । हाम्रो घरमा अठारबीस जना भुरा हुन्थे खाना खाने बेलामा । अरू जहान उत्तिकै, पाहुनाको सधैँ ताँती हुन्थ्यो । गोठाला, खेताला, आसे, गाँसे थुप्रै हुन्थे, हामीले सधैँ खड्कुँलामा भात पकाउनुपर्थ्यो । दालभात चलाउने हाम्रा बढाबढा डाडु, पन्यूँ थिए । भुरा खाना खान बसेपछि मजेरीमा रमितै हुन्थ्यो । सधैँ हामी दुई जना भान्से हुन्थ्यौँ ।

पतिदेवले तिनै भुराहरूलाई पढाउन तेह्रथुम पिप्लेबाट देवीप्रसाद गडतौला गुरुलाई ल्याउनुभएको थियो । साह्रै असल थिए ती गुरु । सबैलाई माया गर्ने, भुराहरू पनि गुरुसँग रत्तिएका थिए । गुरु धेरै वर्ष हाम्रो घरमा बस्नुभयो । गुरु बिहानबेलुका घरमा केटाकेटीलाई पढाइदिनुहुन्थ्यो र दिउँसो स्कुलमा पढाउनुहुन्थ्यो । गुरु घर गएपछि सबै भुराहरू धुरुधुरु रोएका थिए, गुरु पनि रुँदै हिँड्नुभएको थियो ।

असल मानिसको महिमा जहाँ पनि उस्तै हुँदो रहेछ । अहिलेसम्म पनि हामी सबै गुरुलाई सम्झिरहन्छौँ ।

‘मुमा स्कुसको तरकारी कति मीठो; तोरीको साग, रायोको साग, खैपीको अचार, इल्चीको अचार, कागतीको अचार, धूले अचार, सिन्की, फर्सीका मुन्टा, बोडी, सिमी, चुच्चे करेला, तीते करेला, भन्टा जे पकायो त्यही मीठो हुन्थ्यो गुरुलाई । गुरु मासको दाल, घिउ र लद्ध परेको दहीसँग सप्प्राङसप्प्राङ खाँदा बेग्लै स्वाद आउँथ्यो भन्नुहुन्थ्यो । गुरु छुट्टीका दिन सुन्तलाका रूखरूखमा चढेर सुन्तला टिप्नुहुन्थ्यो, कागती झार्नुहुन्थ्यो; नासपाती, अम्बा, फडिर सबै रूखमा पुग्नुहुन्थ्यो । ठूला आरीका एक आरी ज्यामिर साँधेर घाममा बसेर हामी जिब्रो पड्काईपड्काई खान्थ्यौँ । लद्ध परेको दहीकाँक्रो गुरु स्वादले पनि थपीथपी खानुहुन्थ्यो । गुरुलाई खाना खुवाउन पनि सजिलो थियो ।

पण्डित धरणीधर न्यौपाने, कुलप्रसाद राई, नन्दकुमार प्रसाई, दीर्घराज प्रसाई, भानुभक्त पोखरेल, डा.शङ्कर उप्रेती, पुण्यप्रसाद सिटौला, डा.स्वामी प्रपन्नाचार्य, सूर्य सुवेदी, परशुराम खापुङ, पुष्पलाल विष्ट, ईश्वरी थपलिया, डा. भद्ररत्न बज्राचार्य, वसन्तकाजी बुढाथोकी शिक्षक थिए । अमेरिकन पिस्कोरका शिक्षक क्रेटन पिटले अम्रिकाने मकैको बीउ चुहानडाँडामा ल्याइदिएको थियो र ती मकैका घोगा एक हात लामा भएका थिए । त्यस्तै पिस्कोरका अरू युजिन रोज, जिम मर्था पनि असल शिक्षक थिए, उनीहरू हाम्रो घरमा आएर किसिमकिसिमका फोटा खिच्दथे । हाम्रो घरमा अमेरिकाको पिस्कोरका अनगिन्ती शिक्षक विद्यार्थीहरू जोजो स्कुल कलेजमा पढ्न पढाउन आए, सबै हाम्रो घरमा आउँथे, बस्थे, खान्थे, रमाउँथे । होस्टेलमा पढ्न पढाउन बसेका विद्यार्थी शिक्षकलाई पनि हामी सधैँ तिउन तरकारी, दही, मोही, घिउ पठाइदिन्थ्यौँ, काज कल्याणमा हाम्रो घरमा उनीहरूलाई बोलाउँथ्यौँ । यिनै मेरा जीवनका सबैभन्दा सुखद क्षण थिए ।

हाम्रो घरमा धेरै मास्टरहरू र विद्यार्थीहरू रमाएर बसे, पढे, पढाए । सबै हाम्रा छोराछोरीजस्तै भए ।

खेतघरे जेठालाई हामी जेठा नानी भन्थ्यौँ । उनी कामका साह्रै वीर थिए । हाम्रो खेतबारी धेरै थियो, खेतको छेउमा घर भएको हुनाले उनलाई खेतघरे भन्दथे । उनले काम गर्दा आफ्नो अर्काको नछुट्ट्याउने थिए । उनी एकैछिन नबसीकन, बेलाबेला त थकाइ मार्दथे । कोहीकोही त छिनछिनमा सुर्ती तानेर बसेर मेलो नै चल्दैनथ्यो, उनी त अरू खेतालालाई पनि अराइकराइ गर्दथे । जेठा नानी मेलामा आएको दिन सबैलाई ढुक्क हुन्थ्यो, सबैका पत्तेरा थिए । उनी सबैको मनभरिको काम गरिदिने, असल मानिस थिए । उनी काममा आएको दिन हामीले मेलो हेर्न जानु पर्दैनथ्यो । एकै पटक खाजा लिएर हामी मेलामा जान्थ्यौँ । उनी खाना पनि मज्जाले खान्थे दुई माना चामलको भात र गाँसैपिच्छे अकबरे खुर्सानी चाहिन्थ्यो । भातको गाँस हाल्यो कि खुर्सानी मर्काउँथे, रहरलाग्दो गरी भात खान्थे । अकबरे खुर्सानीलाई राम्रा मान्दा रहेछन् । हामी पनि सकेसम्म खेतालाहरूलाई मीठोमसिनो खाना खुवाउँथ्यौँ । जेठा नानी डबकाभरिको मोही मीठो मानेर खान्थे ।

रोक्किनी माइली हाम्री दाहिने हात थिइन् । उनी अति नै विश्वासिली, घर भित्रबाहिरको सबै काम आफैँ देखेर गर्दथिन् । आफूले नदेखेको काम पनि उनले अघि नै सकिदिन्थिन्, भोलिलाई भनेर काम नसाच्ने थिइन्, उनलाई भण्डारै सुम्पिन सकिन्थ्यो । उनी भइन्जेल जे काममा पनि हामीलाई साह्रै सजिलो भयो । तेल पेल्ने बेलामा फुलो तताउन उनी साह्रै सिपालु थिइन् । उनले तताएको फुलो र पेचामा फुलो खाँद्ने तरिकाले पनि धेरै तेल आउँथ्यो ।

तेल पेल्दा मेरो ढाडमा कोलले लागेपछि बजैले कोलमा तेल पेल्न हामीलाई जान दिनु भएन र हामी चेपुवामा तेल पेल्दथ्यौँ । डाँडापारि हाम्रो जङ्गलमा ढुङ्गाको फेदमा तेल पेल्ने चेपुवा बनाएको

थियो । तर त्यहाँ बतास लाग्ने भएको हुनाले फुलो तताउन आगोको आँच पुग्दैनथ्यो । त्यसैले हामीले घरैमुन्तिर पाटीघरको चेपुवामा तेल पेल्दथ्यौँ । त्यहाँ बेलुकासम्म बतास लाग्दैनथ्यो ।

चेपुवामा हामी तोरी, फिलुङ्गे, तिल, सिलामको तेल पेल्दथ्यौँ । तेलको एक थोपाको पनि हामीलाई साह्रै नै लोभ लाग्थ्यो । एक थोपो झरुन्जेल हामीलाई पर्खिरहन मन लाग्थ्यो । भनाइ नै छ नि 'दिदीबहिनी तेल पेल्न गएका थिए रे ! तेलको थोपो रुङ्दारुङ्दा उनीहरूलाई घरमा आउन ढिलो भएछ । त्यो दिन घरमा अंशबन्डा गर्ने दिन थियो रे ! दाजुभाइले तँलाई यति र मलाई यति भनेर आफूलाई भाग लगाएछन् र दिदीबहिनी ढिलो भएको हुनाले अंशमा ठगिएछन् ।' कुरा साँचो हो कि के हो तर दिदीबहिनीलाई अंश दिने चलन थिएन । रोक्किनी माइलीले यो कथा तेल पेल्दा सुनाइरहन्थिन् ।

हामीले पनि उनलाई कुनै कुराको अभाव पारेनौँ, सधैँ भरथेग गरिरह्यौँ । उनी सबैतिर सघाउँथिन् र सबैकी विश्वासिली थिइन् । उनी मधेस गएपछि हामीलाई साह्रै अप्ठचारो जस्तो भयो, धेरै खेतालापाताला लगाइयो, सबैले राम्रो काम गरे तर कोहीचाहिँ जीवनमा बिर्सनै नसकिने थिए ।

**सूर्य कन्दङ्वा** : हाम्रो घरदेखि दक्षिणतिर पनि सुब्बाहरूको घर थियो । सबै सुब्बाहरूसँग हाम्रो राम्रो मेलमिलाप र सरसहयोग हुन्थ्यो । सूर्य सर सानैदेखि पतिदेवले खोलेको स्कुल, दोकान डाँडादेखि शारदा हाईस्कुलसम्म सबै छोराहरू सँगै पढ्नुभयो । सूर्य सर साह्रै छिटो र फुर्तिलो, पढाइमा पनि तेज, लायकदार त्यस्तै अनि सहयोगी र हृदय राम्रो भएको मानिस हुनुहुन्थ्यो, उहाँ गाउँको सबैको प्यारो हुनुहुन्थ्यो ।

पढेर पोखरी हाईस्कुल र शारदा हाईस्कुलमा पनि सूर्य सरले पढाउनुभयो । उहाँ जे काममा पनि अघि बढिहाल्नुहुन्थ्यो । कुनै पनि

काम सानो ठूलो नभन्ने उहाँको गुण थियो । बाटोघाटो, कुलो, पुलपुलेसा, पर्खाल बनाउने काममा पनि उहाँ तयार भइहाल्नुहुन्थ्यो, उहाँ चोया, बाता पनि राम्रो बनाउनुहुन्थ्यो । घर बनाउन, घर छाउन अनि आफूलाई चाहिने काठका सामान झ्यालढोका आफैँ बनाउनुहुन्थ्यो । स्कुलमा विद्यार्थीलाई पढाउन पनि साह्रै सिपालु, खेलकुदमा पनि त्यतिकै सिपालु हुनुहुन्थ्यो । सूर्य सर कुद्दा मानिसहरू उनलाई उडेको भन्थे । पतिदेवले चुहानडाँडामा पानी ल्याउने काममा औँसीहाटदेखि थुम्की डाँडासम्म कुलो खन्न सूर्य सरले साह्रै सहयोग गर्नुभएको थियो । त्यो लामो झम्पलले झ्यामझ्यामी खन्दा सूर्य सरका हातभरि ठेलैठेला उठे तैपनि काम फत्ते गरेरै छोड्नुहुन्थ्यो । उहाँ 'यसो गरौँ माइला बा, त्यसो गरौँ माइला बा' भनेर सरसल्लाह गरिरहनुहुन्थ्यो, 'यस्ता पो हुनुपर्छ त पढेलेखेको युवाहरू' भनेर पतिदेव सूर्य सरको सधैँ प्रशंसा गर्नुहुन्थ्यो ।

बरा ! सूर्य सरले सुत्केरी हुँदा पहिली पत्नी र छोरो बितेपछि साह्रै शोक गर्नुभएको थियो । के गर्नु त्यो बेला गाउँमा राम्रो अस्पताल थिएन । कति आइमाईहरूको सुत्केरी हुन नसकेर अकालमा ज्यान गएको छ । हामीले सकेको, जानेको भन्थ्यौँ र गर्थ्यौँ पनि ! सूर्य सरले जेलनेल पनि भोग्नुभयो, पछि तेह्रथुम जिल्लाबाट सांसद पनि हुनुभयो । दोस्री पत्नी पनि साह्रै असल थिइन् । सूर्य सर हाम्रो घरमा आइरहनुहुन्थ्यो । सूर्य सर हाम्रो घरमा मीठो, चोखो जे छ खानुहुन्थ्यो । माइला बाआमा भनेर धेरै सम्मान गर्नुहुन्थ्यो, उहाँको मीठो बोलीवचन थियो । सूर्य सरले कतिपय कुराहरू पतिदेवसँग सोध्नुहुन्थ्यो ।

सूर्य सर बिरामी परेर काठमाडौँको मोडेल अस्पतालमा राखेको रहेछ । हाम्रा छोराहरूले धेरै राम्रो हेरविचार गरे । आफ्नै छोराजस्तै सूर्य सरलाई म पनि हेर्न अस्पताल गएँ । 'बाबू' भनेर उहाँको टाउको सुमसुम्याएँ । 'माइली आमा' भनेर सूर्य सरले बरर आँसु झार्नुभयो, मेरा पनि आँसु झरे ।

'निको हुन्छ बाबू' मैले भनें । सूर्य सरलाई मैले फलफूल, जुस लगिदिएको थिए । बुहारीले मलाई देख्नासाथ अङ्कमाल गरेर हाँप र झाप गरिन्, खपिसक्नु भएन । म त्यहाँ निकै बेर बसें ।

सूर्य सरले 'हजुर हाम्रो आमा हो, हामीलाई धेरै गर्नुभएको छ, हामीलाई ठूलो साहारा भयो हजुर आउँदा' भन्नुहुन्थ्यो । दुवै जनालाई सुमसुम्याएर म हिँडें । केही दिनमा त सूर्य सर सकिनुभएछ । कठैबरी ! साह्रै असल मानिसको अन्त्य भयो । चुहानडाँडा सूर्य सरको वियोगमा कति रोयो होला ।

मलाई चुहानडाँडा सबै गाउँ नै आफ्नो लाग्थ्यो नि ! त्यहाँका कोही पनि बिर्सिसक्नु छैनन् । मलाई मेरो हृदय बसेको ठाउँ चुहानडाँडा र सबैलाई सम्झँदा मेरो मन त्यसै हर्षविभोर हुन्छ । त्यहाँका पातपतिङ्गर, ढुङ्गामाटो चराचरजगत् सबैमा मेरो मन बसेको छ । मानिसको त झन् के कुरा, सपनाजपना त्यहीँ चुहानडाँडामा छ ।

**बद्री नानी** : बजैकी बहिनी सरस्वती बजैका काइँला छोरा बद्री ओली नानी शारदा हाईस्कुलमा पढाउन एक वर्ष हाम्रो घरमा बस्नुभएको थियो । असाध्यै फरासिला र मिजासिला हुनुहुन्थ्यो नानी । बद्री नानी साह्रै खुलेर कुरा गर्ने, नहाँसी बोल्नै नजान्ने, हाँसो पनि थकाइ मेटाउने खालको थियो हाहा हाहा... । बद्री नानी जे पनि मीठो मानेर खाइदिने, नानी हुँदा घर नै उज्यालो हुने खालका थिए ।

पतिदेवसँग बद्री नानीको अति नै कुरा मिल्थ्यो । अगेनामा आगो ताप्दै दाजुभाइ बसेर संसारभरिका कुरा गर्नुहुन्थ्यो । कसरी देश विकास, शिक्षामा विकास, खेतीकिसानी सबैतिरका विकासका गतिविधिहरू हुन्छन् र देशलाई कसरी उचाइमा पुऱ्याउने भनेर कुरा गरिरहन्थे । दाजुभाइ खेतबारी डुल्थे, बारीमा ताता घाममा बसेर सुन्तला खान्थे । नानी होडा जाँदा हामी बजैलाई सुन्तला पठाइदिन्थ्यौँ । बजैले होडाबाट हामीलाई आँट पठाइदिनुहुन्थ्यो ।

तिहारको बेला शारदा हाईस्कुलबाट देउसी भैलो हिँडाएको थियो । बद्री नानी पनि गाउन, नाच्न साह्रै सिपालु थिए । विद्यार्थी र शिक्षकहरू सबै गाउँगाउँ नाच्दै र गाउँदै होडासम्म पुगेका थिए । कति रमाइलो हुन्थ्यो भने नि हामीलाई तिहारको बेला । म पनि देउसे, भैलेसँगसँगै गाइदिन्थेँ, नाचिदिन्थेँ । हामी ढिकी जाँतो गर्दा पनि गीत गाउँथ्यौँ । 'भाउजूले कति राम्रो गीत गाएको' भन्नुहुन्थ्यो नानीले । नानी गएपछि धेरै दिन हाम्रो घर शून्य भएको थियो । नानी खेल्न पनि सिपालु हुनुहुन्थ्यो र सबै विद्यार्थीका प्यारा हुनुहुन्थ्यो ।.

**विमल** : हामीकहाँ पवित्राको छोरो विमल नाति, स्कुल पढ्दै बिहानबेलुका घरमा पनि सघाउँथ्यो । ऊ आफ्नै छोरोजस्तो थियो । उसले एसएलसी पास गरेपछि विदेश गएर पैसा पनि कमाएर ल्यायो । उसको विवाहमा म मणिपुर पनि पुगेकी छु । उसकी दुलही राम्री छन्, अहिले उनीहरू झापामा घर बनाएर बसेका छन् । उसका छोराछोरी पनि राम्ररी पढ्दै छन् । झापा गएको बेला म उसको घरमा पनि पुगेर आएँ, मलाई ढुक्क लाग्यो । उसको भाइ मदनले पनि सँगै घर बनाएर राम्ररी गरी खाएको रहेछ । उसकी दुलही, छोराछोरी पनि बेस रहेछन् । मैले 'बाबै तिमीहरूको राम्रो होस्, सुख शान्ति होस्' भनेँ, मलाई उनीहरूको उन्नतिमा साह्रै आनन्द लाग्यो ।

# दिदी अम्बिका, भाइ मोहन र जय

अम्बिका दिदी मेरा बाबुआमाकी जेठी छोरी १९८४ चैत २ गते अर्खौलेमा जन्मनुभएको थियो । अम्बिका दिदीको बाल्य अवस्था हाँस्दै र खेल्दै रमाइलोसँग बित्यो । दिदीको चुवाँपारि खड्गप्रसाद पाठकसँग विवाह भएको थियो । भिनाजु भारतीय लाहुरे हुनुहुन्थ्यो । लाहुरमै भिनाजुको देहवसान भएको खबर आयो । त्यसपछि भिनाजुको काजक्रिया सिध्याएर दिदी आमासँगै आएर बस्नुभयो । आमा बाँचुन्जेल दिदीले आमाको सेवा गर्नुभयो ।

कान्छा भाइबुहारीले दिदीलाई आमाको जस्तै मानमर्यादा गरेर सेवा गरे । भदा बुहारी, सुरेन्द्र र बुहारी रूपाले पनि दिदीलाई अति नै माया र सम्मान गरेर सेवा गरेका छन् । यो उमेरसम्म पनि दिदी निरोगी र स्वस्थ हुनुहुन्छ । 'जेठी बुहारी कृष्णा, भदा भोला अनि बुहारी शान्ताले जेठा भाइको न्यास्रो मेटाएका छन्' भन्नुहुन्छ दिदी । साह्रै असल छन् यिनीहरू ।

•

ठूलो भाइ मोहन १९९० वैशाख २२ गते अर्खौलेमा नै जन्मिए । शान्त स्वभावका ठूला भाइ धैर्य र आँटिला थिए । उनी परोपकारी र सहयोगी भावनाका थिए । हाम्रो बाबा चाँडै स्वर्ग भएपछि भाइको काँधमा सानैदेखि व्यवहारको जिम्मेवारी आयो । आमाको निर्देशनमा भाइ झापा शिवगञ्ज गएर जग्गाजमिन किनेर बसेका थिए । भाइको

विवाह जेठाजु वेदचार सिटौला र जेठी जेठानी हिमादेवीकी छोरी कृष्णमायासँग भएको थियो ।

जेठी जेठानीलाई माइत मिचिरिङमा बिरामी भएर आराम गर्न लगेको रहेछ । त्यहीँ उहाँको स्वर्गवास भएछ । छोरी कृष्णा छ महिनाकी रहिछन् । उनलाई उतै मावलमा नै राखेको हुनाले मावलबाटै मेरा जेठा भाइसँग उनको विवाह भएको हो । उनीहरू केही वर्ष हाङपाङ बसे । पशुपति भदा र तारा भदा त्यहीँ जन्मिएका हुन् । पशुपति आमाको मुटुको टुक्रा थियो, पशुपति र तारालाई झापा लैजान ढाकरमा चढाएपछि आमालाई पानी खन्याउनुपरेको थियो ।

ठूलो भाइ सात सालमा उथलपुथल भएपछि माइला मामाले बोलाएर मामासँगै झापा आए । भतिज रघुनन्दनले साइँला फुपाजु देवीप्रसादसँगै काम गरे र भाइलाई पनि साथमा लगाएर उन्नतिप्रगति गरे । भाइले घरव्यवहार भरथेग गरे । झापा आएपछि भदा भोला अनि भदै टीका र सीता जन्मिए । भाइ शिवगञ्जबाट चुहानडाँडा पुग्दा मलाई अति रमाइलो हुन्थ्यो । भाइले अनेक कोसेलीपात र भुराहरूलाई लुगा लगिदिन्थे । मामाले ल्याएको चकलेट र नाना पाएर भुराहरू पनि खुसी हुन्थे । म कहिले भाइसँगै माइत जान्थेँ र कहिले दसैँको बेला पतिदेव पनि साथमा हुनुहुन्थ्यो । सबै ज्वाइँछोरी, छोराबुहारी भेला भएर दसैँ मनाउन पाउँदा आमा पनि हर्षले गद्गद हुनुहुन्थ्यो ।

हामी दुईचार दिन आमासँग बस्थ्यौँ, मावल सबैतिर घुम्थ्यौँ अनि फर्कने बेला भइहाल्थ्यो । त्यो बेला बिछोडको पीडा खपिनसक्नु हुन्थ्यो । म कहिले टीका लगाएर पतिदेवसँगै फर्कन्थेँ, कहिले ठूलो भाइ मलाई पुऱ्याएर झापा झर्थे । जीवनका यी अति नै प्यारा सम्झनाहरू मेरा हृदयमा छापिएर बसेका छन् । कठैबरी मेरी आमा, हामी हिँडेपछि आमालाई कति शून्य हुन्थ्यो नि घर ! मेरो ठूलो भाइ पनि आमालाई छोडेर हिँड्नुपर्दा रुँदै हिँड्थे ।

ठूलो भाइ मोहनको घर शिवगञ्जमा म धेरै पटक गएर बसेँ । मोहन मैनाली त्यहाँका प्रख्यात र असल मानिस भनेर सबैले चिन्दथे । छोरी कृष्णाले पनि घरव्यवहार, ठूलो नातो, इष्टमित्र सबै सम्हाल्दै दस वर्षसम्म शिवगञ्ज गाविसको नेपाल महिला सङ्घको सभापति भएर त्यहाँ न्यायनिसाफ सेवा र समाजसुधारका कामहरू गरिन् । आफ्नो परिवारको र समाजको श्रेय राखिन् । आमाका सन्तानमा ठूलो भाइ सबैभन्दा पहिला स्वर्ग भए । त्यतिखेर म त अमेरिकामा नै थिएँ । 'मेरो प्यारो भाइ तिमीलाई सुमसुम्याउन पाइनँ नि' भनेर मैले बिलौना गरेँ, धेरै बेर रोएँ । बाबा कवीन्द्र र बुहारी रञ्जुले मलाई सम्झाए । मेरी नातिनी कृपा छेउमा आएर मलाई सुमसुम्याएर बसिन् । सबै भाइबहिनीले मलाई फोन गरे । सबै छोराछोरीले भाइको हेरविचार गरेछन् । छोरा खगेन्द्रले रातभरि मामाको स्याहार गरेछ । मैदेखि मुनिको मेरो भाइ भएको हुनाले उनीसँगको घनिष्ठता र आत्मीयता शब्दमा भन्न सकिँदैन ।

'लेकैमा फुल्ने लै लालीगुराँस, औलैमा फुल्ने जाई
चरीमा राम्रो परेवी पङ्खी, माइतीमा राम्रो भाइ ।'

अमेरिकाबाट आएपछि म शिवगञ्ज गएँ । भाइबिनाको घर मलाई शून्य थियो, जताततै भाइका हात छन् । भाइको पौरखले बनाएका सबै सृजना जस्ताका तस्तै छन् । भाइ नहुँदा भाइको खाटमा म लडीबुडी गरेर रोएँ । मलाई भेटेपछि छोरी कृष्णाले साह्रै अपघात गरिन् । आफूले आफैँलाई सम्झाएँ, छोरीलाई सम्झाएँ । 'दिदी म छु नि' भन्दै भदा भोलाले काखमा लुटुपुटु गऱ्यो । 'मेरो राजा' भन्दै उसलाई गालामा चुक्क म्वाइँ खाएँ । भोलाको ठूलो तपस रहेछ, बुहारी शान्ता साक्षात् लक्ष्मीजस्तै छिन् । मलाई भाइको कमी कसैले हुन दिएनन्, सबै अमृत छन् तर घरमा भाइ मात्र थिएनन् । मेरो हृदयको टुक्रा ठूलो भाइ तिमी दिव्यधाम वैकुण्ठमा बाबाआमासँग छौ होला, तिम्रो आत्माले शान्ति पाओस् !

सबै भदाभदैले उन्नतिप्रगति गरेका छन्, राम्ररी गरी खाएका छन् । काठमाडौँ आएपछि भदा तारानाथ मलाई लिन आए, म चारपाँच दिन उनको घर इमाडोलमा गएर बसेँ । यस्तो जाती र मनकारी भदा पृथ्वीमा जोकोहीका हुँदैनन् । बुहारी ईश्वरा र नातिनातिना पनि उस्तै जाती र ज्ञानी छन् । यो नै हाम्रा लागि गौरवको कुरा हो ।

•

कान्छो भाइ जयप्रसाद मैनाली १९९३ पुस २ गते हाङपाङमा जन्मिए । यी ज्ञानी, हँसिला र असल स्वभावका छन् । अनि यिनको राम्रो स्वर पनि छ । भाइले आमाको निर्देशनमा पहाडको व्यवहार सम्हाले । हाम्रो नाता, कुटुम्ब ठूलो थियो । भाइ र बुहारी हरिमायाले सबै व्यवहार ढाके ।

खेतीपाती, तुलफूल ढकमक्क, गाई गोठ भरिपूर्ण थिए । घरको व्यवहार सबै भाइले समालेका थिए । हाम्रो बाबाले आमालाई सधैँ धार्मिक पुस्तकहरू पढेर सुनाउनुहुन्थ्यो । त्यसैले भाइले पनि आमालाई सधैँ रामायण, गीता, देवीभागवत र चण्डीका पुस्तक पढेर सुनाउँथे । आमा र कान्छा भाइले भजनकीर्तन गर्दा घर नै गुञ्जायमान भएर हाम्रो घर ठूलो धाम भएको थियो ।

कान्छो भाइ कहिलेकाहीँ चाडपर्वमा मलाई लिन चुहानडाँडा आउँथ्यो । कहिलेकाहीँ घरबाट फुर्सद पाएर म हाङपाङ जाँदा कान्छो भाइ चुहानडाँडा मलाई पुऱ्याउन आउँथ्यो । ह्वाकुमा हाम्रा जेठी, माइली ठूलीआमाहरूको घर भएको हुनाले हामी त्यहाँ वास बसेर चुहानडाँडा आउँथ्यौँ । ठूलीआमाहरूको पनि न्यास्रो मेटिन्थ्यो । आमाले ठूलीआमाहरूलाई पनि कोसेली पठाइदिनुहुन्थ्यो । ठूलीआमाहरूले पनि मलाई 'बाबै पम्फा, ज्वाइँलाई कुराउनी मीठो लाग्छ, सेलरोटी मन पर्छ, विभिन्न किसिमका अचार, तुलफूल मीठो लाग्छ' भनेर कोसेली थपिदिनुहुन्थ्यो ।

कालिपामा मेरी बहिनी साइँलीको घर थियो, कहिले हामी त्यहाँ वास बसेर भोलिपल्ट चुहानडाँडा आउँथ्यौँ । बाटाभरि हामीले बात मार्दै हँसीमजाक गर्दै, दु:खसुखका कुरा गर्दै, थकाई मार्दै, गीत गाउँदै हिँडेका दिनहरू सम्भनामा भलभली छन् । हामीलाई बाटो छोटो हुन्थ्यो, हाम्रा कुरा सकिँदैनथे । ती दिन अहिले सम्भँदा मेरो मन त्यसैत्यसै दङ्ग हुन्छ ।

तिहारमा कान्छो भाइ चुहानडाँडामा भाइटीका लगाउन आउँदा कति सन्तोष हुन्थ्यो भने मेरो संसारै आनन्दमय हुन्थ्यो । भाइटीका र गलाभरिको माला लगाएर भाइलाई अनेकअनेक मीठा परिकार खुवाउँदा मलाई बिछट्टै आनन्द मिल्दथ्यो । चुहानडाँडाबाट कान्छो भाइ हिँडेपछि मेरा सहस्रधारा आँसु बग्दथे । हाम्रो जीवनको प्रक्रिया यसरी नै चलिरहन्थ्यो ।

सानैदेखि वनजङ्गल डुलेर कान्छो भाइ निडर, आँटिलो भएको थियो । एक दिन माइलो मामाले कान्छो भाइलाई बोलाउनुभएको रहेछ । बिहानीको मिरमिरेमा भाइ मामाकहाँ जाँदै रहेछन् । शिवालयको छेउमा बरको टुप्पामा चितुवा बसेको रहेछ । कान्छा भाइलाई देखेर चितुवा रूखबाट भरेछ । चरा, काग र कुकुरहरू कराउन थालेछन् । भाइको हातमा लौरो रहेछ, छसात हात परबाट चितुवाले भाइलाई भम्टिएछ । भाइले पनि छेलो हानेजैँ लौरोले चितुवाको नाकमा हानेर तीन हात पर हुत्याएछन् । त्यो चितुवा ढुनमुनिएर पछारिएछ । पछि गाउँका केटाहरू मिलेर त्यो चितुवालाई लगेछन् । यस्ता घटना कति हुन् कति कान्छा भाइका जीवनमा घटेका घटना । भाइ समाजसेवामा पनि उत्तिकै जागरूक थिए । जसलाई जेजे कुरामा साथ, सहयोग र आवश्यकता पर्छ, उनले सबैलाई निस्वार्थ सहयोग गरे । कान्छा भाइले हरेक वर्षको मङ्सिर, पुसमा मावलका घरबारीमा गाउँका केटाकेटीलाई नि:शुल्क पढाउने गर्थे ।

कान्छी बुहारी हरिमाया पनि हँसिली, रसिली शान्त स्वभावकी, मुसुक्क हाँसेर बोल्ने, मीठो बोलीवचन भएकी थिइन् । उनले साह्रै मीठो चोखो खाना बनाएर खुवाउने गर्थिन्, माइत जाँदा बुहारीको मीठो मुस्कानले मेरो थकाइ मेटिन्थ्यो । उनले आमालगायत सबैको सधैँ मानमर्यादा राखेर घरको व्यवहार सम्हालेर राखिन् । तर छिट्टै रोगाइन् कान्छी बुहारी, छिट्टै सबैलाई छोडेर परलोक गइन् ।

भदै र भदाहरू क्रमश: देवी, जीवन, लीला, सुरेन्द्र र इन्दिरा जन्मिए । सबै भदाभदैहरू, ज्वाइँ, बुहारीहरू अति नै ज्ञानी र असल छन् । मेरा भदाभदै सबैले राम्ररी गरी खाएका छन्, साह्रै प्यारा छन् मेरा भदाभदैहरू ।

## बहिनीहरू विष्णुमाया, हरिकला र गङ्गादेवी

साइँली बहिनी विष्णुमाया १९९६ भाद्र कृष्ण अष्टमीमा जन्मेकी थिइन् । कालिपाका हरिप्रसाद विमलीसँग उसको विवाह भएको थियो । उनीहरूको टन्न खेतीपाती र राम्रो व्यवस्था थियो । दसैँमा हामी सबै सँगै माइत हाङपाङ जान्थ्यौँ । हामीलाई कति रमाइलो हुन्थ्यो, आमाको काखमा सबै जना जम्मा हुँदा तर यो अवसर हामीलाई सधैँ मिल्दैनथ्यो । हामी आमाकहाँ कहिले को पुग्थ्यौँ, कहिले को, कहिले सबै पुग्थ्यौँ, कहिले कोही पनि पुग्न नपाएर आमाको काख रित्तो हुन्थ्यो । दसैँमा पूर्णिमाका दिनसम्म पनि आमाले हाम्रो बाटो हेरिरहनुहुन्थ्यो रे !

एक पटक साइँली बहिनी लिएर ज्वाइँ दसैँमा हाङपाङ जाँदै हुनहुँदो रहेछ । बाटामा गोठालाहरूले अरिङ्गालको गोलोमा ढुङ्गा हानेर बिच्क्याएका रहेछन् । त्यही बेला उनीहरू त्यो ठाउँमा पुगेछन् । बहिनीले कालो र रातो बुट्टे मजेत्रो ओढेको रहेछ । अरिङ्गालको गोलो साइँली बहिनीमाथि खनिएछ । हे भगवान् ! अनि थामिसक्नु भएनछ । ज्वाइँले आफ्नो गलबन्दीले अरिङ्गाल झार्ने कोसिस त गर्नुभएछ नि तर के पार लाग्नु ? साइँली बहिनी अरिङ्गालले चिलेर बेहोस भइछन् । ज्वाइँले अलिपरसम्म बहिनीलाई बोकेर लानुभएछ । एउटा घरमा बहिनीलाई पानी खुवाएर अमिलो दलेर केही बेर बसेछन् । फेरि हाङपाङ त पुग्नु नै थियो । उनीहरू बाटो लागेछन्, पीडा सहनै नसकेर बहिनी बाटामा धुरुधुरु रुँदै हिँडिछन्, ज्वाइँ पनि बिलखबन्दमा पर्नुभयो ।

'दिदी, गौरीकी आमा बाटामा डाँको छोड्दै हिँडेकी छन्, आफूलाई अरिङ्गालले टोकेको दुखाइ कहाँ पुग्यो, पुग्यो ? उसैको पीडाले आफू पनि आँसु झार्दै हिँडें । बाटाभरि मानिसहरू फर्कीफर्की हामीलाई हेर्दै छन् । ए गौरीकी आमा बटुवाले दसैंको बेला यो मान्छेले श्रीमतीलाई कुटेर रुवाउँदै हिँडाइरहेछ भन्छन् होला ? 'नरो न बाबै नरो ! तेरा मायाले मेरा ओठतालु सबै सुकिसके' भन्छु । उसको रुवाइ के रोकिन्थ्यो दिदी ? 'ए दाइ, के भयो हौ जाहानलाई' भन्छन् ? म त हैरान भएर मान्छे आएको देखेपछि कि त नचिनेझैं गरेर उभिएँ, कि त बाटामा बसैं, अघिपछि गर्दै हिँडें । कठै ! गौरीकी आमा कति दुख्यो नि तिमीलाई ! बाटामा पानी छचाप्दै अनेक जडीबुटी निचरेर लगाउँदै हामी हाङपाङ पुग्यौं । कस्तो सकस पऱ्यो नि दिदी । माइत पुगेपछि साइँली बहिनी आमाका काखमा डाँको छोड्दै रुन लागिन् ।

'जेठान, अरिङ्गाल ! अरिङ्गाल ! अरिङ्गाल !' भन्दै ज्वाइँ चिच्च्याउनुभयो । भाइ कान्छो 'कता अरिङ्गाल' भन्दै घुम्न थाले । एकछिन त हाम्रो हाँसो पनि भयो । 'यो जस्तो पीडादायी दसैं हामीलाई कहिल्यै आएन' ज्वाइँले भन्नुहुन्थ्यो ।

साइँली बहिनी कहिले चुहानडाँडा आएर दुईचार दिन हाम्रो घरमा बस्थिन् । कहिले म पनि कालिपा बहिनीकहाँ जान्थैं । साइँली बहिनीका छोरो रोइन्द्र र छोरी गौरी जन्मिएका थिए । चुहानडाँडाका सुन्तला भनेपछि रोइन्द्र भुतुक्कै हुन्थ्यो । दाजुहरूसँग खेल्न, पढ्न, बस्न ऊ चुहानडाँडा आइरहन्थ्यो । साइँली बहिनीको जीवन शान्तसँग चलिरहेको थियो । साइँली बहिनीको जीवनमा एक्कासी बज्रपात पऱ्यो ! अठार वर्षको रोइन्द्र एक्कासि मऱ्यो भन्ने खबर चुहानडाँडामा ल्याए । राम ! राम ! राम ! खबर सुन्नासाथ मेरा हातखुट्टा त्यहीं बिलाए ! मेरो मुटु फुटेझैं भयो ।

फेरि देवेन्द्र स्वर्गे भएको दिन मलाई ताजा भयो । हे ईश्वर ! किन यस्तो अन्याय गर्छौ ? कति काल पर्खिएर बिजोकसँग बसेका मानिसलाई नलगेर मेरी साइँली बहिनीको एउटा भएको छोरो किन लग्यौ ? अनि घिस्रिँदै, पसारिँदै, पछारिँदै साइँली बहिनीको घरमा पतिदेव र म गयौँ । के गर्नु भगवान् ! रुनुसिवाय मलाई केही थिएन । आफू कसरी सम्फनु ? ज्वाइँबहिनीलाई कसरी सम्फाउनु । पतिदेवले अनेक तरहका शास्त्रका कुरा गरेर बहिनीज्वाइँलाई सम्फाउनुभयो । मेरा त आँसु मात्रै फरिरहे । बरा ! पुक्खली गौरी फोल घोप्टचाएजस्ती भएकी थिई । त्यसपछि साइँली बहिनीहरू त्यहाँ बस्न सकेनन् फापा फरे पाँचगाछीमा ।

साइँली बहिनीले आफैँ केटी मागेर ज्वाइँको विवाह गराइन् । पछि शिव, टङ्क र कल्पना छोराछोरी जन्मिए । पाँचगाछीमा पनि म गएर बसेँ, साइँली बहिनीको राम्रो व्यवस्था थियो । ज्वाइँ स्वर्गे भए तापनि छोराहरूले राम्रो सेवा गरेर दुवै आमालाई राखेका छन् । सबैको राम्रो होस् ! मेरी साइँली बहिनी पनि २०७८ सालमा स्वर्गे भइन् । आफ्नो भागभोग कति छ अनि जानुपर्ने रहेछ ।

•

काइँली बहिनी हरिकला १९९८ असोज २ गते जन्मिएकी थिइन् । उनको मिचिरिङका छत्रप्रसाद चुडालसँग विवाह भएको थियो । उनी सानैदेखि धार्मिक र ज्ञानगुनका कुरा गरिरहन्थिन् । हुन त हाम्रो परिवारमा दान, धर्म र परोपकारी कर्मलाई सधैँ अग्रस्थानमा राखेको हुन्थ्यो र हामी सबै त्यस्तै छौँ । यी बहिनीचाहिँ सानैदेखि देवी दर्शनका, शास्त्रका कुरामा चाख राख्ने र बुफ्ने, बुफाउने गर्दथिन् ।

एक पटक उनी र कान्छो भाइ मलाई लिन चुहानडाँडा आएका थिए । हाम्रो बराजै पनि अनन्य देवीभक्त भएको हुनाले

बराजैसँग बहिनीको शास्त्रसम्बन्धी छलफल चल्यो । उनले दिएको उत्तर सुनेर बराजै पनि चकित परेर 'यी त ब्रह्मज्ञानी रहिछिन्' भन्दै बराजैले उनलाई 'सानी गुरु' भनेर बोलाउनुहुन्थ्यो । धेरै पटक उनले देवीको दर्शन पाएको कुरा हामीलाई सुनाउँथिन् । हामीले नित्य पौडी खेल्ने चुवाँको दहमा उनले नौ वर्षको उमेरमा देवीको दर्शन पाएको हर्षको कुरा सुनाएपछि त्यो ठाउँ हाम्रो तीर्थ भएको थियो ।

काइँली बहिनीहरू झापा दमक आएर बस्न थाले । उनीहरूका हरिश्चन्द्र, देवराज, दधिराम, लक्ष्मी र प्रकाश छोराछोरी जन्मिए । टाढाको बाटो झापाबाट कहिलेकाहीँ काइँली बहिनी आमासँग भेट गर्न पाहाड जान्थिन् । त्यो बेला कहिले हामी सँगै हाङपाङ जान्थ्यौँ, कहिले उनी माइतबाट फर्कंदा चुहानडाँडा दुईचार दिन बसेर झापा झर्दथिन् । हामीलाई सधैँ कामको धमाधम हुन्थ्यो । हामी जता गए पनि उनी हाँस्दै हामी भएको ठाउँमा पुगिहाल्थिन् । हाम्री आमा स्वर्गे भएपछि उनले प्रथम पटक 'हिमा' शोककाव्य लेखेर प्रकाशित गरिन् । यो शोककाव्यमा उनले आमाको मायाले द्रवीभूत भएर हृदयको पुकार लेखेकी छन्–

'फिर्छन जङ्गलबाट पन्छी गुँडमा सम्झी बचेरा भनी
गाई आउँदछिन चरेर पखेरु सम्झेर बाच्छा पनि
फर्किन्छन् परदेशबाट घरमा सम्झेर प्रेमी जन
आइनौ जननी फिरेर घरमा सम्झी टुहुरा कन ।'

उनले 'दिव्य देवी दर्शन'देखि 'शिववेद गीता'सहित 'महावेद'लगायतका बीसओटा अमूल्य पुस्तकहरू लेखेकी छन् । हाम्रा बाबाआमाको कोख काइँली बहिनीले अमर बनाएकी छन् । उनले जगत्लाई दिव्यज्ञान दिएकी छन् । संसारैभरि श्री अम्बे माताका भक्तहरू जप, तप, ध्यान, भजनकीर्तन, पाठपूजा गरेर आफ्नो जन्म

सफल बनाइरहेका छन् । बानेश्वर काइँली बहिनीको घर दिव्य धाममा प्रत्येक अष्टमीमा भक्तजनले भरिभराउ हुन्छ । श्री अम्बे माताको पाठ, भजन, पूजा, आरतीले ब्रह्माण्ड गुञ्जायमान हुन्छ, त्यहाँ मलाई अति नै आनन्द र शान्ति मिल्दछ ।

'हेरिदेऊ दुर्गे माता त्रिनेत्र खोली,
भक्ति र भावनाले भरिदेऊ झोली ।
तिमी नै शक्तिमाता धरती धारी,
तिमी नै लक्ष्मी माता पालनकारी ।'

–त्रैलोक्यैश्वरी दिव्यदर्शन

'भक्तहरूका मनमन्दिरमा नाचिन् छमछम दुर्गा ।
भक्तहरूका भावनाभित्र नाचिन् जगत्की माता ॥
मनको दु:ख र रोग हटाई, दुर्गुण दूर हटाए ।
सत्य भावको दीप जलाए जीवन सार्थक बनाए ॥

यही हो दिव्य धाम बुझ यही हो दिव्य धाम ।
मधुर मधुर दिव्य वाणी यही हो ब्रह्मज्ञान ॥
दिव्य वाणी मनमा राख शान्ती भावले ।
दुर्गुणको नाश गर्ने दिव्य वाणी हे ॥'

–चितशक्ति ब्रह्मतत्त्व

अम्बे !
'भगवान् त्रिलोकपालक ब्रह्मा, विष्णु, महेश्वर ।
महर्षि मनुले गर्छन् श्री अम्बे पाउको सेवा ।
भएथे विश्वका स्वामी ध्यानी, ज्ञानी अपूर्वका ।
कृपाले हे परम माता ! प्रभुकै भए ईश्वर ।'

–हरिकला भक्तिभजन

'म व्यापक छु योगी, म ब्रह्म हुँ जान ।
म एक मात्र नै छु, जगतै म धाम ।

म अक्षर हुँ; वेद, महावेद जान ।
मलाई बुझेर बन मोक्ष धाम ।
म ज्योति प्रज्योति, म सूर्य हुँ तेज ।
म नै चन्द्रमा हुँ, ग्रहगण तारा ।
म अग्नि हुँ; वायु, जल, पृथ्वी धारा ।
मलाई बुझी सत्य भावभित्र हेर ॥'

–श्री महावेद

काइँली बहिनीले पन्ध्रसोह्र दिन धूलेस्कुलमा गएर पढेको भरमा यस्तायस्ता अमूल्य स्तोत्रहरू लेखेर सबैलाई ज्ञान बाढिरहेकी छिन् । यस्ती ब्रह्मज्ञानी जननी हरिकलाका पुस्तकहरू ज्ञानैज्ञानले भरिएका छन् । यी पुस्तकहरूले सबैलाई ज्ञान दिँदै तरनतारन गर्नेछन् र मोक्ष दिलाउनेछन् । यस्ती परम ज्ञानी बहिनीलाई मेरो सहस्र आशीर्वाद छ ।

ज्वाइँ छत्रप्रसाद चुडाल पनि साह्रै जाती हुनुहुन्छ । उहाँहरूको घर दमकमा गएर पनि म बसेकी छु । त्यहाँ ज्वाइँ व्यापार गर्नुहुन्थ्यो, अहिले काठमाडौँमा पनि छोराहरूले व्यापार गर्छन् । बानेश्वरमा धेरै पटक अष्टमीमा गएर म पूजामा सामेल भएकी छु । अमेरिकामा पनि मैले सधैँ पूजाकोठामा श्री अम्बे माताको पाठ, पूजा गरिरहन्थेँ र छोराबुहारीले पनि सधैँ पाठ, पूजा गर्छन्; भक्ति भाव राख्छन् ।

एक पटक हरिकला बहिनीले नौ दिनसम्म आफ्नो घर बानेश्वरमा महादिव्य उत्सव लगाएकी थिइन् । हामी सबै हाम्री आमाका छोराछोरी, बुहारी, ज्वाइँ, नातिनातिना त्यो दिव्य उत्सवमा जम्मा भएर बानेश्वरमै बहिनीको घरमा बसेर आनन्दपूर्वक जप, तप, ध्यान, पूजा गऱ्यौँ; भजन गायौँ । यो हामी सबैका लागि अपूर्व अवसर थियो । ठूलो भाइ मोहन, छोरी कृष्णा पनि पूजामा साथमा थिए । त्यो बेला हामी सबै सकुशल थियौँ र आनन्दमा विभोर भएका थियौँ ।

हजारौँ भक्तजनले बिहानबिहान मन्दिरमा आएर जप गरे, पाठ, पूजा गरे र दिव्य ज्ञान प्राप्त गरे । मन्दिरमा भक्तजनले कति हो कति प्रसाद ल्याएका थिए । सबै भक्तजनले भजनकीर्तन, नाचगान गरेर आनन्द प्राप्त गरे । स्वदेश, विदेश सबैतिरबाट भक्तजनहरूले फोन गरेर जननीबाट आशीर्वाद प्राप्त गरे । धेरै जेष्ठ नागरिक र भक्तहरूले त्यहाँ सम्मान पाए । हामीले आमाको काख छोडेपछि यसरी पाँचओटी दिदीबहिनी जम्मा भएर हाँस्ने, बस्ने अवसर पनि मिल्यो । छोरी राधिका पनि हाम्रो साथमा थिई । बिहानबिहान बहिनी कान्छी र राधिकाले हामीलाई खुबै हँसाउँथे, अरू छोराछोरी मन्दिरमा घरैबाट धाए ।

फेरि अर्को पटक पनि बहिनीले नौ दिनसम्म महादिव्य उत्सवको आयोजना गरिन्, म पनि अमेरिकाबाट आएँ । यो बेला पनि हामीलाई उस्तै आनन्द मिल्यो । बाटाको धपेडीले होला, म केही दिन असहज भएर अस्पताल बस्नु पर्‍यो । बहिनीको दिव्य धामको पूजा सम्झिएर फेरि तङ्ग्रिएर पूजामा सामेल भएर भजनकीर्तन र सँगिनी नाचेर हामीले रमाइलो गर्‍यौँ । बहिनीले सयौँ भक्तजनहरूलाई दोसल्ला ओढाएर सम्मान गरिन् । बुहारीहरू इन्दु, दिक्षा र इन्दिरा पनि साह्रै असल छन् । यिनीहरूले पनि साह्रै खटिखटाउ गरे ।

धेरै भक्तजनहरूले सधैँ मन्दिरमा अष्टमीमा दिव्य उत्सव गर्छन् । यसरी सबैलाई अम्बे तत्त्व बुझाउने प्रतापी काइँली बहिनी हाम्रो कुलमा जन्मिएर सबैलाई ज्ञान दिएर शान्तिको बाटो, मुक्तिको बाटो, मोक्षको बाटो देखाएकी छिन् । सबै कुरा पुस्तकमा नै लेखिएका छन् । उनीलाई सबैले 'जननी' भनेर सम्बोधन गर्छन् । श्री अम्बे माताले सबैको कल्याण गरून् !

•

कान्छी बहिनी गङ्गादेवी २००० भदौ २६ गते जन्मिएकी थिइन् । हरिप्रसाद सिटौलासँग कान्छी बहिनीको विवाह भएको

थियो । बलभद्र सिटौला (गैरी बा) र गङ्गादेवी सिटौलाका हरि नानी साइँला छोरा थिए । हाम्रो घरभन्दा केही तल गैरीका बाको घर थियो । अनि बाले पतिदेवलाई 'माइला, तिम्री कान्छी साली हाम्रो साइँलालाई मागिदेऊ न, माइली बुहारीको बोलीवचन र व्यवहार हामीलाई राम्रो लाग्छ' भनेर धेरै पटक भन्नुभएछ । अनि पतिदेव हाङपाङ गएर साइँला नानी र बहिनीको विवाहको ठेगान गरेर आउनुभयो ।

गङ्गा मीठो गरी बोल्ने, ठूलो मन, ठूलो हात भएकी बहिनी हुन् । उनी वीर, बहादुर काममा पनि त्यस्तै थिइन् । दुईतीन जनाले गर्ने काम उनी एक्लै गर्थिन् । हाङपाङमा हाम्रो घर बाटाकै छेउमा थियो । उनी सानी हुँदा बाटामा भारी बोकेर हिँड्ने भरियालाई 'ए दाइ भोक लाग्यो होला, हाम्रोमा खाना पाकेको छ, खाएर जाऊ, छिटो आऊ कि आऊ' भनेर बोलाएर ल्याउँथिन् र उनीहरूलाई खाना खुवाएर पठाउनुपर्दथ्यो । कहिले त कान्छी बहिनीले दुईतीन जना मानिस खाना खान बोलाएर ल्याउने अनि आमाले उनलाई दिनको एक जना बोलाउनु भनेर एक जनालाई भनेर बढी खाना पकाएको हुन्थ्यो ।

धेरै पटक कान्छी बहिनी र हामी हाङपाङ सँगै गयौँ । हामी रुँदैरुँदै आमालाई छोडेर चुहानडाँडा फर्किन्थ्यौँ । दसैँमा कहिले पतिदेव र साइँला नानी पनि हुनुहुन्थ्यो । बरा ! साइँला नानी आमाको बिछोडमा कान्छी बहिनीले बगाएको आँसु देखेपछि आफू पनि पिलपिल गर्नुहुन्थ्यो । कठै ! ती मायालु र प्यारा दिन कता गए ।

कान्छी बहिनीको घरमा जाने कोही पनि खाली हात फर्कँदैनन् । उनले औकातअनुसार केही न केही दिएर सबैलाई पठाउँछिन् । हाम्रो घर नजिकै भएको हुनाले हामी आमाछोरीजत्तिकै भयौँ । मीठोचोखो बनाएको बेला हामी कान्छी बहिनीलाई बोलाउँथ्यौँ । कान्छी बहिनीको छोराछोरी नारायण र मीना गैरीमै आफ्नै घरमा हाम्रै काखमा

जन्मिए, हुर्किए । साइँला नानी हरिप्रसादको जागिर काठमाडौँमा राष्ट्रिय समाचार समितिमा भएको हुनाले कान्छी बहिनी पनि काठमाडौँ आइन् । बिना र प्रदीप काठमाडौँमा नै जन्मिए । गैरीकी बजैले कान्छी बहिनीलाई अति नै मन पराउनुभएको थियो । हिँड्ने बेलामा रुँदै 'साइँली, तेरै हातमा मेरो प्राण जाओस्' भन्नुभएको थियो, पछि त्यस्तै भएछ । गैरीकी बजै बिरामी परेर काठमाडौँ आएको बेला कान्छी बहिनीकै हातमा बजैको प्राण गएछ ।

कान्छी बहिनीहरू पोखरा भएको बेला हरि नानी त्यो बेला राष्ट्रिय समाचार समितिको हाकिम हुनुहुन्थ्यो र हामी पनि घुम्न गएका थियौँ । हामी दुईचार दिन पोखरा बस्यौँ । साइँला नानी र कान्छी बहिनीले हामीलाई सबैतिर घुमाइदिनुभयो । फेवातालमा डुङ्गा चढ्दा हामीलाई साह्रै रमाइलो भएको थियो । कति राम्रो माछापुच्छ्रे हिमाल तालमा देखिएको थियो । हामीले डुङ्गामा सरररररर तालमा सयर गर्दाको आनन्द भनिसक्नु भएन नि हाहाहा ! हामीले तालमा पनि गीत गायौँ । पतिदेव, कान्छी देउरानी, मैयाँ, राधिका, ऋरना, साइँला नानी र कान्छी बहिनी हामी सबै तालमा खुबै रमायौँ ।

हामीले विन्ध्यवासिनी देवीको मन्दिरमा गएर बिहानै पूजा गर्‍यौँ । हाम्रो कुनै पनि ठाउँ घुम्नलाई बाँकी रहेन । यी दिन सम्झँदा मलाई अपार आनन्द मिल्दछ । काखकी कान्छी बहिनीसँग धेरै वर्षपछि भेट भएको थियो र हाम्रो न्यास्रो मेटिएको थियो ।

धेरै विद्वान् र ज्ञानी साइँला नानी र कान्छी बहिनीको जोडा साह्रै मिलेको छ । दुवै जना मधुर वाणीका धनी छन् । साइँला नानीले जागिरको सिलसिलामा संसारै घुम्नुभएको छ । दुवै जना श्री अम्बे माताको भक्तिभाव राख्दै ब्रह्मज्ञानी जननी हरिकलालाई गुरु मानेर उनैले लेखेका पुस्तक पाठ गर्दै, भजन गर्दै आनन्दले बसेका छन् । हाम्रा बाबाआमा दुवै जनाको स्वर सुमधुर भएको हुनाले हामी

सबैको स्वर पनि सुमधुर छ, हामी सबै गाउँछौँ । म धेरै पटक बहिनीको घर सरस्वतीनगरमा गएर बसेकी छु । कान्छी बहिनीका छोराबुहारी नारायण, सुनिता पनि साह्रै जाती छन् । मीना, बिना छोरीहरूले पनि राम्ररी गरी खाएका छन् । ज्वाइँहरू पनि अति नै ज्ञानी छन्, यी सब कुरा देख्दा मलाई आनन्द लाग्छ ।

●●

चालिस वर्षपछि २०७९ वैशाख १ गते फेरि मलाई पोखरा घुम्ने अवसर जुऱ्यो । यसपालि छोरीहरू राधिका र विजया साथमा थिए र हामी मिलिक्कै प्लेनमा पोखरा पुग्यौँ । सुन्दर नगरी पोखरा झन् सुन्दर बनाएछन् । पोखरा आएपछि मन त्यसैत्यसै खुसीले नाच्यो । नयाँ वर्षको दिन भएर पोखरामा जताततै नाचेका छन्, बाजा बजाएका छन्, गीत गाएका छन्, रमझम गरेका छन् । हाम्रो पोखरा त अमेरिकाभन्दा राम्रो बनाएको रहेछ । 'मायालु त यसै राम्री झन् आँखामा गाजल' भनेजस्तो ! यहाँका मानिसहरूको हृदयदेखि मैले तारिफ गरेँ । हामी आमाछोरी होटेलमा बात मार्दै बस्यौँ । बिहान फेवातालमा डुङ्गामा सरररर चढियो ! रत्नमन्दिरको गेटदेखि तालबराहीसम्म डुङ्गामा गीत गाउँदै, हाँस्दै सयर गरियो । हामीलाई क्या रमाइलो भयो भने नि ! मलाई पहिला पनि पतिदेव र परिवारसँग फेवातालमा गीत गाउँदै घुमेको झलझली सम्झना आयो ।

रत्नमन्दिरको सम्भार र संरक्षण गर्नुपर्ने भएको रहेछ । कठैबरी ! राजाको दरबार कस्तो थोत्रो भएछ । मेरा दुवै ज्वाइँहरू राजेन्द्र र वसन्त गाडी लिएर बिहान आइपुग्नुभयो । म ज्वाइँछोरीलाई लिएर बिन्ध्यवासिनी देवीको मन्दिर दर्शन गर्न गएँ । आहा ! हामीजस्ता जेष्ट नागरिकका लागि लिफ्ट पनि बनाएर साह्रै राम्रो काम गरेका रहेछन्, फुत्तै माथि मन्दिरमा पुगियो । मैले ज्वाइँछोरीहरू साथमा लिएर पूजा, आरती गरेँ । हामीले नारायण, राधाकृष्ण, महादेवका सबै मन्दिर घुम्यौँ । यहीँबाट मैले लोकपरलोकमा हाम्रा सन्तानहरू

जो जहाँ छन् सबैलाई आशीर्वाद दिएँ । मलाई भनेसमानको आनन्द मिल्यो । यसपालि पोखरामा केबलकार पनि बनाएका रहेछन्, ज्वाइँछोरीहरूले मलाई गुडाउँदै माथिसम्म सररर केबलकारमा पुऱ्याए । साराङकोटबाट कति राम्रो दृश्य देखिँदो रहेछ भने नि माछापुच्छ्रे हिमालको शृङ्खला ! कति राम्रो टलक्कै टल्किएको, धरतीको स्वर्ग यहीँ रहेछ । पृथ्वीको सुन्दर ठाउँ योभन्दा अन्त कहाँ होला र ! तल फेवातालशिरमा माछापुच्छ्रे ! चराजत्तिकै मानिसहरू प्यराग्लाइडिङमा रमिता लाग्दो गरेर उडेका देखिन्छन् । केही बेर थकाइ मारेर हामी तल केबलकारमा सररर गीत गाउँदै झऱ्यौं । ज्वाइँ वसन्तको गाडीमा काठमाडौं आयौं, मैले ९२ वर्षको उमेरमा पनि आँखा झिमिक्क नगरी लगातार गीत गाउँदै, ज्वाइँ छोरीसँग बात मार्दै, हाँसीमजाक गर्दै बाटो कटनी गरें । मेरा ज्वाइँछोरीलाई मैले सहस्र आशीर्वाद दिएँ । यसपालि २०७९ सालको नयाँ वर्ष मलाई साह्रै रमाइलो भयो ।

# पतिदेवको निधनको पीडा

हाम्रो जीवन शान्तसँग चलिरहेको थियो । छोराछोरी सबैले राम्ररी पढेका थिए, सबैले आआफ्नो इलम गरेर खाएका थिए । पतिदेव पहाड मधेस गरिरहनुहुन्थ्यो । साठी वर्ष पुगेपछि पतिदेवलाई हात काम्ने रोग (पार्किन्सन्स्) लाग्यो । उहाँलाई लेखापढी गरिरहनुपर्ने, धेरै मानिसहरू न्यायनिसाफ माग्न घरमा आइरहन्थे । उहाँलाई लेख्न कठिन हुँदै गयो । पतिदेव आफ्नो रोग देखेर दिक्क मान्नुहुन्थ्यो । एक दिन सपनामा पतिदेवले एक जना ऋषिले 'तिमीले ७२ वर्षपछि हामीसँग आउनुपर्छ' भनेको देख्नुभएछ । ज्योतिषीहरूले पनि पतिदेवलाई ७२ वर्षमा खड्को छ भनेका थिए । त्यो कुराले पतिदेवको मनमा गहिरो छाप परेको थियो ।

छोराहरूले पतिदेवलाई काठमाडौँ लगेर पनि उपचार गरे, भेल्लोर पनि लगे तर उहाँलाई जाती भएन, उहाँको शरीर सुकेर गयो । उहाँलाई हिँड्न पनि कठिन हुन थाल्यो । पतिदेवलाई कमजोरी धेरै भएको हुनाले हात मुखसम्म लैजान पनि मुस्किल पर्ने हुनाले म उहाँलाई खाना खुवाइदिन्थेँ । पतिदेवले दूध, केरा, पाकेको फर्सीसँग खाना मीठो मान्नुहुन्थ्यो । उहाँको गाउँघर हिँडडुल गर्ने काम कम हुन थालेपछि पुस्तकहरू पढ्ने, छोराछोरीले पठाएका चिठीपत्रहरू पढ्ने गर्नुहुन्थ्यो । हाम्रो घरमा पतिदेवसँग सल्लाह लिन आउने इष्टमित्रहरूलाई 'यसरी काम गर्नू' भनेर योजना र तरिका बताइदिनुहुन्थ्यो । पछि उहाँको टाउको पनि हल्लिन थाल्यो र हैरान

मान्नुहुन्थ्यो, यस्तो देखेर मलाई अति नै पिरोलो लाग्थ्यो । फेरि एक पटक पतिदेवलाई जँचाउने र छोराछोरीसँग भेटघाट पनि गर्ने भनेर पतिदेवको झापा जाने कुरा भयो ।

उहाँ झापा जान पटक्कै मान्नुभएको थिएन । 'माइला मुखियालाई बोकाएर झापा लैजाने रे' भनेपछि घरमा मानिसहरूको भीड लाग्यो । पतिदेवले 'तिमेरले पकाएको सेलरोटी मीठो हुन्छ, खाऊँ न' भन्नुभएको थियो । सबैलाई कोसेली पठाउने पोकापुन्तुरा ठीक पार्नुपर्ने, घरभरि इष्टमित्रहरूको घुइँचो, नातागोता आएको आयैले ताई बसाएपछि अलिअलिले पुग्दै नपुग्ने भएकाले सेल बनाउन मैले भ्याउँदै भ्याइनँ । पतिदेवको झापा जाने दिन पनि आयो ।

'मलाई झापा जान जोड नगर, पितापुर्खा मरेकै ठाउँमा मलाई मर्ने इच्छा छ, तिमेरको पनि मसँग भेट हुँदैन' भन्दै पतिदेव भक्कानिनुभयो, लुगा लगाउनै मान्नु भएन । पतिदेवलाई बोक्न बलबहादुर बुढाथोकी नानी ढाकर तयार पारेर बसेका थिए । छोराहरू पनि जान तयार भएका छन् । अनेक तरहले मैले पतिदेवलाई सम्झाएँ र बल्लतल्ल लुगा लगाउनुभयो । मैले उहाँलाई खाना खुवाइदिएँ । पतिदेवको ढाकरमा बस्ने इच्छा नै थिएन । पतिदेव गल्लीको मुखसम्म हिँड्दै आउनुभयो अनि घुमीघुमी चारैतिर हेर्नुभयो । ढाकरमा बसेपछि पतिदेवले दुवै हातले घ्वाप्प मुख छोप्नुभयो । मेरा आँसु थामिएनन् । मैले हाटडाँडासम्म उहाँलाई हेरिरहेँ, त्यसपछि ओझेल पऱ्यो । म निकै बेर त्यहीँ बसेर घर फर्किएँ । यो उहाँले अति नै सम्मानित भएर रजगज गरेको ठाउँ थियो ।

पछि झापाबाट पतिदेव सिकिस्त बिरामी भएको खबर हाम्रो घरमा आयो । मेरो त हंसले ठाउँ छोडचो, मेरा हातखुट्टा लुलिए । घरमा बुहारी शान्ता, नातिनीहरू र सहयोगीहरू मात्र थियौँ । माघ महिना बोटमा सुन्तला पाकेर पहेँलपुर थिए । सुन्तला टिपेर भरियालाई

बोकाएर म तुरुन्त झापा हिँडेँ । बाटाभरि मेरा मनमा अनेक तरङ्ग खेलिरहे । पतिदेव हरपल 'पहाड जाने' भनिरहनुहुन्थ्यो, झापामा सबै छोराछोरी जम्मा भए । पतिदेवले राधेराधे भनेर राधिकालाई अन्तिम अवस्थासम्म धेरै खोजी गर्नुभयो । एक हप्ताअगाडि ऊ झापा पुगी तर बुबाको बोली राम्ररी बुझिन यो खुट्को अरूलाई सधैँ भइरह्यो । चुहानडाँडाबाट सूर्य कन्दङ्वा पनि पतिदेवलाई भेट्न झापा आउनुभयो ।

पतिदेवले सूर्य सरलाई 'स्कुल कलेजका लागि हाम्रो जङ्गलबाट ठूलाठूला रूखहरू कटाएर फर्निचर बनाउनु' भन्नुभयो । पतिदेवले फेरि 'दमाईं कान्छो' भनेर भन्नुभयो । मैले बुझिहालेँ, पतिदेव घरबाट हिँडेर हाटडाँडामा पुगेको बेला दमाईं कान्छाले काठ दाउराका लागि रूख मागेको रहेछ । ऊ हाम्रो घरमा आएको थियो अनि मैले 'रूख रोजेर काट कान्छा भन्दिएँ' भनेपछि उहाँले सन्तोषको सास फेर्नुभयो । पतिदेवलाई भेट्ने मानिसको चारपाने घरमा ओइरो लाग्यो ।

२०४९ सालमा पतिदेव सिकिस्त बिरामी हुनुभएको बेला मेरा काका हजुरबाको नाति राधाकृष्ण मैनाली भाइ झापामा पतिदेवलाई हेर्न आउनुभएको थियो । राधाकृष्ण मैनालीलाई देख्दा मलाई ठ्याक्कै पुण्य बाबाको झल्को लाग्यो । पुण्य बाबा त्यस्तै अग्लो, बलियो जीउडाल भएको तर अलि गोरो हुनुहुन्थ्यो ।

कान्छी छोरी विजया जापान पढ्न गएकी थिई । साथै ज्वाइँ डा.वसन्त पन्त जापानमा पढ्दै हुनुहुन्थ्यो । कान्छो छोरो बाबा कवीन्द्र अमेरिकामा पढ्दै थियो । 'उनीहरूलाई नेपाल नबोलाउनू, उनीहरूले धेरै प्रगति उन्नति गरून्, उनीहरू सधैँ चम्किरहून्, मेरो आशीर्वाद छ !' पतिदेवले भन्नुभयो । कान्छी छोरीले जापानबाट बुबालाई पठाइदिएको घडी पतिदेव सुमसुम्याइरहनुहुन्थ्यो ।

२०४९ माघ १४ गते श्रीपञ्चमीको दिन थियो । आठ बजेदेखि हाम्रो बालकल्याण स्कुलमा सरस्वतीको पूजा भइरहेको थियो ।

पूजास्थलबाट फूलपाती, चन्दन ल्याएर पतिदेवलाई लगाइदिएँ, पञ्चामृत खुवाइदिएँ । पतिदेवले सोध्नुभयो– 'सबै विद्यार्थीले प्रसाद खाए त ?' मैले जबाफ दिएँ– 'खाए ।'

पतिदेवले सबैलाई हात उठाएर आशीर्वाद दिनुभयो । उहाँ ऋषिहृदयको हुनुहुन्थ्यो अनि सदैव सबैको कल्याणको कामना गरिरहनुहुन्थ्यो ।

नौ बजेतिर पतिदेवलाई त्यसै छटपटी भयो । मैले बोलाएँ– 'ए छोराहो, बुबालाई छटपटी भयो ।'

सबै परिवार गुरुरु कुदेर आए । खगेन्द्रले बुबाको शिरतिर र मोहनले पाउतिर समाए । पतिदेवलाई महतारी दिदी र मैले पनि समाइरहेका थियौँ । पतिदेवले टाउको माथि उठाउनुभयो, बिहानीको सूर्योदय भएझैँ उहाँका आँखा झलल बलेर उज्यालो भयो । हामीले तुलसीको गमला शिराननेरि राखेका थियौँ । गङ्गाजल, दही खुवाइदियौँ । हामीले उहाँलाई तल तुलसाको मठमा लग्यौँ । सबै छोराछोरी, बुहारी, देवरदेउरानी, कान्छी नानी र जन्तरी नानी, नातिनातिनी, आफन्त, भान्जाभान्जी, स्कुलका शिक्षक विद्यार्थीहरू गोलबद्ध भए । फेरि एक पटक पतिदेवले आँखा खोलेर सबैलाई आशीर्वाद दिएर परमधाम जानुभयो । कस्तो राम्रो मुहूर्त ! कस्तो राम्रो दिन ! उहाँको जस्तो जीवन, त्यस्तै मरण भयो । पतिदेवले जीवनभर सबैलाई शिक्षा दिनकै लागि खटिखटाउ गर्नुभयो । उहाँले सबै छोराछोरीलाई सरस्वती पूजाकै दिन लेखपढ गर्न सुरु गराउनुभयो । उहाँले स्कुल, कलेजको थापना गर्दा सरस्वती पूजाकै दिन गर्नुभयो र छोराले स्थापना गरेको आफ्नै स्कुलमा यसै दिन सरस्वतीको प्यारो हुनुभयो ।

हाम्रै काखमा पतिदेवले प्राण त्याग्नुभयो । यतिका वर्षको हाम्रो सहयात्रा अब सदाका लागि टुङ्गियो । राम ! राम ! राम ! कसरी खप्नु अब ? महतारी दिदी र मलाई पहाडले थिच्यो ।

एकपाखे भएको पीडामा हामी धेरै बेर रोयौँ । हाम्रा सिन्दुर, पोते, चुरा हामीले पतिदेवको चितामा नै विसर्जन गऱ्यौँ । हामीलाई सिन्दुर, पोतेको औधि नै रहर लाग्ने तर आजदेखि त्यो रहरलाई पनि तिलाञ्जलि दियौँ । हरे शिव ! मलामी कति हुन् कति ! झापा नै उल्टियो । हामीले माईमा उहाँको सद्गति गऱ्यौँ । चुहानडाँडाबाट लक्ष्मी गुरु पनि झापा आउनुभयो । काजक्रिया सकेर हामी माइलो छोरो, बुहारी शान्ता, नातिनीहरू र म चुहानडाँडा फर्कियौँ । खगेन्द्र जिल्लाको सभापति थियो, ऊ तेह्रथुमतिर लाग्यो । बसभरि पनि सबैले हामीलाई सोधीखोजी गरे, उहाँलाई नचिन्ने कोही मानिस नै थिएनन् । हामी फिदिम पुगेपछि त सबैले हामीलाई घेर्न थाले, रुन थाले । तमोर तरेपछि त झन् सबै मानिसहरू हाम्रा अघि र पछि लागे । 'हरिचरण बा हाम्रा पिता, हाम्रा अग्रज, हाम्रा संरक्षक, न्यायकर्ता' भन्दै सबै इष्टमित्र घरमा जम्मा भए । म सिकुवामा बसेर रोइरहेँ । उफ् ! अब उहाँ कहिल्यै पनि फर्कनु हुन्न नि भन्ने पीडाले म भावशून्य भएँ ! पतिदेवलाई सेलरोटी खुवाउन नपाएको मलाई साह्रै ठूलो खुट्को रह्यो ।

कोठा, चोटा, घर, आँगन जता जाँदा पनि मेरो मुटु फुटिरह्यो । जतातत्तै शून्य नै शून्य थियो ।

गाउँमा कोही मरीमराउ हुँदा हाम्रो गाउँमा सघाउने चलन थियो । सबै इष्टमित्र आएर हामीले 'हजुरहरूलाई सघाउन पाएनौँ' भनेर गुनासो गरे ।

'तिमीहरू पीर नगर, गाउँमा जसको आर्थिक अवस्था कमजोर छ, उनीहरूलाई नै बुबाको नाममा सघाउनु, त्यसैले उहाँको आत्मालाई शान्ति मिल्छ' मैले भनेँ । 'हजुरको कुरा सही हो उहाँले जीवनभर गरिब, दुःखीकै पक्षमा न्यायनिसाफ गर्नुभयो' भन्दै सबै आँसु पुछ्दै हिँडे । हरे शिव ! मलाई कति पट्टचार लाग्दा दिन भए भने नि !

मैले दिन कसरी बिताउनु, रात कसरी बिताउनु ? त्यसपछि मेरो अति कठिन समय सुरु भयो ।

‘एकपाते मकै नि दुईपाते भयो कुटैले गोढेर
ल्याउनुभो हजुर नि लाउनुभो माया जानुभो छोडेर ।’

# परेवा

हाम्रो मतानको पालीमा परेवाको गुँड थियो । परेवाहरू घुरुरुघुरुरु घुर्दा घर आनन्दमय हुन्थ्यो । परेवाका जोडी मिलेर आँगनमा चारो टिप्थे । सँगै चारो टिप्न आएका छन् भने पनि मिलेर टिप्थे । फुल पारेका छन् भने पनि भालेपोथी पालो गरीगरी ओथारो बस्दथे । बच्चा काडिसकेपछि पनि पालोपालो गरेर छोप्दथे र पालो गरेर चारो टिपेर खान्थे । परेवाको जस्तो मिलेको जोडी केहीको पनि हुँदो रहेनछ । बच्चालाई मिलीमिली चारो खुवाउँथे । परेवाका माउ चारो लिएर गुडमा गएपछि बच्चाले आँआँ गरेको दृश्य अति नै मनमोहक हुन्थ्यो । म परेवाका बच्चाअनुसारको चारो हालिदिन्थेँ– कनिका, चामल, कोदो, मकै, बोडी आदि । परेवाका बच्चा हुर्किसकेपछि फेरि उनीहरूले नयाँ जोडी बनाउँथे ।

परेवालाई बोडी, तोरी, रायो, चामल, मकै अति नै मन पर्छ । बीउका लागि हामीले बोडीका कोसै राखेको हुन्थ्यो । बारीमा रोप्ने बेलामा बोडीका कोसा घाममा सुकाउँदा परेवाले चुच्चाले ती कोसा कति छिटो उधारेर खान्थे भने नि ! म एकछिन त बसेर परेवाको तमासा हेर्दथेँ । पतिदेव पनि परेवाले अन्नको बीउ खाएको दृश्य हेरेर रमाउनुहुन्थ्यो । अलिकति पर बोडी छरिदिँदा पनि नहुने, परेवा थुप्रोमै बोडी खान आउँथे । फुर्सदको समयमा परेवा पनि मेरा रमाइला साथी हुन्थे । तोरीको कुन्यू लगाएको बेला कुन्यूमाथि परेवा छपक्कै बसेर चारो खान्थे । परेवाको खुट्टामा वा कतै घाउ भयो भने म तेल, बेसार र मास पिसेर घाउमा लगाइदिन्थेँ ।

कुनै दिन चील, मलसाँप्रो र बाजले परेवा लग्यो र त्यसको जोडी एक्लै भएर घुँघुँ रुँदा म पनि सँगसँगै रुन्थैँ । फेरि त्यो परेवा पटक्कै एक्लै गुँडमा पस्न मान्दैन थियो । जोडीबिनाको रित्तो गुँड हे दैव ! पतिदेवको स्वर्गारोहण भएपछिको मेरो अवस्था पनि त्यही परेवाको जोडीको जस्तो भएको थियो । घर जताततै रित्तो भएको थियो, म एक्ली भएकी थिएँ । मलाई घरभित्र पस्नै मन लाग्दैनथ्यो, खाना पकाउन मन नै लाग्दैनथ्यो । मेरो अति कठिन अवस्था थियो । सबैले नभोगी पनि नहुने, नखाई पनि नहुने, कस्तो अचम्म !

# खैरे कुकुर र चुलेँसीको पीडा

हाम्रो घरमा अति नै गुनिलो खैरे कुकुर थियो । उसले घरमा कसैलाई पनि ढिम्किन दिँदैनथ्यो । उसले चिनेका मानिसलाई केही पनि नगर्ने, एक पटक देखेको मानिसलाई कहिल्यै नबिर्सने, रातभरि घुमीघुमी भुक्ने, सधैँ मूल दैलोको ठेलामा सुतिरहने गर्दथ्यो । खैरे भएपछि घरमा ढोका पनि लगाउनु नपर्ने, उसको भाँडामा खाना हालिदिएपछि मात्रै उसले खाने गर्दथ्यो । भुराहरू परैबाट खैरेलाई भातका डल्ला दिन्थे । घरको मानिस कतै गएर आयो भने खैरे गोडामा लुटुपुटु गर्दथ्यो । बारीवरिपरि सबै सेरोफेरो डुलीडुली भुक्दथ्यो । सबैको प्यारो थियो खैरे । कुकुर भनेको त घरको संरक्षक हो नि !

हाम्रो घरमा ठूलो कागतीको बगान थियो । मैले बनाएको कागतीको अचार भनेपछि सबै भुतुक्कै हुन्थे । म गाउँघर, इष्टमित्र, नातागोता, स्वदेश, विदेश सबैलाई कागतीको अचार पुऱ्याउँथेँ । कागतीको अमिलो पनि घैँटाका घैँटा बनाएर मैले सबैतिर पठाउने गरेको थिएँ । रोज्जारोज्जा कागती जम्मा पारेर तेह्र घैँटा अचार हालिसकेर कौसीमा लगेर थन्क्याएर अन्तिम घैँटो अचार थन्क्याउने बेलामा चुलेँसीले पछाडिपट्टिबाट मेरो खुट्टो च्वाट्टै पाऱ्यो, छ्वार्रै रगतका छिर्का त माथि दलिनमा पुगे, भुइँ रगतले आहाल भइहाल्यो । च्याप्पै दुई हातले खुट्टो समाएँ । घरमा कोही पनि छैनन्, म तलामाथि थिएँ । 'हे भगवती ! हे अम्बे माता ! रक्षा गर है' भन्दै म

घिस्रिँदैघिस्रिँदै लिस्नाको सिरानसम्म आइपुगेँ । अब मलाई फसाद पऱ्यो, कसरी तल झर्ने भनेर । म एकै चोटि ढुनमुनिएर तल पुग्ने हुँ कि ? 'आपद्का बेला धैर्य गुमाउनु हुँदैन है बाबै' भनेर आमाले हामीलाई भनेको सम्झिएँ ।

लिस्नुको बारमा मैले मेरो मजेत्रो राखेकी रहेछु । मैले एक हातले मजेत्रो तानेर खुट्टो टनटनी बाँधेँ र घिस्रिँदै तल झरेँ । सबै लिस्नु रगतपच्छे भयो, दैलो उघारेर बलेसीमा बसेर म कराएँ । खैरे आएर खुट्टामा लुटुपुटु गऱ्यो र रुन थाल्यो । म कराएको देखेर फूलबारीका गारामा गएर खैरे धूमधाम भुक्यो । मेरो बाबै खैरे ! कस्तो पीर पऱ्यो तँलाई ? ऊ मेरा मायाले रुन्छ, म उसका मायाले रुन्छु । पल्लाघरका भट्ट केटाहरू कुदेर 'हजुरआमा, के भयो' भन्दै हाम्रो घरमा आए । म बसेको ठाउँमा रगतको आहाल देखेपछि हारगुहार गरेर कोही अस्पतालका डाक्टरलाई बोलाउन कुदे, कोही बुहारी शान्तालाई बोलाउन जलकन्या स्कुलमा कुदे, कोही गल्लीमुनि विष्णु भानिजलाई बोलाउन कुदे । सबैलाई साह्रै दुःख पऱ्यो । बरा ! बुहारी शान्ता पनि हाँप र झाप गर्दै घरमा आइपुगिन् । उनी आत्तिएर अलमल्ल परिन् । 'माइली मुखिनीलाई के भयो' भन्दै हेर्न गाउँ उल्टियो ।

'माइजू, पछाडिबाट खुट्टो च्वाट्टै काटेको छ गोलीआँख्लानेरि, कसले काटचो मेरी माइजूलाई' भन्दै रुवाबासी गर्न थाल्नुभयो विष्णु भानिज ।

'एक्लै थिएँ भानिज, कोही पनि थिएन, एकै पटक रगतका धारा बगेर खुट्टो नटेकिँदा पो मैले थाह पाएँ, खै कसरी काटचो, काटचो ?' भानिजले तलामाथि गएर हेर्नुभयो, सबैले हेरे तलामाथि गएर कसैले पनि कसरी खुट्टो काटचो भन्ने पत्ता लगाउन सकेनन् । एउटा खुट्टो अगाडि सारेर फेरि अर्को खुट्टो अगाडि सार्दा चुलेँसीमा

फरिया अल्झेर अर्को खुट्टो काटचो भन्ने अनुमान सबैले गरे । उफ् ! तरबारे मेरो खुट्टो छिनाइस् नि !

•

मैले जीवनभर चुलेँसी चलाएँ । चुलेँसीसँग कति काम गरियो, गरियो । रात साँझ चुलेँसीले छटछट कति तरकारी काटेँ, भोजभतेर चुलेँसीबिना त मेरो जीवन नै चल्दैनथ्यो नि तर आज दशा लागेर यस्तो भयो । अस्पतालबाट त्यो बेलाकी नर्स अनिता पनि हतारिँदै आइन् । आफ्नै छोरीजस्तै मायाले सुमसुम्याइन् र घाउ सफा गरेर सिलाउन थालिन् । राम ! राम ! राम ! मलाई दुखेर उत्पात भयो ।

बुहारी शान्तालाई हाहाकार भयो । उनी स्कुल छुट्टी लिएर बसिन् । विष्णु भानिज दिनदिनै राति मलाई साथी बस्न आउनुभयो । बुहारी चन्द्रा पनि दिनदिनै आएर मेरो सेवा गरिन् । गाउँका सबै मानिस मलाई माया गर्दै हेर्न आए । खगेन्द्र तेह्रथुमको जिल्ला सभापति थियो । छुट्टी मिलाएर ऊ पनि घरमा आयो । सबैले सकेसम्म मेरो स्याहार गरे । त्यो बेला बुहारी शान्ताको गुन बिर्सिनसक्नु छ । त्यसै गरी छोरी नर्स अनिताले गरेको सेवा र चाकरले नै खुट्टो निको भयो । उनलाई पनि म आफ्नै छोरीजस्तो माया गर्दथेँ । उनलाई मैले सहस्र आशीर्वाद दिएँ । उनले जानेजति जे जानिन्, सबै गरिन् तर खुट्टाले मलाई राम्ररी भर दिएन ।

मेरो खुट्टाको राम्रो उपचार गराउन परिवारको सल्लाहअनुसार ठूलो छोरो मोहन मलाई लिन चुहानडाँडा आयो र म उसैसँग उपचारका लागि काठमाडौँ आएँ । खैरे हिँड्ने बेलामा मेरो खुट्टामा लुटुपुटु गर्दै पुच्छर हल्लाउँदै आयो । 'खैरे' भनेर मैले उसको टाउको सुमसुम्याएँ– 'घर राम्ररी रुँगेर बस्नु है खैरे, म चाँडै निको भएर आउँछु ।' बुझेरै खैरेले पुच्छर हल्लायो । बलबहादुर बुढाथोकी नानीले मलाई ढाकरमा बोक्नुभयो । सारन्थाको ओरालोमा आँङ सिरिङ्ग हुने

नि ! डरले बेलाबेला म आँखा चिम्लिन्थेँ । ठूलो छोराले पनि मेरो साह्रै याद गऱ्यो । बुढाथोकी नानीले साह्रै जतनले फिदिमसम्म ल्याउनुभयो । त्यसपछि ठूलो छोराले बहुतै होसियारीपूर्वक गाडीमा झापा हुँदै काठमाडौँ ल्यायो । काठमाडौँ आएर चाबेल घरमा बसेर टिचिङ हस्पिटलमा खुट्टाको अप्रेसन गरेपछि मेरो खुट्टो राम्ररी टेकियो । मेरो खुट्टाको मूल नसो छिनेको रहेछ । ठूली बुहारी भुवनले साह्रै राम्ररी सेवाचाकर गरिन् । नाति कुमारले धेरै पटक मलाई बोकेर तलमाथि गराएको छ । सबै इस्टमित्र मलाई भेट्न आए । त्यो बेला धनमाया माइजूले ल्याइदिएका सेलरोटी कति मीठा थिए भने नि ! मेरो खुट्टो पहिलाको जस्तै नभए पनि मलाई हिँडडुल गर्न खाँचो भएन । काठमाडौँमा मेरा सबै छोराबुहारी, छोरीज्वाइँ थिए । सबैले मेरो राम्रो स्याहार गरे । चाबेलको घरमा केही महिना बसेर खुट्टा टेकिएपछि म धापसीमा ठाइँला छोरा चैतन्य र बुहारी ईश्वरीको परिवारसँग बस्न थालेँ ।

दुई वर्षपछि म पहाड चुहानडाँडा फर्किएँ । म झापा गएकी थिएँ, पहाड जाने साइँली बुहारीका जेठा दाजु कुलप्रसाद भेटवाल ज्वाइँ, नातिनीहरू रचना र रीता मेरा साथी थिए । साह्रै असल भेटवाल ज्वाइँले साह्रै जतन गरेर मलाई चुहानडाँडा लिएर जानुभयो । हाम्रै घरैमा बसेका नेपाललाई लिएर भानिज विष्णु फिदिमसम्म मलाई लिन आउनुभएको थियो । ती नानीले कतै पनि घच्चपच्च नपारी ढाकरमा बोकेर मलाई घरमा पुऱ्याए ।

हाम्रो खल्याङमल्याङ सुनेर कटेरामा पुग्दाखेरि नै खैरे हाँप र झाँप गर्दै आइपुग्यो । मसँग लुटपुटियो, मलाई हिँड्न दिँदैन, खैरेले आँसु झाऱ्यो । मैले तगाराका छेउमा बसेर खैरेलाई धेरै बेर सुमसुम्याएँ । मेरा काखमा टाउको राखेर खैरेले मलाई उठ्न दिएन । माइलो छोरो शिव घरमा थियो । खगेन्द्र, शान्ता म्याङलुङमा थिए । म आएको थाहा पाएपछि सबै इस्टमित्रहरू हाम्रो घरमा आए । भान्जीबुहारी चन्द्राले

सबैका लागि खाना पकाइन् । बेलुका हामी सबैले खाना खायौँ । खैरेले पनि खुसी भएर खाना खायो । म बाहिर गएपछि खैरे मसँग लुटपुटिरह्यो । 'म आएँ नि खैरे अब' भनेँ, खैरे मेरा खुट्टामै बेरिन्छ ।

म राति बाहिर निस्कँदा पनि खैरे बारीको पर्खालमा बसिरहेको थियो । 'बसिरहेको छस् खैरे ?' भनेँ, खैरे मेरो गोडामा लुटपुटिन आयो । भोलिपल्ट बिहान खैरे सुतिरहेको रहेछ । निदाएको होला भनेर मैले उठाइनँ । खैरे निकै बेर नउठेपछि 'खैरे' भनेर बोलाउँदा पनि उठेन, म नजिकै गएर उसलाई घचघच्याएँ तर खैरे उठेन । मैले भेटवाल ज्वाइँहरूलाई बोलाएँ । माइलो कलेज हिँडिसकेको थियो । सबैले बोलाउँदा पनि खैरे उठेन । हामी सबै छक्क पर्‍यौँ । खैरेले त सदाका लागि आँखा चिम्लिएछ । मेरा हातखुट्टा लगलगी कामे, आँसु झरे, म थचक्कै भुइँमा बसेँ । 'खैरे, तैँले सदाका लागि मलाई छोडिस् नि !' भन्दै म रोएँ ।

'मुमा, हजुरलाई घर जिम्मा लगाउन बसेको रहेछ खैरे' भनेर भेटवाल ज्वाइँले मलाई सम्झाउनुभयो ।

हिजो रातिसम्म सद्धे कुकुरलाई एकाबिहानै आज के भयो ? हाम्रो घरमा सबै इष्टमित्र जम्मा भए । सबै छक्क परे, रुवाबासी भयो । खैरेका मलामी पन्ध्रसोह्र जना भए । छोराछोरीजत्तिकै पक्का र प्यारो थियो खैरे । खैरे पतिदेवको पनि प्यारो थियो, खैरे आज घर शून्य पारेर गयो । 'मेरो बाबै खैरे, तेरो वैकुण्ठ वास होस्, फेरि जन्मनु, मर्नु नपरोस्' भन्दै फूलपाति, दानदक्षिणा गरेर आफ्नै बारीमा खैरेलाई पुर्न लगाएँ । सबै मलामीहरूलाई खाजा खुवाएर खैरेको बिछोडमा म धेरै बेर रोएँ ।

•

हाम्रा पतिदेवका हामी दुई जना पत्नी, हाम्रा दुई गुँडबाट आठ जना छोरा र तीन बहिनी छोरी जन्मिए । सात भाइ छोरा, सातओटि

बुहारी, तीन बहिनी छोरी तीन जना ज्वाइँ, नातिनातिनी, पनातिपनातिनी सबै सम्पन्न छन् । हामीलाई कमी भन्नु केही थिएन । हाम्रो पुर्ख्यौली घर पहाड चुहानडाँडा, झापा चारपाने र काठमाडौँमा पाँचओटा घर छन् । म कुलकुटुम्ब, इष्टमित्र, माइती, मावली सबैकी हाईहाई छु ।

मेरो र पतिदेवको साथ छुटेको थियो जीवनमा, जे भोग्नुपर्ने थियो, त्यो मैले भोग्नै पऱ्यो । मलाई सधैँ हाँसिराख्नुपर्ने, खान जे पनि मीठो लाग्ने, मेरो धेरै कुराको चिन्ता नलिने स्वभावले गर्दा म सबै रोगबाट टाढा थिएँ । मेरो जीवन सहजसँग बितेको छ । मैले सकुन्जेल पहाडको व्यवहार सम्हालेकी थिएँ । मेरो मन प्रसन्न भएका बेला म गीत र सँगिनी पनि गुनगुनाउँछु । मेरो खाली हात बस्ने स्वभाव छैन त्यसैले म तरकारी केलाउँछु, बत्ती कातिरहन्छु ।

छोराछोरी सबै आआफ्नो व्यवहारमा लागे, कहिलेकाहीँ आउँथे । छोराछोरीले म पहिला चुहानडाँडामा हुँदा देशविदेशका चीजबीज मलाई पहाडमा पठाइरहन्थे । छोराछोरीले घर छोडेर हिँडेपछि घर शून्य हुन्थ्यो, पेटीमा बसेर म धेरै बेर रुन्थेँ अनि सपना र बाडुलीको भरमा हुन्थ्यो । छोराछारीको चिठी नआउन्जेल मेरो शरीर आधा मासु हुने र आँसु रोकिँदैनथ्यो । उनीहरूको चिठीपत्र आएपछि अलि मलाई शीतल लाग्थ्यो । म फेरि अर्को चिठीको पर्खाइमा हुन्थेँ । मलाई बाडुली लाग्यो भने मन झसङ्ग, आँखा फरफरायो भने पनि मन झसङ्ग, सपना नराम्रो देख्यो भने पनि मनमा अनेक तरङ्ग र तर्कना आउँथ्यो । आगो भरभरायो भने पनि आउँछन् कि जस्तो लाग्ने रहेछ । आफ्नो काखबाट छोराछोरी हिँडेपछि मन सधैँ अधुरो जस्तो हुने भयो, मन भुटभुटिइरहने भयो ।

म सधैँ गुन्द्रुक, सिन्की, घिउ, तेल, अचार, अमिलो, मह, दाल, सिलाम, टिम्मुर, अमलाका सुकाएका चाना पोकापोका बनाएर

राखिरहन्थेँ । उता जाने कोही मानिस घरमा आयो भने परदेशमा हुने छोराछोरी र आफन्तलाई कोसेली पठाइदिन्थेँ ।

हाम्रो पालाका हामी सबैको यस्तै थियो भोगाइ । पचाससाठी जना जहान बसेको घरमा एक्लै बस्ने दिन पनि आउँदा रहेछन् । चुहानडाँडा यो ठाउँ छोडेर हिँड्न मलाई अति नै कठिन पऱ्यो । जीवनको समयचक्र, छोराहरूले मलाई काठमाडौँ ल्याए । ठाइँलाका घर धापासीमा घन्चमन्च थियो । ठूलो जहान, त्यही रमाइलोसँग बसियो । ठाइँली अति नै शान्त र सहु बुहारी थिइन् । बरा ! त्यत्रो पढेर पनि उनले जागिर छोडेर घरव्यवहार सम्हालेर बसिन् ।

उकालो हिँड्न मेरो खुट्टाले मिलेन त्यसपछि मेरो चुहानडाँडाको बसाइँ सकियो । आफ्नो मुटुभन्दा प्यारो ठाउँ छोडेर हिँड्नुपर्दा मेरो मुटुमा गाँठो पऱ्यो । तन जता भए पनि मेरो मन सधैँ चुहानडाँडामा घुमिरहन्छ । मैले ६५ वर्षसम्म सिटौला वंशको दसौँ पुस्तासम्मले भोगेको त्यो मूल घर त्यसै दिन सदाका लागि छोडेँ, त्यसपछि त्यो मूल घर अरूकै जिम्मा भयो र उनीहरूकै रेखदेख भइरहेको छ ।

# पहिलो चोटि अमेरिका, छोरोबुहारी कवीन्द्र र रञ्जिता

कान्छो छोरो बाबा कवीन्द्र अमेरिकामा थियो र बुहारी रञ्जिता पनि उतै थिइन् । मनमा लागिरहन्थ्यो– 'अमेरिका कस्तो होला ? कवीन्द्र बाबाकहाँ जान पाए हुन्थ्यो । आजकल धेरैका छोराछोरी अमेरिकामा छन् । मेरो उमेर पनि बुढचौलीतिर ढल्कँदै छ' भन्ने मेरो मनमा तर्कना आउँथे ।

अचानक देवेन्द्रको स्वर्गवास भएपछि मेरो जीवनमा बज्रपात पऱ्यो र मेरा आँसु बगिरहे । देवेन्द्र खसेको डेढ वर्षपछि बाबा कवीन्द्र जन्मियो । अनि मेरा आँसु रोकिएका थिए । ऊ मेरो मुटुको धडकनमा छ; सपना, जीवनमा र आँखाको नानीमा छ । बाबा कवीन्द्र दस वर्षको उमेरमा झापा पढ्न आयो । त्यसपछि फेरि मेरा आँसु बग्न थाले । बाबा कवीन्द्र सबैको प्यारो थियो । सबैले माया गरेर उसलाई बाबा भन्थे अहिलेसम्म पनि सबैले बाबा भन्छन् । ऊ सबैको प्यारो हाईहाई थियो । कसैले मीठो मसिनो भेटे भने पनि उसैलाई सम्झिएर उसैका मुखमा हालिदिन्थे, राम्राराम्रा चीज ल्याइदिन्थे । ऊ पनि अति नै गुनिलो ज्ञानी, मायालु र सबैको हृदयमा बसेको थियो ।

एक पटक बाबा कवीन्द्र स्कुल छुट्टीमा चुहानडाँडा गएको थियो । एक महिनाजति बस्यो । फेरि झापा जानु परिहाल्यो । बिहान खाना खाँदा उसलाई दूध पिउन राखिदिएकी थिएँ, 'मुमा, अहिले पछि दूध खान्छु' भन्यो । भरे हिँड्ने बेलामा मैले पनि बिर्सिएछु । भरे

हाटडाँडामा पुगेपछि ला मैले मुमाले राखिदिएको दूध खान बिर्सिएछु भनेछ । मैले पनि त्यतिखेरै हत्तेरिका मैले बाबालाई दूध दिन बिर्सिएछु भनेर रुसङ्ग भएँ । मेरो आँखाबाट आँसुका भेल बगे त्यसपछि एक वर्षसम्म फेरि कवीन्द्र बाबा चुहानडाँडा नआउन्ज्याल मैले दूध मुखमा हाल्न सकिनँ, घाँटीबाट दूध छिरेन । हुन त झापामा महतारी दिदी, राम, साइँली थिए तर ऊचाहिँ मेरो विशेष नै थियो ।

कवीन्द्र बाबाले मलाई अमेरिका बोलायो, मेरा हर्षले खुसीका आँसु झरे । 'फोन गरेर कवीन्द्र बाबाले एम्बेसीमा यसोयसो भन्नू है मुमा' भनेर सिकायो । कान्छी छोरी विजया धापासी घरमा आएर ठाइँलासँग सल्लाह गरेर सबै कागजपत्र मिलाएर मलाई लिएर भिसा लिने ठाउँ अमेरिकन एम्बेसी गइन् । साथमा ठूली छोरीको ठूलो छोरो गोपाल (देवराज) पनि थियो । अरूलाई त अनेक थोक सोध्छ भन्थे । 'छोराकहाँ किन जान लाग्नुभएको आमा ?' एम्बेसीमा मलाई सोध्यो । 'छोरालाई भेट्न जान लागेको बाबू, मलाई छोराले बोलायो । तपाईंहरूको अमेरिका धेरै राम्रो छ अरे बाबू डुल्न, हेर्न पऱ्यो भनेर नि बाबू, हाहाहा... !' मैले उत्तर दिएँ ।

'तपाईं कति राम्री हुनहुँदो रहेछ, कति खुसी हुनुभा आमा ! ल, ल अमेरिका घुमेर आउनुहोस्' भन्यो भिसा दिने ठाउँमा । खुसीले मेरो भुइँमा खुट्टा नै टेकिएनन् । म फुरुङ्ग पर्दै घरमा आएँ । मलाई सबै छोराबुहारी, छोरीज्वाइँहरू, बहिनीहरूले शुभकामना दिए ।

दुलही ईश्वरी, पार्वता, छोरी राधिका, विजयाले किनमेल गरेर अमेरिका जाने सामान ठिक्क पारे । मेरो अमेरिका जाने दिन पनि आयो, मैले कुलदेवता सम्झिएर प्रार्थना गरें । दुलही ईश्वरी र छोरी राधिकालाई लिएर गणेशथान, गुह्येश्वरी, पशुपतिनाथ गएर बत्ती बालें; प्रार्थना गरें र कुलदेवता, पितृदेवतासँग आशीर्वाद मागें । बहिनी जननी हरिकलाको दिव्यधाममा गएर सबै सन्तान दरसन्तानको कल्याणको कामना गरेर श्री अम्बे मातासँग प्रार्थना गरें ।

सबै आफन्तहरू मलाई भेट्न धापासी घरमा आए । बहिनीहरू, भदाभदै सबै भेट्न आए । भान्जाभान्जी, भतिजाभतिजीले फोनबाटै मलाई शुभकामना दिए, मलाई साह्रै खुसी लाग्यो । म हर्षले गद्गद भएँ । यिनीहरूसँग मेरो कहिले भेट हुन्छ होला नि ! जस्तो पनि लाग्यो र अमेरिकाको मायाले मलाई तान्यो अनि कहिले आउला मेरो अमेरिका हिँड्ने दिन जस्तै भयो ।

मसँग अमेरिका जाने साथी पनि भेटियो । दुलही ईश्वरीले जोर भरि घडा राखेर साइत गरिन्; सबै छोराछोरी, बुहारी, ज्वाइँहरूले मलाई फूलमाला पहिऱ्याएर एयरपोर्टमा पुऱ्याए । मेरो मन त्यसैत्यसै खुसीले नाच्यो । अगस्ट ५, २००५ मा म अमेरिका हिँडेँ । ठूलो जहाजमा उडेको उडै, उडेको उडै, कति हो कति उड्नु ? रातदिन उडेको उडै ! जेठो नाति अनिलको साथीले साह्रै सुबिस्तासँग मलाई अमेरिका पुऱ्याए । टेक्ससको एयरपोर्टमा मेरो जेठो नाति अनिल मलाई लिन आएको थियो । नातिलाई भेट्नासाथ मैले उसको पहेँला गालामा चुक्क म्वाइँ खाएँ । मलाई अमेरिका लिएर जाने बाबू पनि साह्रै असल रहेछन् । उनलाई पनि मैले धन्यवाद दिएर उनका गालामा चुक्क म्वाइँ खाएर बिदा गरेँ । उनी नातिहरूकै कलेजमा पढ्ने रहेछन् ।

अमेरिकाको झिलिमिली संसार, मेरी आम्मै ! विचित्रै लाग्यो मलाई । अमेरिका बिछट्टै राम्रो रहेछ बाबा ठाकुरे ! दिनरात सबै एकै जस्तो बती झलल्ल । त्यहाँ माइलो नाति सुनील, नातिनी प्रज्ञा (मुन्नु) पनि थिए । यता जेठो नाति अनिलको पनि विवाह ठेगान गरे । म दुईतीन दिन त्यहीँ टेक्सस बसेँ, जेठो नाति अनिलको विवाह थियो र जेठो नातिलाई लिएर कवीन्द्र बाबाको घर वासिङटन डिसी गएँ ।

ठूलो छोरो मोहन, कवीन्द्र बाबा र रञ्जिता एयरपोर्टमै फूलमाला लिएर मलाई स्वागत गर्न तैनाथ भएर बसेका रहेछन् । उनीहरूलाई

देख्नासाथ मेरा हर्षका आँसु झरे । मैले अङ्कमाल गरेर सबैलाई गालामा चुक्क म्वाइँ खाएर घरमा गइयो । अगस्ट ११, २००५ मा मैले कवीन्द बाबाको घरभित्र पाइला टेकैं । कवीन्द्र बाबाको झिलिमिली दरबार रहेछ । भर्जिनियाको मनासस भन्ने ठाउँमा बाबाको घर थियो । लहरै घरहरू, सबै वारपारै जोडिएको देख्दा उस्तैउस्तै देखिने तर छानो, झ्याल र रङ्ले ती घरहरू फरकफरक देखिन्थे । कवीन्द्र बाबाले सबै घर घुमायो । म आएको खुसीयालीमा धूमधाम रमाइलो गरे । म हर्षविभोर भएँ र सन्तोषको निद्रा निदाएँ । घर तीन तलाको तीनओटा सुत्ने कोठा तलामाथि, बीचमा खाना पकाउने, खाने ठाउँ र बैठक, मुनि तलामा पनि कोठा र लुगा धुने कोठा थिए । तलैपिच्छे बाथरुम, सबै कोठामा लुगा र खत्र्याकखुत्रुक राख्ने ठिक्कका क्लोजेट बनाएका रहेछन् । घरमा पूजा गर्ने पनि ठाउँ रहेछ । मलाई हर्षैहर्ष भयो, मैले सन्तोषको सास फेरें ।

बुहारी रञ्जितालाई असाध्यै रमाइलो गर्नुपर्छ । उनले फुर्तीसाथ अनिल र वन्दनाको विवाहको तयारी गरिन् । अमेरिकामा भएका सबै आफन्त जम्मा भएर अनिल र वन्दनाको विवाह गरियो । कुल, पित्री सबै देवीदेवता सम्झिएर मैले बेहुलाबेहुलीलाई आशीर्वाद दिएँ । लुखास्त ! हाम्रो ठूलो नाति बेहुलीको धनी भयो भनेर अँगालो मार्दै पहेँला गालामा चुक्क म्वाइँ खाएँ । खुसीले पर्वतजस्तो छाती बनाएर, रञ्जितालाई साथ लाएर, सहेँली गरेर, जेठी नातिनीबुहारी वन्दनालाई भित्र्याएँ । त्यहाँ भएका सबैले नाचेर छुम्मी उडाए । ठूलो छोरो मोहन साथैमा थियो । कान्छो र ठूलो छोरो दुवै जनालाई खुसीले गालामा चुक्क म्वाइँ खाएँ । विवाहमा भोज गरेर सबैले खुबै रमाइलो गरियो । ठूलो नाति अनिल जन्मिँदाको खुसीको क्षण मैले पतिदेव, महतारी र ठूली बुहारीलाई सम्झिएँ । जे भए पनि सात समुद्र पार गरेर अमेरिकामा आएर मैले मेरो ठूलो नातिको विवाह गर्न पाएँ, योभन्दा ठूलो हर्षबढाइँ मलाई के होला र !

# आहा ! अमेरिका

कवीन्द्र बाबाले अमेरिकामा केक काटेर पहिलो पटक मेरो जन्मदिन धूमधामले मनाइदियो । सबै जना आफन्त हाम्रो घरमा जम्मा भएका थिए; आफन्त, इष्टमित्र सबैले मलाई उपहार ल्याएका रहेछन् । मैले उपहार खोल्दै ताली पड्काउँदै गर्दा मलाई कम्ति रमाइलो भएन । मेरा कस्ता हर्षका दिन आए ? मैले सँगिनी गाएर नाचिदिएँ । सबै छोराछोरी खुसीले हर्षविभोर भए ।

'कोसीको किनारमा के फूलै फुल्यो' मैले सँगिनी पनि गाइदिएँ । सबै छोराछोरी मसँगै छमछमी नाचे । बुहारी रञ्जिताले सबैलाई मीठो खाना खुवाइन् ।

'धन्यवाद मेरो बाबा ! यो दिन म जीवनमा कहिल्यै बिर्सन्नँ । मेरो छोरालाई चिताएको पुगोस् ।' मेरा कस्ता दिन गए, कस्ता दिन आए ।

गजबको ठाउँ रहेछ अमेरिका ! सहर पसे सहरैसहर, गाउँ पसे गाउँ नै गाउँ, जङ्गल पसे जङ्गलैजङ्गल । माकुराको जालो जस्तो चिल्ला न चिल्ला सडक छन् । गाडीका ताँतीको त बयान गरेर साद्धे छैन । दोकानहरूको कुरा के गर्नु, दोकानभित्र पस्दा गोल खेल्ने मैदानभन्दा फराक । राम ! राम ! राम ! ठूला न ठूला ठाउँ । यहाँ त जता गयो उतै हराइने रहेछ । जस्ता खालका चीजबिज पनि यहाँ किन्न पाइने, नपाइने भनेको केही रहेनछ । उहिले भन्थे– 'सबै

थोक किन्न पाइन्छ, आमाबाबु किन्न पाइँदैन ।' त्यो अमेरिकामै रहेछ । छुट्टाछुट्टै सामानका छुट्टाछुट्टै पसल र एउटै पसलमा सारा सामान र चीजबीज पनि किन्न पाइँदो रहेछ । मानिस भित्र पस्दा र बाहिर निस्कँदा ढोका आफैँ खोलिने अनि आफैँ बन्द हुने रहेछ । रोज्जारोज्जा सामान पसलमा किन्न पाइँदो रहेछ तर अमेरिका उमेर हुँदै जानुपर्ने रहेछ । आफैँ गाडी चलाएर मन लागुन्जेल घुम्यो, कमायो, मन लागेको कुरा किन्यो ।

अमेरिकामा जमिनमुनि, पानीमुनि पनि रेल, मोटर कुद्छन् । जमिनमुनि पनि तलैतला छन् । खम्बैखम्बा गाडेर बाटा बनाएका छन् । त्यहाँ रातदिन रेल, मोटर कुदेका कुदै गर्छन् । मिलिक्कै तलको गाडी माथि पुगिसक्छ । बाटा कताबाट जेलिएको छ, छ ? हिँड्ने बाटो फराक न फराक बनाएका हुन् है अमेरिकामा । कस्ताकस्ता दिमाग त मान्छेका, मेरी बास्सै !

अमेरिकामा काम गर्न सक्ने सबै मानिसले काम पाउँदा रहेछन् । सत्तरीअसी वर्षका मानिस पनि काम गर्न जाँदा रहेछन् । अशक्तले पनि गर्न सक्ने काम पाउँदा रहेछन् । एक्काइस वर्ष उमेर पुगेपछि बाबुआमासँग छोराछोरीले छुट्टिएर बस्छु भन्न पाउँदा रहेछन् । आमाबुबाले पनि छोराछोरीलाई आफूसँग राख्दिनँ भन्न पाउँदा रहेछन् । फेरि बाबुआमाको सम्पत्तिमा छोराछोरीले अंश नपाउने रहेछन् । आमाबाबुले आफूखुसी उनीहरूले छोराछोरीलाई सम्पत्ति दिए भने मात्रै नत्र नेपालको जस्तो बाबुआमाको सम्पत्तिमा छोराहरूको पाखुरा सुर्कासुर्की, ठगाठग र झैँझगडा त्यहाँ हुँदो रहेनछ ।

अमेरिकामा साना केटाकेटीलाई कसैले पनि प्याट्ट पिट्न र गाली गर्न नहुने रहेछ । सडकमा स्कुले नानीहरूको बस रोकिएको छ भने परबाट आउँदै गरेका सबै गाडीहरू दस गज टाढै रोकेर

स्कुलको बस हिँडेपछि मात्रै अरू गाडी हिँड्नुपर्दो रहेछ । त्यति गरेपछि त नानीहरू सुरक्षित भए नि !

मैले दस वर्षमा धेरै घुमेँ अमेरिका । 'यता घुम्न जाऊँ मुमा, उता घुम्न जाऊँ मुमा' भन्छ मेरो कवीन्द्र बाबा । अमृत जस्तो बोली छ मेरा कवीन्द्र बाबाको । अमेरिकामा भएका छोराछोरी, भान्जाभान्जी र नातिनातिनाले पनि मलाई बोलाएर सबैतिर घुमाए । मलाई वासिङटन, ह्वाइट हाउस, क्यापिटल हिल, म्युजियमहरू, मनुमेन्ट, भर्जिनिया बिच, नर्थ क्यारोलिना, इन्डियनहेड, मेरिल्यान्ड, ओसियनसिटी, न्युयोर्क, न्युजर्सी, टेक्ससको अस्टिन, डालस अनि क्यालिफोर्नियाको लसएन्जलस र म्यासाचुसेटस, बोस्टन, न्युह्यामसायर, एटलान्टिक ओसियन, वेस्ट भर्जिनिया, वृन्दावन, प्यान्सेलभायाको चकलेट फ्याक्ट्री आदि सबैतिर घुमाए ।

अमेरिकामा जहाँ गए पनि जता गए पनि बाटा उस्तै, घर उस्तै, गाडी अहोरात्र कुदेका कुदै, बाटामा मानिस हिँडेको त देखिँदै देखिँदैन । कुकुर, बिराला, गाईबस्तु त बाटामा हुने कुरै भएन । त्यहाँ कतै केही नराम्रो छैन; धूलो, धूवाँ, बाटामा खाल्डाखुल्डी केही छैनन् । कीराफटचाङ्ग्रा, झिँगा, लामखुट्टे कतै देखिएन । सललल्ल गाडी बगेकाबगै छन्, टुङ्गामा नपुगी गाडी रोकिँदै रोकिँदैनन् । आँखाको रमिता नि अमेरिका त हरे शिव !

अमेरिकामा पचाससाठीओटा सिटौलाहरूका घर होलान्, अरू नातेदार त अनगिन्ती । सधैँ सबै काममा घोटिएको घोटियै गर्छन् । यसो छुट्टीको बेला जमघट पनि गरेर आनन्द मान्छन् । नाचगान रमाइलो पनि गर्ने, कहिलेकाहीँ एकै ठाउँमा दुई हजारजति मानिस जम्मा हुने पनि गर्दा रहेछन् । मेरी आम्मै ! कस्तो मायामोह दुलाहादुलही बाटामै चुक्क म्वाइँ खाँदै हिँडेका छन्, हाहाहाहा ! हेर्दा पनि अचम्म लाग्ने रहेछ ।

मङ्सिर महिनाजस्तो लाग्छ, अमेरिकामा चिसो बढ्न लागेको थियो । दिउँसो घाम लागे पनि बिहानबेलुका चिसो निकै बढेको थियो । एक दिन कवीन्द्र बाबाले भन्यो– 'मुमा आज हामी सुनौलो र रातो रङको जङ्गल हेर्न जाऊँ ।'

'ए, हो र बाबा, जङ्गल पनि त्यस्ता हुन्छन् ? लु न त मेरो बाबा हेर्न जाऊँ ।' कवीन्द्र बाबाले सरररर दुई घण्टा गाडी कुदाएर त्यो जङ्गलमा मलाई पुऱ्यायो । कवीन्द्र बाबाले सधैं मुमालाई अगाडि बसेर रमिता हेर्न रमाइलो लाग्छ भनेर मलाई गाडीको अगाडि सिटमा राख्थ्यो ।

आम्मामा ! आँखाले भ्याएसम्म चारैतिर जङ्गलैजङ्गल । घमाइलो दिन छ, नीलो आकाश छ, ठाउँठाउँमा बादलका टुक्रा छन् । यदाकदा हरिया रूख देखिने नत्र सारा जङ्गल पहेँलै र रातै मात्रै । दुलही जस्तो जङ्गल कहिल्यै मैले जीवनमा नदेखेको, अलौकिक ठाउँ ! हिउँदमा रूखबाट पात झर्ने बेलामा पातको रङ फेरिँदो रहेछ । यो रमिता हेर्न धेरै मानिस यो जङ्गल जाँदा रहेछन्, त्यहाँ मानिसको घुइँचो नि ! मेरो मन नै आनन्द भयो नि बाबा, थ्याङक्यु मेरो बाबा ! कस्तो सुन्दुर ठाउँ देखायौ, चिताउँदै नचिताएको ठाउँ पो देखायौ त बाबा ! मेरो मन अति प्रसन्न भयो । कवीन्द्र बाबाले खुसी भएर मेरो गालामा चुक्क म्वाइँ खायो ।

अमेरिकाको अर्को मेरो मनमा बसेको दृश्य राजधानी डिसीमा धरहरा भएको ठाउँनजिकै भएको ठूलो पोखरीका वरिपरि वसन्तऋतुको सुरुमा फुल्ने चेरीको फूल । आहा ! सयौं चेरीका रूख सेता फूलैफूलले ढकमक्क ढाकेको, पूरै रूखै फुल्ने रहेछ । हेर्न आउने मानिसको ताँती, मानिसको घुइँचो, क्यामेरा मल्याक र मिलिक, खपिसक्नु होइन् ? कति राम्रो, कति राम्रो, यहाँ रमितैरमिता लाग्दो रहेछ ।

पचाससाठी वर्षपहिले जापानले अमेरिकालाई यी फूलका बिरुवा उपहार दिएको थियो रे ! तिनै बिरुवालाई अमेरिकाले फैलाएर यो ठाउँ यस्तो राम्रो पारेका रहेछन् । स्वर्ग भनेको यही होला ! हाम्रो नेपाल पनि यस्तै बनाउन पाए कति जाती हुन्थ्यो । अमेरिकाले बनाउँदा हुने अनि हाम्रो नेपालचाहिँ सधैँ उस्तै !

# झापामा हाम्रो घर अनि साइँलो छोरो राम र बुहारी देवी

२००७ सालमा आठराईमा धूमधाम लुटपाट मच्चियो । पतिदेव नानी मोहनलाई लिएर हाटडाँडा भीरमुनि लुक्न जानुभयो । बजै सबैका गरगहना लिएर देवीथानमा खाडल खनेर त्यसैमाथि तपस्या गरेर बस्नुभएको थियो । त्यो बेला संसारै लुटिएको थियो । हाम्रो माइती, मावलीको त सबै कुचो लगाएरै लगे । मलाई रुन मात्र मन लाग्थ्यो । मेरा सबै मामाहरूको भागाभाग भयो । त्यो बेला त्यतातिरका धेरै मानिस घर छोडेर हिँडे नि !

सुब्बाहरूसँग सिटौलापरिवारको मितेरी साइनो थियो । त्यो अप्ठ्यारो परिस्थितिमा धाराकान्छा जयबहादुर सुब्बा र धारा माइला जेठाजुहरूले हाम्रा सबै हाँडाभाँडा आफ्ना घरमा राखिदिएका थिए । जेठाजुको मीत पद्मबहादुर सुब्बालाई पल्लाघर बजै र हाम्री बजैले 'ए पद्मे, लु तँ कसरी हाम्रो घर लुट्छस् हेरौँ ? लु हाम्रो छातीमा टेकेर भित्र पस् ।' भनेर धूमधाम कराउनुभयो तर पद्मबहादुर जेठाजु हाम्रो घरमा आउनुभएको थिएन । त्यतिखेर हाम्रो बराजै पूजाकोठामा बसेर पाठ गरिरहनुभएको थियो । अगमदले लिम्बूले र उसका दुई जना साथी भित्र पसेर 'खै म्याम्बर ?' भन्दै मूल थाममा खुकुरीले हाने । पतिदेव गाउँको म्याम्बर हुनुहुन्थ्यो । त्यो काटेको खुँडे मूल थाम अहिलेसम्म पनि छँदै छ । कुस्माखरका

पालादेखिको मूल थाम हो त्यो । कान्छी नानी र म आलमारीको ढोकामा छेलिएर लुकेका थियौँ ।

अगमदलेहरू सरासर तलामाथि गए र 'ए दोर्णे ! खै साँचो ले' भनेर भँडार खोलेछन् । 'खै तेरो सम्पत्ति देखा दोर्णे ?' बराजैलाई त्यति सन्चो पनि थिएन । ओछ्यानमा बसेर 'ए सुब्बाहो, म किसान मानिस ती ढुकुटीमा धान छन्, टाट्नामा खसी छन्, थाङ्ग्रामा मकै छन्, कटेरामा गाईबस्तु छन्, मैले दु:खजिलो गरेर जाहानपरिवार पालेको छु है सुब्बाहो !' भन्नुभयो । सुब्बाहरू कराउँदै तल झरे । अनि कान्छी देउरानी माथि चढिन् । त्यो बेला हाम्रो बराजैलाई धूमधाम काम छुटचो, धूपबत्ती माग्नुभयो । देउरानी कान्छीले धूपबत्ती, अक्षता र पूजाको सरदाम दिइन् । बराजैले आफैँ सेरगेम गरेर धूमधाम कामेर 'हे बाला ! अब सात दिनमा देख्नेछौ' भन्दै बराजैले मुन्टो बटार्नुभयो । भोलिपल्ट लिम्बूनीहरू धान लिन धोक्रा बोकेर हाम्रा घरमा आए । धाराकान्छा, धारामाइला, धाराजेठा त्रिलोक सिंह सुब्बा जेठाजुहरू आएर 'लु, लु त कोको आउँदो रहेछ लुटपाट गर्न ? हाम्रो पुस्तौँपुस्तादेखिको मित्रता बिथोल्न ? तिनीहरूलाई यही खुकुरीले छिनाउँछौँ' भन्दै सबैलाई डाँडो कटाएर खेद्नुभयो । यसरी सबै सुब्बा जेठाजुहरू एकजुट भएर हाम्रोमा लुटपाट हुनबाट रोक्नुभएको थियो । गाउँमा हाम्रा बजैबराजै अति नै सम्मानित हुनुहुन्थ्यो । अन्तभन्दा चुहानडाँडामा लुटपाट कम भएको थियो ।

त्यसपछि हामी सबैले लगाएका तिनै देवीथानमा गाडेका गरगहना लिएर पतिदेवलगायत गाउँका सबै र हाम्रो मामाहरू पूराका पूरा गाउँ, हूलका हूल मानिसहरू मधेस झरे । अनि सरदार बा, म्याम्बर बा र पतिदेव मिलेर झापा लुकुनीबारी, चारपाने र खालबारीमा जग्गा किन्नुभएछ । अनि सबैले चिट्ठा हाल्नुभएछ । हामीलाई चारपाने, सरदार बालाई लुकुनीबारी र म्याम्बर बालाई खालबारी परेछ । हामी सबै गहनाविहीन भई ठुटै र बुच्चै थियौँ ।

पतिदेव घर फर्कंदा केही सुन किनेर 'म आमा बुच्चो भएको हेर्न सक्दिनँ' भनेर बजैलाई गहना बनाउन सुन ल्याउनुभएको थियो । पछि म पनि माइत गएँ । आमाले लुकाएका सुनले मलाई गहना बनाइदिनुभएको थियो । घरमा पनि हामीले गहना जोड्दै गयौँ ।

राम र देवी साइँला छोराबुहारीको जिम्मेवारी हो, त्यही सुन रोपेको २१ बिघा जग्गामा साइँलो छोरो राम र साइँली बुहारी देवी झापा आएर बसे, त्यहाँ खेती गर्न थाले । राम घैलाडुब्बा स्कुलमा पढाउँथ्यो र खेतीपाती पनि हेर्दथ्यो । कान्छा नानी पहिलादेखि नै झापा आएर बस्नुभएको थियो र पछि हाम्रो पनि घर बनाएर झापाको बसाइ सुरु भयो । पतिदेव हिउँदभरि झापा चारपाने आएर बस्नुहुन्थ्यो र बर्खा लागेपछि पहाड चुहानडाँडा चढ्नुहुन्थ्यो ।

हाम्रो चारपाने घरमा 'राम सर' भनेर सबै गाउँभरिका केटाकेटी पढ्न आउँथे । साइँला छोरा र साइँली बुहारीले झापाको ठूलो जिम्मेवारी पूरा गरे । साइँलासाइँलीका छोराछोरी, नाति नृपेश, नातिनी रचना र लीला जन्मिए । नाति नृपेश अमेरिकामै छ । रचनासँग विवाह गर्नुभएका ज्वाइँ मधुर साह्रै असल र मनकारी हुनुहुन्छ, मनको कुरा बुझिहाल्ने हुनुहुन्छ । असल ज्वाइँ भेट्नु पनि ठूलो भाग्य हो । रचनाका एक छोरी मानवी र एक छोरो रायन्स छन् ।

रामले पछि चारपाने मोडमा बालकल्याण स्कुल खोल्यो । सुरुमा छोरी राधिका र नातिनी रोशनले पनि पढाए त्यो स्कुलमा । हाम्रो चारपानेको घर नै पहिलाको जस्तै होस्टेल भयो । सबै केटाकेटीले यही स्कुलमा पढे र पढिरहेका छन् । रामले सबैको असल सर भएर झापामा नाम कमाएको छ । रामले पढाएका धेरै केटाकेटी प्रसिद्ध बनेका छन् । त्यही बालकल्याण विद्यालयमा पिताजीको संस्मरणमा छोरो रामले बालकल्याण विद्यालयमा हरिचरण

एजुकेसन फाउन्डेसन पुरस्कार स्थापना गरी असल काम गरेको छ । यहाँ पढेका विद्यार्थीहरूले देशविदेशमा गरी खाएका छन् । राम र साइँली बेलायत रचना छोरीकहाँ जाँदा त्यहाँ रामले पढाएका धेरै केटाकेटी जम्मा भएर उनीहरूलाई सम्मान गरेका रहेछन् । साह्रै खुसीको कुरा हो नि यो त !

•

साइँलासाइँली साह्रै असल छन्, दुवै जना मीठो बोल्छन् । यिनीहरूको साह्रै मिलेको जोडी छ । साइँली बुहारी भित्र आँखा भएकी, सबैतिर नजर पुऱ्याउने, छिटी, बाठी छिन् । पहाडमा हुँदा पनि साइँली बुहारी र मेरो काममा साह्रै कुरा मिल्ने थियो । उनले परेवाले चारो टिपेझैं खेत रोप्थिन् । उनको स्वर पनि राम्रो छ । मसार, भस्मे खेत रोप्ता हामी असारे खुबै गाउँथ्यौं । साइँली बुहारीले हामीसँगसँगै रातभरि दिनभरि काम गरेकी छन् । ठूलो व्यवहार बाहिर खेतालापातालाले गरे तापनि भित्री व्यवहार त आफैंले थाम्नु पऱ्यो । झापामा पनि साइँलासाइँली सबैको हाईहाई भएर बसेका छन् । म हिउँदमा कहिले झापा बसें । झापामा महतारी दिदी र मेरो सँगै चौरासी गर्दा साह्रै रमाइलो भएको थियो ।

# महतारीसँगको बिछोड

म काठमाडौँमा नै भएको बेला झापाबाट महतारी सिकिस्त बिरामी भएको खबर आयो । छोरोहरू खगेन्द्र, नगेन्द्र र छोरी राधिकासँग हामी तुरुन्त प्लेनमा झापा पुग्यौँ । महतारी दिदीले संसार छोड्नुभएछ । ढोकामा पुग्नासाथ रामले अँगालो मारेर रोयो । मेरो जीउ थरर काम्यो, खलखली पसिना आए । हामी चारपानेमा पुगेपछि कोलाहल भयो । हाम्रो जोडी फुटेको थियो अब म एक्लै भएकी थिएँ । हामी जहाँ जता भए पनि आपसी सल्लाहले व्यवहार सम्हालेका थियौँ । एकछिनमा मैयाँ छोरी आसामबाट आइपुगिन्, आफू कसरी सम्हालिनू, छोराछोरीलाई कसरी सम्हाल्नू ? म बिलखबन्दमा परेँ ! कान्छी नानी उसै गरेर बिलौना गर्नुहुन्छ । कान्छी देउरानी पनि आइन् । सबैको एकै गत थियो । छोराछोरीसँगै म पनि महतारी दिदीको अन्तिम यात्रामा सामेल भएर माई नदीमा गएँ । सदाका लागि महतारी दिदीलाई तिलाञ्जलि दिएर सबै छोराछोरीलाई सम्झाउँदै घरमा आएर काजक्रिया गऱ्यौँ । म अमेरिकामा भए तापनि महतारीको अन्तिम अवस्थामा झापा आइपुगेर महतारी दिदीको सद्गति गर्न पाएँ, यो मेरो अहोभाग्य भयो । 'अब हाम्रो भेट कहिल्यै पनि हुँदैन नि महतारी दिदी' भनेर म धेरै बेर रोएँ, छोराछोरीहरूलाई सम्झाएँ । म कहिलेकाहीँ झापा जाँदा मलाई महतारी दिदीको झल्को लाग्दछ र शून्यमा बिलाउँछु । महतारी दिदीको वार्षिकीमा महतारी दिदीको सम्झनामा लक्ष्मीदेवी सिटौलाको स्मारिका

प्रकाशन गरेर छोरो रामले साह्रै राम्रो काम गरेको छ । लक्ष्मीदेवी पुरस्कार पनि स्थापना गरेको छ । छोरा राम र बुहारी देवीले महतारीको साह्रै राम्रो सेवा गरी ९४ वर्षसम्म राखेका थिए । उहाँलाई कुनै कुराको कमी भएन । यिनीहरूकै काखमा महतारी दिदीको प्राण गयो ।

# मोहन र भुवनेश्वरी

महतारी दिदीले नानी मोहनलाई जन्माउनुभयो । हामीलाई ठूलो छोरो मोहन जन्मिँदाको हर्षबढाइँ अति नै थियो । हामी उसलाई मायाले नानी भन्थ्यौँ, सबैको प्यारो नानी । उसको र मेरो प्रगाढ मित्रता थियो किनकि उसको जन्मसँगै मैले आमा हुने सौभाग्य पाएकी थिएँ । नानीले धेरै पढ्यो । ऊ हामी तीनै जना आमाबुबालाई अति नै सम्मान गर्दथ्यो । नानीले आफैँले पढेका स्कुल, कलेजमा धेरै वर्ष पढायो । नानीको विवाह अलि ढिलै जुरेको हो । त्यो बेला पन्ध्रसोह्र वर्षमा सबैले विवाह गरिसक्थे ।

मोहनको विवाहका लागि कन्याको खोजी भयो । हामीले घरायसी सल्लाह गर्‍यौँ । मेरा कान्छा मामा रूपनारायण प्रसाई र माइजू गौरा प्रसाईकी छोरी भुवनेश्वरी (पुतली) बहिनीलाई मोहनका लागि मैले मावलमा गएर कुरा चलाएँ । मामामाइजूले मेरो प्रस्ताव सहर्ष स्विकार्नुभयो । भुवनेश्वरी मामामाइजूकी अति प्यारी छोरी, अति राम्री भएर मामाले 'पुतली' नाम राख्नुभएको हो । 'मेरी पुतली' भनेर कान्छा मामा सधैँ उनलाई नचाइरहनुहुन्थ्यो । उनी छुँदा पनि दाग लाग्ला जस्ती थिइन् । भुवनेश्वरी बहिनी साह्रै पढैया थिइन् । उनी सुग्घरी, साह्रै मीठो, चोखो खाना बनाउने व्यावहारिक थिइन् । पतिदेवले ठूली बुहारीले बनाएको खाना साह्रै मीठो मान्नुहुन्थ्यो । नानी पनि साह्रै ज्ञानी, विद्वान्, मनकारी, सबैको दु:खसुख देख्ने, सहयोगी, जाती, सबैको हाईहाई थियो । यिनीहरूको जोडी राम्रो छ र उन्नतिप्रगति गरेका छन् ।

ठूलो नाति अनिल त पहाडमा आफ्नै काखमा जन्मियो । यो जन्मिँदा हामी सबै हर्षले आकाशमा पुगेका थियौँ । छैटीको दिन हामी रातभरि नाच्यौँ । नाति अनिल पतिदेवको कण्ठश्री थियो । ऊ जतिखेर पनि पतिदेवले खोकिलामा बोक्ने, खेलौनाजस्तो थियो । हाम्रो त कुरै भएन । नातिको आगमनले हाम्रो घर झन् उज्यालो भएको थियो ।

म गीत गाइदिन्थेँ–
'झ्यालमा बसी के गर्छौ भाउजू, कालो दाल केलाउँछु
रहरको बेला काखमा, चेलामै आफैँ खेलाउँछु ।'

नानी मोहन मुसुमुसु हाँस्थ्यो । नानी मोहन हाम्रो घरको जेठो छोरो सबैतिर दृष्टि पुऱ्याउँथ्यो, परिवारमा सहयोग गर्थ्यो । पछि नानी मोहन पढाउन पोखरा सरुवा भयो । दुलहीलाई पनि हामीले पढ्न धनकुटा पठायौँ । त्यतैबाट उनी पनि पोखरा पुगिन् र नातिलाई लिएर महतारी दिदी पनि पोखरा जानुभयो । सुनील, अखिल, दीपा उतै जन्मिए । सबै भुरा हजुरआमाको काखमा हुर्किए, पछि मोहन नानीहरू काठमाडौँ आए । पतिदेव पनि काठमाडौँ गएर 'चाबेलमा साह्रै राम्रो ठाउँमा जग्गा लिएको छ, तुलसीबारी चाबेलमा सऱ्यो' भन्दै पहाड पुग्नुभएको थियो अनि छोराहरूले पनि जग्गा थपे । कति राम्रो ठाउँ छ चाबेल । पछि घर बनाउने बेलामा पनि पतिदेव काठमाडौँ आउनुभएको थियो । 'कान्छा छोरा नगेन्द्रले साह्रै राम्रो घरको डिजाइन गऱ्यो' भन्नुहुन्थ्यो । छोराहरूले राम्रो घर बनाए भनेको सुन्दा मलाई अति नै खुसी लागेको थियो ।

त्यतिखेर नातिहरू अनिल, सुनील छुट्टीको बेला पहाड जान्थे । पतिदेवले नातिहरूलाई सुन्तलाको बोट नै जिम्मा लगाइदिनुभएको थियो, उनीहरू पेटभरि सुन्तला खान्थे । हजुरबुबालाई बार बार्न, चोया काट्न, पर्खाल लगाएको ठाउँमा पुगेर सघाउन,

जतातते नातिहरू तैनाथ थिए । नातिहरू साह्रै गुनिला थिए । बाबा कवीन्द्र र अनिलको व्रतबन्ध हामीले चुहानडाँडामै गऱ्यौँ । त्यो बेला महतारी दिदी पनि झापाबाट पहाड जानुभएको थियो । अरू नातिहरूको व्रतबन्धचाहिँ झापामा गऱ्यौँ ।

छोरी राधिकाको राजेन्द्र दाहाल ज्वाइँसँग विवाह गर्ने बेलामा हामी पनि चुहानडाँडाबाट काठमाडौँ आयौँ । झापा आएपछि महतारी दिदी, कान्छा नानी, देउरानी कान्छी र काइँलो छोरो कृष्णप्रसाद पनि सँगै काठमाडौँ आयो । चाबेलमा राधिकाको विवाहको रमझम भयो, यही घरमा कान्छी छोरी विजया र डा.वसन्त पन्त, बाबा कवीन्द्र रञ्जिताको पनि विवाह सम्पन्न गऱ्यौँ । छोरी अन्माउन अलिअलि कठिन हुँदैन प्रभु !

नानी मोहन चुहानडाँडाको आफ्नै कलेजको क्याम्पस चिफ भयो र त्यहाँ सुधार गर्नुपर्ने धेरै कुरा गऱ्यो । त्यहाँका केटाकेटीले घरको भात खाएर बीएसम्म पढ्न पाएको देख्दा पतिदेवलगायत हामी सबै खुसी भयौँ ।

नाति अनिल, सुनील र नृपेश टेक्ससमा बस्दछन् । सुरुमा मैले अमेरिका पाइलो टेक्दा म टेक्ससमै आएकी हुँ । मलाई फेरि नातिहरूले टेक्सस झिकाए । महतारी दिदी र साइँला नानीहरू अमेरिका आएको बेला कवीन्द्र बाबाको घरमा सुनील र शर्मिलाको टीकाटालो गरेर आशीर्वाद दिनुभएको थियो । सुनीलको विवाह पनि गरिसकेको थियो ।

टेक्ससमा ठूलो छोरो र ठूली दुलही पनि गएपछि म ढुक्कैले बस्न त्यहाँ गएँ । डिसीबाट कवीन्द्र बाबाले मेरो परिचयपत्र गलामा लगाइदियो र त्यही देखाएर म जहाजमा चढेँ । लुखास्त ! आज ठूलो नातिको घरमा पसियो । लङ भन्ने ठाउँमा जेठी आमाजूकी नातिनी रमा भान्जीकी जेठी छोरी अम्बिका र ज्वाइँलाई पनाति दीपक पाण्डे

र दुलहीले अमेरिका घुम्न बोलाएका रहेछन् । म आएको थाहा पाएपछि उनीहरूले मलाई पनि त्यहाँ झिकाए । मेरी बास्सै ! मलाई कति रमाइलो भने नि ! लामालामा कान भएका लामकाने बाखा गोठमा, बढो भालु कुकुर, ठूलो टाहारबारीमा फर्सीघारी एक हात लामा लरलर परेका मुन्टा, लामा न लामा सीधा काँक्रा हुन्थे । त्यस्तै थरीथरीका तरकारी बारीमा जे पनि सप्रेका थिए; फर्सी त्यस्तै, तुलफूल, बोटबिरुवा, जङ्गल, साह्रै राम्रा थिए । सबै जना हाँस्यो, खायो, घुम्यो, गीत गायो, तरकारी केलायो । खैपी, दहीकाँक्रो खायो । मलाई कति रमाइलो भयो भयो नि ! 'ऐसा हजुरआमा, तैसा हजुरआमा' भनेर नातिनातिनाले उस्तै गरे । नातिनातिनाले 'आमाको न्यास्रो मेटियो हजुरआमा' भन्छन् । यिनीहरू सबै जना असल छन् । म त्यहाँ एक महिना बसेँ । दीपक नातिले मलाई सबैतिर घुमायो, उपहार किनिदियो । पछि नानी मोहन पनि आएर दुईचार दिन बसेर मलाई लिएर गयो ।

आफैँले भित्र्याएकी बुहारी वन्दना अति नै गुनिली छन् । यिनीहरू मलाई साह्रै चीज गर्छन्, माया गर्छन् । नाति अनिल र बुहारी वन्दनाले मलाई सबैतिर घुमाए, देखाए । म एक दिन ढाड दुखेर भुतुक्कै भएँ, अनिलले मलाई सजिलो ठूलो पेटी ल्याइदिएछ । कति सजिलो भयो भने नि मेरो ढाड चपक्कै बाँध्यो । 'हजुरआमालाई यो, हजुरआमालाई त्यो' भन्दै मलाई बजार लगेर घुमाउँछन्, समुद्रमा लान्छन् नातिहरूका गाडीमा म सररर घुमेँ । सुनील, शर्मिला उसै गर्छन्; उस्तै जाती छन् । आफ्ना प्यारा नातिहरूको पौरखमा डुल्न, घुम्न पाउँदाको मेरो हर्षको बयान गरेर सकिँदैन । जे होस् यिनीहरूको पौरख देखेर म खुसीले उडेकी उडचै भएँ । एक दिन सुनीलले 'लु हजुरआमा बजार जाऊँ' भन्यो । 'केके चाहिन्छ हजुरआमा रोज्नु' भन्छ । 'हामी निकै बेर पसलमा घुमिसक्यौं, खै त हजुरआमा सामान रोजेको' भन्न थाल्यो ।

'मेरो बाबै सुनील, यो अमेरिका त उमेरमै आउनुपर्ने ठाउँ रहेछ नि, खै के किन्नू ! सप्पै उमेरदारका लागि मात्रै सामान देख्छु ।' मेरा कुरा सुनेर ऊ त बेस्सरी हाँस्न थाल्यो र उसलाई मन परेका मलाई चाहिने सामान रोजाएर किन्यो ।

नृपेश नाति पनि मलाई भेट्न आयो, हामी सँगै घुम्यौँ । मेरा यस्तायस्ता लायकदार नातिहरू नातिनी बुहारीहरूको बीचमा हाँस्दै र गाउँदै घुम्न पाउँदा मलाई अति नै सन्तोष भयो ।

नानी मोहन र दुलही भएपछि पुगिहाल्यो नि मलाई । नानी किताब लेखेको लेख्यै गर्छ र सुनाएको सुनायै गर्छ । दुःखसुख, बचपन बात मार्‍यो, बस्यो । नानीसँग बस्दा मलाई चुहानडाँडा पुगेजैँ हुन्छ ।

टेक्ससमा म दुई महिना बसेँ अनि भर्जिनिया गएँ । जहाज चढ्ने बेलामा हाम्रो रुवाबासी भयो । म सबैलाई धेरै आशीर्वाद दिँदै हिँडेँ । सुनीलले छोरी सिया मेरी पनातिको पास्नीमा फेरि मलगायत कवीन्द्र बाबा, रञ्जीता सबैलाई टेक्ससमा बोलायो र हामी सबै कृपासहित त्यहाँ गयौँ । लक्ष्मीजस्तै पनातिनी सिया बुहारी शर्मिलाले मेरो काखमा राखिदिइन्, मलाई अति हर्ष लाग्यो । अनि हामीले धूमधामसँग पनातिनी सियाको भात खुवाइ गर्‍यौँ, मेरो कत्रो भाग्य ! शर्मिलाको आमा मेरी सम्धिनी पनि त्यतिखेर त्यहीँ हुनुहुन्थ्यो । अहिले पनातिनी साइसा अनि अनिलको छोरो अविकचरण मेरो पनाति जन्मिएको छ, मलाई सन्तोष लागेको छ ।

अहिले चाबेलमा अखिल, बबिता छन् । यो अखिल काखको नाति अति प्यारो छ । म मौका मिलेको बेला चाबेलमा गइरहन्छु । उनीहरू पनि मलाई भेट्न आइरहन्छन् । आफ्नै बोर्डिङमा पढेकी महतारीले रोजेकी पकुवाल परिवारकी गुनिली केटी बबिता अखिललाई जुर्‍यो । झापामा विवाह सकेर यिनीहरू काठमाडौँ

आएपछि हामी सबै परिवार जम्मा भएर चाबेलमा रमाइलो गऱ्यौं । केही दिनमा नानीहरू अमेरिका हिँडिहाले । म पनि दुईचार दिन चाबेलमा बसेर रातोपुल गएँ । साह्रै व्यावहारिक बुहारी छिन् बबिता । पनातिनी आदिश्री जन्मँदा अखिलले मलाई लिन पठायो । न्वारनसम्म म त्यहीँ बसेँ, पनातिनीलाई सेकताप गरेँ । कति राम्री भने नि आदिश्री बनाएजस्तै, टाउको पनि वेलको दाना जस्तो गोलो थियो । मैले उनीहरूलाई सबै थोक सिकाइदिएँ । साह्रै पुक्खली छन् बबिता, नाच्नमा त्यस्तै सिपालु छिन् । सानी पनातिनी शुभश्री पनि जन्मिएकी छिन्, उनी पनि साह्रै राम्री छिन् । दीपा नातिनी पनि साह्रै गुनिली छिन् ।

# शिव र पार्वती

माइला छोराबुहारी शिव र पार्वती छोरासँग बस्न अमेरिका गएका थिए । उनीहरू पहिला हामीसँगै बसे । अन्जना बुहारी साह्रै गतिली थिइन्, भित्र आँखा भएकी, लक्षिनकी थिइन् । हेलिकनको घर कवीन्द्र बाबाकै घरछेउमा बनाएको छ । आफ्नो काखको नाति आफ्नै काखमा आउँदा मैले सन्तोषको सास फेरेकी थिएँ । पनातिनी अनुश्री र कृपा एक जीउ भएर मिलेर खेल्छन् । यिनीहरूको बाललीला देखेर मलाई आनन्द लाग्छ । हेलिकनले माइलामाइलीलाई अमेरिका बोलायो ।

मेरिल्यान्डको ओसिन सीमा माइली र म सँगै पौडी खेल्यौँ । हामीलाई पानीले बगाएर परसम्म लग्यो । 'लु बाबै माइली, पहाडमा हामीलाई पानीको कति दुःख थियो, छ्यामछ्याम पौडी खेलौँ । पहाडमा हामीलाई सधैँ हतार, सधैँ कामको चटारो, अब आनन्दले खेलौँ ! हाम्रा कस्ता रमाइला दिन आए त !'

मेरिल्यान्डको पशुपति बुद्ध मन्दिरमा पनि नातिनी कृपा र पनातिनी अनुश्रीलाई गुन्यूचोलोको साइत गर्न सँगै सबै जना गयौँ; त्यहाँ विधिविधानसहित पूजा गरेर गुन्यूचोलो लगाइदियौँ अनि बात मार्दै घरमा आयौँ । हाम्रा कति रमाइला दिन आए । पद्मा नातिनी (जेठाजुको माइलो छोरो रघुनन्दनकी छोरी)की कान्छी छोरी सुदिक्षाको विवाहमा पनि सँगै गयौँ ।

अमेरिकाको राष्ट्रिय दिवसमा ठूलो उत्सव र पर्व मनाउँछन् । त्यहाँ राति तमाससँगले फायरिङ गर्दा रहेछन । किसिमकिसिमका बत्ती बालेर माथिमाथि आकाशमा पुऱ्याएका छन् । कसले माथि पुऱ्याउने भनेर जोडका तोड चल्दो रहेछ । आकाशै झलमल्ल, पडरङ, पडरङरङरङ ताली पड्किएका छन् । साइँसाइँ र सुइँसुइँ जगतै उज्यालो हुन्थ्यो, रमितै देखियो । माइली र मैले पनि जोडका तोड गरेर ताली पड्कायौँ । हजारौँ मानिसको हाहा र हुहु खपिसक्नै भएन, हामीले पनि त्यसै गऱ्यौँ ।

पहिलो पटक हाम्रो घरमा भित्रिएकी माइली बुहारी पाण्डेकी छोरी हुन् । पहिलो चोटि हाम्रो हातको पोतो खोस्ने माइली बुहारी थिइन् । घरमा पहिलो पटक भित्रिएकी भाउजू, नन्द, देवर सबैकी हाईहाई थिइन् । हाम्रो सुखदुःखकी सहयोगी, माइली बुहारीले हामीसँगसँगै काम गरेकी छ । अति नै सफासुग्घर गर्ने, जताततै टकटक पार्ने, बराजैलाई पनि माइली बुहारीले काम गरेको अति नै मन पर्ने थियो । टाहार बारी, खरबारी, भस्मे, मसार खेत हामी सँगसँगै काम गऱ्यौँ । हामी धेरै वर्ष सँगै बस्यौँ । उनीहरू अमेरिका आएपछि बात माऱ्यौँ, बस्यौँ । हामीलाई साह्रै आनन्द भयो ।

चुहानडाँडामा रहँदा हामी भोर्लेटाहारबाट भोर्लाका पात टिपेर ल्याएर दुना, टपरी चाङका चाङ बनाएर राख्थ्यौँ । खेताला पठाएर पात ल्याउन लगायो । गाउँ नै जान्थ्यो भार्लेटार पात टिप्न, हामी पनि कहिलेकाहीँ जान्थ्यौँ । भोर्लाका लहरा परपरसम्म फैलिएका हुन्छन् । पात टिप्नेले लहरैलहरा परपरसम्म पुगेर बिडसँगै मुठामुठा पारेर पात झार्दथे । नजिकनजिकको त हामी पनि पात टिप्थ्यौँ । महतारी दिदी भोर्लाका लहरामा गुटुगुटु कुद्ने, छरितो जीउकी हुनुहुन्थ्यो । उहाँलाई 'कता हुनुहुन्छ' भनेर हामीले बोलाउनुपर्ने, परपरसम्म पुगेर ठूलाठूला पात टिप्नुहुन्थ्यो । हामी सबै उतै सामलतुमल लगेर वनभात खान्थ्यौँ । भोर्लाका टाटा खुकुरीका दापजस्ता

हुन्थे । घरमा छोराछोरीलाई खेलाउन हामी भोर्लाका टाटा ल्याउँथ्यौँ । ती दापभित्र पाङ्ग्रा हुन्थे कलेजी रङका । ती पाङ्ग्रा निकालेर प्वाल पारेर घुर्री बनाएर खेल्थे भुराहरू । गलफुले आउँदा ती पाङ्ग्रा घोटेर घाँटीमा लगाउने चलन पनि थियो ।

हाङठुवादेखि वर माझीगाउँमा माझीका घरमा हामी वास बस्थ्यौँ । माझीहरूले मुखिनीहरू आए भनेर घर लिपपोत गरेर हामीलाई छोडिदिन्थे । एक दिन गैरीकी काइँली पनि पात टिप्न गएकी थिइन् । हामी पातका डाँठ बिडचाउँदै थियौँ, काँइली गीत गाउँदै थिइन् । 'लु काइँली तिमी आज भात पकाऊ' भन्यौँ । उनले 'दिदी मलाई गीत गाउन मन लागेको छ' भनिन् । 'ए लु न त लु गीत गाऊ' भनेर मैले भात पकाएँ । टमाटर हालेर च्वाइँच्वाइँ घोटेर मीठो न मीठो गुन्द्रुक पकाएँ । कनिके घिउका चोइली, तातो गुन्द्रुक र भात के चाहियो अनि सप्याकसप्याक बढाबढा टपराभरि खान्थ्यौँ । भोलिपल्ट भारी बोकेर हामी दस बजेतिर घर आउँथ्यौँ । कहिले खेतालालाई उतै छोडेर रात साँझ हामी घर आइपुथ्यौँ, पात बोक्ने खेतालाको ताती रमितै हुन्थ्यो । हामीले माइलो छोरो, साइँलो छोरो, जेठा छोरो, जेठी छोरी र खगेन्द्रको विवाह यसरी नै हाङठुवाबाट पात ल्याएर गऱ्यौँ ।

भोर्लाका पातबाट जोरबिटे दुना, टपरा, बरनीको टपरी क्या राम्रा हुन्थे भने नि आहा ! रहरलाग्दा दुना, टपरी चाङका चाङ पालीको तलामा थन्क्याउँदा मलाई आनन्द आउँथ्यो । हामीलाई दुना, टपरा हरदम चाहिन्थ्यो । माइली, साइँली बुहारीहरू पनि हामीसँग पात टिप्न गएका थिए । हामी मकैको खोसेलाका दुना पनि त्यत्तिकै बनाउँथ्यौँ । खोसेलाको दुनामा दहीकाँक्रो, घिउ, सक्खर र मह दिँदा कति राम्रो देखिन्थ्यो भने नि ! त्यसैले हामी तरेलीतरेलीका दुना टपरा बनाउँथ्यौँ ।

फुर्सदमा परालका, खोसेलाका बिडा त्यत्तिकै धेरै बनायो । घरमा सगाउपगाउ गर्नेलाई पनि बनाउन लगाएर बर्खाभरि चाहिने

सामाग्री हामी हिउँदमा नै बनाएर राख्दथ्यौँ । हामी बुहारी हुँदा पनि हिउँदमा पालो गरेर माइत बस्ने गरी जान्थ्यौँ र बुहारीहरूलाई पनि पालो गरेर माइत पठाइदिन्थ्यौँ । हाम्रोमा पनि कान्छी नानी बस्न आउनुहुन्थ्यो र हामीलाई गजेरा बुन्न सघाउनुहुन्थ्यो । सबैतिर यस्तै चलन थियो । त्यो बेलाका हाम्रो पुस्ताका आइमाईहरूले गर्ने कार्य व्यवहार यिनै हुन् ।

हिउँदमा तितौरा, मस्यौरा, छ्याँटा तुल्यायो । हिउँदमा चामल तुल्याएर घ्याम्पाघ्याम्पा टचापटचापी पारेर राख्यो । खेताला लगाएर सल्लाका बढाबढा रूख ढालेर खल्याखल्यै दाउरा तुल्यायो । भुराहरू रूख काटेको ठाउँमा सिम्टा, चोइटा टिप्न जान्थे । सल्लाको रूखबाट निस्किएका दियालो पनि जम्मा पारेर राख्यो । हामीलाई घाँस, दाउरा खोज्न टाढा जानु पर्दैनथ्यो । पतिदेवले गाउँभरिका मानिसलाई दाउरा चिर्न आफ्नो जङ्गलबाट रूख दिनुहुन्थ्यो । एउटा रूख ढालेपछि पतिदेवले एउटा बिरुवा रोपिहाल्नुहुन्थ्यो ।

फूल खरानी जम्मा पारेर पँधेरामा गएर खड्कुँलामा लुगा पकाएर दिनभरि लुगा मुङ्ग्राले ठूला ढुङ्गामा डचामडचाम कुटेर सुकिला पारेर धुन्थ्यौँ । खोल, तन्ना पहिलो बाहानमा पकाएर पर डाँडासम्म पुऱ्याएर, सुकाएर ल्याउँथ्यौँ । रेडीका खास्टा र बुबाहरूका लुगा रिट्ठाले धुँदा राम्रो भनेर त्यसमा धुन्थ्यौँ । धरानदेखि ल्याएका साबुन फारुतिनो गरेर चलाउँथ्यौँ । यसरी लुगा धोएर सुकाएपछि 'भुराहरूलाई बेलुका पँधेरामा लुगा लिन आउनु है' भन्थ्यौँ र धाराबाट अलि मास्तिर आएपछि एउटा सानो ढुङ्गो फालेर आइज् है सबैको सात्तो भन्दथ्यौँ । हामी खेताला लगाएर पनि लुगा धुन्थ्यौँ, कसैकसैले कल्चुडाले पनि लुगा धुन्थे । कोहीकोही सिउँडी, रातो माटो र कमेराले पनि नुहाउँथे । महतारी दिदीले जस्तो लुगा कसैले धुन सक्दैनथ्यो र लुगा सुकाएर ल्याउँदा पनि आइरन गरेजस्ता हुन्थे, लुगा पट्टचाउन पनि उस्तै सिपालु हुनुहुन्थ्यो ।

पछि त दोकानहरू पनि धेरै खुले, हिँड्ने बाटा पनि सजिला भए । खरानीले लुगा धुने चलन हराउँदै गयो । लुगा धुँदा हामी पँधेरामा नै चाम्रे पकाएर खान्थ्यौँ । कति मीठो हुन्थ्यो भने नि चाम्रे भोक लागेको बेला । 'लुगा धोएको भोक आमाले देख्छिन् रे, बारी जोतेको भोक बाबुले देख्छन् रे' भन्थे । पँधेरामा कहिले हरिया मकै, कहिले बाबर, रोटी जे छ त्यही खाजा खाइन्थ्यो ।

दिनभरि खरानीका लुगा धुँदा मेरा पातापाखुरा फर्किन्थे नि गाँठे ! मेरो ढाड चुडिएला जस्तो हुन्थ्यो । कहिले त लुगा धोएपछि कोलले किचेको मेरा ढाड बल्झिएर उठ्नै सक्दिनथेँ, हडचुड र चम्सुर खायो अनि तङ्ग्रिन्थेँ ।

माइला छोरा शिवले पनि धेरै वर्ष स्कुलको हेडमास्टर भएर मानसम्मान पायो । आफूले पढेको स्कुलमा आफैँ हेडमास्टर भएर बुबाको र आफ्नो श्रेय राख्यो । उसले पोखरी र शारदा हाईस्कुलमा धेरै वर्ष पढायो, चकचकी गऱ्यो । 'हेडसरको घर' भन्छन् जताततैबाट हाकिमहरू घरमा भेट्न आउँछन् । 'हेडसरकी आमा' भन्दै मलाई मान र सम्मान कति हो कति ? 'गुरुआमा' भन्दै माइलीलाई उस्तै मानसम्मान गर्थे । माइलाले घरव्यवहार, परिवारलाई सरसहयोग, लेखापढी सबै कुरामा बुबालाई भरथेग गरेर आनन्दपूर्वक बस्यो । ठूली नातिनी रोशन, कुमार, उषा, हेलिकन सबै नातिनातिना आफ्नै काखमा जन्मिए, हुर्किए, बढे, पढे । अहिले सबै नातिनातिनाको व्यवस्था राम्रो छ । ज्वाइँहरू लक्ष्मी, जीवन दुवै असल छन् । साह्रै व्यावहारिक छन् यी नातिनातिना । पहिलो चोटि हाम्रो दर्जा बढाउने नातिनी रोशन र उषा अति व्यावहारिक र मायालु छन् । पनाति साउल, अन्चन र अनुसुया साह्रै प्यारा छन् । आफैँले ढाडमा बोकेर हुर्काएको भाइ विष्णुभक्त प्रसाईकी छोरी जुनालाई कुमारले विवाह गरेका छन् । यी साह्रै रसिली र गतिली छन् । उनीहरूका पनि दर्शन र तेजस्वी छोराछोरी छन् ।

आफू पढेको स्कुल, आफैँले पढाएका विद्यार्थी पनि अमेरिकामा भेट्दा माइलो पनि अति हर्षित भयो । म, महतारी दिदी र माइली बुहारी पार्वतीले पहाडमा महिनादिनसम्म स्वस्थानीको व्रत लियौँ, त्यो बेला हामीलाई अपार आनन्द मिलेको थियो । स्वस्थानीको कथामा एउटा राम्रो प्रसङ्ग छ । मैले सबै छोराबुहारीलगायत गाउँघरका सबैलाई भन्थेँ– 'बाबैहो ! राजा दक्ष प्रजापतिकी जेठी छोरी सतीदेवीले महादेवसँग विवाह गरेर आफ्नो घर जाँदा थोत्रो र माकुराको जालैजालो लागेको घरमा पुग्छिन्, त्यस्ता राजाकी छोरी कति पनि विचलित नभईकन, दु:ख नमानीकन आफ्नो कर्मक्षेत्रमा जुट्दै त्यहीँ झुप्रो घर पनि सफासुग्घर बनाएर सकारात्मक कुरा सोचेर आफ्नो कर्मक्षेत्रमा जुट्छिन् । त्यसैले जीवनमा उतारचढाव आए पनि सतीदेवीले जैँ झुपडीलाई पनि मन्दिर बनाउन सक्नुपर्छ' भनेर सबैलाई सम्झाउँथेँ । 'जीवन भनेको कुमालेको चक्रजस्तै हो । कहिले सुख, कहिले दु:ख आइरहन्छ तर मानिसले कहिल्यै हिम्मतचाहिँ हार्नुहुँदैन है ।' स्वस्थानीको साङ्गेका दिन हाम्रो घरमा भेला भएर गाउँ नै नाचेको हुन्थ्यो । स्कुले केटाकेटीले पनि हाम्रो आँगनमा रातभरि नाचेर र गाएर छर्लङ्गै पारे । जेठाजु, सानीमा, खाम्लालुङबाट नानी, देउरानी साइँली, छोराछोरी, नयाँबारीका छरछिमेक, इष्टमित्र सबैको उपस्थिति थियो । देवी पूजा गरेर नौ कन्याहरूलाई हामीले पुजेका थियौँ ।

एक पटक सोमबारे औँसीमा नबोली नुहाउन म, माइली र साइँली बुहारी बिहानै खड्कुलो बजाएर उठेर पँधेरा जाँदै थियौँ । पल्लाघरको टाँकीको बोटनेरि पुगेपछि साइँली बुहारीले 'शुक्र झुल्किएछन्' भनी । हामीले हाँसो बल्लबल्ल रोक्यौँ । भरे नुहाएपछि हामी मज्जाले हास्यौँ ।

हामी तीज, ठूलो एकादशी, विभिन्न काजकल्याण, पूजाआजामा व्रत लिएर खुबै मजाले नाचगान गर्दथ्यौँ । हाम्रा कति आनन्दका दिन

थिए ती । हामीलाई कामको खटीखटाउ पनि हुन्थ्यो तर अहिले सम्झँदा ती दिन हाम्रा जीवनका स्वर्णिम दिन रहेछन् । शरीरमा कतै ऐया, आत्था नभई एउटा पनि औषधि नखाई आफ्नो पौरखले खानु नै जीवनको सुखद क्षण रहेछ । कठैबरी ! अमेरिकाका केटाकेटीहरूको खटाइ कस्तो छ । उनीहरू कहिल्यै सँगै बसेर खान पाउँदैनन्, खाँदै कुद्दै गर्छन् । उनीहरूका मायाले मेरो मुटु चुढिन्छ तर उनीहरू खुसी छन् । बल र तुजुक हुँदा मात्रै जिन्दगी रहेछ दैव !

यी सबै कुरा गरेर हामी आनन्दित हुन्थ्यौँ । जे भए पनि श्री अम्बे माताले मलाई र माइली बुहारीलाई सँगै अमेरिका घुम्न जुराउनुभयो । यो नै हामीलाई अपार भयो ।

# भवानी र मैयाँ

हाम्री जेठी छोरी मैयाँ र ज्वाइँ भवानी आँखामा राख्दा पनि कहिल्यै बिझाएनन् । हाम्री जेठी छोरी अति नै रहरका बेला जन्मिएकी थिइन्, उनी साह्रै राम्री थिइन् । पतिदेवले छोरीको अति माया लागेर नाम पनि माया राख्नुभएको थियो । पहिली छोरी भएको हुनाले नै उनी अति फुर्किएकी थिइन् । उनी शान्त र सहु छिन्, ऊभन्दा मुनिका भाइबहिनीलाई आफूले जानेको कुरा सिकाइन् । देवेन्द्र उसको प्यारो भाइ थियो । पतिदेवले दिदीको जिम्मा देवेन्द्रलाई दिनुभएको थियो । मैयाँ र देवेन्द्र साह्रै मिल्ने, कहिल्यै छुट्टिँदैनथे । जगन भान्जा पनि अति नै मिल्ने थिए ।

नातिनी झरना दुई जिउकी भएकी हुनाले सुत्केरी स्याहार गर्न ठूली छोरी अमेरिका पुगेकी थिइन् । छोरीज्वाइँ घरमा आउँदा खुसीले मेरो छाती हर्षित भयो र गद्‌गद भएँ । सँगै घुमियो, रमाइयो, खाइयो । साह्रै सिपालु छोरी मैयाँ, उज्याला ज्वाइँ । हाँस्नु, हँसाउनु कति हो कति ! सबैलाई खुसीले खपिसक्नु भएन नि ! सबै वरिपरि बस्यो एक जनाले एक थोक भन्यो, अर्को जनाले अर्को थोक भन्यो, हाँस्यो । म फेरि पनि लुरेगुफा छोरीज्वाइँसँग गएँ ।

ठूलो ज्वाइँ भवानी धेरै पटक चुहानडाँडा पुग्नुभएको छ नातिनातिना लिएर । साह्रै असल ज्वाइँ, छोरीलाई साह्रै माया गर्ने हुनुहुन्छ । गोपाल, ओमप्रकाश, युवराज नातिहरू रमाइला छन् ।

पतिदेव, महतारी दिदी हुँदाको चकचकी बिछट्टै थियो । हाम्रा यी नातिनातिना साह्रै प्यारा थिए । यी नातिनातिना सबैले नेपालमै पढे । अहिले सबै नातिहरू लन्डनमा राम्ररी बसेका छन्, बेलाबेला फोन गर्छन्, मलाई सन्तोष लाग्छ ।

म पनि ठूली छोरीको घर आसाम तीन पटक पुगेकी छु । नातिनी झरनाको विवाहमा पनि म आसाम पुगेर झरना नातिनी र ज्वाइँ रोशनको विवाहमा सामेल भएकी थिएँ । मलाई कामाक्षा माताको दर्शन गर्ने अवसर फेरि जुरेको थियो । सम्धी टीकाराम सेढाईं पनि अति नै फरासिला हुनुहुन्थ्यो । केवली ज्वाइँ अति नै राम्रा, मिजासिला र पुक्खली, नहाँसी बोल्नै नजान्ने, मिलेका दाँत, गोरा, अग्ला, हाँसेको हाँसै, बोलेको बोलै गर्नुहुन्थ्यो । जमुना छोरी आफ्नै काखमा हुर्किएकी, हँसिली, मिलेका दाँत, उसको हाँसोमा नै मोहनी रहेको थियो । नाति किशोर, देवी, दिपेन्द्र त पहाडमै जन्मिएको हो आफ्नै काखमा । अरू ज्वाइँछोरीहरू, छोरीका जेठाजु, जेठानी सबै पुक्खली थिए ।

महतारी दिदी र म ढुक्कैले तीन महिना ठूली छोरीको घर आसाम गएर बस्यौँ । मलाई गर्मी भएर पङ्खा चलाइरहनुपर्ने, महतारीलाई चिसो हुन नहुने, अनि ज्वाइँले बीचमा पर्दा हालिदिएर हामी बात मार्दथ्यौँ; हाम्रो हाँसो हुन्थ्यो । ज्वाइँले हामीलाई आसामको कामाक्षामाई, गुवाहाटी, चाराली, चिडियाखाना, तेजपुर, मराधनश्री चियाबगान सबैतिर घुमाउनुभयो ।

रेडीको खास्टो, मुगाका थानका थान, मणिपुरे थाल, बटुकाका चाङका चाङ भएको ठाउँमा लानुभयो; मलाई यी चीजहरूको साह्रै रहर लागेको थियो । हामीले पनि छानीछानी सबैलाई गन्ती गरीगरी सामान किन्यौँ । मेरो बाबै मेरो मनको धोको पूरा भयो । नेपाल आएर सबैलाई मुगाको चोला र रेडीका खास्टा ओढाइदिन पाउँदा म

आकाशमै पुगेँ नि ! रेडीको खास्टो र मुगालाई अति पवित्र वस्त्र मानिन्छ; पूजाआजा, काजकल्याणमा पनि उत्तम हुन्छ ।

•

अमेरिकामा म नातिनी ऋरना र ज्वाइँ रोशनका घर बोस्टनमा गएर पनि बसेँ । रोशन ज्वाइँ अति नै असल, प्यारा र मायालु ज्वाइँ, सधैँ लुटुपुटु गर्ने; मनका कुरा बुझ्ने; घरमा आउँदा पनि हजुरआमा भन्दै ठाडै खुट्टा म भएको ठाउँमा आइपुग्नुहुन्छ । पछि उहाँहरू नर्थ क्यारोलिना सर्नुभयो । नर्थ क्यारोलिनामा गएर पनि म एक महिना ढुक्कै बसेकी छु । मलाई ज्वाइँ र नातिनीले अति नै चीज गर्थे । साना पनातिनीहरू इसा र अवनी पनि साह्रै मायालु छन् । धेरै ठाउँ ज्वाइँले गाडीमा सररर घुमाउनुभयो, गाउँदै रमिता हेर्दै सबैतिर घुमियो ।

ज्वाइँले हामीलाई ठूलो पानीको सागरमा लानुभयो । माथिमाथि डुँडबाट पानीका छहरैछहरा बनाएका छन् । थरीथरीका डुँड छन् । राम ! राम ! राम ! यताबाट पनि पानी खसेका छन्, उताबाट पनि पानी खसेका छन्, खपिनसक्नु रमिता छ । ज्वाइँले एउटा पानीको डुँडमा छङछङ गर्ने छहरामा ठूली छोरी र मलाई हालिदिनुभयो । मेरी आम्मै... सुइँय्य... छ्वाङ्गै दहमा ! हाहाहा ! हामीलाई रमिता भयो । सबै हाँसेका छन्, डुबेका छन्, पानीको डुँडमा पसेका छन्, दहमा झरेका छन्, चिच्च्याएका छन् । कस्तो रमाइलो ठाउँ !

ठूली छोरी र म एटलान्टा सिटी, डाउनटाउनमा पनि ठूलाठूला हाटबजार, रमिता हेर्दै घुम्यौँ । हामीलाई चाहिने सामान पनि किन्यौँ । हामी आमाछोरी बात मार्दै परपरसम्म हिँडेर आउँथ्यौँ । हिँड्ने बेलामा हाम्रो रुवाबासी भयो । रोशन ज्वाइँले आधा बाटोसम्म हामीलाई ल्याइदिनुभयो, त्यहाँसम्म भर्जिनियाबाट कवीन्द्र बाबा लिन गएको थियो । यसरी हाम्रो ओहोरदोहोर भइरहन्थ्यो ।

रोशन ज्वाइँजस्तै ज्ञानी ज्वाइँ सबै नातिनीहरूलाई परून् भनेर म जपतप गरिरहन्छु । सबै नातिनीहरूलाई असल ज्वाइँ परून् भन्ने मेरो आराधना छ । हे अम्बे माता ! अनेकका जँडचाहा, रिसाहा, भङ्ज्याहा, सन्काहा, चरित्रहीन यस्ता मानिसहरूसँग मेरा कुनै नातिनी पनातिनी सन्तान दरसन्तान कोही नपरून् है । यही नै मेरो तपस्या छ ।

# चैतन्य र ईश्वरी

म अमेरिकामा नै भएको बेला ठाइँला छोरा चैतन्य र बुहारी ईश्वरी अमेरिका आए । मलाई आनन्द लाग्यो, सँगै बसियो । म अमेरिका आउँदा ठाइँलाठाइँलीसँगै धापासीमा बस्दथेँ, ठूलो परिवार थियो त्यहाँ । सबै नातिनातिना त्यहीँ बसेर पढ्दथे । पाहुनाको सधैँ ताँती हुन्थ्यो । ठाइँला छोराको गार्मेन्ट फ्याक्ट्री थियो । त्यहाँ पहाड मधेसतिरबाट पनि पाहुना आइरहन्थे । ठाइँली दुलही कहिल्यै रुर्कोफर्को नगर्ने, सधैँ हाँसिरहने, मीठो बोल्ने सहनशील, मिलनसार थिइन् । घरमा ठाइँलाका साथीभाइ जम्मा भइरहन्थे । कहिलेकाहीँ ठाइँलालाई खान ढिलो हुन्थ्यो, 'खाना खानू नि दुलही' भन्यो । अहँ, ठाइँलाले खाना नखाई ठाइँली बुहारी खाँदै नखाने, तपस्विनी थिइन् ।

पतिपत्नी भेट्नु पनि जीवनमा ठूलो तपस हो । यिनीहरू दुवै उस्तै, ठूलो मन, ठूलो हात, भरअभर सबैको गर्जो टार्ने गर्दथे । सबैको सहयोगका लागि ठाइँला छोराको हात उठिहाल्थ्यो, ठाइँलो छोरो बनाएजस्तै साह्रै राम्रो छ । ऊ सानैदेखि दानी थियो । आफूसँग भएको अरूलाई दिइहाल्ने, उसले खानुपर्ने, खुवाउनुपर्ने, कसैको दु:ख देख्न नसक्ने खालको थियो । 'तिमीहरूका लागि म छु है नडराओ' भन्दै हिँड्थ्यो र सबैलाई गर्थ्यो पनि । कसैले उसलाई भनिसकेपछि हार्न नसक्ने, कमलो मनको मानिस थियो । धापासीमा यिनीहरूको चञ्चलाश्री थियो । ठाइँली साह्रै छिटो र मीठो खाना बनाउँथिन् । छटङ्, छटङ्, छटङ् एकैछिनमा चौरासी व्यञ्जन

तयार हुन्थ्यो । उनी सधैँ हाँसेको हाँसै, कहिल्यै अँध्यारो मुख नलगाउने थिइन् ।

धापासी सधैँ हाम्रो मूल घर हुन्थ्यो । यहाँ महतारी दिदी पनि आएर बस्नुभयो । हामी टिभीमा विभिन्न सिरियल र कार्यक्रम हेरेर रमाएर बस्दथ्यौँ । सबै चाडबाड यहीँ मनाइन्थ्यो । सबै भुराहरू यहीँ जम्मा हुन्थे । त्यहाँ चुहानडाँडाजत्तिकै घन्चमन्च थियो । घरमा गाई पालेको हुनाले दूध, दहीको पौल थियो । घाँस आफ्नै बारीबाट पुग्थ्यो । गाईको स्याहार गर्ने बाजे थिए । ठाइँलीका ठूला हात आउने जाने सबैको आँत पुरिएको हुन्थ्यो । त्यहाँ जग्गाजमिन धेरै थियो, तरकारी टनाटन थिए । गाईको गोबरमा नाङ्लापाते रायो अलिअलि सप्रिएको होइन ? चुहानडाँडाकै जस्तो रायोको साग थियो । ठूलो जङ्गे कुकुर पालेको थियो । खेल मैदान थियो, भुराहरू बिहान बेलुका खेल खेल्दथे । धेरै कार्जे गरियो यहाँ पनि । दुलही ईश्वरी सधैँ मङ्गलबारको व्रत लिन्थिन्, गणेशथान जान्थिन् । धापासीबाटै हामी मनकामना पनि गयौँ, ठाइँलाको गाडी गोपाल नानीले चलायो र अर्को गाडी पनि लगेको थियो । हामीले पुजेका पुरोहित धरणीधर गुरु र अग्नि गुरुलाई साथमा लिएर मन्दिर जाँदा महतारी दिदी र म अति नै हर्षित भयौँ । हाम्रो साथमा साइँली बुहारी देवी, छोराबुहारी नगेन्द्र र पार्वता, नाति नृपेश, नातिनी जिज्ञासा र विज्ञाता थिए ।

हामीले जीवनमा पहिलो पटक केबलकार चढेका थियौँ, आहा ! केबलकार सरररर उकालो लाग्दा साह्रै रमाइलो लागेको थियो । मिलिक्कै एउटा डाँडाबाट अर्को डाँडो काटियो ।

मनकामना मन्दिरमा धेरै लामो लाइन थियो । तर हामीले लाइन बस्नु परेन र गुरुहरू छोरोसहित जोर बुहारी साथमा लिएर हामीले मनकामना माताको पूजा, आरती गर्‍यौँ । धरणीधर गुरुले देवी स्त्रोत्रहरू पाठ गरेर विधिसहित पूजा गरेका थियौँ । हामीले

आफ्ना कुल पित्री, स्वदेशविदेशमा भएका सन्तान दरसन्तानको कल्याणको कामना र प्रार्थना गरेका थियौँ ।

त्यसपछि माथि डाँडातिर घुम्न गयौँ, कति लामो लाइन मानिसहरूको, 'लौ यिनीहरूको छिट्टै दर्शन गर्ने पालो आओस्' भन्दै हामी माथिसम्म गयौँ । हिमाल, डाँडा र पहाड सबै हेर्‍यौँ; फोटो खिच्यौँ अनि तल झरेर फेरि मनकामना माताको व्रत गरेर मातालाई नमन गर्दै तल झर्‍यौँ । छोरो नगेन्द्रले सफा र राम्रो भोजनालयमा लगेर मीठो र चोखो खानाको व्यवस्था गरेर खुवायो ।

मीठामीठा बात मार्दै फेरि केबलकारमा सरर तल झर्‍यौँ, यसपालि चाहिँ मन सिरिङ्गसिरिङ्ग भएको थियो । हाँस्तै र गाउँदै हामी काठमाडौँ आयौँ । यो यात्रामा बिर्सिनसक्नु आनन्द मिलेको थियो । यसै पनि ठाइँलाठाइँली भएको ठाउँमा सधैँ जमघट भइरहन्थ्यो । पहाडमै हुँदा पनि उसका वरिपरि साथीभाइ झुम्मिरहन्थे । भस्मे र मसार खेतमा ठाइँलाले खुबै काम पनि गर्‍यो । मोहीहरूलाई धान उठाउने काममा बुबाले उसलाई नै पठाउनुहुन्थ्यो । ठाइँलो र खगेन्द्र मिलेर धेरै धान मोहीहरूलाई नै छोडेर आउँदा रहेछन् ।

अमेरिकामा उनीहरूलाई छोडेर आउँदा मायाले मेरो मुटु चुडियो ! उनीहरू कस्तो रजगजसँग बसेका थिए । अहिले उनीहरूका छोरीहरू दुवै अमेरिकामै छन्, उनीहरूलाई उही ढुक्क छ । जिज्ञासा पनि दाँतको डाक्टर भएकी छन् । मलाई यिनको रूप साह्रै राम्रो धपक्कै बलेको लाग्छ । मुन्नु र ज्वाइँ अभिषेक पनि साह्रै जाती अनि राम्रा उस्तै छन्, यिनीहरूको मिलेको जोडी छ । मेरा नातिनीहरूले प्रगति गर्दै छन्, मलाई आनन्द लागेको छ । भर्खरै जिज्ञासा नातिनीको नीलव ढकाल ज्वाइँसँग विवाह सम्पन्न भयो । उनीहरूले मलाई अमेरिकाबाट फोन गरे । मैले यहीबाट सुखी दाम्पत्य जीवनको आशीर्वाद दिएँ !

# खगेन्द्र र शान्ता

खगेन्द्र सानैदेखि स्कुल पढ्दादेखि नै राजनीतिमा लाग्यो । ऊ कताको मिटिङ, कताको छलफल भन्दै रातभरि हिँड्थ्यो । उसको खान र बस्नको ठेगान पनि थिएन । उसका साथीहरू पनि घरमा आउँथे, खाना खान्थे, बाजा बजाएर गीत गाउँथे, देश बनाउने कुरा गर्थे, समानताका कुरा गर्थे, कसैलाई अन्याय नहुने कुरा गर्थे, कुरा राम्रा गर्थे । हूलका हूल विद्यार्थी, मास्टर, नेता आएर हाम्रो घरमा बस्थे । खगेन्द्रले भाषण गर्दा सबै एकचित्त भएर सुन्थे । सबैले उसका कुरा पत्याउँथे । 'सधैं सत्य कुरा बोल्ने र लेख्ने खगेन्द्र सर' भन्थे ।

'आमाको स्वर कति राम्रो' भन्दै उनीहरू बाजा बजाइदिन्थे, म पनि गीत गाइदिन्थें, नाचिदिन्थें । उनीहरू पनि कति राम्रो गाउँथे भने नि ! यिनीहरू गीत गाउँदै गाउँगाउँ हिँड्थें । राजनीतिमा लागेपछि काम नै सबैतिर हिँड्नुपर्ने हुन्छ । खगेन्द्रले जेलनेल सबै भोग्यो, ऊ कहिल्यै झूटो बोल्दैन । अरूको सेवा गर्न पाए उसलाई पुग्छ । 'राम्रो र साँचो कुरा बोल्नुहुन्छ, लेख्नुहुन्छ खगेन्द्र सरले' भनेर सबैले तारिफ गर्छन् । ऊ पत्रिकामा लेख निकालिरहन्छ । उसले किताब पनि लेखेको छ ।

जिल्लाका सबैले खगेन्द्रलाई मन पराएको हुनाले एक पटक चुहानडाँडा गाउँ उपप्रधानपञ्च तेह्रथुम जिल्ला पञ्चायत उपसभापति र एक पटक जिल्ला सभापति भयो । उसले चुनाव जितेको बेला गाउँ नै खुसीले उफ्रियो नि, 'खगेन्द्र सर जिन्दाबाद जिन्दाबाद, जय जय !'

भन्दै । पतिदेव पनि खगेन्द्रले चुनाव जितेको बेला अति नै हर्षित हुनुभयो । गौरवले हाम्रो छाती ठूलो भयो । मेरो त खुसीले भुइँमा खुट्टा भएनन् । गाउँका सबै मानिस जम्मा भएर टाहार बारीमा भोजभतेर गरे । जेठाजु, सानीमा, पल्लाघर जेठाजुजेठानी, दिदी आएर खगेन्द्रलाई टीका लगाएर आशीर्वाद दिनुभयो । जीवनभर पतिदेवले समाजसेवा गर्नुभयो । तन, मन, धन समाजकै लागि समर्पण गर्नुभयो । छोराले पनि बुबाको कीर्तिमा कीर्ति थप्यो । जिल्लामा इमानदार र विकासप्रेमी सभापति भनेर उसको नाम चल्यो । ऊजस्तै इमानदार र देशभक्त नेता भए हाम्रो देश स्वर्ग बन्ने थियो । इमानदार मानिसलाई बेइमानले धोका दिँदा रहेछन् । अरूलाई धोका दिने मानिसलाई कहिल्यै भलो त हुँदैन । अहिले त सबैलाई लड्दै र भिड्दै ठीक छ । यिनीहरूको सुनिनसक्नु गाली र गलौज सुनिन्छ । सबैले जोतोमोतो मिलाए किन हुँदैन देश विकास ? अमेरिकामा विकास हुँदा यहाँ हुँदैन ? कस्तो छ कानुनको पालना अमेरिकामा ! उताको विकास र यताको विनाश देख्दा मेरो मन त्यसैत्यसै कुँढिन्छ ।

चुहानडाँडामा मोटरबाटो ल्याउनुपर्छ भनेर पतिदेव सधैँ योजना बनाइरहनुहुन्थ्यो र प्रयत्न पनि गरिरहनुहुन्थ्यो । हाम्रै थुम्की डाँडामा एयरपोट बनाउने योजना भएर धेरै पहिला नापी पनि भएको थियो । यस ठाउँमा तिनतिरबाट प्लेन बस्छ भनेर सबै खुसी भएका थिए । कुनै समयमा एयरपोट बन्ला नि ? अहिले हाम्रै टाहारबारीको बीचबाट मोटरबाटो कुदेको छ । त्यो पतिदेवले माथिबाट हेरेर सबैलाई आशीर्वाद दिइरहनुभएको छ होला !

खगेन्द्र जिल्ला पञ्चायत उपसभापति भएको बेला ज्ञाननाथ सुवेदी जिल्ला पञ्चायत सभापति हुनुहुन्थ्यो । उहाँ नानी मोहनको मामाससुरा पनि हुनुहुन्छ । मोहनले खगेन्द्रको विवाहको कुरा चलाएछ अनि खगेन्द्र र शान्ताको विवाह भएको हो । पतिदेवलाई सुवेदीका

छोरीसँग कुटुम्बेरी नाता जोडी बुहारी ल्याउने अति नै इच्छा थियो । भगवान्ले हाम्रो इच्छा पुऱ्याइदिनुभयो । बुहारी शान्ता पनि साह्रै वीर, असल र जाँगरिली छिन् । चारैतिर आँखा भएकी छिटी, बाठी छिन् । बुहारी शान्ता भान्सामा पसिसक्दा पाँच थोक तरकारी, अचार तयार हुन्थे । जेको पनि परिकार मीठो न मीठो बनाउँथिन् । साह्रै अति आँटिली, अति जाँगरिली, सफासुग्घर, जतातत‍ै टकटक, नजानेको भनेको केही छैन । उनी ठूलो मन, ठूलो हात भएकी छिन् । उनले सेलरोटी बनाउँदा कल्लीजस्ता हुन्छन् । यिनले गाँसेको झिलिक्क, टपक्क परेको बरनीको टपरी गाउँमा फस्ट भएको थियो, टपरी गाँस्न पनि यिनी साह्रै सिपालु छिन् ।

बुहारी शान्ता स्कुल पढाउँछिन् । शान्ता केही समय खगेन्द्रसँगै जिल्लामै बसिन् । नातिनी विज्ञाता म्याङलुङमै जन्मिई पछि घरमा लिएर आए । मेरो काख भरिपूर्ण भयो काखभरिकी नातिनीले । शान्ता बिहान बिए कलेज पढ्न र दिउँसो जलकन्या स्कुल पढाउन जान्थिन् र भ्याएजति घरायसी काम पनि गर्थिन् । आफैँले खोलेको कलेज, स्कुलमा आफ्नै बुहारीले पढेको र पढाएको देख्दा पतिदेव अति नै हर्षित हुनुभएको थियो । नातिनी हेर्दै घरव्यवहार मलाई धमाधम र रमाइलो हुन्थ्यो । हाम्रो घरमा काम सघाउने मानिस पनि थिए ।

सबै छोराछोरी पढ्न हिँडिसकेका थिए । मलाई सबैको न्यास्रो यही नातिनी विज्ञाताले मेटाउँथिन् । राम्री न राम्री नातिनी ठ्याक्कै सानाको खगेन्द्रजस्तै लाग्थिन् मलाई । गाउँले सबै आएर ‘ए अन्तरे’ भनेर विज्ञातालाई बोलाउँथे । पछि सुज्ञाता पनि जन्मिइन् उस्तै राम्री, साह्रै ज्ञानी छन् मेरा नातिनीहरू । मीठो वचन बोल्ने, नरिसाउने, पढैया विज्ञाता ठूलो इन्जिनियर भएकी छिन् । दुवै नातिनीले जागिर खाएर आफ्नै खुट्टामा उभिएका छन् । ‘मुमालाई यो, मुमालाई त्यो’ भन्दै मलाई मन परेको चीज लिएर आउँछन् ।

मलाई आनन्द लाग्छ । यिनीहरूले मसँग अनेकअनेक किसिमका फोटा र भिडियो खिचेर रमाइलो गर्छन् । बाजा बजाएर, गीत गाएर हामी सँगसँगै गाउँछौँ, नाच्छौँ । यिनीहरू सानैदेखि मेरा साथी भएका छन् । मलाई गीत गाउन मन लागिरहन्छ, मैले गाउन थालेपछि यिनीहरू नाच्न थालिहाल्छन् । नातिनीहरूसँग मलाई साह्रै रमाइलो हुन्छ ।

# नगेन्द्र र पार्वता

नगेन्द्र (ठूलोकान्छो) छोरो इन्जिनियर हो । ठूलोकान्छो सानैदेखि पढ्नमा तेजिलो थियो । पतिदेवलाई अक्षर चिनाउन कान्छा छोरालाई साह्रै सजिलो भएको थियो रे ! नगेन्द्रले जे सिकायो, त्यही टिपिहाल्थ्यो । पहाडमा हुँदा पनि स्कुलमा ऊ पढाइमा सधैँ तेज थियो । अहिले कान्छाले पुलचोक क्याम्पसमा पढाउँछ । सबैले 'राम्रो पढाउने सर' भनेर उसको प्रशंसा गर्दछन् । कान्छाले धेरै घरहरूको डिजाइन पनि बनायो । 'चाबेलको घर आफ्नै कान्छा छोराको डिजाइन' भनेर पतिदेव सधैँ प्रशंसा गरिरहनुहुन्थ्यो । ऊ धेरै देशविदेश घुमेको छ । छोरो सबैको मान्यजन भएको देख्दा मलाई आनन्द लाग्छ ।

प्रसाईकी छोरी कान्छी बुहारी पार्वता राम्री छन् । झापामा महतारी दिदी र मैले कान्छा छोराको धूमधामसँग विवाह गऱ्यौँ, बुहारी भित्र्यायौँ । त्यो बेला सबै छोराछोरी जम्मा भए । हामीलाई पतिदेवको अभावचाहिँ खड्कियो । ठूलोकान्छो र सानोकान्छो छोराहरूको विवाहचाहिँ हामीले पतिदेवलाई मनमा, सम्झनामा राखेर गऱ्यौँ । विवाहपछि हामी काठमाडौँ आयौँ ।

हामी धापासी घरमा नै बस्यौँ । जे कुरामा पनि सिपालु छिन् पार्वता । खाना चोखो, मीठो बनाउँछिन् । सफासुग्घर चटक्क, हाँसिराख्ने, दु:खसुख कुरा गर्ने गर्छिन् । पार्वताले स्कुलमा पढाउँछिन् । उनी सबैलाई दिन खान सिपालु छिन्, कुशल र व्यावहारिक छिन् । काखभरिको नाति परिवेश जन्मियो, हामीलाई आनन्द लाग्यो ।

यिनीहरू पछि पुलचोक क्वाटरमा सरे । नाति परिवेशको स्कुल पनि त्यतै थियो । अहिले त नाति परिवेश पढ्न विदेश गएको छ । ‘राम्ररी पढ्नु है बाबै’ भन्छु । उसले बेलाबेला मसँग फोनमा कुरा गरिरहन्छ । परदेशबाट आउँदा मलाई मन पर्ने उपहार ल्याउँछ । कति राम्रो हाँसो छ भने नि मेरा नातिको साह्रै ज्ञानी छ मेरो नाति । पार्वताले कविता पनि लेखेर सुनाउँछिन् ।

म कहिलेकाहीँ पुल्चोक गएर बस्थेँ । उनीहरूले फलफूल, तरकारी प्रशस्त लगाएका छन् र तरकारी सबैलाई बाँडिरहन्छन् । ठूलो ठाउँ, सबै उस्तै घर, राम्रा न राम्रा बढाबढा चौर, खेल्ने ठाउँ उस्तै राम्रा छन् । केटाकेटी बिहानैदेखि खेल्ने र पढ्ने गर्छन् । म पनि परपरसम्म डुल्न जान्छु । मलाई त्यहाँ बस्ने सबै आफ्नै छोराछोरीजस्तो लाग्छ । त्यहाँ कुनै कुराको डर हुँदैन, खुला वातावरण थियो । कान्छाकान्छीको मेलमिलाप देख्दा मलाई आनन्द लाग्छ । यिनीहरू सधैँ मीठो बोलीवचन बोल्छन्, दुवै मनकारी छन् । चौरमा बसेर म गीत पनि गाउथेँ ।

# राजेन्द्र र राधिका

सबै छोराछोरीले उत्तिकै पढे । राधेले केही समय स्कुल पढाई । उसले महिलाहरूको हकअधिकारमा पनि धेरै वर्ष काम गरी, देशविदेश घुमी । पढ्दाखेरिको दुःख अलिअलि होइन् ? सेवा नै धर्म हो भन्ने कुरामा विश्‍वास राख्छे र यो छोरी व्यावहारिक छ, समाजसेवामा संलग्न भएर काम गरिरहेकी छ ।

राधे सानैदेखि खानेकुरामा साह्रै ठाकठिके छे, जे पनि नखाइदिने भई । सबै छोराछोरी गम्ल्याङगुम्लुङ खान्छन्, उसलाई चाहिँ रुच्दैन । भान्सामा जे पाक्यो, त्यही खाए पो आँत पुरिन्छ त । हाम्रो बारीमा भएकै तिउन तरकारी पकाउने हो, उसलाई एक दिनदेखि दुई दिन त्यो तरकारी हुँदैन । उसले नखाँदा आफैँ रुँदै हिँड्नुपर्ने जस्तो हुँन्थ्यो ।

'यसलाई सधैँ आज यो खाऊँ राधा, भोलि यो खाऊँ राधा भन्ने ज्वाइँ खोज्नुपर्छ' भन्थे छोराहरू । 'लौ परमेश्‍वर !' भन्दै म तपस गर्थें । उसलाई त्यस्तै परमेश्‍वर ज्वाइँ पर्नुभएको छ । राजेन्द्र ज्वाइँ साह्रै ज्ञानी, असल, शान्त स्वभावको, सधैँ साँचो बोल्ने, छलकपट नभएको, आफू नोक्सान खपेर पनि अरूलाई जिताउने हुनुहुन्छ । बजारमा आइसक्दा भान्सामा त्यो तरकारी ल्याइपुऱ्याउनुहुन्छ । आफैँ पनि खाजा बनाएर खुवाउनुहुन्छ । माइली भान्जीले राजेन्द्र ज्वाइँलाई 'देउता ज्वाइँ' भन्नुहुन्छ । त्यस्तै हुनुहुन्छ राजेन्द्र ज्वाइँ पनि । यही नेप्टीको मलाई बढी पीर लाग्थ्यो, ज्वाइँबाट आनन्द छ ।

ज्वाइँले जागिर खानुभयो, देशविदेश घुम्नुभयो, पौरख गर्नुभयो । ज्वाइँले बङ्गलादेशबाट ल्याएका साह्रै राम्रा सिल्कका सारी मैले थुप्रै लगाएँ । ज्वाइँले मलाई जुत्तालगायत अन्य धेरै आवश्यक चीजबिज ल्याइदिनुभयो । ज्वाइँ परिवारको जेठो छोरो सबै परिवारको जिम्मेवारी लिनुभयो । राजेन्द्र ज्वाइँ सधैँ शान्त समुद्रजस्तो हुनुहुन्छ । ज्वाइँ फुर्सदको बेला आफ्नो बारीमा पुगिहाल्नुहुन्छ । अनेक औषधीय गुणले भरिपूर्ण बोटबिरुवा बारीमा रोप्नुभएको छ । म पनि ज्वाइँसँगै बारीमा घुम्छु, मलाई आनन्द लाग्छ । 'यो मुमा, त्यो मुमा' भनेर मलाई बिरुवा देखाउनुहुन्छ । हामी मठमन्दिर सँगै घुम्छौँ । यी छोरीज्वाइँ सधैँ हाँसिरहन्छन् । हामी बारीका तुलफूल खाइरहन्छौँ । सम्धिनीको साह्रै प्यारो छोरो हुनुहुन्थ्यो ज्वाइँ, सधैँभरि सम्धिनी 'मेरो राजन, मेरो राजन' भनिरहनुहुन्थ्यो ।

म धेरै पटक चाबेल राधेको घरमा गएर बसेकी छु । त्यहाँ शान्त छ, राम्रो छ ठाउँ, चारैतिर खुला संसारै देखिन्छ । राधेले कहिलेकाहीँ सानीमा, ठुलेमा पनि जम्मा गर्ने गरेकी छ । हामी सबै दिदीबहिनी रातभरि दिनभरि सुखदु:ख गरेर; भजन, सँगिनी गाएर; नाचेर, रमाइलो गर्छौं । बाह्रै महिना मठमा तुलसी झपक्कै हुन्छन्, वृन्दावनझैँ फलफूल लगाएका छन् । यो लक्षिनको घर छ । आम्मामामा ! तिहारको बेला त झन् झिलिमिली जगतै जगमग हुन्छ । घरको छतबाट हेर्दा त सहर धपक्कै बलेको हुन्छ नि ! बारीमा सयपत्री, मखमली फूलैफूल छन् । राम्रा न राम्रा दाजुभाइ, त्यहीअनुसारका फूलका माला बनाएकी हुन्छे राधेले, गज्जबै देखिन्छ ।

पतिदेव, महतारी दिदी पनि खुबै रमाउनुहुन्थ्यो राधेसँग, अति व्यावहारिक छ । आमाबुबाको मनका कुरा बुझिहाल्ने छिन् । ऊ सबै बुबाहरूकी पनि पत्तेरी थिई । राधेले पुस्तकहरू पनि प्रकाशित गरेकी छ । यसरी लेख्ने क्रममा मलाई पनि धेरै कुरा सोधेर मेरा अनुभवहरू सँगालेर किताब निकाल्न दत्तचित भएर लागिपरेकी

छ । सम्धी त्रैलोक्यनाथ बिरामी भएर धेरै पटक अन्नपूर्ण अस्पतालमा राख्नुपऱ्यो । ज्वाइँलगायत सबै छोराछोरीले सम्धीको सेवा गरे । सम्धी जडीबुटीको जानिफकार आफैँ डाक्टरजस्तो हुनुहुन्थ्यो । उसको ससुराबुबा मेरो सम्धी त्रैलोक्यनाथ दाहालको पनि राधेकै हातमा प्राण गयो । घरकी जेठी बुहारी भएर राधेले निर्वाह गर्नुपर्ने सबै दायित्व निर्वाह गरी । एक्कासि सम्धिनी सावित्रादेवी पनि दिवङ्गत हुनुभयो । आमाको निधनमा राजेन्द्र ज्वाइँले साह्रै पीर मान्नुभयो । मैले अनेक तरहले ज्वाइँलाई सम्झाएँ ।

नातिनीहरू निजु, ऋजु (पालु) पनि साह्रै ज्ञानी र पढैया छन्; यिनीहरू साह्रै मनकारी नातिनीहरू छन् । जताबाट आउँदा पनि मलाई केही न केही लिएर आउँछन् । जन्मदिनमा मलाई जहिल्यै उपहार ल्याउँछन् । मेरा नातिनीहरूले जागिर खाएका छन्, देशविदेश घुमेका छन् । 'के चाहिन्छ मुमा' भन्दै मलाई सोधेका सोध्यै र आवश्यक चिजबिज किनेको किन्यै गर्छन् ।

निजु (नाजु)को विवाह साह्रै राम्ररी भयो, ज्वाइँ अभय बाबू साह्रै असल र राम्रो हुनुहुन्छ । मलाई यस्ती राम्री मेरी रानीचरी नातिनीलाई कस्तो ज्वाइँ भेटिन्छ होला जस्तो लाग्थ्यो । भनेसमानको राम्रो ज्ञानी ज्वाइँ भेटियो । अहिले काखमा गुथुमुने राम्रो न राम्रो निर्भय पनाति देख्न पाउँदा मेरो हर्षको सीमा छैन । नातिनी ऋजु (पालु) पनि जापानमा डाक्टर पढ्दै छिन्, मलाई खुसी लागेको छ । पालुलाई विदेशमा दुःख त छ नि मेरो बाबै ! विदेशको दुःख खपिसक्नु हुँदैन तर पढिसकेपछि हातमा पैसैपैसा, मानमर्यादा कति हो कति ! 'मेरी नातिनी ठूली डाक्डर हुन्छे' भनेर म छाती ठोकेको ठोक्यै छु । पतिदेवलाई पनि परिवारमा डाक्टर भएको हेर्ने ठूलो रहर थियो । यो नातिनीले परिवारको श्रेय राखी, मेरी बाबा पालु पहिलो चोटि जापान पुगेर तिमीले मलाई मोजा पठाइदिएको रहेछ । मलाई जीवनमा त्यो सबैभन्दा उत्तम उपहार भयो । मेरी नातिनी पालुको जय कल्याण होस् ।

# वसन्त र विजया

विजया र ज्वाइँ डा.वसन्त पन्त, नाति आकाश, नातिनी नानु (निहारिका) एकै पटक मायाको पोको लिएर नेपालबाट अमेरिका आए । आज मेरो काख पूर्ण भयो । साह्रै राम्री, पुक्खली, हँसिली कान्छी छोरी र कान्छो ज्वाइँ उस्तै ठट्टेउला हुनुहुन्छ । कान्छी छोरीज्वाइँसँग पनि अमेरिकामा सँगै घुमियो । सबैलाई कवीन्द्र बाबाले डिसीका सबै ठाउँ घुमाइदियो । गाडीमा चढ्यो, 'लु मुमा गाउनु' भन्नुहुन्छ ज्वाइँ । सरररररर गाडीमा गाएको छ, घुमेको छ । हिँडेर अनि बात मार्दै हामी धेरै ठाउँ घुम्यौँ, न्यास्रो मेटियो । प्यारो आकाश र नानु काखमा लुटुपुटु गर्छन् । केही दिन अमेरिका बसेर उनीहरू नेपाल फर्किए । नेपालमा पनि उनीहरूको अमेरिकामा भन्दा बढी खटिखटाउ छ । धन्नकी मेरी कान्छी छोरी बाबै ! सधैँ कुदारेकुद हुन्छ उसलाई । उसको घरमा गएर म बस्दा आफ्नो गर्नुपर्ने काम रातभरिमै सिध्याएर मसँग बात मार्न, घुमाउन समय निकाल्छे । यो जन्मेका दिन गड्तौला गुरुले पात्रो हेरेर मेरो पतिदेवलाई 'बुबा ! साह्रै प्रतापी बहिनी जन्मिइन्, यिनले विश्व भ्रमण गरेर मानसम्मान प्राप्त गरेर कीर्ति फैलाउँछिन्' भन्नुभएको थियो । प्राध्यापक डाक्टर बनेर परिवारको श्रेय राखिन् कान्छी छोरीले । उसले संसार घुमेकी छ, जहाँ जता गए पनि राम्रोराम्रो सामान मुमालाई भनेर ल्याउँछे । छोराछोरीमध्येमा कान्छी छोरीलाई अक्षर चिनाउन बुबालाई साह्रै सजिलो भएको थियो । यो कुरा बुबाले माथि बसेर हेरिरहनुभएको छ

होला कान्छी छोरीको चकचकी, पौरख । एक किलासदेखि सधैँ फस्ट भएकी कान्छी छोरी अहिलेसम्म पनि फस्ट छ । कान्छी छोरीले किताब लेख्न पनि भ्याएकी छ, त्रिभुवन विश्वविद्यालयमा पनि मलाई लगेर उसको अफिस देखाएकी छ । मुमालाई चुहानडाँडाको जस्तै बोटबिरुवा लगाएको ठाउँ मन पर्छ भनेर बूढानीलकण्ठको उसको जग्गामा लगेर घुमाउँछे । त्यहाँका धेरै तरकारीबारी फलफूल देखेर मेरो मन असाध्य खुसी हुन्छ । कान्छी छोरी बोटबिरुवालाई छोराछोरीजैँ माया गर्छे । कान्छी छोरीले पाएका पुरस्कार, मानसम्मान हेर्दा मेरा हर्षका आँसु झरे । पहिला हामीलाई कामको खटिखटाउ अहिले यिनीहरूलाई काम र पढाइ दुवैको खटिखटाउ ! उस्तै हो, दिनरात एकै छ ।

ज्वाइँ डा.वसन्त पन्त नेपाललगायत संसारको प्रख्यात न्युरोसर्जन डाक्टर हुनुहुन्छ । उहाँले आफ्नै पौरखले अन्नपूर्ण अस्पताल खोल्नु भएको छ । 'संस्था खोल्न सबैभन्दा राम्रो हो' भन्नुहुन्थ्यो नि बुबाले पनि भन्नुहुन्छ ज्वाइँ । हामी पुराना र अहिलेका कुरा बात मारेर बस्छौँ । साह्रै पुक्खली ज्वाइँ गजक्क परेर बस्न नजान्ने हुनुहुन्छ । मनका कुरा सबै खोलिहाल्ने, ज्वाइँले साह्रै धेरै बिरामीलाई निको पार्नुभएको छ । उहाँले धेरै मानिसहरूबाट स्यावासी पाउनुभएको छ । सम्धिनी सुशीला मिजासिलो हुनुहुन्थ्यो, नेपालमा पनि अमेरिकामा पनि हामी सँगै बस्यौँ । सँगै बसेर दु:खसुखका कुरा गऱ्यौँ, नातिनातिना खेलायौँ, हामी नातिनातिनाको बाललीला देखेर खुबै रमायौँ । सम्धिनी र म काठमाडौँवरिपरिका रेस्टुरा, होटेलमा पनि ज्वाइँछोरीसँगसँगै घुम्न, खान गएको सम्झना धेरै छन् । मभन्दा कान्छी सम्धिनी अघि बित्नुभयो, अहिले जाउलाखेल जाँदा मलाई शून्य लाग्छ । नानी कविता, कल्पना पनि अमेरिका पुगेर धेरै दिन सँगै हाम्रो घरमा बसेर हामी एउटै ओछ्यानमा सुत्यौँ । अमेरिका पनि नेपालै जस्तो थियो सधैँ आफन्तको जमघटले ।

डा.वसन्त ज्वाइँको खटिखटाउको बयान गरेर साद्धे छैन ! ज्वाइँ डा.वसन्त 'कहिले मुमा, बच्चा गाडीले ठोकेर; कहिले कौसीबाट खसेकालाई अप्रेसन गरेको छु' भन्दै अस्पतालबाट आउनुहुन्थ्यो ।

'तिनीहरूलाई केही नहोस् है' भनेर म प्रार्थना गर्छु । मलाई नेपालमा पनि केटाकेटीलाई अमेरिकामा जस्तै राम्रो व्यवस्था भए कति बेस हुन्थ्यो जस्तो लाग्छ । भुराहरूका लागि चाहिँ हो है अमेरिका ! कति हुन्, कति केटाकेटी खेल्ने ठाउँ, पौडिने ठाउँ, घुम्ने ठाउँ !

भगवान्ले सधैँ रक्षा गरिरहून्, मेरा परमेश्वर वसन्त ज्वाइँलाई ! धेरै पटक म जाउलाखेल गएर बसेकी छु । म साह्रै बिरामी पर्दा पनि कति पटक जाउलाखेल गएर बसेकी छु । छोरीज्वाइँले मेरो रेखदेख गर्नुभएको छ, दिनभरि अस्पतालमा काम गरेर भुतुक्कै भएर घरमा पुग्नुहुन्छ ज्वाइँ । सानोतिनो काम होइन मेरा ज्वाइँको, मान्छे बचाउने काम ! उचालेको गाँस पनि छोडेर बिरामी आए भनेपछि ज्वाइँ दौडिनुहुन्छ । मेरा ज्वाइँका मायाले आफ्ना आँसु अडिँदैनन् । 'आस मारेका बिरामी पनि बचाएँ मुमा' भन्दै घरमा पुग्नुहुन्छ । मलाई आनन्द लाग्छ, मेरा ज्वाइँका हातमा सरस्वती माताको वास छ, महालक्ष्मी पनि प्रसन्न हुनुहुन्छ । नेपालमा पनि फुर्सदमा मलाई घुमाउन ज्वाइँले लगिहाल्नुहुन्थ्यो । मेरा ज्वाइँ 'यता जाऊँ मुमा, उता जाऊँ मुमा' भनिरहनुहुन्छ । सरर गाडीमा राखेर घुमाउने ज्वाइँलाई 'थ्याङ्क यु' भनेँ । मेरा ज्वाइँलाई सधैँ यस्तै पुगिरहोस् ।

सम्धिनीसँग पनि सँगै बसियो, घुमियो । जाउलाखेल आएको बेला कान्छी छोरीले मलाई दिनको एक चोटि नचाएरै छोड्छे । स्वास्थ्यका लागि राम्रो रे ! मजस्तै रउसे छे मेरी कान्छी छोरी । ज्वाइँछोरीसँग चाँगुनारायण मन्दिर पुगेँ जुन विश्वकै प्रसिद्ध सम्पदा सूचीमा रहेको छ । चाँगुनारायण जाँदा म गाडी राख्ने ठाउँदेखि

स्वाँस्वाँ भए पनि ज्वाइँछोरीको हात समाएर हिँडेरै पुगेको थिएँ । त्यस मन्दिरको अलौकिक कला देख्दा म हर्षविभोर भएर बनाउने कालीगडलाई धन्यवाद भनेकी थिएँ । कस्तो मिहिनेतले बनाएको रहेछ । त्यस्तै पलाञ्चोक भगवतीको मूर्ति पनि त्यतिकै सुन्दर देखें । ती मन्दिरका मूर्ति देख्दा नेपालका मूर्ति बनाउने कालीगड संसारमै नपाउनुका छन् ।

कान्छी छोरी र ज्वाइँले मलाई चितवनको सौराहा भन्ने ठाउँमा घुमाउन लग्नुभयो । नातिनी निहारिकाले मलाई त्यहाँका जङ्गलका जनावर, चराचुरुङ्गी गाडीबाटै देखाएर घुमाउँदा म असाध्य खुसी भएकी थिएँ । आम्मामा दुईतीन घण्टा गाडीले कुदाउँदा पनि नसकिने जङ्गल त्यहाँ देखिएका हात्ती, गैडा, मृगका झुन्ड, मयूर, गोही इत्यादि हेर्दा मेरो मन साह्रै आनन्दित भएको थियो । गाडी हाँक्ने चौधरी नानीले ती जनावर र जङ्गलको बयान गरी नथाक्ने रैछन् । यस्ता घना जङ्गल र जनावर हेर्न संसारभरिका मानिस आएको देख्दा मलाई हाम्रो देश पनि अमेरिकाभन्दा कम छैन है भन्ने लाग्यो । चितवनको सौराहा गएको बेला माइली भान्जी हिमादेवीलाई भेट्न हामी देवघाट गयौँ । नदीहरूको सङ्गम कालीगण्डकी र त्रिशूली नदीहरूको सङ्गम अलिअलि राम्रो होइन पवित्र तीर्थस्थल । माइली भान्जी हिमादेवी र म मिलेर सबै पितृहरूलाई जल अर्पण गऱ्यौँ । शालिकग्रामको दर्शन गऱ्यौँ । चक्रधारी महादेव, महेश आश्रम, हरिहर नारायण मन्दिर, हाम्रो नाति अर्जुन सिटौलाले देवघाटमा बनाएको बद्रीनाथको मन्दिर साह्रै राम्रो रहेछ । दिउँसभरि माइजू भान्जी दु:खसुखका कुरा गरी फर्कियौँ । धन्न माइली भान्जीको धैर्य र सामर्थ्या जीवनलीला ! प्रभुको कृपा अपरम्पार !

वसन्त ज्वाइँ पहाड चुहानडाँडा पनि गएर सबैतिर डुलेर आउनुभएको छ । वसन्त ज्वाइँ चुहानडाँडा पुग्दाको रमाइलो कहानी

छ । वसन्त ज्वाइँहरू आउने कुरा हामीलाई थाहा थिएन । म मेरो कानको साङ्ली छिनेर बनाउन सुनारकहाँ जान लागेकी थिएँ । त्यही बेला दमिनी माइली आएर 'माइली मुखिनी, गाउँमा एउटा बहुला आएको छ अरे ! राम्रो न राम्रो छ अरे ! हिजो पाटीघरेकहाँ आएर एक माना काँचा मकै खायो अरे !' भनी । 'आ कहाँ पुग्यो, कहाँ पुग्यो नि त्यो बौलाहा' भन्दै म हिँडें ।

हाम्रो जङ्गलमा झिँजा खोज्ने केटाकेटी पसेका रहेछन् । 'ए केटाकेटीहो, तामाका टुसा नभाँची झिँजा टिप है' भन्दै म हिँडें । मेरो स्वर कान्छी छोरीले सुनिछ । कान्छीहरू आहालडाँडामा आइपुगेका रहेछन् । 'मुमाको स्वर' भनेर कान्छी छोरी दौडिन लागिछ । 'पख, मुमालाई म लिएर आउँछु' भन्दै वसन्त ज्वाइँ जङ्गलतिर आउनुभएछ ।

'मुमा !' यसो हेरें, राम्रो न राम्रो, चिटिक्क परेको मान्छे छ, मलाई हेरेर राम्रा दाँत देखाएर हाँस्छ । म छिटोछिटो डाँडापारितिर दगुरें । त्यो मान्छे 'मुमा, मुमा' भन्दै मेरो पछिपछि आउँदै छ । सल्लीपीरमा मेरो चप्पल चिप्लियो अनि पछाडि हेर्दै चप्पल फुकालेर म कुदें । अब त्यो मानिस पनि 'मुमा मुमा' भन्दै मेरो पछिपछि दौडिन थाल्यो । म झन् दौडिदत्ता भएँ । यसो पछाडि हेर्छु, 'मुमा, फर्कौं, घर जाऔं' भन्छ । म त थरहरि भएर दमाईंको घरतिर झरें । त्यो मानिस पनि त्यहीं आइपुग्यो ।

'मलाई देखेर किन कुद्नुभएको मुमा ? म हजुरको कान्छो ज्वाइँ हुँ नि ।' अबचाहिँ मैले ज्वाइँ चिनें । मैले विवाहमा मात्र वसन्त ज्वाइँलाई देखेको हो । त्यसपछि जङ्गलमा जम्काभेट भयो हरे !

'छोरी खै त ?' 'पर छ नि छोरी । मुमा, यसरी कुद्ने हो ?' त्यही बेला छोरो उमेश दगुर्दै आइपुग्यो । कान्छी दमिनी ढिकीमा धान कुट्दै थिई, ऊ ढिकी उचालेको उचाल्यै भई ।

'ए मुमा ! विजया, बुनु ज्वाइँसाब काठमाडौंबाट ताप्लेजुङ जगन दाइकहाँ, हाङपाङ मावल हुँदै खाम्लालुङमा बसेर, घुम्दै मैले

लिएर आएँ । विजया, बुनु आहालडाँडामा पर्खिरहेकी छन्' भन्दा पो मेरो सास आयो त । धत्तेरिका ! चेत पनि केके पो हुन्छ त ? राम ! राम ! राम ! मेरो सुद्धि । धत्, म त कस्तो अलमलमा परे नि ? त्यसपछि मैले ज्वाइँलाई चुक्क म्वाइँ खाएँ ।

आहालडाँडामा कान्छी किन यति ढिलो भयो भनेर हामीलाई पर्खिरहेकी रहिछ । भरे घरमा बुबा, खगेन्द्र, शान्ता सबै जम्मा भएर हाँसो भयो नि । अहिलेसम्म यी कुरा सम्झिएर हाम्रो हाँसो हुन्छ नि, हाहाहा !

छोरी विजया र वसन्त ज्वाइँले शारदा हाइस्कुलमा धेरै वर्षसम्म विपन्न परिवारका बच्चाहरूलाई जापानिज साथीसँग मिलेर पढाइदिए । सबै गाउँलेले उनीहरूलाई असल बाबुआमाका असल छोराछोरी भन्दै धन्यवाद दिए । ज्वाइँ चुहानडाँडा पुगेको बेला धेरै बिरामीहरूको जाँच पनि गर्नुभएको छ । ज्वाइँ वसन्तले जापानबाट डाक्टरहरूको टोली ल्याएर त्यहाँको अस्पतालमा तीन दिनसम्म स्वास्थ्य शिविर गरेर तीन ढाकर औषधि सबै गाउँलेलाई बाँडेर राम्रो काम गर्नुभएको थियो । त्यही बेला मेरो कान्छो भाइ जयप्रसादको ढाडका ठूलो मासुको डल्लो पनि ज्वाइँले अप्रेसन गरेर निकालेर उसलाई निको पार्नुभएको थियो ।

नाति जुन पनि अस्ट्रेलियामा पढेर अहिले नेपालमा आएर अन्नपूर्ण अस्पतालमा काम गर्न थालेको छ । 'आफ्ना बुबाले खोलेको अस्पताल राम्रो रेखदेख गर्नु है बाबै' भन्छु । यो नातिको हृदय साह्रै सफा र ठूलो छ । नाति आकाश पनि डाक्टर पढ्दै छ, खुसी लागेको छ । निहारिका त सधैँ जाउलाखेलमा मेरी साथी हुन्थिन् । उनी राम्ररी पढ्दै छिन्, अहिले विदेश गएकी छिन् । सबैको प्रगति देखेर मलाई सन्तोष लाग्छ ।

# अमेरिकामा भेटिएका परिवार

साइँला नानीको जेठो छोरो कपिल र बुहारी खगेश्वरी पनि अमेरिकामै छन् । उनीहरूको घर हाम्रो घरबाट गाडीमा दुई घण्टाको बाटो छ । कपिल साह्रै असल छ, सानैदेखि आफ्नै काखमा बसेर पढेको हो, अति मायालु छ । म अमेरिका आएपछि हाम्रो घर मूल घर भएको छ । चाडबाडमा सबै छोराछोरीहरू यहीँ जम्मा हुन्छन् । चुहानडाँडा नै बन्यो नि हाम्रो घर । कपिलले कहिलेकाहीँ मसँग ठट्टा गर्छ । एक पटक उसले फोन गरेछ, 'को बोलेको ?' भन्दा 'म तपाईंको ससुराको माइला छोराको साइँला भाइको जेठो छोरो' भन्यो, म त अलमल्ल परेँ । भरे पो हाम्रो हाँसो भयो त ।

एक पटकको दसैँमा कवीन्द्र बाबा र रञ्जिता घरमा टीका लगाएर क्यानडा गए, मलाई कपिलको घरमा लगे । 'बल्ल हामीलाई दसैं आयो मुमा आउनुभयो' भनेर हर्षबढाइँ गरे कपिल र बुहारीले । बुहारी पनि हँसिली, रसिली र पुख्खली छन् । नाति किरण र बुहारी प्रज्ञा पनि ज्ञानी छन् । नाति नवीन र बुहारी डिना पनि ज्ञानी छन् । उनीहरू राम्ररी मसँग हँसीमजाक गर्छन्, ज्याम्मिन्छन्, चीज गर्छन् । मलाई कस्तो सन्जोग पर्‍यो भने खाम्लालुङमा कपिलको विवाह गर्दा सहेली गरेर दुलही भित्र्याउनेमा साइँली देउरानी र म थियौँ । काठमाडौँमा किरणको विवाहमा पनि सहेली गरेर दुलही भित्र्याउनेमा बुहारी र मलाई जुऱ्यो, फेरि अमेरिकामा पनि नवीनको विवाहमा सहेली गरेर बेहुली भित्र्याउने साइत बुहारी र मलाई नै जुऱ्यो ।

मलाई कति खुसी लाग्यो भने नि ! नातिनी रेखा पनि यहीँ अमेरिकामा नै छिन् ।

नाति किरण मेरिल्यान्डको इन्डियन हेड भन्ने ठाउँमा बस्थ्यो, मनासबाट चालिसपचास माइल टाढा । किरण बसेको टाउनबाट उसले चुनावमा भाग लिई जितेर ऊ टाउनको उपमेयर चुनिएको छ । सपथ ग्रहणका दिन हामी सबै सिटौलापरिवार र अरू धेरै नेपालीहरू त्यहाँ गएका थियौँ । हामी परिवारका आइमाईजति गुन्यू, चोलीमा र लोग्नेमानिसहरू दौरासुवाल, कोट, टोपी लगाएर हलमा भेला हुँदा मलाई कति हर्ष लाग्यो भने नि ! त्यहाँ तीन जनाले चुनाव जितेका रहेछन् विभिन्न वर्णले । हाम्रो नातिले नेपाली पोसाक लगाएको थियो र अरू दुई जनाले उनीहरूकै पोसाक लगाएका थिए । तर टोपीचाहिँ सबैले लगाएका थिए । उनीहरूले सपथ लिँदा सबैले पटटटट ताली पड्काए ।

'सात समुद्र पार, परत्र आएर पनि पितापुर्खा कुलको कत्रो इज्जत राखिस् बाबै, ठूलो श्रेय राखिस्, मेरा नाति !' भनेर मैले किरणको गालामा चुक्क म्वाइँ खाएँ । सिटौलापरिवार सबै जम्मा भएर किरणलाई स्वागत गऱ्यौँ । नेपालबाट आएका नेपालीको छोराले अमेरिकामा चुनाव जितेको यो नै पहिलो भएको हुनाले सर्वत्र किरणको बयान चलेको थियो ।

पहिला पहाडमा खगेन्द्रले तेह्रथुम जिल्लाको सभापतिको चुनाव जितेर श्रेय राखेको थियो । यो नातिले पनि त्यसरी नै अमेरिकामा चुनाव जितेर श्रेय राख्यो । यो सानोतिनो कुरा होइन, उसलाई भोट दिने नेपालीचाहिँ तीन जना थिए अरे ! सानैदेखि यो नाति समाजसेवामा चाख राख्थ्यो । एक पटक किरण चुहानडाँडा गएको बेला पतिदेवसँग घरमा न्यायनिसाफ माग्न आएका मानिसहरूको बारेमा र समाजसुधारका कुराहरू खुबै चाख मानेर

सुन्ने र सोध्ने गर्दथ्यो । यति सानैमा किरणले यस्ता कुरा गर्छ भनेर हामी दङ्ग परेका थियौँ ।

•

छोरो जनार्दन पनि यहाँ अमेरिका आइपुगेको थियो । जनार्दन पनि हाम्रो काखमा हुर्किएको साह्रै असल छ । त्यो बेला ऊ नेपालको सिटौला सेवा समाजको अध्यक्ष थियो । जनार्दन हाम्रै घरमा दुईचार दिन बस्यो, घर नै उज्यालो भयो, मलाई चुहानडाँडा पुगेजत्तिकै भयो । त्यहाँ सानो नेपालजस्तै भएको थियो र हर्षले मेरो छाती फुलेको थियो ।

•

माइला मामाको छोरो रामकृष्ण प्रसाईको घर भर्जिनियामै रहेछ । 'मेरी दिदी' भन्दै भाइ मलाई लिन आए । कति खुसी लाग्यो भने नि ! भाइको कति राम्रो घर, नेपालमा जस्तै ठूलो बारी रहेछ । बगैँचामा तुलफूल र दूबो कति राम्रो थियो । दुलही उस्तै असल थिइन् । अमेरिकाको मावलमा म रजगज गरेर बसेँ । मलाई मावलको न्यास्रो मेटियो, हामीले हाङपाङका कुरा गऱ्यौँ; रमायौँ, मलाई साह्रै सत्कार गरे मेरा भाइले ।

**क्यालिफोर्निया** : रमा भान्जी भनेकी जेठी आमाजूकी जेठी छोरी र मेरी माइली ठूलेमाका जेठा छोरा चन्द्रप्रसाद भट्टराई दाजुकी श्रीमती हुन् । भान्जीको कान्छो छोरो भरत क्यालिफोर्निया लसएन्जेलसमा रहेछ । सानो हुँदा भान्जीसँगै ऊ मावल चुहानडाँडा आउँथ्यो, खुबै रमाउँथ्यो । 'हजुरआमा' भन्दै लुटुपुटु गर्दथ्यो । हाम्रोमा जति पनि भान्जाभान्जी, नातिनातिना आउँथे; सबै अति नै रमाउँथे । भुराहरू हाम्रो घरमा कमिलासरि हुन्थे, अरू भुराहरू पनि खुसी हुन्थे । म अमेरिकामा भएको थाह पाएर मलाई भरतले झिकायो अनि कवीन्द्र बाबाले मलाई क्यालिफोर्निया पठाइदियो । यताबाट

कवीन्द्र बाबाले जहाज चढाइदियो उता भरत मलाई लिन एयरपोर्ट आएको रहेछ ।

कवीन्द्र बाबाले जन्तरजस्तो मेरो जानकारी भएको कागज बनाएर मेरो छातीमा झुन्डचाइदिएको थियो । त्यहाँ मलाई सोद्धाखेरि म त्यही कागज देखाउँथें । मलाई ह्विल चियरमा गुडाउँदै हूलका हूल मानिसहरूसँगै लगे । मलाई देख्नासाथ भरतले लुटुपुटु गरेर खपिसक्नु गरेन, आफ्ना पनि आँसु थामिएनन् । उसका पहेँला गालामा मैले चुक्क म्वाइँ खाएँ ।

ओहो ! क्यालिफोर्नियामा डल्फिन नाचेको, उफ्रिएको, पौडी खेलेको अलिअलि राम्रो होइन ! के भन्नु र ! भनेर साध्यै छैन प्रभु ! विचित्र ! बुरुकबुरुक डल्फिन उफ्रिएका छन्, पुच्छरले पानी छ्यापेर वरिपरि बस्ने मानिसलाई निथ्रुक्क भिजाइदिन्छन् । सिट्टी, साइँसाइँ र सुइँसुइँ सबैले पररररर ताली पडकाएका छन् जताततै हाँसैहाँसो छ । मलाई कम्ती रमिता भएको होइन ।

भरतले मलाई सबैतिर घुमायो, बजार घुमायो, ‘हजुरआमा, हजुरलाई के मन पर्छ’ भनेर उपहारहरू रोजाएर किनिदियो, खर्च दियो । मैले पनि जाँदाखेरि उनीहरूलाई उपहार लगिदिएकी थिएँ ।

‘हजुरआमा म आमासँग चुहानडाँडा मावल गइरहन्थें, मलाई हजुर मेरी आमाजस्तै लाग्छ । मैले एसएलसीमा फस्ट डिभिजन ल्याउँदा हजुरआमाले थैलीबाट पैसा निकालेर ‘लुखास्त मेरो नाति ! फस भएर पास गरेछौ’ भनेर पैसा दिनुभएको थियो । ‘त्यो मेरो जीवनको अमूल्य उपहार हो’ भन्थ्यो । हाम्रो घरमा आउने सबै भुराहरूलाई म सधैं खर्च दिएर पठाउँथें ।

बरा ! रमा भान्जी छोराको चकचकी हेर्न नपाई स्वर्गे हुनुभयो । बुहारी पनि असल रहिछन्, अति नै मिजासिली रहिछिन् । म क्यालिफोर्नियाबाट फर्कने बेलामा हात समातेर साह्रै रोयो

भरत, म पनि आँसु पुछ्दै हिँडेँ । अहिले सम्झँदा पनि मेरो भक्कानो छुट्छ ।

जहाजमा म अस्तिको जस्तै कागज देखाउँदै आएँ । जहाज बाल्टिमोर एयरपोर्टमा रोकियो । सबै यात्रुहरू झरे, मलाई लिन कोही आएका छैनन् । निकै बेर म एक्लै परेँ । निकै बेरपछि एउटा अग्लो मानिस आयो, अब जहाजमा कोही छैनन् । उसले गुडाउनेमा राखेर मलाई सुरुङतिर लग्यो । 'हे अम्बे माता, हे पशुपतिनाथ ! आज मेरो अन्तिम दिन रहेछ, राम ! राम ! राम ! म यमराजका सामु परेँ । मेरा गहना देखेर यो डरलाग्दो मानिसले अब मलाई सिध्याउने भएछ, मलाई कता लग्यो ?' भनेर म खङ्ग्रङ्ङै भएँ, अनि हतारहतार गहना खोलेर यी सुन कवीन्द्र बाबालाई हुन्छ नि भनेर पोको पारेर ब्यागको एउटा कुनामा राख्न आँटेकी थिएँ कवीन्द्र बाबाले 'मुमा' भन्यो । अनि पो मेरो होस आयो त । 'मेरो बाबा' भन्दै कवीन्द्र बाबालाई चुक्क गालामा म्वाइँ खाएँ । मलाई ल्याउने मानिसलाई पनि 'मेरो बाबै' भन्दै चुक्क गालामा म्वाइँ खाएँ र उसले 'थ्याङ्क यु' भन्यो । ऊ सेता दात देखाएर हाँस्यो । बाबाले उसलाई दस डलर दियो । बाटामा मैले सबै कुरा कवीन्द्र बाबालाई भनेँ– 'धत्तेरिका बाबा ! परिस्थितिले कहिलेकाहीँ असल मानिसलाई पनि नराम्रो चिताइँदो रहेछ । आज एक्लै पर्दा यस्तो डर लाग्यो, यस्तो पर्‍यो, अस्ति त मलाई पत्तै भएन । म त आँटिली मानिस हुँ नि !'

रमा भान्जीको जेठो छोरो उम हाम्रो घर चुहानडाँडा नै बसेर पढेको हो । त्यहीँबाट उसले एसएलसी पास गरेको थियो । उमका अक्षर साह्रै राम्रा भएको हुनाले पतिदेवले श्रेस्ता लेख्दा उसैलाई लेख्न लगाउनुहुन्थ्यो । माइलो नाति खगेन्द्र पनि मलाई भेट्न आइरहन्छ, खर्चबर्च पनि दिन्छ ।

•

दीपक, मेरो कान्छा मामा रूपनारायण प्रसाई र धनमाया माइजूको कान्छो छोरो हो । डालासमा भाइको घर रहेछ । अमेरिकामा पनि म मामाघरमा गएर बसेँ । दीपक इन्जिनियर रहेछन् । अति नै असल छन् दीपक भाइ । परदेशमा आफ्ना माइती, मावली भेट्नु नै अहोभाग्य हो । माइती, मावली जाने भनेपछि 'आइमाईले वर्षीका बुटा नाघ्छन्' भन्छन्, सात समुद्रपारि मेरो मामाको घर । माइजू धनमाया अमेरिका आएको बेलाचाहिँ हाम्रो भेट भएन । डालास पनि साह्रै राम्रो ठाउँ रहेछ । बुहारी जुली पनि जाती रहिछन् । नेपालमा हुँदा पनि माइजू धनमायाले मलाई लिन पठाइरहनुहुन्थ्यो, म गएर बस्थेँ । कति प्यारी माइजू, आमाले जस्तै हामीलाई माया गर्नुहुन्थ्यो । चाडबाड, काजकल्याण माइजूले मलाई कहिल्यै छुटाउनु भएन । भेट हुनासाथ हामी गीत गाउन र नाच्न थालिहाल्थ्यौँ, दुःखसुखका कुरा गर्थ्यौं । माइजूले खाली हात मलाई कहिल्यै पठाउनु हुन्नथ्यो । सबै माइजूहरूलाई हामीले आमाकै दर्जामा राख्यौँ । त्यो बेला दीपक भाइ सानै थिए । पढ्न आएका भाइ अमेरिकामा राम्रो बन्दोबस्त गरेर बसेका रहेछन् । भाइले मलाई बजार घुमाए, रोजाएर मन परेका चीजबिज किनिदिए । मावलबाट झोलाभरि कोसेलीपात लिएर मेरा भाइबुहारीलाई आशीर्वाद दिएर म घर फर्किएँ ।

•

धेरै नेपाली डालासमा बस्दा रहेछन् । सबैले उद्योग, धन्दा, व्यापार गर्दछन्; कोही जागिर खान्छन्, कोही पेट्रोल पम्पमा तेल भर्ने काम गर्दा रहेछन् । विदेशमा त्यसै पैसा आएको होइन । आधा दिन र आधा रात खटिखटाउ, न खानको ठेगान, न सुत्नको ठेगान । साह्रै दुःखले कमाएका हुन्छन् विदेशमा पैसा । झन् पढ्न गएका छोराछोरीहरूलाई बढी दुःख हुँदो रहेछ । कठैबरी ! मेरा बाबै ! घुँडो र मुन्टो गरेर दुःख गरेका छन्, थाकेर भुतुक्क भएर घरमा आयो, फ्रिजमा केके छ झिकेर खायो, पुर्लुक्क जुत्तैसँग सुत्छन् । किन यसो

गरेको भनेको बिहान उठ्ता खुट्टामा जुत्ता पस्दैनन् अरे, त्यो दिनभरि उँभिदा खुट्टा सुन्निएर भोलिपल्ट सबेरै उठ्यो र काममा कुदिहाल्यो । कठैबरी ! दु:ख नगरी कसैलाई सुख हुँदैन । तिमीहरू सबैका सुखका दिन आऊन् ।

साह्रै राम्रो छ अमेरिका । बाटाघाटा चौडा छन्, सुन्दर छन् । झिलिमिली बत्ती छन् । गाडीका ताँतीका ताँती छन् । गाडी कतै रोकिँदैन हुँइक्याएको हुँइक्यायै छन् । टाँटाँ र टुँटुँ पनि छैन । को केटा को केटी केही पत्तो हुँदैन, सबै समान छन् । उनीहरूले जस्तोसुकै काम पनि गरेका हुन्छन् । कसैलाई खिसीटिउरी गर्ने चलन छैन । काम पनि मरेरै गर्दछन्, मोजमस्ती पनि रमेरै गर्दछन् । सबैलाई कामअनुसारको दाम पनि हुन्छ । अहिले अमेरिकामा नेपालीहरू धेरै छन् । जता जाँदा पनि नेपाली भेटिन्छन् । सबैले उन्नति, प्रगति गरेका छन् । सबैले राम्रो काम गरेको देख्दा मलाई गर्व लाग्छ । 'एकछिन गाइदिनु न आमा, आमाले गाएको सुन्दा हाम्रो थकाइ मेटिन्छ' भन्थे अनि म पनि गाइदिन्थेँ । 'नेपालमै पुग्यौँ आमा' भन्थे, रमाउँथे, ताली पड्काउँथे । आफूलाई पनि आनन्द लाग्दथ्यो ।

•

एक पटक मलाई न्युयोर्क लगेको थियो कवीन्द्र बाबाले । ए... अग्लाअग्ला गगनचुम्बी महल, पर्वतजस्ता घर थिए । ओहो ! बयान गरेर सकिँदैन । जता हेऱ्यो उतै झिलिमिली । कसैले उद्योगधन्दा गरेका छन्, कसैले व्यापार गरेका छन्, कसैले होटेल चलाएका छन्, कसैले जागिर खाएका छन्, कसैले कपाल काट्ने पसल खोलेका छन् । धेरै थरी मानिसहरू धेरै काममा लागेका छन् । आआफ्नो इलम गरेका छन् । देखाउनेजति ठाउँ सबै देखायो मलाई कवीन्द्र बाबाले । उहिले हिँडेर पार लगाउनुपर्ने डाँडा हेर्दा टोपी खस्थे अहिले घर हेर्दा टोपी खस्ने रहेछ हाहाहा । मानिसको पौरख, कति राम्रो बनाएको यो सहर । मानिसले सीपचाहिँ लगाएकै हो है ।

न्युयोर्कमा साहित्यिक कार्यक्रम रहेछ । त्यहाँ गएर मैले पनि लोकगीत र परापूर्वकालमा गाइने सँगिनी गाएँ–

‘कोसीका किनारमा के फूलै फुल्यो नि
कोसीका किनारमा के फूलै फुल्यो नि
फूलै र फुल्यो नि यो सयपत्री किनारै उज्यालो ।
दुई थुँगा टिपी नि शिवजीलाई चढाऊँ
दुई थुँगा टिपी नि शिवजीलाई चढाऊँ
पाँच थुँगा टिपी नि मन्दिरलाई माला
मन्दिरै उज्यालो, मेरी आमा, मन्दिरै उज्यालो ।
कसले लगायो यो फूलबारी नि
कसले लगायो यो फूलबारी नि
कसले बार्‍यो नि बार मेरी आमा
कसले बार्‍यो नि बार मेरी आमा
सीतामाईले लगाको यो फूलबारी नि
सीतामाईले लगाको यो फूलबारी नि
रामज्यूले बारे नि बार मेरी आमा, किनारै उज्यालो ।’

सबैले परररर... ताली पड्काए । साइँसाइँ र सुइँसुइँ ...! त्यहाँ आएका सबै कराएर खपिसक्नु भएन । फेरि, फेरि भन्न थाले अनि फेरि मैले लोकगीत गाइदिएँ । मेरी आम्मै ! फेरि खपिसक्नु भएन । अचम्मै भयो नि ! फेरि उसै गरे । ए... मान्छेको बराम छ, भीड छ, कोही आएर मलाई चुक्क म्वाइँ खान्छन्, कोही आएर अङ्कमाल गर्छन्, कोही रुन्छन् । ‘हामी नेपालमै पुग्यौँ आमा’ भन्छन्, साह्रै हर्षबढाइँ भयो ।

नानी मोहन पनि त्यहीँ कार्यक्रममा थियो । नानीले थुप्रै किताब लेखेको छ, उसले पनि भाषण गर्‍यो । कवीन्द्र बाबाले पनि भाषण गर्‍यो । कपिल छोरो पनि त्यहीँ कार्यक्रममा थियो । सबैले कविता सुनाए, भाषण गरे । सबैले सबैलाई शुभकामना दिए ।

मलाई त्यहाँका आमाबुबासँग न्यास्रिएका, नेपालसँग न्यास्रिएका छोराछोरीले घेरेका घेरै छन् । सँगिनी, लोकगीतको तारिफ गरेका गर्‍यै छन् ! मैले पनि सबैका पहेँला गालामा चुक्क म्वाइँ खाइदिएँ । हाहाहाहा... । राम ! राम ! राम ! यस्तो खुसीयाली त कहिल्यै भएको थिएन । कठैबरी, मेरो बाबै परदेशको माया, सबैलाई मैले आशीर्वाद दिएँ ।

•

कान्छी बहिनी गङ्गा र देवर हरिप्रसाद सिटौला अमेरिकामा आएका थिए । बहिनीको कान्छो छोरो प्रदीप पनि अमेरिकाको बोस्टनमा बस्दछ । नानीहरू दसैंमा टीका लगाउन वासिङटन डिसी आउनुभयो, हाम्रो हर्षको सीमा रहेन । हामी कति खुसी भयौं, भयौं नि ! भनेर साध्ये छैन; आफ्नी काखकी कान्छी बहिनी परदेशमा भेट्दा उनलाई चाटेको चाट्यै गरौं कि, निलौं कि जस्तो भयो नि ! म न्यास्रोले भुतुक्क भएकी थिएँ । हामीले दसैं अति नै रमाइलोसँग मनायौं । अमेरिकामा हाम्रो घर सधैं मूल घर भएको हुनाले टाँढाटाँढादेखि छोराछोरी र आफन्त टीका लगाउन आउँछन् । हाम्रो घरमा एक हप्ताजति बसेर कान्छी बहिनीहरू बोस्टन फर्किए ।

म पनि छोरा प्रदीपकहाँ दुई पटक गएर ढुक्कैले बसेँ । बुहारी अञ्जु अति नै जाती छिन् । नातिनी पृस्टिना पनि साह्रै मिलनसार र मिजासिली छिन् जो जाँदा पनि उनले चीज गर्ने गर्छिन् । कति घुमायो, घुमायो प्रदीपले । प्रदीपले गाडीमा चढेपछि 'ठूलीआमा, लु सँगिनी र लोकगीत गाउनु न' भन्थ्यो । मैले पनि जानेजति सबै गीतहरू गाइदिएँ, हाँसेको हाँसै गर्छ, घुमाएको घुमायै गर्छ, सबै ठाउँ देखायो साह्रै पुक्खली छोरोले । त्यहाँ हिउँ परेको बेला रूखमा हिउँ फलेजस्तो लाग्छ संसारै सेताम्मे । सेतामसुर, हत्तेरिका ! अमेरिका विचित्रको रहेछ ।

फेरि कान्छी बहिनीहरू आएको बेला पनि म बोस्टन गएँ, प्रदीपले त्यसै गरी घुमायो । त्यो पाला त दिदीबहिनी मिलेर झन् रमाइलोसँग गायौँ । श्री अम्बे माताका भजन हामीले कति हो कति गाएका थियौँ, साइँला नानीले पनि बेलाबेला भजन गाउनुभयो । अमेरिकामा जता गए पनि ठूला चिल्ला सडक, हरिया चौर, ठूलाठूला जङ्गल, विशाल समुद्र थिए । त्यहाँ बोस्टनमा ठूलो नदी बग्दो रहेछ र त्यहाँ ठूलाठूला क्रुजहरू समुद्रसम्म चल्दा रहेछन् ।

यो वोस्टन अमेरिकाको पुरानो सहर रहेछ । विश्वको ठूलो युनिभर्सिटी हार्डवर्ड त्यहीँ रहेछ । ए धेरैधेरै कलेजैकलेज, स्कुलैस्कुल भएको ठाउँ रहेछ यो । त्यहाँ पुगेर मैले पतिदेवलाई सम्झिएँ । चुहानडाँडाको स्कुल, कलेज बनाउँदा पतिदेवले अलिअलि दु:ख गरेको होइन । पतिदेवले भातपानी सबै छोडेर, दिनरात नभनीकन खटिखटाउ गरेर बनाउनुभएको हो । अमेरिकाका यस्ता कलेज देख्दा, अमेरिकाको यस्तो विकास देख्दा पतिदेव कति खुसी हुनुहुन्थ्यो होला ? के गर्नु पतिदेवलाई दैवले चाँडै चुढेर लगिहाल्यो । पतिदेवलाई सम्झिएर मेरा आँसु तरक्क चुहिए । हाम्रो चुहानडाँडामा पढेका केटाकेटी पनि होलान नि यो कलेजमा ? सबै केटाकेटीहरूले धेरै पढून्, बुद्धिजीवी बनून् ।

हुन त म जता गए पनि पतिदेवलाई सम्झिन्थेँ, जल अर्पण गर्थें । महतारी दिदीलाई पनि कवीन्द्र बाबाले अमेरिका घुमायो । हामी सँगै बसेर कुरा गर्थ्यौँ । के गर्नु दैव ! छोरानातिहरूको यस्तो चकचकी पतिदेवले देख्न पाउनु भएन । जहाँ भए पनि उहाँको आत्मालाई शान्ति मिलोस् ।

# प्यारा सम्धीसम्धिनी

जगदीश पराजुली र रमला पराजुली मेरा सम्धीसम्धिनी हुनुहुन्छ । अमेरिकामा आएर उहाँहरू ढुक्कै बस्नुभयो, हामी साथीजस्तै भयौँ । साह्रै असल र वीर, जाँगरिली हुनुहुन्थ्यो सम्धिनी । सम्धिनी राम्रीमा राम्री, छिटी, बाठी, पुक्खली हुनुहुन्थ्यो । धेरै वर्ष सम्धिनीले पकाएको खाना खाइयो । उहाँले साह्रै मीठो खाना पकाउनुहुन्थ्यो, म तरकारी केलाएर पोकापोका पारेर फ्रिजमा राखिदिन्थेँ । फ्रिजबाट झिक्यो ऱवाइँय्य ओइरियो, कति सजिलो हुन्थ्यो । कवीन्द्र बाबा र रञ्जुले हप्तैपिच्छे बजार गएर चाहिने सामान सबै किनेर ल्याउँछन् । घरमा कुनै कुराको कमी थिएन । जसलाई जे खान मन लाग्छ त्यही तयार हुन्थ्यो भरिपूर्ण ! मैले तुलसी रोपेर घर नै वृन्दावन भएको थियो । बारीमा दूबो पनि लहलह परेको थियो, अनिल नातिको विवाहमा बारीकै दूबोले माला बनायौँ । हाम्रो घरबाट नौओटा विवाह भए कस्तो आनन्दसँग ।

सम्धी पनि अति असल, शान्त स्वभावको हुनुहुन्छ । हामी सबै जना धेरै ठाउँमा सँगै घुम्यौँ, बिहान पनि हामी सँगै हिँड्यौँ, बात माऱ्यौँ, सिनेमा हेऱ्यौँ, समाचार हेऱ्यौँ । मलाई संसारभरिको कुरा सम्धीले सुनाउनुहुन्थ्यो । उहाँहरू नेपाल आउँदा म अमेरिकामा नातिनी कृपासँग हुन्थेँ । म नेपाल आउँदा उहाँहरू नातिनी कृपासँग हुनुहुन्थ्यो । उहाँहरू पनि ढुक्कैले अमेरिका बस्ने गरी आउनुभयो ।

त्यो घर अलि साँघुरो हुन गएको हुनाले कवीन्द्र बाबाले अल्डी भन्ने ठाउँमा नयाँ ठूलो घर लिएकाले हामी त्यहीं सऱ्यौं ।

हाम्रो घरमा आफन्त जो पनि आएका छन्, खाएका छन्, चाडबाड मनाएका छन्, पार्टी गरेका छन्, सबैको जन्मदिन मनाएका छन्, कविगोष्ठी गरेका छन् । हाम्रो घरमा नातिनी मुन्नु, ऋरना दुईचार दिन बस्ने गरी आउँछन् । बुहारीले टनाटन कोसेलीपात दिएर उनीहरूलाई पठाउँछिन् । नेपालबाट जाने जोकोही पनि हाम्रो घरमा नपसी र नबसी आउँदैनन् । सबैलाई भ्याएसम्म उनीहरूले घुमाएर पठाउँछन् । राधेकी साथी पवित्रा छोरी र सागर ज्वाइँ पनि हाम्रो घरमा आउनुभएको थियो, उनीहरूलाई कवीन्द्र बाबाले घुमाइदियो । मेरी माइजू धनमाया, नानी सच्चिदानन्द र बहिनी मोहन पनि बस्ने गरी हाम्रो घरमा आउनुभएको रहेछ । माइजूलाई बाटालाई खाजा भनेर रञ्जुले रोटी, तरकारी पकाएर हालिदिइछन् । 'साह्रै गतिली बुहारी रहिछन् भान्जी, कवीन्द्र बाबा नातिले हामीलाई सबैतिर घुमायो, देखायो, आनन्द भयो' भन्नुहुन्थ्यो माइजूले । मेरा छोराबुहारीहरूलाई सधैं यस्तै गर्न पुगोस् ।

अमेरिकामा सबै समान हुँदा रहेछन् । को केटा, को केटी, सबैले पकाएका छन्; सफा गरेका छन्; खाएका छन् । कसैले अरूलाई काम साँचेर राख्दैनन्, कसैको बाटो हेर्दैनन्, जसले भ्यायो उसले गऱ्यो । सबैले अमेरिकाको नियमकानुनमा चल्नुपर्दो रहेछ । हातेपाते सबै मिलेर टाकटुक, हरहिसाब सबै ठीकठीक राख्नुपर्ने रहेछ । अमेरिकामा मानिसहरू सबै इमानी रहेछन् । त्यहाँ जताततै सफासुग्घर, टकटक अनि पो अमेरिका बनेको रहेछ । कतैकतै चोरीचकारी पनि हुँदा रहेछन् तर कानुनबमोजिम उनीहरूलाई सजायँ भइहाल्दो रहेछ ।

चन्द्रमामा मानिस लिएर गएको चन्द्रयान, राष्ट्रपति भवन (बाहिरबाट), धरहरा, लुरेगुफा, ह्वेलमाछाका बङ्गारा सबैतिर

सम्धीसम्धिनी र म घुम्यौँ, राम ! राम ! राम ! त्यत्रो बडेमानको बङ्गारा हुने माछाको शरीर कत्रो होला ? समुद्रभरिको होला ? बङ्गारै त यत्रो रहेछ । लुरेगुफा पनि अचम्मको रहेछ, जमिनदेखि सय फुट तल पो त ! त्यहाँ आइसले बनेका किसिमकिसिमका आकारप्रकार रहेछन् । कुनै शिवजीजस्ता, कुनै गाईजस्ता, कुनै भगवतीजस्ता, कुनै हात्तीजस्ता, कुनै गणेशजस्ता, कुनै मानिसजस्ता विचित्रै लाग्ने थिए । अनेकअनेक आकारका सुन्दर नक्सा, पूरा एक घण्टा लाग्यो हामीलाई घुम्न । अमेरिकामा धेरै ठाउँ सम्धीसम्धिनीसँग घुमियो । लङ्काभन्दा ठूलो समुद्रमा सँगै पौडी खेल्यौँ, रञ्जिताले हामीलाई समुद्रमा नुहाउने छोटा लुगा ल्याइदिइछन् । मैले त कहिल्यै यस्तो लगाएको थिइनँ । सबै यस्तै लुगा लगाएर समुद्रमा डुब्दा रहेछन् । पानीका छालले हामीलाई डचामडचामी हान्ने, पानीले तानेर परपरसम्म पुऱ्याउने हाहाहा ! अचम्मै रमाइलो रहेछ ।

सम्धीसम्धिनी र म जुवा खेल्ने ठाउँमा पनि गयौँ । 'लु मुमा डलर जितिन्छ, जुवा खेलौँ' भन्यो कवीन्द्र बाबाले । 'यो बुढेसकालमा के जुवा खेल्नु है बाबा' मैले भनेँ । 'खेलौँ हजुर' भनेर भन्नुभयो सम्धीले पनि र एकछिन हामीले जुवा खेल्यौँ र जित्यौँ पनि खुबै रमाइलो भयो । हाहाहा !

अमेरिकामा कहिलेकाहीँ मानिसहरू आनन्द लिन जङ्गलमा पाल टाँगेर बस्दा पनि रहेछन् । सम्धीसम्धिनी र म पनि गयौँ, पालभित्र पस्दा उहिले परदेश जाँदा (धरान, नेपाल, कामाक्षा माता, काशी) बाटामा वास बसेको सम्झना भयो । जे होस्, बुढेसकालमा अमेरिका ल्याएर पनि कवीन्द्र बाबाले मलाई भनेबमोजिमको सन्तोष दिलायो, बिछट्टै रमाइलो भयो । म पटकपटक अमेरिका नेपाल आउँदै जाँदै गरेँ !

•

नातिनी कृपा जन्मिँदा म नेपालमै थिएँ । नातिनी जन्मिएको खबरले म हर्षले छमछमी नाचेँ, सबै नाच्यौँ । सम्धीसम्धिनी अमेरिका जानुभयो । म पछि नातिनीको पास्नीमा अमेरिका गएँ । मेरो काखमा काखभरिकी नातिनीलाई बुहारीले राखिदिइन् । कति राम्री मेरी नातिनी बनाएजस्तै, गोरी न गोरी, कर्ली कपाल, पातला राता ओठ, बान्की परेकी, मेरो भोकतिर्खा नै मेटियो । मैले मेरी नातिनी कृपालाई चुक्कचुक्क म्वाइँ खाएको खायै गरेँ । मैले नातिनीलाई लगाउन चाचा, नाना लगेकी थिएँ । कृपालाई कति राम्रो सुहायो ! नातिनी कृपाको आगमनले हाम्रो घर भरिपूर्ण भयो, घर उज्यालो भयो । मेरी नातिनी कृपा साक्षात् लक्ष्मीजस्तै थिइन् । यिनका पहेँला गालामा म सधैँ चुक्क म्वाइँ खान्थेँ । कृपा मसँगै बसेर पूजा गर्छिन् । श्री अम्बे माताले, श्री पशुपतिनाथले मेरी नातिनी कृपालाई सधैँ रक्षा गरून् ।

•

भान्जी जगमाया ठूलीकान्छी नानीकी कान्छी छोरी हुन् । नाति विनोदले आमालाई अमेरिका घुमाउन बोलाएको थियो । मुन्नुको विवाहमा भान्जी पनि टेक्ससबाट हाम्रो घरमा आउनुभएको थियो । अमेरिकाको मावलमा आइपुग्दा भान्जी खपिनसक्नु खुसी हुनुभयो । आफ्नै काखमा हुर्किएकी थिइन् यी भान्जी । नाति विनोद पनि अति नै ज्ञानी छ, मिलनसार छ, मनकारी छ । ‘मनले चिताएको पुगोस् मेरा नातिलाई’ भन्दछु, ऊ खुसी हुन्छ ।

‘हजुरआमा मेरो हातको चिनो’ भन्दै एक दिन मलाई राम्रो कोट लिएर आएछ । ‘ए पर्दैन नि मेरो बाबै’ मैले भनेँ । ‘आम्मै ! हजुरआमा, हजुर त हाम्रो तीर्थस्थल हो नि’ भन्दै मेरा हातमा राखिदिएर गयो ।

‘मेरो बाबै विनोद तिम्रा हातमा सधैँ पैसैपैसा होऊन’ भनेर मैले आशीर्वाद दिएँ । कठैबरी, ठूलीकान्छी नानी बाँचिराख्नुभएको

भए अहिले भानिजले, नातिले अमेरिका बोलाएर देखाउँथे नि रमिता !

घरमा आउनेलाई केही न केही उपहार, खर्चबर्च दिएर पठाउने हाम्रो पहिलादेखिकै चलन थियो । कवीन्द्र बाबा र रञ्जुले अहिले पनि त्यही चलन यथावत् कायम राखेका छन् । आनन्द लाग्छ, ढुक्क लाग्छ । यिनीहरूलाई सधैँ दिन, खान पुगोस् । यहाँ यिनीहरू सबैका अविभावक भएर बसेका छन् ।

# भान्जा जयनारायण सेढाईं

जयनारायण सेढाईं मेरा प्यारा भानिज हुन् । म विवाहमा नौ वर्षकी थिएँ । माइली आमाजूकहाँ मलाई भेट्न लैजाँदा पहिलो पटक मेरो काखमा बसेका थिए भानिज । सधैँ आफ्नै काखमा बसेर हुर्केका ज्ञानी र सत्यवादी थिए भानिज । जयनारायण सबैका अविभावक र प्यारा दाजु थिए । जयनारायण सर भनेपछि सबैका हाईहाई थिए । भानिज त भानिज, साह्रै असल भानिज, सबैका यस्ता भानिज हुँदैनन् ।

उनै भानिज अमेरिकामा पुगेका थिए । उनी सबै मामामाइजूका प्यारा, भानिजले नजानेको केही थिएन । भानिज नाच्न गाउन उस्तै सिपालु, गाउँका प्यारा, उनी स्कुलमा पनि असल गुरु थिए । लक्ष्मु भानिज पहिला नै अमेरिका जानुभएको थियो र दाजुलाई पनि बोलाए । भानिज निकै वर्ष बसे अमेरिकामा । भानिज हाम्रो घरमा सबै चाडबाड, तिथि, श्रीपञ्चमी पर्वमा आउँथे । म सधैँ भानिजका पहेँला गालामा चुक्क म्वाइँ खान्थेँ । काखका भानिज अमेरिकामा पनि काखमै भए । मलाई भेट्न कहिल्यै खाली हात आएनन् मेरा भानिज । जयनारायण भानिजलाई भेटेपछि म उहीँ चुहानडाँडा पुगिहाल्थेँ । चुहानडाँडाका सुखदुःखका कुरा गऱ्यो; कहिले हाँस्यो, कहिलो रोयो, कठैबरी लैलै ।

बजैबराजैका त सबैभन्दा प्यारा नाति जयनारायण भानिज, सबैभन्दा जेठो भानिज थिए । बजैले भण्डार खोल्दा सबै केटाकेटी

पापा खान दगुरेर जान्थे र सबैले केही न केही पापा पाउँथे । भानिज आउँदा बजै आफैँ भण्डार खोल्न जानुहुन्थ्यो । भानिजलाई घिउ, सक्खर मीठो लाग्थ्यो; बजैले सधैँ भानिजका हातमा सक्खरको डल्ला राखिदिनुहुन्थ्यो । एक दिन बजैले 'ला, आज घिउ मात्र खा' भनेर घिउको ठूलो डल्लो भानिजलाई दिनुभएछ । भानिज पनि खुसी भएर क्वाप्प घिउको डल्लो मुखमा हालेछन्, निल्दा त गुलियो भएछ, फेरि निल्दा त मह हो भन्ने थाहा भएछ । अनि रुँदै जिब्रो बाहिर निकालेर 'मावलकी आमैले घिउ भनेर मह खुवाउनुभयो' भन्दै भानिज हिँडे । भानिज कति दिनसम्म मावल आएनन् । श्राद्धमा पनि भानिज नआएर साइँला नानीले फकाएर ल्याउनुभयो । भानिजलाई देख्नासाथ 'घिउ खाने भानिज' भनेर हामी जिस्क्याउँथ्यौँ । सानामा भानिज मह खाँदैनथे । जयनारायण भानिजले कतिन्जेल मावलमा जमेको घिउ खाएनन् ।

जयनारायण भानिजलाई नुहाउन ज्यादै गाह्रो लाग्थ्यो, नुहाउन पटक्कै नमान्ने, रुवाबासी गरी गाउँ नै थर्काउने गर्थे । एक दिन माइली आमाजूले भानिजलाई नुहाइदिन तातो पानी ठिक्क पार्नुभएछ । भानिज खसीको खोरमा पसेछन् । केही गर्दा बाहिर ननिस्केपछि माइली आमाजू आफ्नो काममा लागेको बेला भानिज भागेर हाम्रो घरमा आए । आउँदा सधैँको बाटो नआएर पाटीघरतिरबाट हस्याङ र फस्याङ गर्दै आउँदा बाख्राको जुतो ह्वास्स गनाएछ । महतारी दिदी बारीमा हुनुहुँदो रहेछ अनि महतारी दिदीले 'जयनारायण भानिज आउनुभयो' भनेर च्याप्प समाउनुभएछ र बजैलाई आँखा सन्काएर भानिजलाई नुहाउने कुरा गर्नुभएछ । बजैले पनि चिसा पानीले भानिजलाई नुहाइदिनुभएछ । 'महतारीले तताएको तातो पानी छोडेर आएको महतारी माइजूले चिसा पानीले नुहाइदिनुभयो' भन्दै जयनारायण भानिज रोए । सबै भुरा जम्मा भएर जयनारायण भानिजले नुहाएको हेर्न लागे ।

'ठूल्दाइ यहाँ त यस्तै हो, महतारीले भेटेपछि त कसैलाई छोड्नुहुन्न । लुतो आउँदा त झन् किचिपिची पारेर, अँगेरीका मुन्टाको खोल निकालेर दलेर आथाथा पार्दै, मऱ्याकमुरुक पारेर हामीलाई नुहाइदिनुहुन्छ । हाम्रो त महतारीसँग केही चल्दैन बरु नरुनू, खप्नू' भुरा भन्दै थिए ।

हाम्रो हाँसो भयो । नुहाएर, तेल लगाएर, खाजा खाएर भानिज घर गए । आमाजू पनि भानिजले नुहाएपछि खुसी हुनुभयो । महतारी दिदी भुरालाई नुहाउन अति नै सिपालु र जाँगर चल्ने, उहाँले समाएपछि उम्कनै नदिने हुनुहुन्थ्यो । भुरालाई लुतो आएर हैरान हुन्थ्यो । उहाँ घाउ, पिप केहीको पनि घिन नमान्ने हुनुहुन्थ्यो । मलाई चाहिँ केही घाउ, खटिरा देख्नै नहुने वाक्कब्याक्क भइहाल्थ्यो; खाएको सबै बान्ता हुन्थ्यो । सम्झँदा पनि कति दिनसम्म मलाई दिगमिग लागेर खाना रुच्दैनथ्यो । कपालको केश खानामा देख्यो भने पनि मलाई वाक्क भइहाल्थ्यो । फोहोर कहीं कतै देख्यो भने पनि खाना नरुचेर पटुका कसेर काममा जानुपर्दथ्यो ।

भुराका दाँत हल्लिएका छन् भने महतारी दिदीले मुखमा हात हालिसकेपछि दाँतसँगै उहाँका औँला बाहिर आउँथे, सनासोजस्ता औँला थिए । महतारी दिदी हिँडेपछि मैले चाहिँ भुराहरूलाई तामेकहाँ दाँत फुकाल्न पठाउँथेँ । दात फुकालिसकेपछि 'डाँग्रा, डाँग्रा !' भन्दै भुरा हिँड्थे । फेरि दाँत फुकाल्न भुरा तामेकहाँ जाँदा 'अस्ति मलाई गाली गरेको होइन ?' हाँस्दै तामेले सनासोले भुराका दाँत फुकालिदिन्थ्यो ।

•

लक्ष्मु भान्जा (लक्ष्मण) ठूलीकान्छी नानीका छोरा हुन् । जुम्ल्याहा राम, लक्ष्मु भानिजहरू जन्मिएको आठ महिनामा ठूलीकान्छी नानी खसिहाल्नुभयो । यस्ता बालक भानिज, घरपरिवारको सारा अभिभारा

माइली आमाजूलाई पऱ्यो । हाम्रो घरनजिकै भएको हुनाले भान्जाभान्जी, छोराछोरीहरू तल र माथि कुद्दै हुर्किएका हुन् । भानिज पनि अमेरिकामा गएर घरबार राम्रो व्यवस्थासँग बसेका थिए । म भानिजकहाँ गएर पनि दुईचार दिन बसेँ । बुहारी कमला पनि असल, नातिनातिना पनि पढैया थिए । चाडबाड, तिथिपर्व कहीँ, कहिल्यै लक्ष्मु भानिज छुट्नु भएन, मेरा काखका प्यारा भानिज । माइली आमाजूलाई सम्झिरहनुहुन्थ्यो लक्ष्मु भानिज । 'महतारी भएको भए म अमेरिका ल्याउँथे नि माइजू । माइजू र महतारीमा मलाई केही फरक छैन' । लक्ष्मु भानिज सधैँ आइरहने, कति हो कति नि लक्ष्मु भानिजले गरेको माया, मलाई गाडीमा राखेर घुमाउन लानुहुन्थ्यो । म एक पटक बिरामी भएर हस्पिटलमा बस्नु पऱ्यो । लक्ष्मु भानिज आएर मेरो साह्रै सेवा गरे, अस्पतालमा कवीन्द्र बाबालाई पालो दिए ।

मेरो नेपाल फर्कने बेला भएको थियो । कवीन्द्र बाबाले नेपाल लाने सामान मिलाइदिँदै थियो । रञ्जिताले नेपालमा भएका सबै आफन्तलाई उपहारमा नाम लेख्दै मिलाउँदै थिइन् । भान्जा पनि आएर सघाउन थाले, तीनचारओटा सुटकेस भरिभराउ भए । 'एकछिन बाहिर जानु पऱ्यो' भनेर भानिज बाहिर निस्केका थिए । सानो चिटिक्क परेको सुटकेस र राम्रो ज्याकेट मेरी माइजूलाई भनेर ल्याइदिएछन् । मेरा हर्षका आँसु झरे, 'कठैबरी ! मेरा भान्जा' भन्दै गालामा चुक्क म्वाइँ खाएँ । ईश्वरले सधैँ रक्षा गरून्, मेरा भान्जालाई चिताएको पुगोस्, माइली आमाजूका अति प्यारा थिए भानिज ।

सधैँ त्यत्रो जाहानको कुँडुलोमा बसियो । व्यवहारमा रातदिन एक गरियो । कति मानिसहरूसँग काम कति गरियो कति, कति सम्झियो कति बिर्सियो । तर यो अमेरिकामा चाहिँ कस्तो हुँदो रहेछ भने कोही मानिस नेपाली बोल्ने भेटे पनि आफ्नो हुने रहेछ । आफ्ना नातागोताका मानिस घरमा आउँदा माइत पुगेजस्तो हुने रहेछ । आफ्नो देशको धूलो माटो फोहोरमैला जे भए पनि कति प्यारो हुने

रहेछ । दस वर्ष अमेरिका रमाएर बसेँ, सबैतिर घुमेँ । मैले कति हो कति रमाइलो गरेँ । मलाई कवीन्द्र बाबाले कुनै कुराको कमी राखेन । कवीन्द्र बाबाको चञ्चलाश्री, मानमर्यादा, इज्जत, कति हो कति । कवीन्द्रको मुमा भनेपछि आनन्द लाग्ने रहेछ । हाम्रो घर अमेरिकाको मूल घर थियो । त्यहाँ पनि मलाई चुहानडाँडाजस्तै आनन्द मिल्यो । तर नेपालजति प्यारो अऊ चुहानडाँडाजति प्यारो मलाई पृथ्वीमा कहीँ, कतै लागेन । आफ्नो माटोको माया, आफ्ना पौरखको माया, आफ्नो तुजुकको माया, आफ्ना लालाबाला हुर्काउँदा भ्याईनभ्याई, घुँडो र मुन्टो गरेको क्षण नै प्यारो हुँदो रहेछ । मैले रातदिन एकै गरेँ । त्यो बेला कति धमाधम भयो, तर एकछिन पनि बसेर सास फेर्ने फुर्सदसमेत मलाई हुन्थेन, टुसुक्क बस्न पाइँदैनथ्यो । काम ! काम ! काम ! तिनै दिन प्यारा छन् ।

कहीँ कतैको झिलिमिलीले पनि हुँदो रहेनछ, बाबाठाकुरे ! नेपाल जाने भनेपछि त्यसैत्यसै भुइँमा खुट्टा नहुने रहेछ । भन्न त सबै त्यसै भन्छन्, तन यता मन उता । जतिखेर पनि आफ्नो ठाउँ सम्झिएर मुटु दुखेजस्तो हुने रहेछ । पुगिहालौँ जस्तो हुँदो रहेछ, मन उडेको उडै हुँदो रहेछ । सपनाजपना सबै नेपालकै हुने रहेछ ।

# नरेन्द्र भाइ र इन्दिरा बुहारी

मेरा साइँला मामा जयप्रसाद (जिजु) र माइजू भागीरथा प्रसाईका छोराबुहारी नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई अमेरिकामा कोसेलीको थुप्रो लिएर मलाई भेट्न आए । त्यसमा पतिदेवको सम्झनामा ९५ जना व्यक्तिहरूले लेखेको ठूलो पुस्तक 'हरिचरण सिटौलाको सुकीर्ति' पनि ल्याएर हातमा राखिदिए । अहिले बोलौँला जस्तो पतिदेवको तस्बिर देखेर मेरा आँसु अडिएनन् । लगातार दुई वर्ष खटिखटाउ गरेर छोरी राधिकाले सबै छोराछोरीको साथ सहयोग लिएर यो पुस्तक निकालेको रहेछ । गङ्गा ज्वाइँ, नरेन्द्र भाइको भरोसाले छापिएको रहेछ यो पुस्तक । म अमेरिका आएपछि योभन्दा ठूलो उपहार मलाई केही भएन ।

मैले पुस्तकलाई ढोगेँ, धेरै बेर सुमसुम्याएँ । मेरा हर्षका आँसु झरे, भाइको गालामा चुक्क म्वाइँ खाएँ । नरेन्द्र भाइले कति बेरसम्म मेरो गोडाबाट टाउको उठाएनन्, हाम्रो रुवाबासी भयो । परदेशमा पनि आफ्नै काखमा हुर्किएको भाइ भेट्दाको आनन्द जति बयान गरे पनि गर्न सकिन्न । मेरा मावलका अति नै प्यारा थिए नरेन्द्र भाइ । हामी सँगै घुम्यौँ अमेरिकामा, भाइबुहारीसँग मन्दिर पनि गयौँ । नरेन्द्र भाइका छोरा कञ्चनजङ्घा पनि सँगै आएका थिए । उनी पनि साह्रै असल रहेछन् । भाइलाई कवीन्द्र बाबा र रञ्जिताले सबैतिर घुमाइदिए, सबै खुसी भए । दिन दुएक हाम्रो घरमा बसेर उनीहरू खुसी भएर फर्किए । उनीहरूलाई बाबा र रञ्जुले राम्रा

उपहार ल्याइदिएका थिए । आनन्द लाग्यो, यिनीहरूलाई भेटेपछि म मावल नै पुगेँ ।

मावलमा साइँली माइजू भागीरथा प्रसाई साह्रै ठूलो मन र हात भएकी हुनुहुन्थ्यो । म मावलमा नै जन्मिएकी हुनाले मावलमा नै बसेँ । साइँली माइजूले राता रिबन लगाएर मेरो कपाल दुईपट्टि बाटिदिनुहुन्थ्यो । 'मेरी पम्फा' भन्दै मेरो गालामा चुक्क म्वाइँ खानुहुन्थ्यो । साइँली माइजूको घरमा भान्जाभान्जीको भीड लाग्दथ्यो । साइँली माइजू सबैको सुखदु:ख हेर्ने; भान्जाभान्जीका हातभरि पैसा दिनुहुन्थ्यो । साइँली माइजू सबैलाई केही न केही दिएर पठाउने, भोभो माइजू भन्दा पनि जबरजस्ती हालिदिने गर्नुहुन्थ्यो । मीठो, मसिनो बनाउँदा सबैलाई बोलाएर खुवाउने संसारकै लागि असल हुनुहुन्थ्यो माइजू । साइँली माइजू सबैको दु:ख देखेर दया र माया गर्ने साह्रै मनकारी, असल जाती र दयालु हुनुहुन्थ्यो ।

साइँलो मामा जयप्रसाद प्रसाईलाई सबैले जिजु भन्थे । मामा कतै डुलेर घरमा आउँदा पनि घोडामा चढेर बडरङ बडरङ गर्दै आउनुहुन्थ्यो । घोडा रोकिएपछि मामाले माइजूलाई 'मेरी काली, छेउमा आऊ' भन्नुहुन्थ्यो, अनि माइजू छेउमा गएर उभिएपछि माइजूको हात समाएर मामा घोडाबाट उत्रनुहुन्थ्यो । घोडाबाट उत्रेपछि मामा काठको पीरामा उभिनुहुन्थ्यो अनि माइजूले करुवामा पानी लगेर मामाका गोडा धोइदिनुहुन्थ्यो र मामालाई ढोगिदिनुहुन्थ्यो । मामाका राम्रा सर्लक्क परेका गोडा थिए । त्यो बेला सबैतिर त्यस्तै चलन थियो । पतिका गोडा धोएर सधैँ पत्नीले पानी खानुपर्ने, अझ कसैकसैले त पति परदेश गएको बेला अम्खोरामा गोडा धोएको पानी राखेर दिनदिनै खान्थे । अझ व्रत लिएका दिन त पतिको गोडाको पानी नखाई केही खान हुँदैनथ्यो ।

त्यसपछि 'खै मेरो पम्फाको फूल' भन्दै मामाले मलाई गोजीबाट झिकेर पापा दिनुहुन्थ्यो । सानी माइजूलाई मामा 'पारू' भन्नुहुन्थ्यो र

उत्तिकै माया गर्नुहुन्थ्यो । मावलमा भित्रबाहिर खाटमा राम्राराम्रा गलैंचा ओछ्याएका हुन्थे । घर टकटक पारेर राखेको हुन्थ्यो । मामा कहिले भित्र र कहिले बाहिर बस्नुहुन्थ्यो । विष्णुभक्त भाइ राम्रो न राम्रो गुथुमुने थियो । दीर्घराज भाइ पनि उस्तै गुथुमुने थियो, म यिनीहरूलाई बोकिरहन्थें ।

म नेपालमा हुँदा पनि साइँली माइजूसँग गएर घट्टेकुलोको नइगृहमा धेरै पटक बसें । साइँली माइजूसँग सुखदु:खका कुरा गऱ्यो, बात माऱ्यो, कति आनन्द हुन्थ्यो । समय यसरी नै जाँदो रहेछ सपनाजस्तो । साइँली माइजू नभए तापनि म नरेन्द्र भाइको नइगृहमा बस्न गएँ । दुलही इन्दिराकी आमा दुर्गादेवी नेपाल हुनुहुँदो रहेछ, माइजूजस्तै असल । त्यहाँ बसुन्जेल म रमाएर बसें । हामीले उहिले हाम्रा पालाका चलनचल्ती र रीतिथितीका कुरा गऱ्यौं । अहिले समयले ल्याएको परिवर्तनका कुरा गऱ्यौं । दुर्गादेवी आमा पनि अमेरिका जानुभएको रहेछ । त्यताको चालचलनको बारेमा पनि हामीले कुरा गऱ्यौं । उहिले हाम्रो पालाका बुहार्तनका कुरा गऱ्यौं र अहिले आएको परिवर्तन साहस र जुगअनुसारको चालचलनका कुरा पनि गऱ्यौं । उहिले र अहिलेमा हामीले आकाश जमिनको फरक पायौं ।

# डिल्लीमाया छोरी र गङ्गा ज्वाइँ

छोरी डिल्लीमाया र गङ्गा ज्वाइँ पनि अमेरिका आउनुभयो । हाम्री ठूली छोरी हो डिल्लीमाया, कान्छा नानी र हामी सबैकी ।

बिहानै देउरानी कान्छी, महतारी दिदी, जेठी बुहारी र म मसार खेतमा धान लिन र मास उखेल्न गयौँ । महतारी दिदीले बाँस्कोटाको गोठमा खाना पकाउनुभयो । देउरानी कान्छीले बसेर परालका पाँचओटा बिडा बाटिन् । खेताला लगाएर हामीले मास खलेगरामा जम्मा पार्‍यौँ अनि खाना खायौँ । बाँस्कोटा जेठाजुले हामीलाई लहरे दही थपीथपी खुवाउनुभयो अनि धान लिएर हामी घर आयौँ । भोलिपल्ट बिहान डिल्लीमाया छोरी जन्मिई । भोलिपल्ट हामी फेरि धान लिन मसार खेतमा गयौँ । ठूलाघरे जेठाजुले 'खै त कान्छी बुहारी ?' भनेर सोध्नुभयो । 'देउरानी कान्छीले बिहान छोरी जन्माइन् ।' मैले भनेँ । 'धत्तेरिका ! हिजो खीर खुवाउनुपर्ने रहेछ, आज मैले खीर पकाउन दूध साँचेको थिएँ ।' ठूलाघरे जेठाजुले भने । 'ए जेठाजु, हामी छँदै छौँ नि, खीर खेर जाँदैन, हाहाहा ! खान्थिन् नि बरा देउरानी कान्छीले पनि' भन्यौँ । जेठाजुले पकाएको मीठो खीर खाएर हामी आयौँ । यो सम्झना मलाई ताजै छ ।

जेठाजुकी छोरी कृष्णापछि हाम्रो घरमा सबै छोरैछोरा जन्मिएका थिए र डिल्लीमाया जन्मिएकी थिइन् । उनी सबैकी चीज भइन् । डिल्लीमाया अति नै समझदार र ज्ञानी छोरी, घर माइत दुवैतिरकी

जेठी हुन् । ठूलो परिवार छ, यो छोरीको जिम्मेवारी कति हो कति, धानेकी छ मेरो बाबै डिल्लीमायाले ।

यी ज्वाइँछोरीले ढिलो विवाह गरे तापनि भगवान्ले जोडा मिलाएका हुन् । ज्वाइँ पनि साह्रै समझदार, असल, बुद्धिजीवी, प्रज्ञाप्रतिष्ठानका कुलपति भएर पनि शान्त र संयम हुनुहुन्छ । अमेरिकामा सँगै सुत्यौँ आमाछोरी, मलाई कति न्यास्रो मेटियो मेटियो नि ! हामी वरपर सँगै डुल्यौँ, बात मार्‍यौँ, हाँस्यौँ, गीत गायौँ, नाच्यौँ । डिल्लीमायाकी कान्छी छोरी प्रतीक्षा हामीसँगै थिइन् । प्रतीक्षा छोरीको ग्र्याजुएसनमा आएका थिए ज्वाइँछोरी, हाम्रो घर नै उज्यालो भयो । प्रतीक्षा पनि साह्रै वीर नातिनी थिई, जस्तोसुकै काममा पनि अघि बढिहाल्थिन् । साहसी नातिनी हो प्रतीक्षा ।

•

माइली भान्जी हिमादेवी जेठी आमाजूकी माइली छोरी थिइन् । होडाका हरीप्रसाद ओलीसँग उनको विवाह भएको थियो । कान्छी नानीका जेठाजु हाम्रा भान्जीज्वाइँ चाँडै स्वर्ग हुनुभएको हुनाले भान्जी हामीसँगै बस्नुहुन्थ्यो । पतिदेवले भान्जीलाई रेडियो किनेर ल्याइदिनुभएको थियो साथै ‘दुःख नमान्नू भान्जी’ भनेर भान्जीलाई विभिन्न पुस्तक ल्याइदिनुभएको थियो । पतिदेव हामीलाई ‘भान्जीलाई काम नअराउनू’ भन्नुहुन्थ्यो । भान्जी लुकेर हामीलाई काम सघाउनुहुन्थ्यो । हामी सधैँ सँगै रमाउँथ्यौँ । हाम्री अति नै प्यारी भान्जी समझदार, विवेकी र धार्मिक प्रवृत्तिकी थिइन् । सबै छोराछोरी भान्जीसँग झुम्मिन्थे र सबै भान्जीका प्यारा थिए । देवेन्द्र भान्जीको अति प्यारो थियो । देवेन्द्र खस्दा भान्जीलाई मैले नै फुल्याउनुपरेको थियो । त्यो बेला मलाई भान्जीले एकैछिन छोड्नु भएन । हामी सँगै कामाक्षा गयौँ । मेरो हितैकी साथीजस्तै भान्जी, पृथ्वीभरिकी असल भान्जी । एक दिन महतारी दिदी पँधेरामा जानुभएको रहेछ । भान्जी

पनि पँधेरो जानुभएको रहेछ । तलबाट हरिमाया भान्जी पनि पँधेरामा पानी लिन आउनुभएको रहेछ ।

'भान्जी, हाम्री भान्जी देख्नुभयो ?' 'देखिनँ मैले कसैका भान्जी, हामी त कसका हौँ, कसका भान्जाभान्जी' भनेर हरिमाया भान्जीले भन्दा सबै पँधेर्नीहरू हाँसेका थिए । छोराछोरीले पनि भान्जीलाई हाम्री माल्दिदी भन्थे । त्यस्ती प्यारी भान्जी अमेरिका आउने भन्दा नै म फुरुङ्ग परेकी थिएँ । प्यारी भान्जीसँगै बस्न पाइने र अमेरिका डुल्न जुरेको रहेछ भनेर भगवान्लाई मैले शिर निहुऱ्याएर नमन गरेँ । भान्जीको नाति अनिमेश उप्रेतीले भान्जी, छोरी गङ्गा र ज्वाइँ भक्तिलाई अमेरिका बोलाएको हुनाले हाम्रो भेट सम्भव भयो । भान्जीहरू हाम्रोमा दिनदुएक बसे तापनि सँगै घुमियो, कवीन्द्र बाबाले वरपर सबैतिर घुमाइदियो, हाम्रो न्यास्रो मेटियो । हामीले खर्चबर्च र भान्जीहरू सबैलाई उपहार दिएर बिदा गऱ्यौँ । पनातिलाई मैले 'हजुरआमा, बुबाआमालाई अमेरिका घुमाएकोमा धेरैधेरै धन्यवाद पनाति अनिमेश' भनेर सहस्र आशीर्वाद दिएँ ।

# मुन्नुको विवाह

ठाइँलो छोरो चैतन्य र दुलही ईश्वरीकी प्रज्ञा (मुन्नु) जेठी छोरी थिइन् । मुन्नुले अमेरिकामै पढिन् र मुन्नुलाई ज्वाइँ पनि भनेसमानको भेटियो । सुन्दर, ज्ञानी अभिषेक ज्वाइँ हुनुहुन्छ । कवीन्द्र बाबा, रन्जिताले झम्काएर मुन्नुको विवाहको तयारी गरे । नातागोता, इष्टमित्र, झकिझकाउ रमाइलो खपिसक्नु भएन ! नातिहरू अनिल, सुनील, नृपेश टेक्ससदेखि बहिनीको विवाहमा भर्जिनिया घरमा आए । मैले र दुलही रन्जिताले ज्वाइँ अभिषेकलाई सहेली गऱ्यौँ । राम्रा न राम्रा बेहुलाबेहुली, खुलेका, हाँसेका, हर्षले मेरो छाती गद्‌गद भयो । कति हो कति नि मलाई हर्षैहर्ष भयो ।

नातिनी अन्माउने बेलामा मेरो मुटुमा गाँठो पऱ्यो, जसरी पनि बेहुली अन्माउनु नै पर्ने, छोरीले अर्काको घर जानैपर्ने, हामी पनि त्यसरी नै विवाह गरेर आयौँ । हाम्रा छोरी, नातिनीलाई पनि सधैँ सुख शान्ति होस्, मैले प्रार्थना गरेँ । 'बाबै मुन्नु ! कुलको इज्जत थामेर, सबैकी हाईहाई भएर खानू, सधैँभरि हाँसिरहनू, ज्वाइँको मानमर्यादा राख्नू' भनेर नातिनी बिदा गऱ्यौँ । मुन्नु र ज्वाइँ पनि सधैँ हाँसीखुसी मिलेर बसी खाइरहेका छन् । नातिनी र ज्वाइँ हाँसीखुसी आउँदा मलाई साह्रै आनन्द लाग्छ ।

अमेरिकामा सबैलाई पुगीसरी आएको हुन्छ । एउटा सामान मन नपरेपछि, अर्को सामान किन्न मन लागेपछि कस्ताकस्ता भर्खर किनेका सामान पनि सडकमा ल्याएर मिल्काउँछन् । कसैलाई

त्यो सामान चाहिएको रहेछ भने लान्छन् पनि । एक पटक म बाटोमा हिँड्दै थिएँ । एउटा अमेरिकनले नयाँ न नयाँ, राम्रो न राम्रो ऐना ल्याएर सामान उठाउने ठाउँमा राख्यो । त्यो आफूसमानको ऐना छ । त्यसै लोभ लाग्ने रहेछ तर यसरी किन सामान फालेको जस्तो मलाई लाग्यो । अर्कोले नयाँ सोफा ल्याएर फाल्यो, अर्कोले दराज फाल्यो, सबैलाई गुड मर्निङ भन्यो, हात हल्लायो, हिँड्यो । उनीहरूको भाषा बुझ्दिँन । मैले 'बाबा, बाटामा नयाँनयाँ सामान फाल्दा रहेछन्' भनेर सोधेँ ।

'ए मुमा ! यिनीहरूलाई पुगीसरी आएको छ, अर्को फेर्न मन लागेपछि फालिहाल्छन् ।' कवीन्द्र बाबाले जबाफ दिन्छ । यिनीहरूको कमाइ पनि राम्रो, सुखसुविधा पनि राम्रो, सरकार पनि राम्रो भएपछि सबैतिर राम्रो हुँदो रहेछ ।

•

मैले अमेरिकामा हेर्नुपर्ने र घुम्ने ठाउँ कतै पनि बाँकी रहेन । नातिनी कृपा पनि हुर्किँदै गइन् । सम्धी र सम्धिनी सँगै हुनुहुन्थ्यो । कवीन्द्र बाबाका घरको चञ्चलाश्री दस वर्षसम्म हेरियो, भोगियो । सागपात तुलफूल सबै रोपियो । बारीमा काँक्रा फलाएर खैपी, दहीकाँक्रो प्रशस्त खाइयो । मलाई कुनै कुराको कमी भएन, बुहारी रञ्जिता पनि मजस्तै रउसे छिन् । रञ्जिताले ठूलाठूला महलमा लगेर के चाहिन्छ मुमा भन्दै रोजाएर सामान किनिदिन्थिन् । छोराबुहारीले मलाई हत्केलामा राखेका थिए । तैपनि सपनाजपना नेपालकै हुने रहेछ । सम्धीसँग बात मार्दा सधैँ चुहानडाँडाकै कुरा हुन्थे । सम्धीलाई पनि हाम्रा सबै खेत खलियान, बारी, बस्तुभाउको नाम कण्ठजस्तै भएको थियो ।

अमेरिकामा बस्ने मानिसहरू सबै नेपाल आमाको काख सम्झिएर रुन्छन् । यहाँको ढिडो, गुन्द्रुक सम्झिएर कल्पिन्छन् र बनाउने प्रयास

गर्छन् । उनीहरू भ्याएसम्म आफ्ना चाडबाड मनाउने कोसिस गर्छन्, इष्टमित्र भेटघाट गर्ने कोसिस गर्छन् । अमेरिकामा धेरैले उन्नतिप्रगति गरेका छन् । अमेरिकामा नेपालीहरू आफ्नो देशको पनि यस्तै विकास भए कति राम्रो हुन्थ्यो भनेर चिन्ता गरिरहन्छन् । नियम कानुन कडा भएको ठाउँ र देशका नेताले देशको विकास गर्न लागिपरेको र मरिमेटेको खण्डमा त्यो देशको विकासचाहिँ हुने रहेछ ।

नेपालमा पनि म धेरै ठाउँ घुमेकी छु । सहरचाहिँ फोहोर नै फोहोर छ, सबैको मन मिल्नु पर्‍यो नि ! पर्थामा देश बनाउन भनेर चुनिएका नेताहरू आपसमा लड्दै, मार्दै र मर्दै ठिक्क छ । हे ईश्वर, मानिसले सत्य, धर्म र इमान छोडेपछि विनाशतिरै मति जाँदो रहेछ । मलाई कहिले असल र देशको माया गर्ने मानिस आउलान् र नेपालको विकास होला भनेर चिन्ता लागिरहन्छ । यिनीहरू गर्छु, गर्छु त भन्छन् फुस्सा ! सबै नेता स्वार्थी भएपछि कहाँबाट देशको विकास हुनु !

विदेशमा जति चमकधमक भए पनि आफ्नै देशको धूलो प्यारो रहेछ । नेपालका हिमाल, पाखा, पखेरा, नदीनाला कति राम्रा छन् । यहाँका धान रोप्ने खेत, मकैबारी, जङ्गल सबै राम्रा छन् । नेपाल त झन् हीराको टुक्रा हो नि । नेपालजति राम्रो पृथ्वीमा कहाँ होला र ? खगेन्द्रले सधैँ 'पृथ्वी विचार' भनेर लेखिरहन्छ । कुनै न कुनै दिन त देशको रक्षा गर्ने पृथ्वीनारायणजस्तै असल मानिस जन्मेलान् नि नेपालमा पनि !

अमेरिकामा पतिपत्नीको यसो ठाकठुक पर्नासाथ छोडपत्र गरिहाल्ने बानीचाहिँ राम्रो लागेन । उनीहरूको कस्तो मायापिरती, घरबार, छोराछोरी सबै एकैछिनमा समाप्त हुने रहेछ; केही कुरा त दुवै जनाले सहनु पनि पर्छ नि ! 'मेरा गोरुको बाह्रै टक्का' त कसैले पनि गर्नु हुँदैन । म ठीक तँ बेठीक भनेर घमन्ड गर्ने, हार्न कसैले नहुने, साना कुरामा मनमुटाव गर्ने, इष्टमित्रले सम्झाएको पनि

नमान्ने, हिजो चुक्क म्वाइँ खाँदै हिँडेका हुन्छन्, आज छुट्टिए रे ! भनेको सुन्दा दिक्क लाग्ने रहेछ । आमाबाबुको छुटाराम भएपछि छोराछोरीको बिचल्ली भएको देख्दा मनमा साह्रै दु:ख लाग्दो रहेछ । कतिपय कुरामा त मानिसले पृथ्वीजस्तै सहन पनि सक्नुपर्छ । कहिलेकाहीँ जति चुप लाग्यो त्यही जितिन्छ ।

# अमेरिकाबाट नेपाल फिर्ती

आधा छोराछोरी अमेरिकामा भए तापनि मेरो मन त्यहाँ अडिएन । कवीन्द्र बाबाले मेरो ग्रिनकार्ड पनि बनाइदियो । जीवनको अन्तिम बेलामा मलाई नेपाल आमाकै काखमा आउन मन लाग्यो । यहीँको माटो प्यारो लाग्यो । मेरा नातागोता सबै यतै छन् । गणेशथान, पशुपतिनाथ, गुह्येश्वरी, पाथीभरा, नाम्जाङकी भगवती सबै देवीदेवता यतै छन् । देवघाट कति राम्रो छ, पोखरा त्यस्तै, तमोर नदी कति प्यारो छ ।

‘बाह्रैमा हाते नि पटुकी मेरो हेर हौ बारुले कम्मरलाई
यतिमा राम्रो नि यो मेरो जोवन हेर हौ त्यही तल तम्मरलाई ।’
म गीत गाउँछु ।

‘मुमा अन्तिम बेलामा तम्मरमा पुगिएन भने नि ?’ कवीन्द्र बाबाले सोध्छ ।

‘ए केही छैन बाबै, मलाई जहाँ लगे पनि त्यो तम्मर नै हो । त्यही हिमालबाट बगेका छहरापहराबाट झरेका झरना सबै मेरा लागि तम्मर हुन् ।’ म सहजै जबाफ दिन्छु ।

•

अमेरिकाबाट फर्किने बेलामा बाबाले सबै आफन्तलाई बोलाएर रमाइलो गऱ्यो । सबैले गाए, नाचे, कविता भने, सबैले मलाई

शुभकामना, उपहार, खर्चबर्च दिए । रुवाबासी भयो, छोरा शङ्कर साह्रै रोयो । प्यारो नाति निर्माणका पहेँला गालामा म सधैँ चुक्क म्वाइँ खान्थेँ । नाति निर्माणले साह्रै राम्रो भाषण गर्‍यो । मैले पनि सँगिनी, गीत गाइदिएँ; साह्रै नै रमाइलो भयो । मैले सबै छोराछोरीलाई आशीर्वाद दिएँ । कवीन्द्र बाबा, रञ्जिता, कृपालाई छोडेर हिँड्नुपर्दा मेरो मुटु उतै छोडिएजस्तो भयो ।

म अमेरिकाबाट नेपाल फर्कंदा बाटामा छोरो कपिलकी दुलही खगेश्वरीसँग आएँ । कति लामो बाटो भने ? जहाज हिँडेको हो कि बसेको हो पत्तो नहुने रहेछ । बेलाबेला खाँदै, उड्दै; हत्तेरिका कति उड्नुपर्ने, उडेको उडै, उडेको उडै, उडेको उडै, पटचारलाग्दो नि ! जहाजमा एक जना नेपाली साथी पनि थिइन् । गीत गाउँदै, सँगिनी गाउँदै रमाइलोसँग नेपाल आइपुगियो ।

नेपाल आउँदा छोराछोरी फूलमाला लिएर एयरपोर्टमै मलाई लिन पुगेका रहेछन् । 'लुखास्त ! नेपालको माटो टेकियो' मेरो मन साह्रै हलुङ्गो भयो, शीतल भयो । खगेश्वरी बुहारीलाई लिन उनैको दिदीको छोरा आएका रहेछन् र उनी उतै गइन् । म रातोपुलको घरमा गएँ । सबै छोराछोरी नातिनातिना 'आमा कतिखेर आउँछे' भनेर बाटो हेरेर बसेका रहेछन् । मेरो हर्षले छाती ढुक्क भयो । मैले सबै छोराछोरीका गालामा चुक्क म्वाइँ खाएर चकलेट उपहार दिएँ । रातोपुलमा खगेन्द्र, शान्ता र नातिनीहरू विज्ञाता, सुज्ञाता बस्छन् ।

सबै छोराछोरीले गाए, नाचे, मैले पनि गीत गाइदिएँ । अनि खाना खाएर ज्वाइँ, छोराछोरीहरू आआफ्ना घर गए । म आफ्नो ओछ्यानमा घुप्लुक्क सुतेँ । गुह्येश्वरी माता र पशुपतिनाथको काखमा मलाई आनन्दको निद्रा लाग्यो ।

म नेपाल आएपछि रातोपुल हाम्रो मूल घर भयो । मेरो सबैसँग भेटघाट, आऊजाऊ, घर घन्चमन्च भयो । नेपालको रौनक नै अर्को भयो । ठूलो नातो छ, यहाँ आनन्दको बसाइ छ । जस्ता मानिस घरमा

आउँदा पनि शान्ताको व्यवहार विशिष्ट हुन्छ । शान्ता साह्रै लक्षिनकी छन् । शान्ताका दिदीबहिनी वरिपरि छन् । हाम्रो घरमा उनीहरू आइरहन्छन्, रमाइलो हुन्छ । छोरी राधा दुईचार दिन आइनन् भने मलाई उनको न्यास्रो लाग्छ । नेपालमा बाटामा हिँड्ने जोसुकै मानिसहरू पनि आफ्नो लागेर बोलिहालिन्छ । सोधीखोजी गर्छन्; को, कहाँको, बसाइ कताको, यहाँ कस्तो आफ्नोपन छ । कोहीकोहीसँग त साइनो पनि लागिहाल्ने रहेछ । हाम्रो नेपालमा भेट हुँदा बोलचाल गर्ने सबैलाई आफ्नो सम्झने योचाहिँ साह्रै राम्रो चलन छ । नेपालमा रहँदै जाँदा नातिनीहरूको विवाह गर्ने साइत आयो ।

सुज्ञाता नातिनीको विवाह आफ्नै हातले असीम ज्वाइँसँग गरिदिन पाएँ । आफ्नै काखमा हुर्किएकी थिइन् सुज्ञाता नातिनी । काखकी नातिनी सुज्ञाता अन्माउँदा मुटुमा गाँठो पऱ्यो । ज्वाइँ असीम भनेसमानको हुनुहुन्छ– पुक्खली, मायालु, बुरुक्की । नातिनीज्वाइँ हाँस्दै र नाच्दै घरमा आउँदा मेरो मन गद्गद हुन्छ ।

त्यसै गरी विज्ञाता नातिनीको पनि संवाद शर्मा ज्वाइँसँग आफ्नै हातले विवाह गरिदिन पाएँ । यो नातिनीको विवाहमा त आफैँले सात मुठा पातको दुना टपरी गाँसे । संवाद ज्वाइँ पनि रमाइला हुनुहुन्छ । नातिनीहरूको विवाहपछि अहिले हाम्रो घर शून्य भएको छ । नातिनीहरूले सुखशान्ति पाऊन् भनेर म तपस गरिरहन्छु ।

•

रातोपुलको हाम्रो घरको कौसीमा ताता घाम लाग्छन्, म सधैँ कौसीमा बसेर घाम ताप्छु । चारैतिर खुला छ, छतबाट संसार देखिन्छ । रमिता हेऱ्यो, बस्यो । तुलसीको मठबाट बास्ना चल्छ । गमलामा फूल ढकमक्क फुलेका छन् । थरीथरीका तरकारी लगाएका छन् । म घाममा बसेर तरकारी केलाउँछु । अगाडिको अग्लो घरको भित्तामा ससाना प्वाल छन् । ती प्वालमा भँगेरा आएर पस्छन् । मलाई तिनीहरूको कति माया लाग्छ भने नि– बरा कहाँकहाँ पुगेर सानो

गोजेरोमा कति चारो बोकेर ल्याएर बच्चालाई खुवाउलान् ? कल्ले दिन्छ तिनीहरूलाई चारो ? चारो कहाँ पाउलान् ? चार चौरास घुमेर चारो खोज्यो फेरि जालमा पऱ्यो भने सक्किगो ? यिनीहरूको जिन्दगी कति कठिन छ ? यो सृष्टि चराचरजगत्मा जोईपोइ नभई पनि नहुने रहेछ । सबैले जहानबच्चा पाल्नै पऱ्यो । त्यो प्वालमा सर्प पस्छ कि भनेर म जगजगी हुन्छु । भँगेराहरू उड्ने बेलामा म आशीर्वाद दिन्छु– 'तिमीहरूले नजिकै धेरै चारो पाएस् है ।'

हाम्रो पहाडमा हामीले सुकाएका बिस्कुनले नै चराचुरुङ्गी अघाउँथे । त्यहाँ मकैको थाङ्ग्रोमै पनि भँगेराले गुँड लगाउँथे । तोरीको कुन्यू, कोदाको कुन्यूमा त भँगेरा छपक्कै बस्थे । सधैँ हामी पनि चरालाई चारो छरिदिन्थ्यौँ । बारीमा छरिएका अन्नले पनि चराचुरुङ्गीलाई चारो पुग्थ्यो । रायो, तोरी पाकेको बेलामा बोटबोटै चरा कोसा खोतलिरहेका हुन्थे ।

फेरि परेवा पनि गुडुगुडु गर्दै कौसीमा घुम्छन्, चारो खान्छन् । कठै ! यिनीहरूको गुँड कता होला ? के खोजेर गोजेरो भर्दा हुन् ? बच्चा कसरी पाल्दा हुन्; झरी, बादल रुझ्दै र भिज्दै । यिनीहरूको गुँडको ठेगान नहुँदा फेरि कागले फुल, बच्चा खाइदिन्छ । हे भगवान् ! मलाई यिनीहरूको पीरैपीर छ । सबैका छतछतमा परेवा घुमेको देखिन्छ तर कतै गुँड देखिँदैन । रातिचाहिँ बिचल्ली हुँदो रहेछ परेवाको । म पशुपतिनाथ जाँदा परेवालाई चारो लिएर जान्थेँ । मौकामा हामी मन्दिर घुमिरहन्छौँ ।

खगेन्द्र र शान्ताले मलाई साह्रै माया गरेका छन् । म कहिलेकाहीँ बिरामी पर्छु, मेरो कारणले सबैलाई दु:ख हुन्छ कि भन्ने मलाई पीर लाग्छ । मलाई डाइवेटिज र प्रेसर छ । म आजकल भर्खर भएका कुरा छिट्टै बिर्सिन्छु । मानिसको कच्चा शरीर ! आफ्नो भागभोग कहिलेसम्म छ ? हिँड्दाहिँड्दै, बोल्दाबोल्दै, सबैलाई दिँदादिँदै राम्रा दिनमा सरक्क परमधाम जान पाए हुन्थ्यो । कस्तो छ आफ्नो तपस । जय श्री अम्बे ।

# मेरो तीर्थयात्रा

**पशुपतिनाथ यात्रा र मेरो गायनको कुरा**

२०२० सालमा म बिरामी भएपछि मलाई पतिदेवले काठमाडौँ पठाउनुभयो । मलाई एकदम खुन जाने बिमार भयो । साइँला नानीको जडीबुटी गाउँका सबै धामी, वैद्य, डाक्टरले ओखति गर्दा पनि पार नलागेर साइँली आमाजू (कुन्तीदेवी उप्रेती)ले मलाई काठमाडौँ झिकाउनुभयो । आमाजूले 'माइलीलाई काठमाडौँ छिटो ल्याओ दवाई गर्नुपर्छ' भनेर चिठी, खबर पठाको पठाई गर्नुभयो । ठूलो छोरो मोहन पनि काठमाडौँमा पढ्दथ्यो । पतिदेव, माइली भान्जी (हिमादेवी, गैरीकी माइली, देउरानी वेदमाया) र भरिया डाँडाघरे साइँलो लिम्बू र पाङ्ग्रेटार माइला बुढाथोकी नानी पनि हुनुहुन्थ्यो । म कहिले ढाकरमा र कहिले हिँड्दै चार दिन लगाएर हामी धरान आयौँ, त्यसपछि धरानबाट सानो बस चढेर विराटनगर पुग्यौँ । पतिदेवले मलाई, माइली देउरानी र माइली भान्जीलाई काठमाडौँका लागि जहाजमा चढाएर आफू झापा जानुभयो । त्यो बेला जहाजको भाडा पैँतालिस रुपियाँ थियो । नानी मोहन एयरपोर्टमा हामीलाई लिन गएको थियो । हामी काठमाडौँमा साइँली आमाजू बसेको ठाउँ क्षेत्रपाटीमा गएर बस्यौँ । ठूलो बस चढाएर साइँली आमाजू र नानी मोहनले मलाई शान्तभवन लगे । त्यति ठूलो घरजस्तो बस मैले कहिल्यै देखेकै थिइनँ । त्यो बस चढ्न पाउँदा भान्जी र म कति रमायौँ भने नि !

पन्ध्र दिन शान्तभवन बसेर उपचार गरेपछि मलाई पहिलाको जस्तो बिरामी परेर खुट्टा नै टेक्न नसक्ने भएन । माइली भान्जी अस्पतालमा मसँगै बस्नुहुन्थ्यो । नानी मोहन र साइँली आमाजू, अरू केटाकेटी बेलाबेला भेट्न र मलाई खाना लिएर आउँथे । बद्रीप्रसाद थपलिया मामा, देवीप्रसाद थपलिया मामा पनि मलाई भेट्न आउनुहुन्थ्यो, सम्झाउनुहुन्थ्यो, डाक्टरसँग मेरो स्वास्थ्यको बारे कुरा गर्नुहुन्थ्यो । बिस्कुटका बढाबढा टिनका बट्टा, अनारको रस, ग्लुकोज, हर्लिक्स र अनेक किसिमका तागतिला खाना ल्याएर साइँली आमाजूले मलाई खुवाउनुहुन्थ्यो, मेरी आमाजस्तै साइँली आमाजू हुनुहुन्थ्यो । साइँली आमाजू सबैकी आमा, संसारकी आमा, दयाकी खानी हुनुहुन्थ्यो । साइँली आमाजू काठमाडौँमा त्यस बेला सबैकी साहारा भएर बस्नुभएको थियो । अस्पतालमा बस्दा मलाई कस्तो सबैको न्यास्रो लाग्दथ्यो । म साना छोराछोरी छोडेर आएकी थिएँ, तिनीहरूसँग मेरो भेट हुन्छ कि हुँदैन जस्तो लाग्थ्यो पछि निको भएँ । पहाड घरमा महतारी दिदी हुनुहुन्थ्यो, त्यसैले मलाई ढुक्क थियो  तर आमाको मन सधैँ छोराछोरीमै खनिँदो रहेछ ।

म चार महिना काठमाडौँ बस्दा साइँली आमाजूले दिएको माया जीवनमा बिर्सिनसक्नु छ । साइँली आमाजूले मलाई राम्राराम्रा लुगा, नेपाली ढाका, फुर्के धागा किनिदिनुभयो । हामीले गुह्येश्वरी, पशुपतिनाथको दर्शन गऱ्यौँ; बूढानीलकण्ठ दर्शन गऱ्यौँ । साइँली आमाजूले दक्षिणकाली, थुप्रै मठमन्दिर घुमाउनुभयो । मलाई त यो ठूलो तीर्थयात्रा जस्तो लाग्यो । त्यो बेला पशुपतिनाथको दर्शन गर्न पाउनु पनि ठूलो भाग्य मानिन्थ्यो । मैले पशुपतिनाथबाट धेरै प्रसाद, सिन्दूर, टीका, चुरा, पोते, धागा, माला, देवीदेवताको तस्बिर भएका फोटा, लकेट लगेँ । त्यो बेला गुह्येश्वरी, पशुपतिनाथको प्रसाद पाती अपार हुन्थ्यो सबैलाई । मैले पहाडमा गुह्येश्वरी, पशुपतिनाथको जल लगेँ । मैले यो बेला बिरामीको पीडाभन्दा पनि पशुपतिनाथको दर्शन गर्न पाउनु मेरो अहोभाग्य सम्झिएकी थिएँ ।

आमाजूले मलाई सिंहदरबारमा लगेर रेडियो नेपालमा गीत गाउन पनि लगाउनुभयो । माइली भान्जीले र मैले सँगिनी पनि गायौँ । मैले धर्मराज थापासँग लोकगीत पनि गाएँ । धर्मराज थापाले 'तपाईंको स्वर साह्रै राम्रो रहेछ, लु कलकत्ता गएर गीत रेकड गर्नुपर्दछ' भन्नुभयो । साइँली आमाजूले 'जाजा माइली कलकत्ता, गीत रेकर्ड गरेर पहाड फर्कनू' भन्नुभयो तर म भुराको न्यास्रोले भुतुक्क भएकी थिएँ र घरै गएँ । काठमाडौँबाट घर फर्कंदा नाति मोहन (ठूले) हाम्रो साथमा थियो । माइली भान्जी केही समय साइँली आमाजूसँग बस्नुभयो, म र देउरानी वेदमाया थियौँ । नाति ठूलेले साह्रै सुबिस्तासँग हामीलाई लग्यो । म बाटामा हिँड्न नसकेर आराम गर्नुपर्दथ्यो । ठूलेले मेरा र वेदमायाका गोडा मिचेको मिच्यै, तागतिला खाना खुवाएको खुवायै अति नै सेवा र माया गरेर पाँच दिन लगाएर चुहानडाँडा पुऱ्यायो । मेरो प्यारो नाति ठूलेका पहेँला गालामा चुक्क म्वाइँ खाएर मैले सहस्र आशीर्वाद दिएँ । काठमाडौँबाट चुहानडाँडा घरमा आएपछि ठूला छोराछोरीले मलाई चिने, सानाले चाहिँ चिनेनन् । राधे तीन वर्षकी मात्रै थिई, उसले मलाई नचिनेर मैले उसलाई मिठाई दिँदा परबाट मुख लुकाएर हात पछाडि फर्काएर थापेकी थिई र सबैको हाँसो भएको थियो । पछि ठूले (मोहनप्रकाश सिटौला) नेपालको सर्वोच्च अदालतको न्यायाधीश भयो । मेरो छाती हर्षले गद्गद भयो । यो नाति अति नै राम्रो न्यायनिसाफ गर्दछ । बुहारी कृष्णा पनि साह्रै असल छिन्, यिनले जस्तो चोखोनितो जोकोहीले गर्दैनन् । अमेरिकाबाट आएर पनि यो नातिको घर कलङ्कीमा गएर मैले यिनीहरू सबैलाई आशीर्वाद दिएँ । यिनीहरूले मलाई पनि अति नै चीज गर्छन् ।

पछि २०३९ सालमा ठाइँलो छोरो चैतन्यको विवाहमा काठमाडौँ आउँदा बालाजुमा धर्मराज थापासँग मेरो भेट भएको थियो । मैले पुरानो कुरा धर्मराज थापालाई सम्झाउँदा 'हुनहार भयो नि हेर,

अहिले रेडियोबाट आफ्नो स्वर सुन्दा कति आनन्द लाग्दथ्यो' भनेर हाँसो भयो । तर त्यो बेला काठमाडौँ अर्कै सहर भइसकेको रहेछ ।

**कामाक्षा माता**

छोरो देवेन्द्र एक्कासि स्वर्गवास भएपछि मलाई ठूलो बज्रपात पऱ्यो । मेरो होसहवास सबै गुम्यो, म अचेतजस्ती भएँ । जगरबगर सबैतिर उसलाई खोज्दा पनि ऊ कतै थिएन । कहीँ, कतै जाँदा पनि मैले मेरो मन बुझाउन सकिनँ । माइली भान्जीले मलाई एकैछिन एक्लै छोड्नु भएन । मेरो अपघात देखेर त्यहाँका ढुङ्गामाटो, झारपात सबै रोए ।

'वारि वन जल्यो नि, पारि वन जल्यो, रानीवन जलेन
दैवको लाठी नि घुमेर आउँदा मेरो केही चलेन ।'
म यसरी गीत गाउँदै हिँड्थेँ ।

छोरी जमुना नाति किशोरलाई लिएर आसामबाट दसैँमा चुहानडाँडा आएकी थिइन् । मङ्सिरतिर जमुना छोरीसँगै पतिदेवले कान्छा नानी भोलानाथ र माइली भान्जीको साथ लगाएर मलाई झापा पठाउनुभयो, साथमा कान्छी छोरी विजया पनि थिई । उज्याली नानीले कान्छी छोरी विजयालाई डोकामा बोकिन् । म झापा शिवगञ्ज भाइ मोहन मैनालीकहाँ गएँ । मलाई देख्नासाथ भाइ मोहन नै ढले । कृष्णा छोरीले उसै गरी बिलौना गरी । जसले जसो गरे पनि मेरो देवेन्द्र फर्किँदैनथ्यो । भाइ मोहनले मलाई सबैतिर घुमाए, खर्च दिए, लुगाफाटो किनिदिए । मेरा भाइले मलाई हृदयभरिको माया गरे ।

त्यसपछि हामी जमुनालाई पुऱ्याउन र कामाक्षा माताको दर्शन गर्न आसाम गयौँ । जेठो छोरो धर्मानन्द पनि 'काकी म छु नि' भन्दै हामीसँगै आसाम हिँड्यो । हामी रेलमा चढेर सरर आसाम गयौँ । सुइँय्य, रेलको सिटी ! सीधै गुवाहाटी पुगेर मलगायत सबैले कामाक्षा माता, उमानाथ सबैतिर दर्शन गरेर दानदक्षिणा गऱ्यौँ ।

मैले देवेन्द्रको कोट ब्रह्मपुत्रमा बगाइदिएँ । सम्धी टीकाराम सेढाईंको घर र छोरी जमुनाकहाँ हामी बस्यौँ । सम्धीले अनेक तरहले मलाई सम्झाउनुभयो– 'सम्धिनी देवेन्द्र कृष्ण अष्टमीकै दिन वैकुण्ठ गयो, ऊ श्री कृष्णकै स्वरूप थियो, त्यस्तै ज्ञानी, त्यस्तै कल्याणकारी थियो । मानिसले आयु जन्मिँदा नै लिएर आएको हुन्छ, कोही सय वर्ष बाँचेर पनि व्यर्थको जीवन बाँच्छन् तर देवेन्द्र छोटो आयुमा पनि सबैको हृदयमा वास गरेको छ । मैले उसलाई भेट्दा ऊ विशिष्ट गुण भएको बालक मलाई लागेको थियो । ऊ कृष्ण थियो ।'

सम्धीसम्धिनीले मलाई हँसाएको हँसायै गर्नुहुन्थ्यो । मेरा रुँदारुँदै आँसु सुकिसकेका थिए । केवली ज्वाइँले हामीलाई सबैतिर घुमाउनुभयो । साह्रै राम्रा र अति प्यारा केवली ज्वाइँ, पुक्खली, हँसाइ पनि राम्रो थियो । मैले त्यहाँ रेडीका खास्टा, मुगाका चोला, मणिपुरे थाल, बटुका, अम्खोरा किनें । सबैले आसाममा यस्ता सामान किने ।

आठदस दिनपछि हामी त्यहाँबाट काशीतिर हिँड्यौँ । जय गङ्गे ! जय गङ्गे ! हरहर गङ्गे ! मैले देवेन्द्रको नाम लिएर उसलाई पानी चढाएँ, दानदक्षिणा गरेँ । देवेन्द्रजस्तै केटाहरूलाई मैले पैसा दिएँ । त्यहाँको साँझको आरती कति राम्रो थियो । मैले तुम्लेटमा गङ्गा नदीको गङ्गाजल भरे । जेठो छोरो धर्मानन्द भएपछि कसैले हेप्न नसक्ने रहेछ । काशीमा पन्डाहरूले 'ऐसा करो माई, तैसा करो माई' भनेर ठग्न खोज्दा जेठो छोरो धर्मानन्दले उनीहरूको सातो लिइहाल्थ्यो । त्यताबाट विराटनगर, झापा हुँदै हामी हाम्रो चुहानडाँडा घर फर्कियौँ ।

छोराछोरी सबै 'मुमा ! मुमा !' भन्दै मसँग झुम्मिए । मैले सबैलाई मिठाई दिएँ, उनीहरूलाई ल्याइदिएका उपहार दिएँ । 'मुमा' भन्दै देवेन्द्र पनि आउँछ कि जस्तै मलाई लाग्यो तर ऊ आएन ।

'चौराली डाँडो सेताम्मे भयो चैते चाँपैले
दु:ख र सुख सबैलाई हुन्छ मन बुझाऊँ आफैँले ।

टपक्क टिपी बारीको फूल कलशमा सजाउँछु
आफैं नै रुन्छु, आफैं नै हाँस्छु, आफैं मन बुझाउँछु ।'

**पाथीभरा देवी**

२०२७ सालमा बाबा कवीन्द्र तीन वर्षको भएपछि उसलाई पाथीभरा देवीको दर्शन गराउन लाने भयौँ । हाम्रो तीर्थयात्रामा जेठाजु वेदचार, सानीमा (जेठी जेठानी), पतिदेव, साइँलो छोरो राम, ठूली छोरी मैयाँ, कृष्ण भानिज र दुई जना भरिया थिए । राम्रो साइत हेरेर पतिदेवले हामीलाई लिएर पाथीभरा हिँड्नुभयो । घरबाट दोकानडाँडो, आहालडाँडो, औँसीहाट, स्कुल हुँदै भित्रिया पोखरी, इवा, ह्वाकु, निहुरादिन, फूलबारी, कमलपोखरी, खडकुडे पुल तरेपछि माथि बानन्देबाट उकालैउकालो तोक्मेडाँडा ठाडो उकालो नि मेरी आम्मै ! उकालो हिँड्दाहिँड्दा यसो चौतारो आएपछि थकाइ माऱ्यो, 'शीतलमा बस्यो, पानी पियो, हिँड्यो । खाजा, पानी, फलफूल खाँदै, हाँस्दै र रमाउँदै, बेलाबेला ठट्टा गर्दै, गाउँदै हामी गयौँ । यो यात्रामा मलाई अति नै रमाइलो र मनमा आनन्द मिलेको थियो । सुकेटार पुगेपछि मेरो सास आयो । बाटामा खाजा, फलफूल, दही खाँदै; गीत गाउँदै; बात मार्दै पतिदेवको साथ, छोराछोरीसहित मेरो अति सन्तोषपूर्ण यात्रा रह्यो ।

पाथीभरा माताले बोलाउनुभयो हामीलाई, तीन दिन लाग्यो हामीलाई पाथीभरा पुग्न ।

सुकेटार पुगेपछि लम्पसार तेर्सैतेर्सो लामो बाटो हिँडेर हामी तल्लो फेदीमा बास बस्यौँ । हामीसँग सामलतुमल भाँडाकुँडा सबै थियो । छोरो राम र कृष्ण भानिज फुर्तिला थिए । हामीले ससाना गोठमा वास बसेर खाना पकाएर खायौँ । जेठाजु, पतिदेवले पनि खाना मीठो मान्दै, खाँदै यहाँसम्म आइपुग्यौँ । सानीमा, जेठाजु साथमा हुनुभएको हुनाले बाटो काटेको मलाई पत्तै भएन । उकालो खुड्किलैखुड्किला हिँड्दाहिँड्दा बात माऱ्यो, हाँस्यो । जेठाजुले बाबालाई बेलाबेला सुमसुम्याइरहनुहुन्थ्यो ।

कञ्चनजङ्गा, कुम्भकर्ण हिमालका सुनौला रङ कति राम्रा र नजिकै देखिने भने नि, हेरिरहूँ लाग्ने; बिछट्टै राम्रो ! लालीगुराँसै पो फुलेको हो कि जस्तो, टपक्कै टिपेर मन्दिरमा चढाऊँ, कपालमा सिउँरिऊँ जस्तो लाग्थ्यो । भोलिपल्ट बिहानै हामीले पाथीभरा माताको दर्शन गऱ्यौं । मैले देवेन्द्रको कलम बोकेको थिएँ, उसले जम्मा पारेका पैसा थिए, सबै पाथीभरा मातालाई चढाइदिएँ । मैले बाबा कवीन्द्रलाई पाथीभरा देवीको चरणमा दर्शन गराएँ । हामी सबैले धूप, नैवेद्यसहित पूजा, आरती गऱ्यौं, मन्दिर घुम्यौं, मन प्रसन्न भयो । कुल, पितृ सम्झेर हामीले पूजापाठ गऱ्यौं । घरबाट हिँडेको चौथो दिनको बिहानीमा हामी पाथीभरा देवीको काखमा पुग्यौं ।

आहा ! कस्तो कञ्चन कञ्चनजङ्घा ! म त हिमालभन्दा माथि पो छु जस्तो मलाई लाग्यो । बिहानीका झुल्के घाममा टलक्क टल्किएका सुनौला हिमाल, पाथीभरा देवीको आशीर्वाद मिलेको क्षण, मेरो मन त्यसैत्यसै फुरुङ्ग भयो । पृथ्वीतलमा योभन्दा सुन्दर ठाउँ कहाँ होला र ? घना जङ्गल, तरेलीतरेलीका हरिया डाँडा, सुनले कुँदेको हिमालबाट सप्तरङ्गी इन्द्रेणीको रङ फैलिएको ! स्वर्ग भनेको यही रहेछ । पतिदेव पनि भावुक हुनुभयो । हामीले हाँस्ने र रुने सँगै गऱ्यौं अनि धेरै रमायौं । 'श्री अम्बे माता हामी तिम्रा शरणमा छौं, सबैको कल्याण गर, सबैको रक्षा गर ।' भन्दै मन्दिरवरिपरि हामी घुम्यौं । जेठाजु र पतिदेवले मन्दिरमा मन्त्रोचारण गर्नुभयो, स्तोत्र पाठ गर्नुभयो, मेरा मनमा हर्षैहर्ष भयो ।

पाथीभरा देवीको मन्दिर धेरै माथि हुनाले तीर्थयात्रीलाई सास फेर्न पनि कस्तोकस्तो हुने रहेछ ।

मन्दिरको प्रसादपाती बोकेर हामी बिस्तारै तलतल झऱ्यौं । खुड्किलैखुड्किला तल झर्दा हाम्रा पिडौला बाउँडिचो । हामी बाटामा खाना पकाउँदै, खाँदै हिडचौं । गोठमा दही किन्दै, ए रमितै लाग्ने भेडीगोठ रहेछन्, हेर्दै हामी तलतल झऱ्यौं । लगातार हिँड्दै माथ्लो

फेदी, तल्लो फेदी हुँदै हामी हाङपाङतिर लाग्यौं । लगातार हिँडेको हिँडै गरेर दोभानको पुल (तम्मर र नयाँ खोला)मा बसेर हामीले खाजा खायौं, हातखुट्टा धोयौं अनि उकालो लाग्यौं । सोबुवा खोला तरेर हामी साँझमा हाङपाङ आमाको काखमा पुग्यौं । हामीलाई देखेर खुसीले मेरी आमा गद्गद हुनुभयो, मेरो माइतमा खुसीको बहार आयो । हाङपाङमा सबै मामामाइजूहरूलाई मैले पाथीभराको प्रसाद बाँडें । दुईचार दिन आमासँग बसेर हामी चुहानडाँडा फर्कियौं । चुहानडाँडा फर्किंदा खाम्लालुङ साइँला नानीको घरमा हामीले पाथीभराको प्रसाद पुऱ्यायौं । जता, जहाँ जाँदा पनि बाटामा पतिदेवलाई मानिसहरूले घेरिहाल्थे । उहाँ बाटामा पनि न्यायनिसाफ, समाजसेवाका कुरा गर्दै हिँड्नुहुन्थ्यो । घरबाट हिँडेदेखि नै उहाँलाई धेरै मानिसले घेरेका हुन्थे । जेठाजु, सानीमासँगसँगै यो लामो यात्रा साह्रै रमाइलो र मलाई बिर्सिनसक्नुको भएको थियो ।

**चारधाम**

पतिदेवको स्वर्गारोहणपछि २०५७ सालमा हामीलाई चारधाम तीर्थयात्रा जुऱ्यो । महतारी दिदी र म सँगै लामो यात्रा हिँडेका थिएनौं । साथमा अति नै प्यारा साइँला नानी र साइँली देउरानी थिए । ठूलो छोरो मोहन, खगेन्द्र, साइँली बुहारी, कृष्ण (साइँला नानीको कान्छो छोरो र बुहारी) सहित साथमा गाउँलेहरूसहित करिब पचास जनाजति भएर हामी तीर्थ चारधाम गयौं ।

त्यो बेला म काठमाडौंमा नै बस्थें । म छोरी राधिकासँग पहिला चाबेल चन्द्रविनायक गणेशथान गएँ । मन्दिर खाली रहेछ, मैले सरासार गएर धूप, बत्ती, नैवेद्य चढाएर गणेशजीलाई ढोगें । 'लु साइत पऱ्यो' भन्दै मेरो मन ढुक्क भयो । त्यसपछि गुह्येश्वरी, पशुपतिनाथ हुँदै हामी बानेश्वर जननी हरिकलाको दिव्य धाममा गयौं । बैनीले 'दिदी तीर्थयात्रा राम्रो हुन्छ' भनिन्, खर्च दिइन् । म आनन्दले घर फर्किएँ । सबै भाइबहिनी, छोराछोरी, भदाभदैले पनि

मलाई खर्च दिए । महतारी दिदीलाई पनि सबैले आमाहरूलाई किन्न मन लागेको चीज किन्नु भनेर खर्च पठाइदिए । त्यसपछि हामी झापा गयौँ । छोराहरू नानी मोहन र खगेन्द्र साथमा थिए । झापामा दुईचार दिन बसेर हामी चारधाम लाग्यौँ ।

बाटामा हामी गाउँदै र हाँस्दै, कसैले के भन्ने, कसैले के भन्ने गर्दै अगाडि बढचौँ । ठाउँठाउँमा गाडी रोक्दै बाहिरफेर गर्दै, खाँदै रमाउँदै गऱ्यौँ । साइँला नानी साह्रै रसिला, कति हो कति नि हँसाएको हाहाहाहा ! बसै हाँस्ने नि बाबा ठाकुरे ! साइँला नानीले ती खर्कका भालु पछारेका, सोक्पा खेदेका, जङ्गली जनावरदेखि बोटबिरुवा र जडीबुटी सबैको कुरा गर्नुभयो, यो यात्रा हामीलाई साह्रै रमाइलो भयो । साथमा बाघजस्ता बलिया देवर, तीनतीन भाइ छोराबुहारीहरू ढुक्कको यात्रा भयो । साइँली बुहारीले हामी सबैको साह्रै सेवा गरिन् ।

गया पुगेर पितृका नाममा हामीले तर्पण गऱ्यौँ । नाम सम्झिएजति सबै पितृलाई हामीले बत्ती बालेर, जल अचाएर तर्पण गऱ्यौँ, श्राद्ध गऱ्यौँ । हामी सबैको मन आनन्द भयो । पतिदेवलाई सम्झिएर मेरा आँसु झरे । हामीले सँगै तीर्थयात्रा गर्न पाइएन । त्यसपछि हामी हरिद्वार लाग्यौँ । त्यो बेला हामी थुप्रै ठाउँमा डुल्यौँ । हरिद्वारमा, गङ्गाजीमा नुहाउँदा मलाई कति आन्नद भयो भने नि, हरहर गङ्गे ! हरहर गङ्गे ! हरहर गङ्गे !

उकालीओराली, पाटीपौवा जहाँ जस्तोजस्तो वास भेटिन्छ त्यसैमा रमाउँदै हामी हिँडचौँ । छोराहरूले सकेसम्म राम्रो व्यवस्था गरेर हामीलाई लगे । मलाई त बाटामा केही पनि भएन, महतारी दिदी र माल्दिदीलाई पेटमा गडबडी भयो । तर पछि दवाई पानीले सबैलाई ठीक भयो । काशी, गया, वृन्दावन, गङ्गोत्तरी, जमुनोत्तरी, बद्री, केदार, लक्ष्मणझुला, चौरासी हजार ऋषिमुनीले तपस्या गरेको

ठाउँ जहाँ जता गए पनि कुलपितृ, सन्तान दरसन्तान सम्झँदै बत्ती बाल्दै, फूलपाती चढाउँदै, तपस्या गर्दै म हिँडें । ती कति राम्रा ठाउँ रहेछन् । कतै नदी नै नदी, कतै डाँडाकाँडा, कतै मन्दिरैमन्दिर, कतै साना बाटा सीधै भीरबाट लडिन्छ कि जस्तो, कतै माथिबाट गरररर पहिरो लडेको लडै छ, हाम्रो कुदारेकुद चलिरहन्छ । खगेन्द्रले महतारी दिदीलाई पिठिचूमा बोकेर तुफानसँग दौडिएर पहिरो कटायो । धन्न बाँचियो जस्तो !

**केदारनाथ**

गौरीकुण्ड नीलो न नीलो तातो पानीको पोखरीमा नुहाएर हामीले केदारनाथ जाने बाटाको उकालोमा हिँड्नुपर्ने रहेछ । हिँड्न नसक्ने मानिसलाई मानिसले बोक्ने चलन रहेछ । दिदीहरूको एकमुठीको ज्यान सरक्क बोकिहाले, म त बलियो नै थिएँ, त्यो बोक्ने मानिस मलाई एकछिन बोकेर 'बाहिर जान्छु' भनेर हिँडेको आउँदै आएन । त्यहाँ छोराहरू पनि आइपुगेका छैनन्, म त रणभुल्लमा परेँ, मेलो न मेसो ? छोराहरू आइपुगेपछि मलाई साहस आयो । अनि मैले घोडामा चढेर बाटो पार गरेँ । मेरी आम्मै ! घोडामाथि मेरो आङ सिरिङ्ङ हुन्छ, काहाली लाग्छ । टट्टुले लडायो भने छ्वाङ्गै खोलामा परिन्थ्यो । कहिल्यै मैले घोडा चढेको पनि छैन । जय केदारनाथ ! मैले पुकारा गरिरहें । बाटामा राम्रा पानीका छहरा पनि देखिन्छन् । 'परपर हेर्नू माई परपर' भन्दै घोडा डोऱ्याउने मानिसले पनि राम्ररी बाटो पार लगायो र मलाई पुऱ्यायो ।

'तिम्रो सधैँ कल्याण होस्' बाबै भनेर मैले उसलाई थप पैसा बक्सिस पनि दिएँ, छोराहरूले ज्याला दिएकै थिए ।

आहा केदारनाथ ! सिँढी नै सिँढी चढेर जानुपर्ने रहेछ । चिसो सिरेटोले मेरो शरीर शीतल भयो । महादेव प्रभु ! शिवजीले तान्नुभयो । हे महेश्वर ! भोलेनाथ ! शिवाय ! शम्भु ! हामीलाई

बोलाउनुभयो । मेरा हर्षका आँसु झरे । शिरमा हिमाल, शीतल छाया, झिलिमिली, राम्ररी केदारनाथको दर्शन गऱ्यौं । पतिदेव, देवेन्द्र, पितापुर्खा सबैको नाम सम्झँदै मैले धूपबत्ती र जल अर्पण गरेँ । हामीलाई तीर्थ पठाउन ठाइँला छोराले साह्रै रहर र व्यवस्थापन गरेको थियो । 'हे शिवजी ! हे गौरीशङ्कर ! सबै छोराछोरीको जय कल्याण होस्' भन्दै महतारी दिदी र मैले पूजा, आरती गऱ्यौं । कति शान्त वातावरण, साक्षात् गौरीशङ्कर भेटेजतिक्कै आनन्द भयो । मलाई मन लागेको कुरा त्यहाँको चिनो किनेँ । त्यसैत्यसै मेरो मन चङ्गा भयो ।

**बद्रीनाथ**

अलखानन्द नदीमा तातो पानीमा स्नान गरेर बद्रीनाथको दर्शन गर्न हामी हिँडचौं । त्यहाँ भगवतीको पनि मन्दिर रहेछ, त्यहाँ पनि हामीले दर्शन गऱ्यौं । 'जय श्री अम्बे माता ! सबैको कल्याण गर, सबैलाई सुखशान्ति देऊ, जगदम्बिका' भन्दै मन्दिर प्रदक्षिणा गऱ्यौं, धूपबत्ती बाल्यौं । त्यहाँ हनुमान्, शिवजी र विभिन्न देवीदेवताको हामीले दर्शन गऱ्यौं; त्यहाँ नरनारायण भनेर यो मन्दिरमा दर्शन गर्नुपर्ने रहेछ । यो मन्दिर आदिगुरु शङ्कराचार्यले निर्माण गर्नुभएको रहेछ । कति सिपालु कालीगढले बनाएको रहेछ भने नि, मन्दिर हेरिरहूँ लाग्ने, मनमोहक रहेछ । ती सिपालु कालीगढलाई पनि मैले सहस्र आशीर्वाद दिएँ । जहाँ, जता पुगे पनि पतिदेवको नाममा हामीले बत्ती बाल्यौं, झिलिमिली ! लक्ष्मीनारायणको मन्दिरमा सबैले प्रदक्षिणा गऱ्यौं । देवरदेउरानी, छोराबुहारीहरू साथमा हाम्रो तीर्थयात्रा भनेसमानको राम्रो भयो । सन्तोषजनक भयो । चारैतिर हिमालैहिमाल, सुन्दर, शान्त वातावरण जीवनमा एक पटक सबैले पुग्नै पर्ने ठाउँ रहेछ बद्रीनाथ ।

मलाई चाहिँ जहाँ पुगे पनि त्यहाँको केही न केही चीजबिज किन्न मन लाग्छ र किनेँ पनि । 'ऐसा है, तैसा है' भन्दै छोराहरू

सामानको मोलमोलाइ गर्छन् । परिवार, नातागोता सबैलाई सम्झीसम्झी गएका ठाउँको चिनो किनेँ । हामी तिर्थालुहरू आनन्द विभोर भयौँ । महतारी दिदी र म बसेर आनन्दका कुरा गर्‍यौँ । सबैको कल्याणको कामना गरेर सम्झेजति सबैलाई आशीर्वाद दियौँ ।

•

हामी आग्राको ताजमहल पनि पुग्यौँ । कस्तो राम्रो सीप लगाएर बनाएको रहेछ भने जति हेरे पनि आँखा नअघाउने रहेछ । आफ्नी रानी मुमताजको मृत्युमा राजा शाहजाँहले तिनै रानीको सम्झनामा बनाएको अरे ताजमहल ! हेरिरहूँ जस्तो नि, राम ! राम ! राम ! छक्कै पर्ने, मक्खै पर्ने पो छ त बाबा ठाकुरे ! कस्तो बेजोड मायापिरती रहेछ त यी राजारानीको ! बनारसमा छोरी, बुहारी, बहिनीहरू सबैलाई राम्रा न राम्रा बनारसी सारी किनेँ । साना नातिहरू आकाश र परिवेशलाई वृन्दावनमा कृष्णले लगाउने मुकुट किनेँ, मुकुट लगाइदिएर जोर नाति राखेर ताली पड्काएर नाचौँला भनेर । वृन्दावनमा राधाकृष्णलाई सम्झिएर हामी एकछिन नाच्यौँ । जुन ठाउँमा पुगे पनि मैले त्यो ठाउँको चिनो धोको फुकाएर किनेँ ।

हामीसँग जाने साथीसँगीहरूले पनि धूमधाम गाए, नाचे । परदेश लागेपछि जोजो भए पनि एउटै परिवार भइन्छ । त्यसरी हामी चारधामको यात्रा सिध्याएर रमाइलो गर्दै फर्कियौँ । आफ्नो नेपालमा पाइला टेकियो है अब । जनकपुरधाम, आहा कस्तो राम्रो दरबार ! हामीले सीता, रामको दर्शन गर्‍यौँ ! कति ठूलो धनुषासागर, सीतारामको विवाहमण्डप । लक्ष्मण–उर्मिला, भरत–माण्डवी, शत्रुघन–सुतकृतिको पनि प्रदक्षिणा गर्‍यौँ, सबैतिर घुम्यौँ । यस्ता दरबारकी छोरी त्यस्तो चकचकीसँग विवाह गरेकी सीताको दु:ख सम्झँदा मेरो मुटु फुटेर आयो ।

पापिनी मन्थरा, कैकेयी ! तिमीहरूलाई कस्तो दुर्बुद्धि आएको ?
'सत्ते र जुगको नि झुलो र चकमक हेर हौ कलियुगको सलाई
सीताको जस्तो नि आपद् र विपद् हेर हौ नपरोस् कसैलाई ।'

कठैबरी ! सीतारामको साह्रै मिलेको जोडीलाई साह्रै दु:खी बनाइदिए अयोध्यावासीले । जति नै माया गरे पनि लोकका लागि रामले सीतालाई वनवास पठाउनै पऱ्यो ।

जनकपुरमा पनि हामी सबैले त्यहाँको चिनो किन्यौँ र घरतिर लाग्यौँ । कतिखेर घर पुगौँला र सबैलाई सामान बाँढ्दै पहेँला गालामा चुक्क म्वाइँ खाँदै गरौँला भनेर म त्यसैत्यसै फुरुङ्ङ परेकी थिए । 'ए ठूलो सुटकेस छुट्ला, हेर्दै गर है' भन्दै बेलाबेला छोराहरूलाई सम्झाउँछु पनि । हामी तीर्थयात्रीहरू कसैलाई केही पनि नभईकन सबै जना सकुशल थियौँ ।

साँझ पर्न आँटेको थियो, कृष्ण छोरो र बुहारी दमकमै उत्रिए । हामी सबै चारपानेमा उत्रियौँ । घर आएर खोजी गर्दा त मेरो ठूलो सुटकेस छैन । म त त्यहीँ बिलाएँ । हामी चार जना बूढाबूढी छोरो मोहन र खग्रेन्द्र साइँली बुहारी उत्रियौँ । सबै सामान उत्रियो भन्दै गाडीवालाले मेरो सुटकेस झारेनछ । हाम्रो कस्तो बेहोसी भएछ । मलाई त कस्तो पछुतो भयो भने नि ! अब मलाई पानी खाने बेथा उठ्यो । साह्रै ठूलो नाताकुटुम्ब, मैले साह्रै धेरै सामान किनेकी थिएँ, सबै हरायो । त्यो बसको मानिस कस्तो पापी रहेछ ।

लौ त्यसको कल्याण होस् । त्यसले मेरो सामान लैजाँदा न त्यो धनी भयो, न म गरिब भएँ ? 'आ मुमा, ग्रह गयो' भन्दै सबै छोराछोरीहरूले सम्झाए । जे हुनु त भइगयो तर जो आउँदा पनि खालि हात पठाउनुपर्दा मलाई साह्रै नमज्जा लाग्यो । सुटकेसमा नअटेर झोलामा राखेका मेरा सामानचाहिँ बचेछन् । साइँली बुहारीले किनेका प्रसाद सबैलाई बाढ्यौँ ।

जे होस्, कसैलाई केही नभईकन सकुशल घरमा आइपुगेका थियौँ । हाम्रा सबै छोराछोरी जम्मा भए अनि हामीले घरमा पूजा लगायौँ । बालकल्याण स्कुलमा हामीले पतिदेवको नाममा सरस्वतीको मन्दिर स्थापना गर्‍यौँ ।

काठमाडौँ आएर मैले सबै छोराबुहारी, छोरीज्वाइँ लिएर पशुपतिनाथको दर्शन गरेर पूजा, आरती गरेँ ।

# सिक्किमको यात्रा

जेठाजुको काइँलो छोरो कृष्णप्रसादलगायत धेरै जना मानिस सिक्किम गान्तोकको तातो पानीमा डुबुल्की मार्न जाने भएका रहेछन् । म पनि झापा पुगेकी थिएँ । काइँलाले 'जाऊँ काकी, तातो पानीमा डुब्न, काकीको ढाड दुख्ने रोग निको हुन्छ कि' भन्यो । पहिला महतारी दिदी, कान्छा नानी, देउरानी कान्छीसँग सिक्किम गएर त्यही तातो पानीमा डुबेपछि उनीहरूको पेट दुख्ने रोग निको भएको थियो । अनि गाडीमा चढेर हामी सिक्किम गयौँ । साह्रै असल र व्यावहारिक काइँलो छोरो साथमा थियो ।

त्यो रेसी तातो पानी रहेछ । मैले मजाले डुबुल्की मारेँ । त्यहाँ गहिरो ठाउँ र होचो ठाउँ छुट्टचाएको हुँदो रहेछ । काइँलो छोरो र म पानीमा बसिरहेको बेला पालेले ठूलो पानी खोलेछ र हामी झन्डै गहिरोमा पुग्यौँ । अनि त्यहीको मानिसले हामीलाई ताने । तातो पानीमा डुबेपछि शरीरको दुखाइचाहिँ चट्टै निको हुने रहेछ । साह्रै हलुङ्गो भयो मेरो शरीर, फूलको थुगाजस्तो । त्यसपछि हामी सिक्किमको राम्राराम्रा ठाउँ घुम्न गयौँ । त्यहाँको कति राम्रो फूलको बगैँचा मेरा आँखैमा बसेको छ । त्यसलाई 'तिमिती' बगैँचा भन्दा रहेछन् । त्यहाँ बसेर मैले त मज्जाले गीत गाइदिएँ । त्यहाँ जम्मा भएका सबैले मेरो गीत सुनेर ताली पड्काइदिए । अलिअलि रमाइलो भयो के त, मलाई साह्रै रमाइलो भयो । अर्कातिर त्यहाँ चारधाम पनि रहेछ अति सुन्दर, मन त्यहीँ टाँसिने रहेछ । हामीले सबै मनमोहक

देवीदेवताको दर्शन गऱ्यौँ, धूपबत्ती बाल्यौँ, दानदक्षिणा गऱ्यौँ । अनि रुम्तेक गुम्बा रहेछ विशाल । राम ! राम ! राम ! कति मिहिनेत लगाएर बनाएको रहेछ त्यो गुम्बा । अचम्मै राम्रो ! फेरि हामी छाङ्गु ताल गयौँ, त्यो पनि उस्तै राम्रो रहेछ । हामी गाडीमा सरर मीठो, चोखो खाना खाँदै गयौँ । त्यहाँ जाँदा मलाई भनेसमानको आनन्द भयो । आफूलाई मन परेका सामान पनि किन्यौँ ।

'मेरो बाबै काइँला ! तिम्रो जय, कल्याण होस्, मलाई यसरी घुमायौ' भन्दै काइँला छोराको गालामा चुक्क म्वाइँ खाएँ । सिक्किमको यात्रा जीवनमा सधैँ मनमा रहिरह्यो ।

'काकी, देवेन्द्र स्वर्गे भएका दिन मेरो मुटु फुटेजस्तै भएको थियो, काकी हाम्री आमासमान हो, मेरो अहोभाग्य, काकीलाई घुमाउन पाएँ' भन्दै मेरा पाउमा काइँला छोराले शिर राख्यो । हामी त्यसै भावभिवोर भयौँ ।

तीनचार दिन घुमेर हामी आनन्दले घर फर्कियौँ । काठमाडौँमा हुँदा पनि काइँलो मलाई भेट्न आइरहने गर्दथ्यो, साह्रै मायालु छोरो थियो । मेरो बाबै काइँला, तिम्रो अन्तिम अवस्थामा म पनि चारपाने पुगेकी थिएँ । पतिदेवको जस्तै तिम्रो पनि सरस्वती पूजाकै दिन वैकुण्ठ वास भएको थियो । फूलमाला लगाएर तिमीलाई हामीले अन्तिम बिदा गरेका थियौँ ।

# मेरो अन्तिम कुरा

मानिसको जीवन भनेकै सुखदु:खको यात्रा रहेछ । कहिले दु:ख हुन्छ, कहिले सुख हुन्छ, सधैँ एकनास हुँदैन तर मानिस विचलित भयो भने सबै व्यवहार लथालिङ्ग हुन्छ । मानिसले धैर्यको साहारा लिनुपर्छ, शान्तसँग काम चलाउनुपर्छ । परिवार सधैँ सँगै बसेपछि कहिलेकाहीँ ठाकठुक पनि पर्छ । अगुल्टो पनि नठोसी बल्दैन । बारीमा उम्रिएका झारपात पनि उखेलेर फाल्नुपर्छ । मानिसहरूले पनि बसेर शान्तसँग मनका कुरा गर्नुपर्छ । छलफल गर्नुपर्छ, चित्त नबुझेको कुरा छलफल गरेर समाधान गर्नुपर्छ । आफ्ना कमी, कमजोरी भए सच्याउनुपर्छ । भनाइ नै छ नि– 'जब ठेस लाग्छ तब होस आउँछ, अरूलाई चिन्नु नचिन्नु जस्तोजस्तो गरे पनि आपसी सम्बन्धहरू सधैँ बचाएर राख्नुपर्छ । भोलिका कुरा कसैले देखेको छैन ।'

•

मानिसले कहिल्यै कसैसँग मनमुटाव गरेर बस्नु राम्रो होइन । कसैले मनमा तुस पाल्नु हुँदैन, मनमा कुण्ठा राख्यो भने समस्याको जड नै त्यही हुन्छ । पवित्र विचार राख्नुपर्दछ, सबैले पवित्र विचार राखेपछि आफूलाई पनि शान्ति अरूलाई पनि शान्ति । हामीले सधैँ शुभ कर्म गऱ्यौँ, सदाचारको बाटो लियौँ । यसरी नै घरव्यवहार चलायौँ र मेलमिलाप कायम राख्यौँ, हाम्रो घरलाई मन्दिर बनायौँ । परिवारको एकतामा ठूलो शक्ति हुन्छ । मैले आफूले सिकेका र

जानेका ज्ञान, सेवा, सीप र संस्कार आफ्ना समीपमा आउने, जाने सबैमा बाँडें । सन्तानहरूबाट म आफूलाई भाग्यमानी सम्झन्छु । परिवारका सबैले मलाई सुख शान्तिसँग राखेका छन्

कसैले कथङ्कदाचित् मलाई नराम्रो गरे अथवा नराम्रो बोले भने पनि मैले ती कुरालाई कहिल्यै मनमा राखिनँ । 'चिताएको पुगोस्' भनेर सबैलाई आशीर्वाद दिएँ । जस्तो चितायो त्यस्तै पुग्छ । बाबुआमाले भन्नुभएको थियो– 'गल्ती गर्नेलाई क्षमा गर्नुपर्छ है बाबै ! दु:खजति सबै पैतालामुनि राख्नुपर्छ ।' बजैबराजैले भन्नुहुन्थ्यो– 'सही सिद्ध । कहिलेकाहीँ सहने शक्ति पनि बलियो बनाउनुपर्छ ।' त्यसै गरेँ । अरूका नराम्रा कुरा आफ्नो मनमा नराखेपछि आफ्नो मन सधैँ सफा रहन्छ । जिन्दगी तपस्या हो जीवनमा परमशान्ति ल्याउन तपस्या गरिरहनुपर्दछ । गायो, हाँस्यो मन सधैँ कञ्चन । हाहाहाहा !

यसैमा सुख छ, यसैमा शान्ति छ, सबैको कल्याण होस् ।

# सँगिनी

'कङसासुर मामा
'कङ्सैसुर मामाको अश्रमे यज्ञ नि !
कङ्सैसुर मामाको अश्रमे यज्ञ नि !
डोलै र सुपारी निम्तो जो आयो
हामी जान्छौँ निम्तैमा ।

भला र कामको नि यो निम्तो होइन नि !
भला र कामको नि यो निम्तो होइन नि !
जानै पो पर्दैन हे मेरो बालै,
जानै पो पर्दैन ।

जेजस्तो भए पनि मामाको निम्तो नि !
जेजस्तो भए पनि मामाको निम्तो नि !
लत्याउनु हुँदैन मेरी आमा,
लत्याउनु हुँदैन ।

कसले हेर्छ नि यी भेडाबाखा नि !
कसले हेर्छ नि यी भेडाबाखा नि !
कसले हेर्छ यी गाईगोठ ?
मेरा बालै कसले हेर्छ गाई ?

दाजैले हेर्छन् नि यी भेडाबाखा
भाइले हेर्छन् नि यी गाईगोठ
म जान्छु निम्तैमा ।

त्यहाँबाट हिँडे नि श्री कृष्ण बालै
जाँदामा जाँदा नि
पुगे है मावल ।

आइपुगे मामा नि, बेस भयो भान्जा
बस है खटिया मेरा भान्जा
बस है खटिया ।

बस्न त बस्ने थेँ, हे मेरा मामै
होम जग्गे थाल्छु भन्थ्यौ नि मामा
खै थाल्यौ होम जग्गे ?

थाल्न त थाले थेँ नि हे मेरा भान्जा
यो सात समुद्रको फिँजै र बिना
रहिगयो होम जग्गे ।

यो बघिनीको दूधै र बिना
रहिगयो होम जग्गे ।

ल्याउँला नि मामा बघिनीको दूध
रहँदैन होम जग्गे ।

कमलैको फूलै र बिना
रहिगयो होम जग्गे ।

त्यो सबै मैले ल्याएँ है मामा
लु थाल होम जग्गे ।

## दमकी लौरी

दमकी लौरी नि छिर्लिङ्गै बज्यो नि !
दमकी लौरी नि छिर्लिङ्गै बज्यो नि !
त्यो बाहिर को आयो हे मेरी आमा
त्यो बाहिर को आयो ?

अघिल्ला डोले नि पछिल्ला सोले
अघिल्ला डोले नि पछिल्ला सोले
माऊँका मैताला हे मेरी चेली
माऊँका मैताला ।

गुन्द्री ओछ्याउने ती मान्छे होइनन् नि !
गुन्द्री ओछ्याउने ती मान्छे होइनन् नि !
गलैंचा बिछ्याइदेऊ हे मेरी बहु
गलैंचा बिछ्याइदेऊ ।

नमस्कार बाजे नि पौरखे ज्वाइँ
कति कामले आउनुभो मेरा ज्वाइँनारन
कति कामले आउनुभो ?
अहिलेको वर्ष नि भाइको बिहे
मैतालु लिनलाई मेरा बाजे
पठाइदेऊ मैतालु मेरी आमै ।

यो सामु शुक्र नि जुवाला वर्ष
यो सामु शुक्र नि जुवाला वर्ष
पठाउनै हुँदैन ज्वाइँनारन
पठाउनै हुँदैन ।

बाबुले लेखेका यो चिठीपत्र नि !
बाबुले लेखेका यो चिठीपत्र नि !
फर्काउनै हुँदैन मेरा बाजे
फर्काउनै हुँदैन ।

ज्वाइँको ढिपी नि नसक्नु रैछ नि !
ज्वाइँको ढिपी नि नसक्नु रैछ नि !
पठाइदिऊँ छोरीलाई
कठैबरी ! पठाइदिऊँ छोरीलाई ।

ओर्ल न ओर्ल नि तिलरूपा चेली
ओर्ल न ओर्ल नि तिलरूपा चेली
कपाल कोर्नलाई, लुगा नै फेर्नलाई,
मैतालु जानलाई !

ओर्ल न ओर्ल नि तिलरूपा चेली
ओर्ल न ओर्ल नि तिलरूपा चेली
लगाऊ सिन्दूर, पहिरेऊ गहना
मैतालु जानलाई ।

ओर्लिन्न आमा, कोर्दिनँ कपाल
अहिलेको साल नि पठायौ भने
म फर्की आउँदिनँ मेरी आमा
म फर्की आउँदिनँ मेरी आमा !

आमाले बाटेका बेलगेडे कसार,
भाउजूले कुटेका पीपलपाते चिउरा
म लाँदै लाँदिनँ मेरी आमा, म लाँदै लाँदिनँ ।

रुँदैमा रुँदै नि तिलरूपा चेली
लागिन् है अगाडि कठैबरी !
मैतालु हिँडिन् है ।

ढोकामा राखेका जोर घैला पानी
ती आफैँ लडे, बिग्रियो साइत
है कठैबरी ! बिग्रियो साइत ।

त्यहाँ र देखि नि जाँदामा जाँदामा
पुगेँ नि है पाटीमा मेरो बालै
पुगेँ है पाटीमा ।

आँधी र वर्षा नि मुसलधारे पानी
रातभरि आयो है मेरा बालै
रातभरि आयो है ।

बीचमा थिए नि ती बालाबाली
उडायो पाटी नै मेरा राजै
उडायो पाटी नै !

# हरिमल्ल राजा सँगिनी

बिसै र बाइसका हरिमल्ल राजा नि !
बिसै र बाइसका हरिमल्ल राजा नि !
पाँचै र वर्षकी वीरबल्ली रानी
यिन दुईको विवाह भयो ।
यिन दुईको विवाह भयो ।

शिरैमा जान्छिन् नि वीरबल्ली रानी
शिरैमा जान्छिन् नि वीरबल्ली रानी
सिरानी भै हाल्छिन् मेरी आमा
सिरानी भै हाल्छिन् मेरी आमा
गोडामा जान्छिन् नि वीरबल्ली रानी
गोडैमा बिलाउँछिन् मेरी आमा ।
गोडैमा बिलाउँछिन् मेरी आमा ।

कि आमा यसलाई नि पठाइदेऊ माइत नि !
कि आमा यसलाई नि पठाइदेऊ माइत नि !
कि मलाई बिदा देऊ मेरी आमा
कि मलाई बिदा देऊ मेरी आमा
न यसका माइती नि न यसका मावली

न यसका माइती नि न यसका मावली
कहाँ जा भन्दिनु मेरा राजै कहाँ जा भन्दिनु ?
कहाँ जा भन्दिनु मेरा राजै कहाँ जा भन्दिनु ?
बाह्रै र बीस नि भरियाँ लैजाऊ
बाह्रै र बीस नि भरियाँ लैजाऊ
जाऊ बालै पढ्न ।

अरूका आमा नि थुनछेक गर्छन्
अरूका आमा नि थुनछेक गर्छन्
हमारी आमा चैं बिदा जो दिन्छिन्
लागेँ है परदेश ।
लागेँ है परदेश ।

त्यहाँबाट हिँडेका नि हरिमल्ल राजा
बाटैमा भेटे नि जोर ठेकी दही
क्या राम्रो साइत !
क्या राम्रो साइत !
रहुमा रहु नि जोर ठेकी दही
दाहिने व्रत नि गरेर म त लागे हैं परदेश ।
त्यहाँबाट हिँडेका हरिमल्ल राजा
बाटैमा भेटे नि पुजेका पुरोहित
क्या राम्रो साइत !
क्या राम्रो साइत !

त्यहाँबाट हिँडेका हरिमल्ल राजा
बाटैमा भेटे नि जोर बरपीपल
क्या राम्रो साइत !

क्या राम्रो साइत !
रहुमा रहु नि जोर बरपीपल
दाहिने व्रत नि घुमेर म त
लागे है परदेश ।

—राजा हरि मल्ल

# लोकगीत

'दूधको दही नि दहीको मोही, मौरीको मइन
बुबाको काखमा नि बसुन्ज्यालसम्म गरे है चइन ।
आकाशै गर्छ नि लै गडचाङगुडुङ भुइँचम्पा फुल्नलाई
राखेका लुगा नि झिकिदेऊ आमा म जान्छु डुल्नलाई ।
श्रीखण्ड घोटे नि चन्दनै आउँछ, हात काटे रगत
यो गीत मैले नि गाएको होइन देउताको भगत ।
तिरीमा तिरी नि मुरली बज्यो झिरैले खोलेको
कहिल्यै र पनि नि बिर्सन्नँ हजुर हाँसेर बोलेको ।
एकपाते मकै नि दुईपाते भयो कुटैले गोडेर
ल्याउनुभो हजुर नि लाउनुभो माया जानुभो छोडेर ।
धिपीमा धिपी नि बत्ती है बल्यो तोरीको तेलैमा
आँसुका धारा नझार प्यारी मै हिँड्ने बेलैमा ।
एक काइँयो लाग्यो नि दुई काइँयो लाग्यो केराको बुङ्गैमा
आज त यहाँ नि भोलि त कहाँ पर्सि त टुङ्गैमा ।
आत्था नि आमा सिस्नैले पोल्यो दिनभरि झमझमायो
बिर्सेको माया नि नौरङ्गे डाँफे आएर सम्झायो ।
घुरुमा घुरु नि परेवी घुर्छ हाँस पापी घुर्दैन
यो मेरो कर्म नि जान्थेँ बर्मा साइतै जुर्दैन ।
सुकिलो भयो नि कुसुमे रुमाल साबुनले धोएर
दिनै र भरि नि हाँसखेल गर्‍यो रात जान्छ रोएर ।

ढुङ्गै र ल्यायो नि मुढै नि ल्यायो घुमाउने घाघिले
छैटौँको रातमा आमाको काखमा लेखेको भाविले ।
बरको जरो नि पीपलको जरो जराको जरै छ
जति नै गरे नि अर्काको छोरो परको परै छ ।
माली र गाईको नि एकराते दही चुकभन्दा अमिलो
न रुँदा जान्छ नि न धुँदा जान्छ यो मनको धमिलो ।
बिहानै उठी नि दत्तिउन लाउनु त्यै तीतेपातीमा
सुनको जन्तर नि म लगाइदिउँला प्यारीको छातीमा ।
पाकीमा गए नि आँपगाछी दाना खाऊँ कहिल्यै भन्दैनौ
सुपारी सस्तो नि तिम्रो मन कस्तो जाऊँ कहिल्यै भन्दैनौ ।
यो रानीचरी नि के भुला परी पाकेका बरैमा
कोही गाली गर्छन् नि कोही आँखा तर्छन् अर्काका घरैमा ।
गाईले फाड्यो नि रन र वन भैँसीले फाड्यो वन
पहरो भए नि रसाउने थियो निष्ठुरी तिम्रो मन ।
(यसको बीचमा हेर हौ पनि लगाउने गरेको छ) ।'

## पतिदेवले हरदम गुनगुनाउने श्लोकहरू

देशदेशका बटुलिन्छन् बुझ तिमी मनले बाटामा पाटी महाँ
बातचित गर्दै रहन्छन् खुसीसित मनले बन्धुझैं राति ताहाँ
प्रात:काल भो जस्तै ता उठीकन ती सबै दस दिशा लागी जान्छन्
बन्धु कोसँग यस्तो हो बुझीकन गुणीले दु:खसुख एक मान्छन् ।

जो यो लोकविषे प्रपञ्च छ सबै जान स्वप्न जस्तो भनी
सुतुन्ज्याल सपना छ सत्य उठिता लाग्दैन साँचो पनि
त्यस्तै ज्ञान त भयो भन्याँ त्रिभुवनै एक देख्छ आत्मा फगत्
अज्ञान रूप नदीमा पऱ्यो पनि भन्याँ देखिन्छ नाना जगत् ।

आत्मा सत्य म हुँ भनेर बुझी लैं यस देहलाई पनि
झूटो जान पृथ्वी र जलहरू मिली झुट्टै बनाको भनी
तर्लास् यो मनमा लिइस् पनि भने तार्न्या उनै विष्णु हुन्
जो हो विष्णु उनै राम हुन्, शरण पर रिस उठ्छ तेरा त रुन् ।

अज्ञानै छ घुमाउने सकल जनको शत्रुसरि यहाँ
विद्यामा छ ठूलो शक्ति भन्छन् यी वेदले पनि
तस्मात् कर्म अवश्य गर्नू जनले सहाय होला भनी
विद्यालाई त चाहिँदैन सहाय बुझ्यो विस्तार बताऊँ भनी ।

# सन्दर्भ स्रोत

१. उमेश सिटौला
२. कपिल सिटौला
३. कमलादेवी ओली
४. कवीन्द्रराज सिटौला
५. गङ्गादेवी सिटौला
६. जमुनादेवी सेढाईं
७. जयनारायण सेढाईं
८. जयप्रसाद मैनाली
९. डा.तारानाथ मैनाली
१०. देउमाया सिटौला
११. देवका सिटौला
१२. मोहनलाल मैनाली
१३. राम सेढाईं
१४. विष्णु सेढाईं
१५. हरिकला चुडाल
१६. हरिप्रसाद सिटौला
१७. हिमादेवी ओली